# सरल कथा अध्ययन विधि

## मौखिक शैलीद्वारा उत्खनन् "बाइबल अध्ययन"

## सरल कथा अध्ययन विधिसम्बन्धी निर्देशिका पुस्तक

### छलफल विधिद्वारा धर्मशास्त्रमा भएका कुराहरू खोजतलास गर्नु

### सुन्नु र प्रतिक्रिया दिनु

Dorothy A.Miller

The God's story project

**सरल कथा अध्ययन विधिबारे विभिन्न ठाउँका मानिसहरूका भनाइहरू**

"STS अर्थात् सरल कथा अध्ययन विधिद्वारा बाइबलको कथाहरू सुनाउने तरिका निकै प्रभावशाली छ किनभने यसद्वारा सजिलै कथा बुझ्न र त्यसलाई अनुभव गर्न सहायता पुग्दछ । यस विधिद्वारा अध्ययन गर्दै जाँदा बाइबल खण्डहरू जीवित बन्दछन् र तपाईंले त्यहाँ पत्ता लगाउनुहुने प्रत्येक गाडधन ताजा र शक्तिशाली हुने गर्दछ । यस विधिलाई विभिन्न स्थानहरूमा प्रयोग गर्दाखेरि मानिसहरूबाट सकारात्मक प्रतिक्रियाहरू पाउँदा म अति आनन्दित हुन्छु ।"

Babu Ganta - Communication Officer, Bible Society in the Gulf

---

"सेवकाइलाई गुणनात्मक वृद्धि गराउने लक्ष्य बोकेर म यस संसारमा ३० वर्षदेखि निरन्तर लागिरहेको छु । चीन देशबाट क्यानडामा बसाइ सरेका ७९ वर्षका एक वृद्ध व्यक्तिबाट यस विषयमा अपेक्ष नगरिएको तर अति सन्तोषजनक कुरा निस्कियो । उनले यसो भनेः

मलाई यस्तो लाग्दछ कि आजभन्दा ४० वर्षअघि नै सरल कथा अध्ययन विधिबारे सिक्न पाएको भए कति असल हुन्थ्यो होला ! विगतमा हामीले राम्रो प्रकारका प्रश्नहरूद्वारा छलफल गरी बाइबल अध्ययन गर्ने विधिमार्फत आफ्नो इसाई जीवनलाई हुर्काउने मौका पाएनौं । अब त बाइबल मेरो लागि नयाँ पुस्तकजस्तो भएको छ ।

यदि इसाईहरूको जीवनमा कुनै सेवकाइले परमेश्वरको वचनलाई सही प्रकारले कसरी व्यवहार गर्ने भन्ने तरिका राम्रोसँग सिकाउन सक्दैन भने त्यस्तो शिक्षा केवल नकल गरिएकोजस्तो हुनेछ । वास्तवमा भन्ने हो भने सरल कथा अध्ययन विधिले प्रभु येशू ख्रीष्टको महान् आज्ञा पूरा गराउने महत्वपूर्ण अगुवाको भूमिका निभाएको छ ।"

Jim Thurber – Seminary Lecturer / Missions Trainer, Global

---

"सरल कथा अध्ययन विधि मेरो जीवनमा आएको केही वर्ष भयो, जुन कुरा मेरो प्रार्थनाको उत्तर हो भनी म विश्वास गर्दछु । विगतका ३५ वर्षदेखि संसारको मुख्य-मुख्य अइसाई समूहहरू भएका महादेशहरूमा मैले मिसनेरीको रूपमा रहेर निरन्तर येशूको सेवा गरिरहेको छु । तर ती ठाउँका मानिसहरूका बीचमा परमेश्वरले मलाई गराउन चाहनुभएको सही तरिकाद्वारा स्वाभाविक ढङ्गमा मेरो विश्वासको बारेमा बताउन मैले सधैं सङ्घर्ष गर्नुपरेको छ ।

वास्तवमा भन्ने हो भने यो तालिमले मेरो जीवनलाई परिवर्तन गरिदियो र यसले सुसमाचार प्रचार र चेलापनको कार्यलाई सजिलो र स्वाभाविक मात्र तुल्याएन, अझ रमाइलो पनि बनाइदियो ! अब स्वतन्त्र रूपमा परमेश्वरको पवित्र आत्मासँग रहेर काम गर्न यसले मेरो जीवनलाई आनन्दित तुल्याएको छ । त्यसको फलस्वरूप म परमेश्वरको वचनले मानिसहरूको जीवनमा काम गरेको र तिनीहरूको भित्री भागलाई छेडेको देख्ने गर्दछु । साँच्चै नै अहिले म सेवकाइमा रमाइरहेको छु र पहिले कहिले पनि नदेखेका फल दखिरहेको छु !"

Bryan Thompson - church planter/missionary/storyteller/podcaster with story4all, UK

---

"यस प्रकारको मौखिक शैलीद्वारा उत्खनन् बाइबल अध्ययन गर्ने विधि बाइबल स्कुल, तालिम केन्द्र र इसाई शैक्षिक संस्थाहरूको आवश्यक्ता हो ! सरल कथा अध्ययन विधि भनेको यस्तो प्रकारको ' शक्तिशाली औजार' हो, जसले इसाईहरूलाई प्रभावकारी रूपमा सुसमाचार प्रचार प्रसार गर्न अभिप्रेरित गर्दछ ।"

Regina Manley - Oral Communications Specialist, Mission Aviation Fellowship, Global

---

“जब हामीले सरल कथा अध्ययन विधिबारे पहिलो तालिम पायौँ, तबदेखि सुसमाचार नपुगेका मानिसहरूका बीचमा सेवकाइ गर्ने यो उत्तम तरिका साबित भएको छ । चेलाहरूलाई बढाउँदै लैजानको निम्ति यस निर्देशिका पुस्तकले हामीलाई महत्वपूर्ण शिक्षा दिएर शक्तिशाली सेना तुल्याएको छ र परमेश्वरको वचनमा भएको गाडधन र बहुमूल्य रत्नहरू पत्ता लगाउन अभिरुचि जगाएको छ । साँच्चै भन्ने हो भने यसले हाम्रो आत्मिक ज्ञानलाई प्रज्वलित पारेको छ । यस विधिद्वारा हामीले सिकेको बाइबलका कथाहरूलाई हामीले ह्दयको भण्डारमा थुपारेका छौं । सरल कथा अध्ययन विधिबारे बुझ्न र कथा भन्ने कलामा सुसज्जित कथा वाचन अभ्यासकर्ता हुनको निम्ति यो पुस्तक राम्रोसँग अध्ययन गर्नुहोस् । यस क्रममा प्रभुसँगको आत्मिक यात्रामा तपाईंले नयाँ मार्गहरू भेट्टाउनुहुनेछ ।”

Rev. Apollos Djibo - Director Fufulde Ministries Training Centre, Niger

---

“सरल कथा अध्ययन विधिको एउटा महत्वपूर्ण तथा सवल पक्ष भनेको कथा वाचकले आफ्नै शब्दहरूमा कथा भन्न सक्नेछन् तर त्यसबेला धर्मशास्त्रको सन्देशमा कुनै कुरा थप्नु वा घटाउनु हुँदैन भन्ने सिद्धान्तमा यो अति नै सावधान रहन्छ । यसको अर्को महत्वपूर्ण पक्ष यो हो कि विभिन्न प्रश्नहरूको प्रयोगद्वारा कथालाई बु∑न सहज बनाइन्छ र विद्यार्थीहरूका निम्ति गाडधनहरू र तिनीहरूका आत्मिकी प्रयोगहरू प्रकट गर्न पवित्र आत्मालाई अनुमति दिइन्छ । यस कुराले उनीहरूलाई धेरै उत्साह मिल्दछ र उनीहरूले पनि परमेश्वरको वचन अरूहरूका माझमा ठीक प्रकारले बाँड्न सक्छन् भन्ने कुराको महसुस गराउँछ ताकि त्यसबाट परमेश्वरलाई महिमा मिल्दछ ।

“अब मौखिक बाइबल स्कुलको बारेमा तिनीहरूमा भएको क्रान्तिकारी अवधारणाले संसारभरि नै गम्भीररूपमा खाँचो भएको मण्डलीका अगुवाहरूको सङ्ख्यालाई दिन प्रतिदिन वृद्धि गरिरहेछ ।”

Mike Holman - MAF Learning Technologies, Global

---

“म सार्वजनिकरूपमा पत्रकारको सेवा गर्ने एक व्यक्ति हुँ । त्क्ए तथा क्त्व समूहको एक भाग भएर कर्णाटक प्रदेशमा भएका सयौँ अगुवाहरूलाई तालिम दिन पाउँदा म परमेश्वरलाई ह्दयदेखि नै धन्यवाद दिन्छु । परमेश्वरको वचन बुझेर त्यसलाई ह्दयमा राख्न र आफू गएको ठाउँहरूमा बाइबलको कथाहरू भन्नको लागि यस विधिले म र मेरो परिवारलाई धेरै सहायता पुर्‍याएको छ ।”

M. Krishna, M.A. - Senior Journalist, Pal Voice Publisher, V J Pur, Karnataka, India.

---

“म विगतका ३० वर्षदेखि थाइल्याण्डको मानिसहरूका बीचमा लगातार सेवकाइ गरिरहेको छु । जब मैले सरल कथा अध्ययन विधि भेट्टाएँ, तब मैले यो कुरा महसुस गरेँ कि बुद्ध धर्मको बाहुल्यता भएको यस स्थानमा मौखिक शैलीद्वारा सुसमाचार सुनाउने यो सही माध्यम हो ।

“यो राष्ट्रको ठूलो खाँचो भनेको यस्तो किसिमको मण्डली स्थापना गर्ने अभियान हो, जसको माध्यमद्वारा बाइबलीय सत्यतालाई सही र उपयुक्त साँस्कृतिक ढाँचामा छिटो अनि सरल किसिमले प्रचार प्रसार गर्न सकियोस् । एसियाको विभिन्न देशहरू र थाइल्याण्डको धेरै भागहरूमा सरल कथा अध्ययन विधि सिकाइसकेपछि मैले यो कुरा बुझेको छु कि गाउँ र देशको दुर्गम समुदायका मौखिक शैलीद्वारा सिक्न रुचाउने व्यक्तिहरूका माझमा मात्र होइन सहरी क्षेत्रका शिक्षित मानिसहरूका बीचमा पनि यो उत्तिकै प्रभावकारी र उपयोगी साबित भएको छ ।”

Larry Dinkins, ThM., PhD. - Bible Teacher, OMF Thailand

“हामीसँग ६० जना अनाथ बालबालिकाहरू छन् । तिनीहरूलाई सम्हाल्न हामीलाई निकै गाह्रो हुन्छ किनभने तिनीहरू फरक सँस्कृति र फरक स्थानहरूबाट आएका हुन् । सरल कथा अध्ययन विधिले तिनीहरूलाई परमेश्वरको कथा सिकाउन हामीलाई धेरै सहायता पुर्‍याएको छ र अहिले हामीसँग भएका यी बालबालिकाहरू आत्मिक रूपमा वृद्धि हुँदै गइरहेका छन् र पढाइमा पनि तिनीहरू निकै राम्रा छन् । अझ महत्वपूर्ण कुरा के हो भने तिनीहरूले आफ्नो विद्यलयका साथीहरूलाई परमेश्वरका कथाहरू सुनाउने गर्दछन् ।”

Rev. Vijay Raj - Executive Director Happy Home, Karnataka, India

---

“म अफ्रिकाको मिसनेरी, मण्डली स्थापक र बाइबल शिक्षकको हैसियतले यो कुरा सिफारिस गर्न चाहन्छु कि इसाई सेवकाइहरूमा सङ्लग्न सबै व्यक्तिहरूका लागि यो निर्देशिका पुस्तक अति लाभदायी छ । संसारको जुनसुकै भागमा बसोबास गरे तापनि यदि कसैले मौखिक रूपमा बाइबल सिक्न र सिकाउन चाहन्छ भने त्यस्ता मानिसहरूका निम्ति यो पुस्तक विस्तृत जानकारीहरूले भरिएको प्रभावकारी औजार हो । सरल कथा अध्ययन विधिको प्रयोग मेरो घरबाट सुरु हुँदछ । प्रत्येक रात सुत्नुभन्दा अघि यस पुस्तकमा उल्लेख गरिएको तरिकाअनुसार हामी बाइबलको कथा छलफल गर्दै सिक्ने गर्दछौँ । यस प्रकारको अभ्यासबाट हाम्रो परिवारको आत्मिकी वतावरण निरन्तर परिवर्तन भई प्रभुमा बढ्दैगएको मैले महसुस गर्दैछु ।”

Rev. Jacob Ochieng Okoth - Showers of Blessings hurch/Ministries, Founder, Kenya

---

Dorothy Miller र सरल कथा अध्ययन विधि सिकाउने समूहका व्यक्तिहरू बाइबलको कथाहरू सिकाउने अभियानको चम्किलो ज्योतिसमान छन् । यस समूहद्वारा प्रदान गरिएको तालिमद्वारा म कथा वाचक अभ्यासकर्ता बन्ने अवसर पाएको छु र यस विधिद्वारा शिक्षित समुदाय तथा मौखिक शैलीमा सिक्न चाहने दुबै थरिका मानिसहरूका बीचमा कथा प्रस्तुत गर्दा ती कथाहरू जीवन्त भएको मैले व्यक्तिगतरूपमा देखेको छु ।”

Charles Cibene - CEO, MegaVoice, Global

---

“इथियोपिया र अन्य ठाउँहरूमा हुने विभिन्न सेवकाइहरूमा छुटेको भाग मैले सरल कथा अध्ययन विधिमा भएको पाएँ । त्यहाँका मानिसहरूमा धर्मशास्त्रको सत्यताप्रतिको समपर्णता देखेर तिनीहरूलाई अन्तर्क्रियात्मक ढङ्गमा बाइबलका कथाहरू प्रस्तुत गर्ने तरिका सिकाउन हामीलाई अभिप्रेरणा मिल्यो । यस विधि अपनाउने कथावाचकहरूले थुप्रै मानिसहरूलाई ख्रीष्टमा ल्याइरहेका छन् । पवित्र आत्माको सहायतामा परमेश्वरको वचनमा भएको सत्यता खोजी गर्दै अरूलाई सुनाउने क्रममा यस विधिले ती कथावाचकहरूको जीवनलाई रूपान्तर गरिरहेको छ ।”

Julie Kay Field - Paraclete Mission Group Associate, Global

---

“म हाम्रो क्षेत्रको हिमाली तथा पहाडी भागमा बसोबास गर्ने जनजातिहरूको बीचमा सेवकाइ गर्ने गर्दछु । लिखित कागजातहरू निर्माण हुनुभन्दा पहिलेदेखि हाम्रा मानिसहरूमा मौखिक शैलीमा सिक्ने र सिकाउने परम्परा रही आएको थियो । त्यसकारण यिनीहरूका बीचमा सुसमाचार पुर्‍याउने उत्तम तरिका भनेको ‘कथा वाचन’ नै हो र हाम्रो पहाडी भेगका मानिसहरूमा सुसमाचार प्रस्तुत गर्नको निम्ति यस सरल कथा अध्ययन विधि एक उत्तम नमुना सावित भएको छ ।”

Rev. Tinuyangba Imchen - Senior Pastor / Bible Teacher, Arunachal Pradesh, India

---

सरल कथा अध्ययन विधिले हामीलाई परमेश्वरको वचन बुझ्न सहायता गर्‍यो किनभने यो विधि बुझ्न सजिलो हुनुको साथै यसद्वारा सम्पूण कथा स्मरण गर्न र त्यसलाई हृदयमा राख्न सकिन्छ । यसले हाम्रो मण्डलीका लेखापढी नगर्ने (असाक्षर) अगुवाहरूलाई परमेश्वरको वचनसम्बन्धी तालिम दिन निकै सहायता पुर्‍याएको छ । अब उनीहरूले आफ्नो छिमेकी र गाउँलेहरूलाई परमेश्वरको कथा भन्ने गर्दछन् । पहिलेको अनुपातमा धेरै मण्डलीहरू स्थापना गर्न पनि सरल कथा अध्ययन विधिले हामीलाई मदत पुर्‍याइरहेको छ ।”

Rev. Tinuyangba Imchen - Senior Pastor / Bible Teacher, Arunachal Pradesh, India

---

“सरल कथा अध्ययन विधिद्वारा कथा भन्दा, त्यस कथालाई दोहोर्‍याउँदा अनि आत्मिकी अवलोकन र प्रयोगसम्बन्धी प्रश्नहरू सोधिँदा त्यसले कायम राखेको र प्रदर्शन गरेको बाइबलीय सत्यताको परिशुद्धता तथा वास्तविकतालाई देखेर म छक्क परेको थिएँ । यस विधिअनुसार कथाको बारेमा अन्तरक्रिया र छलफल गर्दैगर्दा यदि कुनै व्यक्तिले केही गलत अथवा अनावश्यक कुरा भन्यो भने कथा वाचकले उसलाई यस्तो प्रश्न गर्दछन्: ‘के त्यो कुरा हामी यस कथामा पाउन सक्छौँ ?’ अनि तुरुन्तै त्यसबारे समूहले वचनमा केन्द्रित भएर सजिलै समस्या समाधान गर्दछन् ।”

Pastor Miles DeBenedictis - Cross Connection, USA

---

“बाइबल विद्वान् र ईश्वरशास्त्री भएको हैसियतले बाइबलीय व्याख्या र समालोचना गर्नको निम्ति सरल कथा अध्ययन विधि अति प्रभावकारी माध्यम हो भनी म भन्दछु । मैले आफ्नो देशमा २४ वर्षसम्म चेलापनसम्बन्धी सेवकाइ गरे तापनि भर्खरै यो कुरा महसुस गरेँ कि लेखपढ गर्न नसक्ने एक जनालाई पनि मैले अहिलेसम्म चेलापनमा हुर्काउन सकेको रहेनछु । यस निर्देशिका पुस्तकमा भएको सीप र शैलीले मलाई उक्त चीरस्थायी महान् काम सुरु गर्न सहायता गरेको छ । म सबैलाई र विशेष गरी मेरा ईश्वरशास्त्री मित्रहरूलाई ‘कृपया यस पुस्तकको सबै पृष्ठहरू ध्यान दिएर पढ्नुहोस्’ भनी भन्न चाहन्छु ।

Rev. Luvao - Jerusalem New Life Pentecostal Church International, D.R. Congo

---

भारतमा परमेश्वरको कथा भन्ने परियोजना (TGSP)वृद्धि हुँदै गएको कुरा मैले यसको प्रारम्भदेखि नै देखेको छु । यसको सरलता र यसले बाइबलका कथाहरूलाई पुनर्उत्पादन गर्ने शक्तिद्वारा मानिसहरूका जीवन परिवर्तन भएको पनि देखेको छु । यदि हामी यो राष्ट्रको मानिसहरूलाई हाम्रै पुस्तामा प्रभुमा जित्न चाहन्छौँ भने हामीले मानिसहरूलाई उनीहरूले बुझ्ने तरिकाद्वारा सिकाउनु, तालिम दिनु र चेलापनमा हुर्काउनु पर्दछ भन्ने कुरामा म विकश्वस्त छु । सबै मण्डली स्थापकहरूले यो तालिम लिनुपर्दछ र चेलापनद्वारा हाम्रो राष्ट्रलाई ख्रीष्टमा जित्नको लागि सरल कथा अध्ययन विधिद्वारा बाइबलका कथाहरू प्रयोग गर्नुपर्दछ भन्ने कुरा म पक्कासँग सिफारिस गर्दछु ।”

Rev. Dr. Sam Abraham - Director Himachal Bible College, Berachah Ministries, India

---

Simply The Story

Inductive Bible Study "Oral Style"

# STS Handbook

Exploring Scripture Through Discussion

Listening and Responding

Dorothy A. Miller
The God's Story Project

*Simply The Story Handbook,* 5th edition

Copyright © 2006, 2012 by The God's Story Project

Published by The God's Story Project

PO Box 187, Hemet, California 92546

(951) 658-1619

info@SimplyTheStory.org | info@Gods–Story.org

www.SimplyTheStory.org | www.Gods–Story.org
Listen to live stories told in multiple languages.

All rights reserved. No part of this English publication may be reproduced, stored in a retrieval system, or transmitted in any form or by any means—electronic, mechanical, photocopy, recording, or any other—except for brief quotations in printed reviews, without the prior permission of the publisher.

Let us know if you wish to translate this document. We will be most happy to work with you on permission to translate and to make certain that all is done using TGSP guidelines.

*Dorothy A. Miller*
*Executive Director, The God's Story Project*

All Scripture quotations in this publication are taken from King James Version of the Bible.

You are encouraged to look up the Scripture references contained in this handbook. If various Bible versions show differences in content that might change the meaning of the story, study the story itself and seek God to determine how you will tell the story.

**ISBN 978-0-9855206-0-1**

विषय सूची


पूर्वलेख : अफ्रिका .......................

पूर्वलेख : संयुक्त राज्य .................

अध्याय १ : मौखिक रणनीतिको खाँचो ...................

अध्याय २ : प्रश्नहरू र कथाहरू – बाइबलीय नजिर (नमुना)

अध्याय ३ : सरल कथा अध्ययन विधिबारे छोटो समीक्षा

अध्याय ४ : सरल कथा अध्ययन विधिअनुसार कथा तयार पार्ने तरिका

पहिलो सीप : कथा छान्नु, सिक्नु र त्यसलाई वाचन गर्नु

दोस्रो सीप : कथामा भएका गाडधनहरू पत्ता लगाउनु

'आत्मिकी अवलोकनहरू' भनिने गाडधनहरू पत्ता लगाउनु

'आत्मिकी प्रयोगहरू' भनिने गाडधनहरू पत्ता लगाउनु

तेस्रो सीप : प्रश्नहरूको ढाँचा निर्माण गर्नु

कथाको परिचयको भाग निर्माण गर्नु

अध्याय ५ : कथाको तयारी र प्रस्तुतिकरणसम्बन्धी सीपहरूको अध्यास

तयारी : आत्मिकी गाडधनहरू पत्ता लगाउनु

प्रस्तुतिकरणको पहिलो चरण : कथालाई तीनपटक वाचन गर्नु

प्रस्तुतिकरणको दोस्रो चरण : आत्मिकी अवलोकनहरूबारे छलफल

प्रस्तुतिकरणको दोस्रो (तेस्रो) चरण : आत्मिकी प्रयोगहरूबारे छलफल

अध्याय ६ : छलफलमा अगुवाइ गर्ने सामान्य सूचना (जानकारी)

अध्याय ७ : वास्तविक प्रयोग – हात्तीलाई पत्ता लगाउनु

अध्याय ८ : असाक्षर व्यक्तिहरू र मौखिक बाइबल स्कुल

अध्याय ९ : प्वाँखहरू थुतेर निकाल्नु – विचार गर्ने शैलीको आमूल परिवर्तन

अध्याय १० : सरल कथा वाचकहरूको वगिकरण

अध्याय ११ : प्रयोग गर्ने स्थानहरू - सरल कथा वाचन विधि सिक्ने र यसलाई विस्तार गर्ने तरिकाहरू

परिशिष्ठ क : प्रशिक्षणलाई दोहोऱ्याउने ढाँचाहरू

परिशिष्ठ ख : नमुना कथाको माध्यमद्वारा यात्रा गर्नु

परिशिष्ठ ग : प्रयोगकर्तामा परेको प्रभावसम्बन्धी प्रतिवेदनहरू : ???

परिशिष्ठ घ : एक जना अगुवाले पत्ता लगाएको कुराहरू

परमेश्वरको कथा : सृष्टिदेखि अनन्तसम्म

संसारको विभिन्न स्थानहरूमा भएका सम्पर्क केन्द्रहरू

## मन्तव्य : अफ्रिका

मैले Dorothy Miller लाई केही वर्षअघि खाडी क्षेत्रमा भएको एक महत्वपूर्ण विचार विमर्श कार्यक्रममा भेट्ने मौका पाएको थिएँ । त्यसबेला उहाँले म र मेरी पत्नीलाई सुमाचारको निम्ति प्रतिवन्धित क्षेत्रहरूमा कसरी कथा वाचनको माध्यमद्वारा मानिसहरूलाई परमेश्वरको वचन सिकाउन सकिन्छ भन्ने रणनीतिको बारेमा महत्वपूर्ण कुरा बताउनुभयो । अनि हामीहरू सँगै रहेर मार्था र मरियमको साधारण कथा अध्ययन गर्‍यौं । त्यस कथाभित्र राखिएका थुप्रै गाडधनहरू भेट्टाउँदा म छक्कै परेँ !

पछि मैले उक्त अवधारणाको वास्तविकतालाई स्वीकार गरेँ, जसको फलस्वरूप नाइजेरियाको Calvary Ministries ले सेवकाइ गर्ने केही क्षेत्रहरूमा यस विधिलाई प्रयोग गरियो । त्यस विधिको सकारात्मक प्रभाव परेको थुप्रै प्रतिवेदनहरू प्राप्त भयो । Calvary Ministries भनेको स्थानीय स्तरबाट सञ्चालित यस्तो Mission Agency हो, जसले अफ्रिकाको ३० वटा सुसमाचर नपुगेका राष्ट्रहरूमा मण्डली स्थापना गर्ने अभियानमा केन्द्रित भएर सेवकाइ गरिरहेको छ । त्यस संस्थामार्फत हामीले सुसमाचार नपुगेका ६५ वटा जातिहरूमा मण्डली स्थापना गरेका छौँ ।

परमेश्वरले आफूलाई एकदेखि अर्को पुस्ताका मानिसहरूका बीचमा विभिन्न तरिकाहरूद्वारा प्रकट गर्नुहुन्छ भन्ने कुरा हामी बुझ्न सक्छौँ । बाइबलमा भएका कथाहरूमा राखिएका कथाहरूबाट हामीले यस तथ्यको प्रमाणहरू भेट्टाउँदछौँ । ख्रीष्ट र पवित्र आत्माको प्रकटीकरणद्वारा परमेश्वरले सारा मानवजगतलाई आफ्नो प्रेम देखाउनुहुन्छ र मानिसलाई वचनभित्र भएका गाडधनहरू पत्ता लगाउन सहायता गर्नुहुनेछ ।

सरल कथा अध्ययन विधि भनेको बाइबललाई व्यवस्थितरूपमा खोजतलास गरी त्यहाँ भएका आत्मिक गाडधनहरू पत्ता लगाउने माध्यम हो । यसको सहायताद्वारा लेखपढ गर्न जान्ने र नजान्ने दुवै खालका मानिसहरूले उत्खनन् विधिअनुसार परमेश्वरको वचनको गहिराइमा भएका सत्यताहरू खोतलेर निकाल्न सक्छन् ।

अफ्रिकी सँस्कृतिमा कथा वाचन विधि अति शक्तिशाली माध्यम हो र यसले मानिसहरूलाई जीवन परिवर्तन गर्ने महत्वपूर्ण शिक्षाहरू बुझाएर त्यसलाई फैलाउँदै लैजान सहायता गर्दछ, जसको परिणामस्वरूप स्थानीय स्रोताहरूलाई यसले चिरपरिचित वातावरण सिर्जना गरिदिन्छ । विशेष गरी गाउँ तथा दुर्गम क्षेत्रहरूमा बसोवास गर्ने अधिकांश मानिसहरू, जसले मौखिक शैलीमा सिक्ने सिकाउने परम्परालाई स्वीकार गर्दछन्, तिनीहरूलाई बढी फाइदा पुगेको छ ।

यो सुमधुर अवधारणाको अलावा सरल कथा अध्ययन विधिले स्रोताहरूलाई आफ्नै स्वतन्त्र निष्कर्षहरूमा पुग्न सहायता गर्दछ, जुन तिनीहरूले व्यक्तिगतरूपमा गरेका खोजतलासबाट निकालेका निर्णयहरू हुन् । धेरै अवस्थाहरूमा कथा वाचकको पहुँच र स्रोताहरूका निम्ति रचिएका विभिन्न प्रश्नहरूको सङ्गालोले त्यस्तो उपलब्धीहरू प्राप्त हुने गर्दछ । यस प्रकारको क्रियाकलापले फरक फरक सँस्कृतिहरूमा भएका मानिसहरूको माझमा बाइबलीय सत्यतालाई सञ्चार गर्ने वातावरणलाई सुगम र सुदृढ बनाइदिन्छ ।

यस विधिमा स्रोताहरूलाई विभिन्न प्रश्नहरू सोध्दै आत्मिकी अवलोकनहरू र आत्मिकी प्रयोगतिर डोर्‍याउँदै लगिन्छ । यस तरिकाले स्रोताहरूलाई बाइबलमा प्रसस्त मात्रामा राखिएका कथाहरू बुझ्न र त्यहाँ राखिएका आत्मिक सत्यताहरूलाई स्मरण गर्न सक्षम पार्दछ ।

अझै केही कुरा भन्नुपर्दा सरल कथा अध्ययन विधिअनुसार कथा वाचकले कथा भन्दैगर्दा औपचारिरूपमा कस्तो प्रकारको हाउभाउ र सावधानी अपनाउनुपर्दछ भन्ने कुरा पनि यसले सिकाउँछ । यसले स्रोताहरूलाई कथाको पृष्ठभूमि, मुख्य विषयवस्तु बताउनुको साथै त्यहाँबाट सिकिएको पाठलाई कसरी व्यवहारमा उतार्ने भन्ने कुरामा पनि उत्तिकै जोड दिँदछ ।

सरल कथा अध्ययन विधिको तालिम लिएका विश्वका विभिन्न स्थानका मानिसहरूले भनेका स्मरणयोग्य भनाइहरूका अलावा यस पुस्तकले अन्य थुप्रै जानकारी र प्रश्नवलीहरू प्रदान गर्दछ, जसले हामीलाई व्यक्तिगतरूपमा बाइबलका कथाहरू बुझ्न र त्यहाँ भित्र राखिएका बहुमूल्य रत्नहरू खोजतलास गर्न सहायता गर्दछ ।

चेला बनाउनको निम्ति भएको बोलावटलाई ग्रहण गर्ने सबै राष्ट्रहरूका मानिसहरूले यस सरल कथा अध्ययन विधिसम्बन्धी तालिम लिनुपर्छ भन्ने विषयमा विना कुनै प्रतिवन्ध म सिफारिस गर्दछु । विशेष गरी परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा जागृति ल्याउन चाहने तथा मौखिक शैलीमा सिक्न र सिकाउने व्यक्तिहरूका लागि यो अति नै लाभदायी छ ।

Amos Aderonmu - International Director, Calvary Ministries (CAPRO)

---

## मन्तव्य : संयुक्त राज्य अमेरिका

Dorothy Miller / Tom Miller सँग हाम्रो परिचयपछि घनिष्ठ मित्रता स्थापित भएको ४० वर्ष नाघिसक्यो । परमेश्वरको कथा भन्ने चलचित्र र सरल कथा अध्ययन विधिसम्बन्धी तालिमको जन्म भएपछि यसको वृद्धि तीव्र रूपमा भएको उल्लेखनीय गवाही सर्वविधित भइसकेको छ ।

यो सेवकाइद्वारा इसाईहरूले हराइरहेका मानिसहरूको माझमा ख्रीष्टलाई प्रकट गर्ने तरिका र परमेश्वरको वचनअनुसार अरूहरूलाई चेला बनाउने काम गरेको देख्दा हामी आनन्दित छौँ ।

यस विधिले संसारका विभिन्न राष्ट्रहरूको गाउँ सहरहरूमा परमेश्वरको वचनसम्बन्धी नयाँ प्रेरणालाई प्रचार प्रसार गरेको कुराले हामी उत्साहित भएका छौँ । कथा वाचनको यस प्रणालीले सबै ठाउँका सबै मानिसहरूलाई आकर्षित गर्दछ ।

सरल कथा अध्ययन विधिले बाइबल उत्खनन् गर्न मानिसहरूलाई प्रभावकारी रूपमा सहभागी गराउँदै उनीहरूको ध्यान खिच्ने हुनाले तिनीहरू धर्मशास्त्रको गहिराइमा पुगेर गहन अनुभव र महत्वपूर्ण शिक्षा प्राप्त गर्न सफल हुन्छन् । यसको धारिलो सीप र कलाले मानिसहरूमाझ परमेश्वरको वचन पुऱ्याउन सहायता गर्दछ ।

साँच्चै नै सरल कथा अध्ययन विधि यस्तो प्रकारको अद्वितीय तथा प्रभावकारी औजार सावित भएको छ, जसद्वारा सुसमाचारको सन्देशलाई विभिन्न प्रकारका मानिसहरूका बिचमा लैजान उनीहरूको उमेर, राष्ट्रियता, धार्मिक पृष्ठभूमि,सँस्कृति, शिक्षा अथवा अरू कुनै पनि कुराले रोक्न सकेको छैन ।

यो सेवकाइले हाम्रो ह्दय स्पर्ष गर्ने अर्को कारण के हो भने विशेष किसिमको श्रोतसाधन, सीप अथवा प्रभाव नभएका मानिसहरूको पहुँचमा यसलाई पुऱ्याउन सकिन्छ । यसमा भएको शक्तिशाली क्षमताले गर्दा सबै प्रकारका मानिसहरूको आत्मालाई यसले छुनसक्छ चाहे उनीहरू शिक्षित अथवा अशिक्षित हुन्, चाहे उनीहरू धनी अथवा गरिब हुन् र चाहे उनीहरू उच्च स्तचरका हुन अथवा निम्न स्तरका हुन् । यो परमेश्वरको राज्यलाई अघि बढाउने कामको लागि यस्तो उत्तम अनि प्रभावकारी औजार हो, जसको परिणा विश्वभरि परिरहेको हामीले लामो समयदेखि देखेका छौँ ।

Don and Sondra Tipton – Founders & Directors, Friend Ships Unlimited

**बाइबलमा भएका सरल कथाहरूभित्र भएका**

**परमेश्वरका गम्भीर सत्यताहरू**

"ख्रीष्टमा भएको सरलताबाट हाम्रो मन बहकाएर लैजानसक्छ भन्नेबारे परमेश्वरको वचनले चेताउनी दिँदछ" (२ कोरिन्थी ११:३) ( KJV

# कृतज्ञता ज्ञापन

बाइबलमा हाम्रो लागि परमप्रभु परमेश्वरले स्वयम् आफू र आफ्ना इच्छाहरू प्रकट गर्नुभएको छ । उहाँको वचनको निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौँ । उहाँको सेवा गर्न र उहाँको वचन अरूलाई सुनाउनको निम्ति परमेश्वरले हामीलाई रचना गर्नुभएको हो र यस सुवर्ण मौकाको लागि हामी उहाँलाई धन्यवाद दिन्छौ अनि सबै किसिमको सेवकाइको प्रभावकारीताको निम्ति हामी उहाँलाई महिमा दिन्छौँ ।

TGSP सेवकाइको निम्ति परमेश्वरले हजारौं व्यक्तिहरूलाई स्वयम्सेवक भएर सेवकाइ गर्न पठाउनुभएको छ, जसले परमेश्वरको कथालाई सयौं भाषाहरूमा अनुवाद गरेका छन् । यस ईश्वरीय काममा योगदान दिनुहुने रचनाकार, अनुवादक, कथावाचक, कार्यक्रम प्रस्तोता, रिकर्डिस्ट, प्राविधिक, आर्थिक सहायता गर्ने व्यक्तिहरू र यस सामग्रीलाई प्रयोग गर्ने व्यक्तिहरूको निम्ति पनि हामी परमेश्वरलाई धन्यवाद भन्दछौँ । यी व्यक्तिहरूमध्ये मिसनेरी, स्थानीय स्तरका सेवक-सेविकाहरू र येशूलाई प्रेम गर्ने सामान्य मानिसहरू पनि हुनुहुन्छ । उहाँहरू सबैप्रति हामी कृतज्ञ छौं ।

विभिन्न देशहरूमा भएका कार्यलय तथा संस्थाहरूमा रही महत्वपूर्ण सेवा गर्नुहुने र कहिलेकाहीँ परमेश्वरले बाहेक अरूले थाहा नपाउने किसिमले सहायता गर्नुहुने महानुभावहरूका लागि पनि परमेश्वरको प्रशंसा गर्दछौँ । यस पुस्तकको लागि काम गर्नुहुने व्यक्तिहरू र यसको लागि आफ्ने विचार, सल्लाह र कथाहरू उपलब्ध गराउनुहुनेहरूलाई पनि हामी स्मरण गर्दछौँ । यप परियोजनाको निर्देशक र शिक्षकहरूलाई श्रद्धाका साथ स्मरण गर्दै हामी परमेश्वरलाई धन्यवाद चढाउँछौँ । विश्वव्यापी रूपमा सहास र बहादुरीका साथ परमेश्वरको कथाहरू सुनाउने ती लाखौं ख्रीष्टका सेनाहरूको लागि हामी परमेश्वरलाई प्रशंसा चढाउँछौँ ।

सन् १९९४ मा कलाकार Norm McGary ले बाइबलको कथाहरू सुहाउँदो दश वटा चित्रहरू कोर्नुभयो । आफ्नी ठूली आमाले येशूलाई परमेश्वर र उद्धारकर्ता भनेर विश्वास गर्न सकोस् भन्ने हेतुले उहाँले ती चित्रहरूमा येशूलाई 'म हुँ' भन्ने स्वरूपमा प्रदर्शन गर्नुभयो । सन् २०१२ मा उहाँ आफ्नी ठूली आमालाई भेट्न परमेश्वरको घरमा जानुभयो । उहाँले कोर्नुभएको चित्रहरू पछि परमेश्वरको कथा भन्ने चलचित्र बन्यो र त्यसले सरल कथा अध्ययन विधिको विकास गर्न प्रेरणा दियो । उहाँमा भएको सेवक हृदयको निम्ति हामी Norm McGary प्रति आदर, प्रेम र श्रद्धा व्यक्त गर्दछौँ । येशूप्रतिको उहाँको प्रेम र आफ्नी ठूली आमाले उद्धार पाउन सक्नुभएको होस् भन्ने उहाँको चाहना अहिने विष्पोटन भई संसारभरि फैलिरहेको छ । परमेश्वरलाई महिमा र स्तुति होस् ।

Tom and Dorothy Miller

The God's Story Project

# अध्याय:१मौखिक रणनीतिको खाँचो

पश्चिमी जगतको इसाई तथा गैरइसाई समुदायको लागि म एक बाइबल शिक्षक भएको नाताले म बाइबललाई यसरी प्रस्तुत गर्न सकूँ ताकि मानिसहरूले त्यसलाई बुझ्न सकून् र त्यसले उनीहरूको जीवन परिवर्तन गर्न सकोस् भन्ने मेरो चाहना थियो ।

बाइबलमा भएका कथाहरूलाई कालक्रमअनुसार प्रस्तुत गर्ने अनि त्यसको बारेमा छलफल गरिनाले मेरो उक्त चाहना पूरा हुने कुरा मैले महसुस गरेँ । त्यस्तो छलफल गर्ने क्रममा विशेष गरी श्रोताहरूलाई प्रश्न सोध्ने र उनीहरूलाई उत्तरहरू पत्ता लगाउन दिने गर्नाले उनीहरूले के कुरा बुझे भनेर थाहा पाउन सकिन्छ र त्यसको साथै कथाको सन्देशबाट व्यक्तिगत प्रयोग के हुनसक्छ भन्ने कुरा पनि प्रकट हुन्छ ।

'सृष्टिदेखि अनन्तसम्म' भन्ने परमेश्वरको कथासम्बन्धी चलचित्रको सम्वाद लेख्ने काममा परमेश्वरले मेरो लागि ढोका खोल्नुभयो । संसारभरिका दर्शकहरूका निम्ति त्यस चलचित्रमा बाइबलको मुख्य-मुख्य घटनाहरूलाई कालक्रमअनुसार राखिएका छन् । जब बाइबलको कथाहरू समेटिएको उक्त ८० मिनेट लामो चलचित्र सयौँ भाषाहरूमा अनुवाद हुन थाल्यो, तब हामीले त्यसले पारेको प्रभाव र परिवर्तन देख्यौँ । त्यो चलचित्र र त्यसको श्रव्य भाग (audio track) मा भएको कथाको उपयोगिता सुसमाचार र चेलापनप्रति केन्द्रित भएको कुराले हामीलाई सचेत तुल्यायो ।

केही समयपछि, हाम्रो सम्बन्ध मिशनका ति अगुवाहरूसँग भयो जसले केबल कथाहरू प्रयोग गर्न मात्र शुरु गरेनन् तर एउटै कथामा केन्द्रित हुनुको महत्वमाथि जोड दिइरहेका थिए । पढाइको माध्यमद्वारा सिक्न नसक्ने अथवा नसिक्ने व्यक्तिहरूलाई धर्मशास्त्र बुझ्नसक्ने व्यक्तिहरूका माझमा समाबेश गर्न धर्मशास्त्र प्रस्तुत गर्ने तरिकालाई अझ विस्तृत र फराकिलो बनाइएको थियो । ती अगुवाहरूको अनुभवबाट प्राप्त ज्ञान र अन्तर्दृष्टिबाट धर्मशास्त्र सिकाउनको निम्ति एकपटकमा एउटा कथामा मात्र केन्द्रित रहने र त्यसलाई छलफल शैलीद्वारा सिकाउने पद्धतिप्रति अघि बढ्न हामीलाई प्रेरणा मिल्यो । त्यही संयोजनबाट सरल कथा अध्ययन विधिको जन्म भयो ।

यस विधिद्वारा सिकाउँदा बाइबलको एउटै कथामा केन्द्रित भएर गहिरो प्रकारले वचन अध्ययन गर्ने गरिन्छ । त्यस क्रममा विशेष लक्ष्य राखेर निर्माण गरिएका प्रश्नहरूद्वारा कथाको बारेमा छलफल गरिन्छ र मानिसहरूलाई त्यसको उत्तरहरू पत्ता लगाउनको निम्ति अभ्यास गराइन्छ । यस्तो प्रणालीद्वारा वचन अध्ययन गर्दा उक्त खण्ड राम्रोसँग बुझिन्छ र त्यसको व्यवहारिक प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ र साथै अर्को फाइदा पनि हुन्छ- त्यो के हो भने त्यसो गर्नाले त्यो कथा लामो समयसम्म याद गर्न मदत पुग्दछ ।

**जुन व्यक्तिले आफै गाडी चलाएर सहरमा आउँछ**
**उसलाई अर्कोपटक त्यहाँ आउने बाटो र तरिका थाहा हुन्छ ।**

ती परिणामहरूका बाबजुद परमेश्वरको वचनमा मानिसहरू सुसज्जित भई बाइबलको कथाहरू अरू मानिसहरूका माझमा बाँड्नसक्ने सामर्थ्य र सहास प्राप्त गरेको प्रमाणहरू हामी देख्दछौँ ।

बाइबलको जानकारी अरूसमक्ष प्रस्तुत गर्ने व्यक्तिहरूलाई परमेश्वरले उनीहरूलाई प्रदान गर्नुभएको सम्पूर्ण कथाहरू प्रयोग गर्नको निम्ति सरल कथा अध्ययन विधिले उत्साहित गर्दछ । यस क्रममा जब हामी अरू कथाहरू साभार गर्दछौँ, तब यद्यपि सुरुमा कुनै खण्ड कथाजस्तो देखा नपरे तापनि आवश्यक्ताअनुसार ती बाइबल खण्डहरूलाई समावेश गर्दछौँ । बाइबलका कथालाई कसरी ठीक अनि चाखलाग्दो किसिमले भन्ने, र छलफल विधिद्वारा त्यसलाई कसरी राम्रोसँग सिकाउने भन्ने जानकारीहरू यस निर्देशिका पुस्तकले प्रदान गर्दछ । यस पुस्तकको अलावा अन्य माध्यम र स्रोत-साधनहरू पनि उपलब्ध छन्, जसले कथा वाचन गर्ने सीप र शैलीहरूलाई विकास गर्दै लैजान मदत गर्दछ । यस विषयमा व्यक्तिगत रुमा शिक्षा दिने सरल कथा अध्ययन विधिको कार्यशालाहरू अति नै लाभदायी छन् ।

# यस शैलीद्वारा धर्मशास्त्रको सिकाइ कसलाई खाँचो छ ?

संयुक्त राज्य अमेरिकाको एक व्यक्तिले ऊ किन सरल कथा अध्ययन विधिसम्बन्धी कार्यशालामा सहभागी भएका थिए भन्ने बारेमा यसरी व्याख्या गरे :

पास्टरीय सेवकाइ गरेको एक वर्षपछि मैले आफ्नो सेवकाइमा गम्भीर समस्या भएको महसुस गरेँ । मैले ऋजबचभिकतयल क्यगतजभचल ग्लखभचकष्तथ मा चार वर्षसम्म बाइबल अध्ययन गरेँ र त्यसपछि न्यचमयल(Conwell Theological Seminary) बाट उच्च सम्मानको साथ मास्टर डिग्री हासिल गरेँ । बाइबलबाट सिकाउन र तालिम दिन म सक्षम अनि तयार थिएँ । परमेश्वरले उहाँको सेवा गर्नको निम्ति राख्नुहुने ठाउँमा रहेर प्रभु येशूको महान् आज्ञा पूरा गर्न म इच्छुक थिएँ । पुल्पिटबाट गरिने कामकुराहरू राम्रै थिए । मण्डलीबाट फर्किने बेलामा ढोकामा भेट गर्दा मानिसहरूले आफ्ना शिरहरू हल्लाउँदै यस्तो प्रतिक्रिया दिन्थे, “पास्टर, आजको प्रवचन राम्रो लाग्यो, धन्यवाद !”

मेरो सेवकाइको केही महिनाभित्र केही नयाँ विश्वासीहरू उनीहरूको लागि तयार पारिएको कक्षामा सहभागी हुन थाले । ती व्यक्तिहरू भर्खरै विश्वासमा आएका थिए र आत्मिकी रूपमा वृद्धि हुनको निम्ति तिनीहरूले धेरै कुराहरू सिक्न आवश्यक थियो । उनीहरूलाई सुहाउँदो बाइबलीय शिक्षा दिनको निम्ति हाम्रो सम्प्रदायबाट चौमासिक रूपमा प्रकासित हुने पुस्तिका प्रदान गरियो । अनि यस विषयमा म उनीहरूलाई यसरी उत्साह दिने गर्दथेँ, “तपाईंहरू घरमा गएर यी सामग्रीहरू पढ्नुहोस् र अर्को हप्ता भेट हुँदा हामी यस विषयमा कुराकानी गर्नेछौँ ।”

प्रत्येक हप्ता म ती मानिसहरूलाई कक्षामा भेट्दा यस्तो प्रश्न सोध्थेँ, “गत हप्ता मैले दिएको पुस्तकहरू पढेर तपाईंहरूले के कुरा सिक्नुभयो ? के त्यसको बारेमा तपाईंहरूसँग कुनै प्रश्न छ ? के तपाईंहरूले त्यसमा कुनै चाखलाग्दो कुरा भेट्टाउनुभयो ?” यस्ता प्रश्नहरूको कुनै प्रतिक्रिया नजनाई प्रायः उनीहरू सबै मौन रहन्थे ।

उक्त घटनाद्वारा मलाई यो कुरा स्पष्ट भयो कि तिनीहरूले ती पुस्तकहरू पढ्दैनथे । अन्तमा एक हप्ता ती मानिसहरूलाई कक्षाकोठामा भेट्दा निराश मुद्रामा मैले यसो भनेँ, “कृपया तपाईंहरूमध्ये एक जनाले यस पुस्तकको एउटा पाठ सबैले सुन्ने गरी पढ्नुहोस् ।” लामो समयको असुविधाजनक प्रतिक्षापश्चात् एक जना पुरुषले स्वयम् सेवकको भूमिका निभाउँदै त्यो पाठ पढ्न सुरु  गरे । त्यसको केही हरफहरू पढ्न पनि उसलाई गाह्रो भएको मैले महसुस गरेँ र पढ्ने क्रममा उसले धेरै शब्दहरू गलत किसिमले उच्चारण गऱ्यो । अनि बल्ल मलाई यो कुरा थाहा भयो कि ती मानिसहरूले मैले दिएका पुस्तकहरू पढ्दैनन् रहेछ किनभने तिनीहरूलाई त्यो काम गाह्रो अथवा कठिन लाग्दो रहेछ ।

जब मैले यस विषयमा अधिक खोजतलास गरेँ, तब त्यस क्रममा पत्ता लागेका तथ्याङ्कहरूले मैले महसुस गरेका कुराहरूलाई पुष्टि गरिदियो । मेरो मण्डली वरिपरि बस्ने करिव एक तिहाइ मानिसहरूले माध्यामिक स्तरको पढाइ सकाएका छैनन् । म एक जवान पास्टर भएको हैसियतले मेरो मनमा यस्तो खालको प्रश्न उब्जियो, “अब ती मानिसहरू जसले पढ्न सक्दैनन् अथवा पढ्न रुचाउँदैनन्, तिनीहरूलाई मैले कसरी सुसमाचार प्रचार गरी चेलापनमा हुर्काउन सक्छु त ?”

अफसोसको कुरा के भने म त्यस प्रश्नको समाधान गर्ने प्रकारले सुसज्जित हुन पाएको थिइनँ । यद्यपि मैले सेवकाइको तयारीको निम्ति सात वर्ष लामो समयसम्म अध्ययन गरेको भए तापनि मौखिक शैलीद्वारा सिक्न रुचाउने व्यक्तिहरूसँग कसरी व्यवहार गर्ने भन्ने विषयमा कुनै पनि कुरा कहिल्यै सुन्ने मौका पाएको थिइनँ । कम लेखपढ भएको मानिसहरूको बिचमा सेवकाइ गर्ने क्रममा आउने चुनौतिको बारेमा मसँग कुनै विचार थिएन । परमेश्वरले सेवकाइ गर्नको निम्ति बोलावट दिनुभएको यस्ता मानिसहरूको लागि अपनाउने कुनै सीप र विधि मसँग थिएन । त्यसै कारणले गर्दा म यो तालिम लिन आएँ ।

उक्त पास्टरलगायत सरल कथा अध्ययन विधि सिकाउने कार्यशालाहरूमा भाग लिन आउने अन्य मानिसहरूले बताउने मिल्दोजुल्दो तीन कुराहरू यी हुन्- तिनीहरूले परमेश्वरको वचन भएको गाडधन पत्ता लगाउन चाहन्छन्, ती कुराहरू तिनीहरूले बुझ्न र स्मरण गर्न चाहन्छन् र धर्मशास्त्रलाई तिनीहरूको जीवनमा कसरी प्रयोग गर्ने भन्ने कुरा बुझ्न चाहन्छन् । त्यसपछि ती कुराहरूद्वारा अरूहरूको जीवनलाई आत्मिकी रूपमा पोषण गर्न चाहन्छन् ।

## मौखिक शैलीमा सञ्चार गर्ने खाँचो कति ठूलो छ ?

जब हामीले 'मौखिक सिकारुको वर्गिकरण भनेको के हो अनि त्यस्ता मौखिक शैलीमा सिक्न चाहने व्यक्तिहरूले कसरी शिक्षा र जानकारीहरू प्राप्त गर्दछन् भन्ने कुरा थाहा पाउँदछौं, तब त्यस्ता मानिसहरूका माझमा बाइबलका कथाहरूलाई प्रस्तुत गर्ने कुराको महत्वलाई बुझ्नसक्छौं ।

जुन मानिसहरू लेखपढ गर्न सक्दैनन्, निश्चित रूपमा तिनीहरू मौखिक शैलीमा सिक्ने व्यक्तिहरू हुन् । अरु व्यक्तिहरूसँग परमेश्वरको वचनको बारेमा कुराकानी गर्न चाहने व्यक्तिहरूका लागि कतिजना व्यक्तिहरू धर्मशास्त्रको साक्षर प्रस्तुतिबाट सिक्न सक्षम छन् भन्नेकुरा थाहापाउनु बुद्धिमानी हुनसक्छ । अनुसन्धानबाट यो कुरा पत्ता लागेको छ कि प्राय:देशहरूले आफ्नो जनसङ्ख्याको साक्षर प्रतिसत बढाएर बताउने गर्दछन् अथवा साक्षरतासम्बन्धी गरिएको कमजोर सर्वेक्षण प्रकाशित गर्ने गर्दछन्, जस्तै : "यदि तपाईले आफ्नो नाम हस्ताक्षर गर्नसक्नुहुन्छ भने तपाई साक्षर हुनुहुन्छ ।"

संयुक्त राज्य अमेरिकामा साक्षरतासम्बन्धी National Assessment या Adult Literacy Study द्वारा गरिएको बहुपक्षीय अनुसन्धानले यो देखाउँछ कि त्यहाँका ४३०० मानिसहरू कि त पढ्नै सक्दैनन् अथवा तिनीहरूले कुनै अनुच्छेदमा लेखिएका कुराको अर्थ बुझ्ने प्रकारले पढ्न सक्दैनन् । अनि त्यस्तै गरी त्यहाँका ४४०० मानिसहरू सुनाइ र छलफलको माध्यमद्वारा जानकारीहरू आदानप्रदान गर्दछन् । अरू विकसित मुलुकहरूमा पनि यस्तै किसिमको छक्क पार्ने तथ्याङ्क पाइन्छ । यसको अर्थ के हो भने विकसित मुलुकहरूका करिव ८७०० मानिसहरू कि त लेखपढ गरेर सिक्न सक्दैनन् अथवा तिनीहरू मौखिक शैलीमा सिक्न रुचाउँछन् ।

विद्यालयमा गएर लेखपढ गर्ने अबसर कम भएका विकासोन्मुख मुलुकहरूमा, बिकसीत मुलुकहरूमा भन्दा साक्षरता प्रतिसत निकै थोरै हुन्छ । यसको अर्थ के हो भने त्यस्ता देशहरूमा असाक्षर मानिसहरू अथवा मौखिक शैलीमा सिक्न चाहने व्यक्तिहरूको प्रतिसत निकै उच्च हुन्छ ।

मौखिक शैलीद्वारा सिक्ने मानिसहरूले कुनै जानकारीलाई स्मरण गर्नको लागि कापीमा लेख्न नसक्ने भएकोले गर्दा त्यसको लागि ती कुराहरूलाई कथाको जालोमा बुन्नुपर्ने बाध्यता हुन्छ । यदि त्यस्ता मानिसहरूलाई जानकारी वा शिक्षा दिँदा विचारहरू, अवधारणाहरू, विषयगत बुँदाहरू वा रूपरेखाहरूद्वारा प्रस्तुत गरियो भने त्यसमा कुनै कथा नहुने भएकोले गर्दा सम्झनका लागि तिनीहरूले ढाँचालाई गुमाइरहेका हुन्छन् ।

परमेश्वरले बाइबलको रचना गर्नुहुँदा कस्तो ढाँचा वा विधालाई जोड दिनुभएको छ भन्ने कुरालाई हेरौं ।

व्याख्यात्म शैली = १०%
कवितात्मक शैली = १५%
कथात्मक शैली = ७५%

तपाईले कुनै व्यक्तिलाई कुनै विशेष घटनाको बारेमा बताउँदै गर्दा, उसले बीचमा घरि-घरि प्रश्नहरू सोध्ने र आफ्नो तर्कहरू व्यक्त गरेर तपाईलाई अघि बढ्न अवरोध गरिरह्यो भने कस्तो महसुस गर्नुहुन्छ ? सायद त्यो कुराको वर्णन सकाउनु भए तापनि बीचमा थुप्रैपटक गरिएको अवरोधहरूका कारण तपाईंको भनाइले सोचेजति प्रभाव पार्न सक्दैन । त्यस्तै प्रकारले बाइबलमा भएका कथालाई त्यसको लिखित ढाँचाअनुसार पूर्ण रूपमा प्रस्तुत गर्न सकियो भने मात्र त्यसले अधिकतम प्रभाव र शक्ति प्रकट गर्नसक्छ । परमेश्वरले हामीलाई बाइबल ७५% कथाको ढाँचामा दिनुभएकोले गर्दा हामीले परमेश्वरलाई उहाँको कथा पूर्ण रूपमा बताउन अनुमति दिनुपर्ने हो कि ?

## हाल प्रयोग गरिँदै आएका तरिकाहरूको दुर्दशा :

मानौं, तपाईले कुनै उपहारको पोको आफ्नो साथीलाई पठाउनुभयो र केही समयपछि त्यो सामान नखोलीकन जस्ताको तस्तै तपाईकहाँ फर्किएर आए भने के विचार गर्नुहुन्छ ? तपाईले पठाउनुभएको सामान साथीलाई मन परेनछ भनेर अनुमान लगाउनु ठीक हो ? यस्तो पनि त हुनसक्छ- सायद त्यो उपहार प्राप्त गर्ने मित्रले पोको कसरी खोल्ने भन्ने कुरा जानेन कि ?

जब हामीले बाइबलीय सत्यताहरूलाई विषयगत बुँदा, अवधारणा अथवा विश्लेषणात्मक शैलीजस्ता पोकोहरूमा बन्द गर्छौं, तब प्राथमिक रूपमा मौखिक शैलीद्वारा सिक्ने व्यक्तिहरूले त्यसलाई खोल्नै सक्दैनन् ।

यदि हामीमध्ये कोही बाइबलीय सत्यतालाई अरूहरूका माझमा सञ्चार तथा प्रचार प्रसार गर्न चाहन्छौं भने बाइबलको कथाको केही भागहरूलाई गुमाउँदा त्यसको परिणामहरू के-कस्तो हुनसक्छ भनी हामीले अहिले नै विचार गर्नुपर्दछ । यो संसारमा सुसमाचार सुनाउनुपर्ने र चेलापनमा हुर्काउनुपर्ने मानिसहरूका ठूलो अंश मौखिक शैलीमा सिक्नेहरू छन् । यदि हामीले बाइबलको जानकारीहरू सञ्चार गर्ने क्रममा कथाको माध्यमभन्दा बाहिर निस्केर त्यसलाई पुनर्गठन गरी नयाँ कठिन ढाँचामा प्रस्तुत गर्दछौं भने मौखिक शैलीमा सिक्ने व्यक्तिहरूले त्यसलाई सम्झन मात्रै नसक्ने होइन, तिनीहरूमध्ये धेरैले हामीले बताएको सत्य कुरालाई बुझ्न पनि सक्दैनन् ।

## सरल कथा अध्ययन विधि किन प्रयोग गर्ने ?

परम्परागत शैलीमा विषयअनुसारको शिक्षा दिने प्रणाली र कथाको माध्यमद्वारा मौखिक शैलीमा उत्खनन् विधिद्वारा सिकाउने प्रणालीबीचको मुख्य भिन्नतालाई यो महत्वपूर्ण प्रश्नले झल्काइदिन्छ- कसले कसलाई के कुरा सिकाउन जाँदैछ ? अब हामी शिक्षक, विद्यार्थी, धर्मशास्त्र र पवित्र आत्माको बाइबलीय भूमिकाहरू के-के हुन् भनी हेर्नेछौं ।

विषयअनुसारको सिकाइ प्रणालीमा के कुरा सिकाउन लागिएको छ भन्ने कुरा शिक्षकद्वारा पहिले नै निर्णय गरिन्छ । त्यसै अनुरूपको बाइबल खण्ड अथवा केही पदहरू शिक्षकले छान्दछन् र त्यसलाई पक्का गर्नको निम्ति विद्यार्थीहरू साम् उनका विचारहरू प्रस्तुत गर्दछन् । यो तरिका गलत हो भनी भन्न खोजिएको होइन तर सिकाउनको लागि यो एउटा मात्र तरिका पक्कै होइन ।

विषयअनुसारको शिक्षण प्रणालीमा कथालाई टुक्रयाउने गरिन्छ, जसले गर्दा त्यहाँ भएका जानकारीहरू स्मरण गर्न झन् गाह्रो हुन्छ । वास्तवमा भन्ने हो भने बाइबमा भएका कथाहरूले हाम्रो प्राण, आत्मा र शरीरसँग बातचित गर्दछ । यदि शिक्षकले कथालाई विभिन्न भागहरूमा टुक्रयाएर त्यहाँ भएका जानकारीहरूलाई श्रेणीगत रूपमा प्रस्तुत गर्दछ भने ती जानकारीहरू सायद हामो दिमागमा प्रवेश गर्छ होला तर हाम्रो प्राण र आत्मामा प्रवेश गर्न भने सक्दैनन् ।

कुनै विषयमा केन्द्रित सिकाउँदा शिक्षकले पहिले नै निर्धारण गरेको तर्कलाई पुष्टि गर्नको निम्ति बाइबलबाट थुप्रै खण्डहरू छान्दछन् । स्रोताहरूले ती कुराहरू सुन्दछन् र सायद तिनीहरूमध्ये केहीले कापीमा केही कुरा टिप्न सक्छन् । तर यस प्रणालीमा कुनै कथा समावेश गरिँदैन । त्यसकारण जो व्यक्तिहरूले त्यसको बारेमा लेख्न सक्दैनन्, तिनीहरूले त्यो पाठमा भएका जानकारीहरूलाई सुरक्षित राख्न सक्दैनन् । अनि तिनीहरूको लागि त्यस्तो शिक्षा हाडहरू नभएको मानव शरीरजस्तो हुनजान्छ !

जब मौखिक शैलीमा सिक्ने मानिसहरूले शिक्षकले सिकाएको पाठहरू सम्झन सक्दैनन्, तब त्यो पाठ अरूहरूका माझमा प्रसारण गर्न तिनीहरू असक्षम हुन्छन् । त्यो पाठमा कुनै कथा नभएकोले गर्दा त्यसममा भएका जानकारीहरूलाई जोड्न वा हृदयमा बाँधिराख्न सकिँदैन ।

अब लेखापढीको माध्यमद्वारा सिक्ने व्यक्तिहरूका बारेमा केही चर्चा गरौं । कापीमा टिपेको कुराहरू नहेरीकन तिनीहरूले सिकेका पाठहरू अरूलाई राम्रोसँग बताउन सक्दैनन् र वास्तविक कुरा के हो भने त्यस्ता इसाईहरूले सधैं आफ्नो नोट कापी लिएर हिँडिरहन सम्भव हुँदैन । जे जस्तो भए तापनि सुनाइ र लेखापढी दुवै प्रणालीद्वारा सिक्ने व्यक्तिहरूले वक्ताले उदाहरणस्वरूप साक्षरता शैलीको प्रवचनमा भनेको कथाका उदाहरणहरू वा कुनै असल गवाहीचाहिँ अरूलाई राम्रोसँग बताउन सक्छन् !

अर्को कुरा के हो भने प्राय:श्रोताहरूले बाइबलमा भएको कुनै विषयबारे पर्याप्त जानकारीहरू आफैले पत्ता लगाउन जान्दैनन् र त्यसको निम्ति तिनीहरू सधैं शिक्षकमा भर पर्नुपर्ने हुन्छ । शिक्षकले त्यस्ता मानिसहरूका निम्ति माऊ चराले खाने कुरा खोजेर

ल्याई गुँडमा बसिरहेका बचेराहरूको मुखमा चारो हालिदिएजस्तै गर्नुपर्ने हुन्छ । प्रत्येक हप्ता त्यस्ता इसाईहरू खानाको निम्ति मुख आँ गरेर मण्डलीमा पास्टरको प्रतिक्षा गरिरहेका हुन्छन् । सधैँ पास्टरले त्यस प्रकार विषयगत रूपमा शिक्षा दिइरहेमा पचास वर्षसम्म पनि ती बचेराजस्ता व्यक्तिहरू गुँडमा नै कहिले खान पाइन्छ भन्दै कुरिरहन्छन् !

विषयगतरूपमा कुनै प्रसङ्गका केन्द्रित भएर सिकाइने प्रणालीको अत्यधिक प्रयोगद्वारा हुनसक्ने अर्को अप्ठचारो कुराचाहिँ यस्तो छ । प्रायः शिक्षकहरू आफैले मानिसहरूले सुन्न चाहेका कुराबारे अनुमान लगाएर तिनीहरूका माझमा प्रस्तुत गर्ने विषयवस्तु छान्दछन् । त्यसपछि उनीहरूकले आफूलाई त्यस विषयमा पहिल्यै थाहा भएका केही बाइबलीय खण्डहरू छानेर निकाल्दछन् । यस किसिमको अभ्यासले आत्मिकी रूपमा महत्वपूर्ण जानकारी र ज्ञान प्रदान गर्नको निम्ति नयाँ (शिक्षकलाई थाहा नभएको) खण्डहरू प्रकट गर्ने कुरामा जोड दिँदैन ।

धेरैजसो विश्वासीहरू इसाई सम्मेलनहरूमा अथवा सुनेका वर्तमान घटना सम्बन्धि शिक्षामा भाग लिन गएका हुन्छन् । त्यहाँ सिकाइएको विषयहरू यस्ता हुन्छन्, जस्तैः सुसमाचार, सुसमाचार नपुगेका जातिहरूमा प्रचार, इसाई परिवार, आर्थिक व्यवस्थापन, परहेजी जीवन, प्रार्थना, परमेश्वरका गुणहरू, चङ्गाइ, अगमवाणी अथवा व्यापारमा इमान्दारिता आदि । यी सबै महत्वपूर्ण विषयहरू हुन् । चाखलाग्दो कुरा के हो भने यी सबै विषयहरू बाइबलमा भएका कथाहरूको प्रस्तुतीकरण र त्यसको छलफलद्वारा सिकाउन सकिन्छ ।

मौखिक रूपमा उत्खनन् कथा अध्ययन विधिमा शिक्षकले कथाको सम्पूण भागलाई प्रयोग गर्दछ र त्यस क्रममा सिकाइने ज्ञान र पाठहरूलाई उक्त कथाको विषयवस्तुद्वारा निर्धारण गरिएको हुन्छ ।

जब शिक्षकले कुनै बाइबल खण्ड अथवा कथाबाट के विषयमा सिकाउने भन्ने कुरा पहिले नै निर्णय गर्दछ, तब त्यस खण्डभित्र भएका अन्य जानकारी र पाठहरूप्रधि ध्यान दिइँदैन र सिकाइको क्रममा ती कुराहरू सजिलै छोडिन्छन् । तर यदि त्यस कथालाई पूर्णरूपमा छानबिन गरी अध्ययन गरिन्छ र विभिन्न प्रश्नहरूद्वारा त्यसबारे छलफल गरिन्छ भने त्यहाँ भएका विभिन्न विषयहरू प्रकट हुन्छन् र छलफल विधिद्वारा ती कुराहरू राम्रोसँग सिक्न र सिकाउन सकिन्छ । प्रत्येक व्यक्तिलाई पवित्र आत्मा परमेश्वरले व्यक्तिगतरूपमा उहाँको इच्छाअनुसार सन्देशहरू प्रदान गर्नुहुन्छ ।

यहाँसम्म चर्चा गरिरहेको कुरालाई सारंशमा भन्ने हो भने विषयगत सिकाइ प्रणालीमा थुप्रै बाइबल खण्ड र पदहरू प्रयोग गरेर हामीले सिकाउन लागेको विषयलाई पुष्टि गर्न कोसिस गर्ने गर्दछौँ । त्यसले अनुपेक्षितरूपमा श्रोताहरूलाई बाइबल अध्ययनको निम्ति त्यसो गर्नु भनेको विषेश विधि, नियम अथवा व्यवस्था हो भन्ने जानकारी दिइरहेको हुन्छ । तर जब कथाहरू प्रयोग गरिएका हुन्छन्, तब कथा अथवा बाइबल खण्डमा समाबेश भएका धेरै सत्यताहरूको बारेमा श्रोताहरूका माझमा बोल्न अनुमति दिइन्छ ।

कतिपटक शिक्षकहरूले सरल कथा अध्ययन विधि प्रयोग गरिरहेको छु भनी विचार गर्ने गर्दछन् तर वास्तवमा त्यसबेला तिनीहरूले धेरै मानिसहरूका जीवनलाई स्पर्श गर्ने यस विधिको मुख्य तत्वलाई छुटाइरहेका हुन्छन् । त्यसबेला प्रायः यस्तो गल्ती हुने गर्दछ- शिक्षकले कथा वाचन गर्दछ र त्यसको माध्यमद्वारा उनले कुनै विषमा बताउन थाल्दछन्, र सायद त्यो विषय कथाप्रति लक्षित नभएको पनि हुनसक्छ ।

कतिपय समयमा कथासँग सुहाउँदो र उपयुक्त हुने किसिमले शिक्षकको प्रस्तुतीकरण हुनुको सट्टामा कथालाई शिक्षकको विचारसँग मिल्दो-जुल्दो बनाएर प्रस्तुत गरिन्छ । यदि तपाईं साँचो सरल कथा अध्ययन विधिअनुसार सिकाउनुहुन्छ भने त्यसको पाठ अथवा ज्ञान उक्त कथाले प्रदर्शन गरेको कुरामा पक्का रूपमा आधारित हुनुपर्दछ ।

यदि कुनै शिक्षकले आफूलाई पहिल्यै थाहा भएको अथवा उसले विश्वास गर्ने कुराहरू सिकाउनको लागि मात्र कथालाई माध्यमको रूपमा प्रयोग गर्दछ भने पवित्र आत्माले सिकाउन चाहनुहुने नयाँ कुरा सिक्ने सुन्दर मौकालाई तिनीहरू सबैले गुमाउँछन् । बाइबलको कथामा भएको नयाँ गाडधनहरू पत्ता लगाउनु भनेको शिक्षकहरूका लागि रोमाञ्चकारी र आनन्ददायी

कुरा हो । सफल कथा वाचकको चुनौति यो हो कि उसले श्रोताहरूको माझमा प्रश्नहरूको सहायताद्वारा भर्खरै पत्ता लागेको गाडधनहरूलाई नम्र तरिकाद्वारा प्रस्तुत गर्नुपर्दछ ताकि तिनीहरूले पनि उक्त रोमाञ्चक क्षणको महसुस गर्न सकून् ।

**महत्वपूर्ण निर्णय** :-विकसित राष्ट्रहरूमा स्पष्टसँग सञ्चार नरिएका बाइबलीय सत्यताहरू देख्नुमात्र तपाईको चाहना होइन तर विश्वमा नपुगेका व्यक्तिहरू र १०/४० झ्यालमा हराएका व्यक्तिहरूलाई देख्नु पनि हो । १०/४० झ्याल उत्तरी अफ्रिका, मध्यपूर्व र एशियाको लगभग १० डिग्री उत्तर र ४० डिग्री उत्तरी अक्षाँशको आयताकार क्षेत्र हो जहाँ विश्वको जनसंख्याको मोटामोटी २/३ मानिसहरू बसोबास गर्छन्, र प्रायजसोले येशूलाई विश्वास गरेका छैनन् । यदि त्यसो हो भने हामीले हामीसँग भएका आत्मिक जानकारीहरू प्रस्तुत गर्ने शैलीमा मूलभूत परिवर्तन गर्नु अति आवश्यक छ । के हामी यस कुराप्रति सम्वेदनशील भएर प्रतिक्रिया जनाउँन चाहन्छौं ? (मौखिक सिकारुहरूलाई चेला बनाउनु भन्ने पुस्तक पढ्नुहोस् । www.oralbible.com भन्ने वेवसाइटमा तपाईले यस पुस्तकलाई छाप्न मिल्ने र सुन्न मिल्ने दुवै स्वरूपमा प्राप्त गर्न सक्नुहुन्छ ।

# अध्याय:२ : प्रश्नहरू र कथाहरू – बाइबलीय नमुना
## येशूको नमुना : कथा भन्ने अनि प्रश्नहरू सोध्ने

येशूले कसरी सिकाउनुहुन्थ्यो ? येशूलाई करिव २०० पटक विभिन्न प्रश्नहरू सोधियो तर उहाँले तीमध्ये केहीको मात्र प्रत्यक्ष उत्तर दिनुभयो ! त्यस्तो अवस्थामा प्रायः उहाँले प्रश्नहरूद्वारा अथवा कुनै दृष्टान्तद्वारा अथवा कथाद्वारा आफ्नो प्रतिक्रिया जनाउनुहुन्थ्यो । के येशूले कथा भनेर तुरुन्तै अघि बढ्नुहुन्थ्यो त ? … होइन । प्रायः उहाँले कथा भनिसकेपछि प्रश्न सोधेर मानिसहरूलाई छलफल गर्न लगाउनुहुन्थ्यो ।

येशूले कथाहरू प्रयोग गरेर सिकाउनुभयो किनभने उहाँले यहूदीहरूको 'तोराको विद्यलय' जान पाउनुभएन अथवा उहाँ एक साधारण सिकर्मीको छोरा हुनुहुन्थ्यो । के यो कुरा सही हो त ? … अवश्य होइन । त्यसोभए त्यतिबेलाका मानिसहरू त्यति धेरै शिक्षित नभएको कारणले उहाँले त्यसो गर्नुभएको हो ? त्यतिबेला इस्राएलमा करिब ११०० मानिसहरू मात्र साक्षर भएको कारणले गर्दा अधिकांश अशिक्षित मानिसहरूले पनि उहाँका कुराहरू बुझ्न सकून् भन्ने हेतुले येशू कथाहरूद्वारा बोल्न वाध्य हुनुभएको हो ? … सायद हुनसक्छ । पर्खनुहोस्, यस प्रश्नबारे तपाईंको के विचार छ- फरिसीहरूसँग चाहिँ येशू कसरी बोल्नुहुन्थ्यो त ? तिनीहरूसँग बोल्दा के उहाँले कथाहरू प्रयोग गर्नुभयो ? … हो, पक्कै पनि उहाँले तिनीहरूका माझमा पनि कथाहरू प्रयोग गर्नुभयो । र तिनीहरूले उहाँको सन्देश बुझे अनि केहीले उहाँमाथि विश्वास पनि गरे"

हामीले यो प्रश्न आफैसँग सोध्नुपर्दछ- के येशूले गहिरा अनि प्रभावशाली शब्दहरू प्रयोग गरेर सबैलाई छक्क पार्ने खालको आकर्षक प्रवचनहरू दिन सक्नुहुन्थ्यो ? … हो, अवश्य उहाँले त्यसो गर्न सक्नुहुन्थ्यो । तर येशूले आफ्नो प्रचार र शिक्षामा त्यतिबेलाका अति शिक्षित व्यक्तिहरूले मात्र बुझ्ने खालको कठिन शब्दहरू प्रयोग नगरी साधारण मानिसहरूले पनि बुझ्नसक्ने शब्द र भाषा प्रयोग  गर्नुभयो ।

येशू हामीलाई इतिहासको बारेमा शिक्षा दिन संसारमा आउनुभएको होइन बरु उहाँ त ध्यान दिएर सुन्ने सबै मानिसहरूले बुझ्नसक्ने आत्मिक सन्देशहरू लिएर आउनुभयो । सरल कथा अध्ययन विधिमा सहभागीहरूले बाइबलका कथाहरूभित्र भएका आत्मिक जानकारीहरू (गाडधनहरू) कसरी पत्ता लगाउने भन्ने सीप सिक्दछन् अनि श्रोताहरूलाई ती गाडधनहरूप्रति छलफलको माध्यमद्वारा डोऱ्याउँदै लैजानको निम्ति कस्तो खालको प्रश्नहरू निर्माण गर्ने भन्ने कुरा पनि सिक्दछन् ।

यस निर्देशिका पुस्तक अथवा सरल कथा अध्ययन विधि सिकाउने कार्यशालाहरूमा सहभागी भएर त्यसको निर्देशनहरूलाई सही प्रकारले अनुसरण गर्ने व्यक्ति पछि गएर प्रभावशाली कथावाचक अभ्यासकर्ता हुनसक्छ । त्यस्ता व्यक्तिहरूमार्फत अरू मानिसहरूका बीचमा सम्प्रेषण हुने उहाँको वचनमा प्रभुले प्रसस्त आशिष् दिनुभएको होस्"

यस विषयमा प्राप्त गर्ने थप जानकारी तथा निरन्तर अभ्यास र निरीक्षणद्वारा कथा वाचक अभ्यासकर्ता अस्थायी प्रशिक्षक (Provisional Instructor) बन्न सक्छन् । समय बित्दै जाँदा त्यस्तो अस्थायी प्रशिक्षक प्रमाणित प्रशिक्षक (Certified STS Instructor) मा पदोन्नति हुन्छ । यी सबै प्रक्रियाहरू कसरी हुन्छ भन्ने कुरा यस पुस्तकमा चर्चा गरिएको छ । अगुवाहरू गुणनात्मक रूपमा वृद्धि हुँदै जाने यी प्रक्रियाहरू हेर्न हामी सबैले मन पराउँछौं ।

### बाइबलमा भएका गाडधनहरू भनेको के-के हुन् ? बाटोको दृष्टान्त

एक जना मानिस आफ्नो गाउँ छोडेर काम गर्नको निम्ति सहरमा गयो । त्यहाँ धेरै वर्षसम्म काम गरेपछि उसले थुप्रै धन-सम्पत्ति कमायो । त्यसपछि जब ऊ फर्किएर आफ्नो घरमा आयो, तब थुप्रै मानिसहरूले उसलाई भेटेर असल मित्रको रूपमा स्वागत र अभिवादन गरे ।

उक्त धनी मानिसले आफ्नो साँचो मित्रहरूलाई उपहारहरू दिनको निम्ति केही रूपयाँ-पैसा खर्च गर्न चाहयो । त्यसको निम्ति उसले योजना बनायो अनि आफ्नो गाउँबाट निस्कियो र भोलिपल्ट मात्र फर्कियो । अनि 'म तपाईंको असल मित्र हुँ' भन्ने सबै मानिसहरूलाई एकै ठाउँमा जम्मा पारेर उसले यसो भन्यो, "तपाईंहरू सबैजना भोलि मलाई भेट्न त्यो पहाडको टुप्पोमा आउनुहोस् ।"

ती मानिसहरू जम्मा भएपछि उसले यसो भन्यो, "यहाँबाट त्यो नदीसम्म जाने यो बाटोमा मैले केही काम गरेको छु । यदि तपाईंहरू त्यहाँसम्म जानुभयो भने अवश्य केही गाडधनहरू पत्ता लगाउनुहुनेछ । कृपया अब गएर मैले तपाईंहरूका निम्ति राखेको उपहारहरू पत्ता लगाउनुहोस् ।" त्यति सुन्नेबित्तिकै ती मानिसहरू त्यो ठाउँबाट तलतिर ओर्लन थाले ।

केही मानिसहरू छोटो बाटो भएर तलतिर छिटो-छिटो जाँदै यसो भन्न लागे, "ओहो, यो बाटो त रमाइलो रहेछ । लौ अब हामी यहाँ भएको कुरालाई हेरौं ।" त्यस ठाउँमा निहुरिएर तिनीहरूले बाटोमा भएको केही बालुवा उठाए अनि त्यसमा के रहेछ भनी अनुसन्धान गर्न घरमा लिएर गए ।

अरू केही मानिसहरू त्यो बाटोमा दौडिएर तलतिर जान थाले । जब तिनीहरू खोलाको किनारमा पुगे, तब यसो भनेर गनगन गरे, "हामीलाई यो बाटोको बारेमा राम्रोसँग थाहा छ । यहाँ केही नयाँ कुरा छैन । हामीले त यहाँ कुनै पनि उपहार देखेनौं ।"

बाँकी रहेका मानिसहरू उक्त चिरपरिचित बाटोमा बिस्तारै तलतिर हिँड्न थाले । त्यो बाटोलाई राम्रोसँग निरीक्षण गर्दै अघि बढ्ने क्रममा उनीहरूले यसरी कुराकानी गर्दैथिए, "यो ढलेको रूखलाई हेर त । हिँड्न सजिलो होस् भनेर हाम्रो मित्रले बाटोमा ढलेको यो रूखलाई यहाँबाट हटाइदिएको रहेछ ।" त्यस्तै गरी उनीहरूसँग भएको अर्को व्यक्तिले यसो भन्यो, "यहाँ भएको काँडाको झ्याङलाई हाम्रो मित्रले काटिदिनुभएछ । अब त हामी त्यसबाट सुरक्षित हुनसक्छौं ।"

उपहार पाउने लोभमा ती मानिसहरू दौडेर गएनन् बरु त्यो बाटोलाई केलाउँदै तिनीहरू अझ बिस्तारै हिँड्न थाले । उक्त धनी मित्रले तिनीहरूका लागि गरेका कडा परिश्रम र त्यसको परिणामहरू देखेर तिनीहरू आनन्दित हुन थाले । वास्तवमा त्यो बाटो नै एक असल उपहारको रूपमा त्यो धनी मित्रले तयार पारिदिएको कुरा तिनीहरूले चाल पाए ।

तिनीहरू बिस्तारै अगाडि बढ्दैथिए, अचानक एक जना टक्क उभिएर ठूलो सोरमा यसो भनेर चिच्याए, "साथी हो, बाटोको किनारमा भएको यो झाडीमुनि हेरौं त । त्यहाँ त चामलको बोराहरू राखिएका रहेछन् !"

अर्को एक जना त्यसरी नै कराउन थाल्यो, "यता हेरौं त साथी हो, यो झाडीभित्र त थुप्रै नयाँ भाँडाकुँडाहरू पो रहेछन् ।"

बिस्तारै हिँड्ने ती मानिसहरूले त्यो बाटो नटुङ्गिएसम्मै त्यसको दुबैपट्टि लुकाएर राखिएका गाडधनहरू घरि-घरि पत्ता लगाइरहे । त्यो धनी मित्रले नै ती उपहारहरू त्यहाँ राखिदिएको कुरा तिनीहरूले थाहा पाए । आफ्नो साँचो मित्रहरूले उमाथि विश्वास गर्नेछ र त्यो बाटोको निम्ति तिनीहरू उप्रति कृतज्ञ हुनेछन् भन्ने कुरा उसलाई थाहा थियो । त्यसैले त्यहाँ राखिएका उपहारहरू उसको साँचो मित्रहरूले भेट्टाउन सफल भए ।

त्यो धनी मानिसले प्रेमसाथ परिश्रम र लगानी गरेर तयार पारेको बाटोलाई कदर नगरी छिटो-छिटो दौडेर जाने मानिसहरूले त्यहाँ भएका सबै गाडधनहरू गुमाए । त्यो बाटो र त्यसलाई तयार पार्ने व्यक्तिलाई विश्वास, वास्ता र कदर गर्नको निम्ति तिनीहरू बिस्तारै हिडेनन् । बाटोबाट बालुवा उठाएर अनुसन्धान गर्नेहरू अहिले पनि त्यसको अनुसन्धान गर्दैछन् । वास्तवमा तिनीहरूले अझै त्यो बाटोको ठीक प्रकारले यात्रा गरेका छैनन् !

बाइबलमा भएका कथाहरू परमेश्वरले हाम्रो निम्ति तयार पारिदिनुभएको बाटोहरू हुन् । जो व्यक्तिहरू बाइबलमा भएका ती बाटोहरूमा बिस्तारै हिँड्दछन्, तिनीहरूले नै त्यहाँ लुकिएका गाडधनहरू साथै परमेश्वरले दिनुहुने सत्यताको उपहारहरू पत्ता लगाउन सक्नेछन् ।

## नातानको उदाहरण पछ्याउँदै

२ शमूएल १२:१-१४ मा परमेश्वरले आत्मिकी सत्यता प्रसारण गर्नको निम्ति विशेष प्रकारको शैली प्रयोग गर्नुभएको छ । दाऊद परमेश्वरको दृष्टिमा विश्वासयोग्य भएको कारणले उहाँले तिनलाई इस्राएलको राजा नियुक्त गर्नुभयो । पछि तिनी ठूलो पापमा परे- तिनले एउटी स्त्रीसँग व्यभिचार गरे र उसको पति जो दाऊदको आफ्नै सेनापति थिए, तिनको हत्या गरे । त्यसपछि दाऊदले आफूले गरेका ती पापहरू लुकाउने कोसिस गरे ।

त्यसकारण नातान अगमवक्ता दाऊदकहाँ आएर एउटा कथा भने जसमा यो जानकारी समाबेश भएको छ : एउटा सहरमा दुइ जना मानिस थिए, एक जना धनी र अर्कोचाहिँ गरीब । धनी मानिसका धेरै भेडाबाख्राका बगाल र गाई-गोरुका बथान थिए ।

एकदिन जब यो धनी मानिसकहाँ पाहुना आए , उसले त्यस गरीब मानिसको पाठी ल्याएर सो पाहुनाको निम्ति भोजन तयार गर्‍यो ।

जब दाऊदलाई नातानको कथा सुन्यो त्यस कुराले ऊ साह्रै रिसायो । बाइबलको कथामा दाऊदले नातानलाई भन्यो, "जीवित परमप्रभुको नाउँमा म भन्दछु, कि यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ ! त्यसले दयामाया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ ।"

तब नातानले दाऊदलाई भने, "त्यो मानिस तपाईं नै हो !"

नातानबाट यो कथा सुन्नुभन्दा पहिले दाऊद परमेश्‍वरलाई पछ्याउने व्यक्ति भएकोले गर्दा के उसलाई व्यभिचार, विश्‍वासघात र हत्या गर्नु गलत हो भनेर थाहा थियो ? ... हो, थाहा थियो । त्यसोभए आफूले गरेको पापको विषयमा दाऊदलाई थाहा थियो त ? ... हो, थाहा थियो । अनि आफूले गरेको पाप स्वीकार गरेर दाऊदले त्यसको निम्ति पश्‍चाताप गरेको थियो ? ... अहँ, उसले त्यसो गरेको थिएन ।

प्रायः पुरानो करारमा व्यभिचारी र हत्याराजस्तो पापीको सामु परमेश्‍वरको सन्देश लिएर अगमवक्ता कसरी प्रस्तुत हुने गर्दथे ? ... नातान अगमवक्ताले दाऊदको सामु कस्तो प्रकारको सन्देश प्रस्तुत गरे त ? ... परमेश्‍वरको सन्देशद्वारा प्रत्यक्षरूपमा दाऊदको पाप देखाइदिनुको सट्टामा नातानले तिनलाई कथा भने ।

त्यसबेला के भएको थियो भन्ने कुरामा ध्यान दिनुहोस् । नातानले भनेको कथाप्रति दाऊदले कसरी प्रतिक्रिया जनाए ? ... हो, दाऊदले उक्त धनी मानिसको सही प्रकारले न्याय गरे साथै उसले कस्तो प्रकारले क्षतिपूर्ति तिर्नुपर्छ भन्ने कुरा पनि बताइदिए । उसले चोरेको पाठीको बदलामा के गर्नुपर्थ्यो ? ... चार वटा पाठीहरू क्षतिपूर्ति तिर्नुपर्थ्यो ! त्यो धनी मानिस के को लागि योग्य थिए ? ... हो, मृत्युको लागि ।

सारांशमा भन्ने हो भने जब दाऊदले कथा सुने, तब तिने त्यो कथालाई आफ्नो दिमाग र भावनामा महसुस गरे । तिनले उक्त धनी मानिसले ठूलो पाप गरेको कुरा देखे । अनि अन्तमा तिनले धार्मिक रूपमा त्यहाँबाट आत्मिकी अवलोकन पत्तालगाए ।

कथा सुनेर दाऊदले के कुरा सही हो र के कुरा गलत हो भनेर मुख खोलेर बताइसकेपछि नातानले तिनलाई उक्त कथाको माध्यमद्वारा यस्तो आत्मिकी प्रयोग बताइदिए, "दाऊद, त्यो मानिस तपाईं नै हो ।" त्यसपछि दाऊदले परमेश्‍वरको विरुद्धमा कसरी पाप गरेका थिए भन्ने कुरा नातानले तिनलाई विस्तृत रूपमा बताइदिए ।

अन्तमा आफ्नो पापको लागि दाऊद  आफै जिम्मेवार भएको कुरा उसले स्विकार गरे । उसले नातानलाई भने, "मैले परमेश्‍वरको विरुद्धमा पाप गरेको छु ।" त्यो घटनालाई क्रमैसँग हेर्दै जाने हो भने दाऊदको आफ्नै घरानामा दण्डको रूपमा मृत्यु आएको देख्नसक्छौं (जुन मृत्यु उक्त धनी मानिसको जीवनमा आउनुपर्छ भनी दाऊदले भनेका थिए) ।

यस कथाले सरल कथा अध्ययन विधिको विशेष भागहरू र साथै त्यसको मुख्य गुणहरूलाई प्रदर्शन गर्दछ । मानिसहरूले बाइबलमा भएको कथा सुनिसकेपछि त्यसलाई साँचो रूपमा महसुस गर्दछन् अनि आफ्नो अन्तर्दृष्टिद्वारा त्यसबोर छलफल गर्न सक्षम हुन्छन् । तिनीहरूले त्यसो गर्दाखेरि कथामा डुबेर त्यहाँ भएको आत्मिकी जानकारीहरू पत्ता लगाउँछन् र ती कुराहरू स्वीकार गरिसकेपछि मुख खोलेर नै अरूसामु व्यक्त गर्दछन् । यस्ता कुराहरूलाई हामी 'आत्मिकी अवलोकन' भन्दछौं ।

कथाको बारेमा छलफल गर्दा श्रोताहरूले त्यहाँ उल्लेख भएका पात्रहरूको बारेमा आफ्नो मनमा लागेका कुराहरू बताउन थाल्दछन् र कथा वाचकले उनीहरूलाई कथाभित्र प्रवेश गरेर त्यसलाई मनन गर्न लगाउँछ । त्यसपछि तिनीहरूले त्यस कथाभित्र भएका चुनौति र अवसरहरूलाई अहिलेका मानिसहरूले कसरी विचार गर्दछन् र त्यस्तो अवस्थाहरूलाई कसरी सामना गर्दछन् भनी आफ्ना अवधारणाहरू प्रकट गर्दछन् । श्रोताहरूले पत्ता लगाएका ती कुराहरूबारे विचार गर्न र तिनीहरूलाई अझ स्पष्ट पार्दै लैजान कथा वाचकले विभिन्न प्रश्नहरू गर्दछ र अन्तमा ती अवलोकनहरूलाई आजभोलिका मानिसहरूका जीवनमा कसरी प्रयोग गर्न सकिन्छ भनी सोध्दै छलफललाई निष्कर्षमा पुर्‍याउँछ ।

सरल कथा अध्ययन बिधिमा, यी व्यक्तिगत बनाइएका सत्यताहरूलाई "आत्मिक प्रयोगहरू" भन्दछन् । यहाँ चाखलाग्दो कुरा के छ भने कथामा भएका आत्मिकी अवलोकनहरूका बारेमा छलफल गर्दैगर्दा पवित्र आत्माले श्रोताहरूसँग व्यक्तिगत रूपमा बोल्नुभएको अनि मानिसले कथामा जुनकुरा सिकीरहेका थिए त्यसलाइं आफ्नै जीवनमा लागू गरिरहेका थिए ।

# यो काम कसद्वारा गरिन्छ त ?

कुनै व्यक्तिले प्रभुलाई व्यक्तिगत रूपमा चिनेको वा ग्रहण गरेको कति वर्ष भयो अथवा उसले बाइबलको औपचारिक वा अनौपचारिक शिक्षा कति हासिल गरेको छ भन्ने कुराको महत्व आफ्नै स्थानमा छ तर हामीले थाहा पाउनुपर्ने कुरा के हो भने बाइबललाई सही प्रकारले बुझ्ने एउटा मात्र तरिका छ- त्यो परमेश्वरसँग आत्मिकी सम्बन्ध स्थापित गरेर हो । मानिस जातिलाई चाहिने परमेश्वरको आत्मिकी सन्देशहरू उहाँले धर्मशास्त्रमा राखिदिनुभएको छ । त्यसकारण त्यहाँ भएका आत्मिकी सत्यताहरूलाई पवित्र आत्माले सिकाउनु भएपछि मात्र हामीले बुझ्न सक्छौं ।

बिभिन्न तरिकाहरू प्रयोग गरेर बाइबलबाट हामिले सिक्छौं । मण्डली जाने धेरै मानिसहरूले आफ्ना जमातलाई बाइबलिय सत्यताहरूको बारेमा बर्णन गर्ने पास्टरहरूबाट ज्ञान हासिल गर्छन् । केही अध्ययनशील व्यक्तिहरू अझ बढी सिक्न बाइबल स्कुल जान्छन् । पास्टरहरू त्यही उद्देश्य प्राप्तिको लागि बाइबल स्कुलहरू तथा सेमिनारीहरूमा सहभागी भएका छन् र चल्दैगरेका प्रेरणाको लागि , नयाँ जानकारी पत्तालगाउन बाइबलीय टिप्पणीसम्बन्धी पुस्तकहरू अध्ययन गर्ने र सम्मेलनहरूमा सहभागी हुन्छन् । बाइबलीय ज्ञान र बुझाइलाई बढाउन चाहने सेमीनारीमा अध्ययन गर्ने व्यक्तिहरू पनि अरू विभिन्न लेखकहरूले लेखेका पुस्तकहरू अध्ययन गर्ने गर्दछन् ।

जब यि सबै श्रोतहरू तर्कसंगत र परमेश्वरबाटका हुन्छन्, येशूख्रीष्टमा भएका बिश्वासीहरू परमेश्वरको वचन कसैले सिकाइदेओस् भनेर अरुमा ज्यादै निर्भर हुन्छन् ।

यि श्रोतहरूभन्दा पर र माथि, धर्मशास्त्रमा उल्लेख भएका कुराहरू बुझ्नको लागि सबैभन्दा उत्तम स्रोतलाई हामीले प्राय : वास्ता गर्दैनौं ! यो स्रोत हाम्रो लागि परमेश्वरको उपहार हो । अब त्यो स्रोत के हो त ? यहाँ दिइएको कुरामा ध्यान दिनुहोस् :

तीन वर्षभन्दा लामो समयसम्म येशूबाट व्यक्तिगत रूपमा शिक्षा पाइसकेपछि चेलाहरूले उहाँबाट अचम्मको सन्देश सुने । येशूले तिनीहरूलाई छोडेर जाँदै हुनुहुन्थ्यो ! युहन्ना १४ अध्यायमा, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “तिमीहरूले आफ्नो हृदयलाई व्याकुल र भयभित हुन नदेओ ।”

येशूले भन्नुभएको ती शब्दहरूले गर्दा चेलाहरूको हृदयमा कस्तो भावना आयो के हामी जान्न सक्छौं ? … हो, साँच्चै नै त्यस कुरा सुनेपछि तिनीहरू डराए । अहिलेसम्म साथैमा रहेर सिकाउनुहुने असल शिक्षक अब तिनीहरूको साथमा नहुने भयो । अब कसले तिनीहरूलाई सान्त्वना दिने ? कसले तिनीहरूलाई शिक्षा दिने ? येशूले चेलाहरूलाई दिनुभएको अन्तिम सन्देशमा तिनीहरू कहिल्यै एक्लो हुनेछैन भनी निश्चितता दिनुभयो ।

युहन्ना १४ र १६ अध्यायहरूमा हामि पाउँछौं कि येशूले आफ्ना अनुयायीहरूको लागि एकजना सल्लाहकार दिनुहुन्छ जसले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र उहाँले भनेका सबै कुरा तिनीहरूलाई याद दिलाउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभयो ।

परमेश्वरको वचन बुझ्नको लागि सबैभन्दा उत्तम स्रोत भनेको पवित्र आत्मा हो, जुन येशूले हामीलाई उपहारको रूपमा छोडेर जानुभयो ।

पवित्र आत्माले आत्मिकी सत्यता कसरी सिकाउनु हुन्छ भन्ने बारे परमेश्वरले बर्णन गर्नुहुन्छ :

तर यसो लेखिएको छ, आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ ।

परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ । किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ । मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन । अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं । जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरूको बुद्धिले सिकाएका शब्दहरूमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक शब्दहरूमा आत्मिक सत्यताहरूको अर्थ खोल्दछौं ।

जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ । आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ, तर ऊचाहिँ कुन मानिसद्वारा जाँचिनेछैन ।

किनकि कसले प्रभुको मनलाई जानेको छ ? र कसले उहाँलाई सिकाउन सक्छ ? तर हामीसँग त ख्रीष्टको मन छ (१ कोरिन्थी २:९-१६) ।

लामो समयदेखि पवित्र आत्माको कक्षा कोठा खाली भएको छ । आउनुहोस्, हामी उक्त कक्षामा सहभागी होऔँ र उहाँसँग प्रश्नहरू सोध्नको निम्ति आफ्ना हातहरू उठाऔँ । जब हामी बाइबलका कथाहरू अध्ययन गर्छौं, त्यसको प्रत्येक उदृतअंशको सार बुझ्न र उहाँले उत्तरहरू दिनुहुन्छ भन्ने कुराको बिश्वास गर्न हामीलाई चाहिने ज्ञान-बुद्धि दिनुहोस् भनी प्रभुसँग प्रार्थना गर्न सक्छौं ।

---

यो हातेपुस्तिकाको पहिलो अंशमा, धर्मशास्त्रलाई सिक्न र प्रस्तुत गर्न मौखिक तरिकाहरू लगायतको महत्वलाई हामिले सम्मिलित गरेका छौं । परमेश्वरको सन्देशलाई संचार गर्न कथा र प्रश्नहरू प्रयोग गर्नका लागि बाइबलिय पूर्व-उदाहरण हामिले प्रदान गरेका छौं ।

फेरि केही कथाहरू तथा प्रश्नहरूसँग तपाईंको जम्काभेट हुनसक्नेछ ! जानकारीहरू उल्लेख गरिएका लेखहरूको अपेक्षा गर्नुहोस् । तपाई एकजना त्यो व्यक्ति हुनसक्नुहुन्छ जसले पहिले नै कथाहरू र मौखिक तरिकाहरू प्रयोग गरिसकेको छ । आश्चर्यजनक कुरा ! आशापूर्ण रुपमा स्रल कथा अध्ययन बिधिमा तपाईले अद्वितीय केहीकुरा भेट्टाउनु हुनेछ जसलाई तपाईले आफ्नो साधनहरूमा समावेश गर्नै सक्नुहुन्छ । हामीले अवश्य पनि अरु शिक्षकहरूबाट र मौखिक तरिकाहरूको प्रयोग गराईबाट धेरै धारणाहरू हासिलि गरेका छौं ।

अथवा, शायद सिकाईका केही शैलीहरू र पाएका ज्ञानहरूको बाँडचुँड अथवा प्रभावपूर्ण प्रतिवेदनहरू आश्चर्यपूर्ण हुनसक्छन् । आश्चर्यपूर्ण कुराहरू आउन पनि सक्छन् किनभने केही कुराहरू तपाइको लागि नयाँ छन् । शायद तपाईको योग्यताको बारेमा एउटा विचार अथवा अरुहरूको योग्यता तपाईले जे सिकाउनु भएको छ अथवा सिकाइरहनु भएको छ त्यो भन्दा भिन्न हुनसक्छ । मौखिक तरिकाहरू सिकाउनका लागि सरल कथा अध्ययनले मौखिक तरिकाहरू प्रयोग गर्दछ । यि नयाँ तरिकाहरूलाई जाँचेर हेर्नुहोस् । तपाइले शायद परमेश्वरले दिनु भएका नयाँ योग्यताहरू पत्तालगाउनु हुनेछ ।

**एउटा बालक भनैं**, मत्ती १८ अध्यायमा येशूले प्रदर्शन गर्नु भएको तथा सिकाउनु भएका तथा चासो जगाउनु भएका सत्यताहरू मध्ये एउटा यो थियो : स्वर्गको राज्यमा सबैभन्दा महान ति व्यक्तिहरू हुन् जसले एउटा बालक झैं तिनीहरू आफैलाई नम्र तुल्याउँछ । यो कुरा स्पष्ट छ कि शारिरीक रुपमा हामी फेरि बालक हुन सक्दैनौं, येशूले अबश्य पनि बालकहरूमा भएको कुनै अद्वितीय कुरालाई संकेत गरिरहनु भएको थियो, सम्भवत एउटा बालकमा बारेमा कुनैकुरा जुन नम्रता हो । येशूले संकेत गर्नुभएको नम्रता एउटा बालकलाई जुनकुराले खुल्लारुपमा नयाँ जानकारी स्वीकार गर्न लगाउँछ त्यो हुनसक्छ ?

हामी सबैले यो कुरा देख्यौं कि उमेर पुगेकाहरूद्वारा प्रोत्साहित बालकहरू तिनीहरूले जे देख्छन् र सुन्छन् त्यसलाई उत्सुकतापूर्वक सुन्छन् र त्यसको नक्कल गर्छन् । यो कुरा यस्तो लाग्छ कि परमेश्वरले हामी सबैलाई हाम्रा बाल्यकालमा आश्चर्यले भरिपूर्ण हुनको लागि रुपरेखा बनाउनुभयो । त्यसले एउटा बालकबाट परिपक्व वयश्कमा हुर्कनेको ठूलो चित्रमा अर्थ लगाउँछ । एउटा बालक झैं हाम्रो मस्तिष्कमा आउने सबैकुरा नयाँ हो । यद्यपि हामीसँग धेरै ज्ञान अथवा स्थापित ढाँचाहरू छैनन् जुन नयाँ जानकारीको बिरोधी हुनसक्छ, तर जानकारीलाई छिट्टै ग्रहण गर्न र यसलाई हाम्रो आफ्नै बनाउन हामी सक्षम छौं । तब, परिपक्व व्यक्तिलहरू झैं हामी निर्णयहरू बनाउँछौं र जानकारीको संयोगमा आधारित भएर काम गर्छौं जुन हाम्रो जीवनमा हामीले संचित गरेका छौं ।

शायद सरल कथा अध्ययनका धेरै यि नयाँ मौखिक अंगहरूको उपयोगितालाई परिक्षण गर्न हुनसक्छ दश बर्ष उमेरको भएर तपाईको मस्तिष्कमा फर्किन सक्नुहुन्छ, र केबल यसलाई लिनुहोस् र यि अपरिचित तरिकाहरूलाई अपनाउनुस् । हुनसक्छ कि यसरि वाल्यकालमा फर्किंदा यसले तपाईलाई नयाँ तरिकाहरू स्वतन्त्ररुपमा अपनाउन लगाउँछ, ति तरिकाहरू जसमा तपाईको बानी बसेको छैन । शायद, तपाईले गर्न सक्नुहुन्न भनेर तपाईले सोच्नु भएका कुराहरूलाई तपाईले स्वतन्त्र रुपमा कोशिश गर्नु भएपछि तपाइका दक्षताहरू विस्तृत भएको तपाइले पाउनु हुनेछ ।

# अध्याय:३ सरल कथा अध्ययन विधिबारे छोटो समीक्षा

(क) तयारी :

सरल कथा अध्ययन विधिमा बाइबलको कथालाई सजिलै सिक्ने शैली र त्यसमा भएका 'आत्मिक गाडधनहरू' पत्ता लगाउने तरिका समावेश भएको हुन्छ । त्यसको साथै उक्त विधिमा मौखिक रूपमा विभिन्न प्रश्नहरू पनि सोधिने गरिन्छ, जसले गर्दा उक्त कथाको बारेमा छलफल गर्ने भागलाई सहज र सरल बनाउन मद्दत पुग्दछ ।

(ख) प्रस्तुतिकरण :

यसमा दुई वटा चरणहरू हुन्छन्- पहिले कथा भन्ने अनि त्यसमा भएका गाडधनहरू पत्ता लगाउने ।

पहिलो चरण :- यस चरणमा श्रोताहरूलाई कथामा भएका विषयवस्तु राम्रोसँग परिचित गराउनको लागि फरक-फरक तरिकाले तीन पटक कथा प्रस्तुत गरिन्छ । त्यसको निम्ति कथा वाचकमा राम्रोसँग कथा भन्न सक्ने, स्वयम्सेवकहरूलाई उत्साह दिन सक्ने र उक्त कथाको विषयवस्तुलाई चाखलाग्दो प्रकारले समीक्षा गर्न सक्नेजस्ता सीप र शैलीहरू विकास गर्नु आवश्यक पर्दछ ।

१. कथा वाचन गर्नु :- यस भागमा कथा वाचकले बाइबलको कथा भन्दछन् । (यो पहिलो प्रस्तुतिकरणले श्रोताहरूलाई उनीहरूको मनमा उक्त कथाको चित्र बनाउन र त्यसले पारेको प्रभावको बारेमा विचार गर्न मद्दत पुग्दछ ।)

२. स्वयम्सेवक :- यस भागमा कथा वाचकले श्रोताहरूमध्ये कुनै एक व्यक्तिलाई (स्वयम्सेवकलाई) त्यो कथा सबैको माझमा दोहोर्‍याएर भन्न लगाउँछ अथवा त्यसो गर्नुको सट्टामा श्रोताहरूलाई जोडी जोडी बनाएर एकले अर्कालाई त्यो कथा भन्न लगाउँछ । (त्यसबेला श्रोताहरूले निकै ध्यान दिएर उक्त कथा सुन्ने गर्दछन् र पहिले सुनेको, बुझेको अनि कथाको चित्र बनाएको ठीक छ कि छैन भनी विचार गर्ने गर्दछन् । यसो गर्नाले त्यो कथा उनीहरूले अझ राम्रोसँग स्मरण गर्न सक्छन् ।)

३. कथामा डोर्‍याउनु :- यस भागमा कथा वाचकले तेस्रो पटक सम्पूर्ण श्रोताहरूलाई कथामा डोर्‍याउने काम गर्दछ । यो अन्तिम पटकको कथा बाचनमा कथा वाचकले प्रत्येकम व्यक्तिलाई कथामा नै ब्यस्त बनाउँछ । श्रोताहरूको सहयोगबाट पुनःभनिएको कथा पुरा र यथार्थ रुपमा लिन बिभिन्न सम्झना दिलाउने कुराहरू प्रयोग गरिन्छन् ।

दोस्रो चरण :- यस चरणमा कथा वाचकले श्रोताहरूलाई उक्त कथामा भएका आत्मिक गाडधनहरू पत्ता लगाउने कुरातिर डोर्‍याउँछ । तर यहाँ उसले श्रोताहरूलाई फेरि कथा भन्न लगाउँदैन । बरु त्यसको सट्टामा प्रत्येक नयाँ खण्डमा गाडधनहरू खोज्नुभन्दा अघि कथा बाचकले कथाको खोजी गर्नुपर्ने त्यो सानो खण्डलाई पहिला डोहोर्‍याउँछ ।

१. आत्मिक अवलोकन :- पहिला, आत्मिक जानकारी पत्ता लगाउन कथा वाचकले श्रोताहरूलाई प्रोत्साहित गर्ने खालका सरल प्रश्नहरू सोध्दछ । (त्यस क्रममा श्रोताहरूलाई त्यस कथाको पात्रहरूले (मानिसहरूले) गरेका क्रियाकलापहरू अवलोकन गर्न आमन्त्रित गर्दछ । त्यसपछि प्रश्नहरूकै माध्यमद्वारा ती मानिसहरूका बारेमा के-कस्तो आत्मिक कुराहरू सिक्न सकिन्छ र ती मानिसहरू र त्यहाँ उल्लिखित घटनाहरूमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ भन्ने कुरा श्रोताहरूले बताउनुपर्ने हुन्छ । ती कुराहरूलाई हामी 'आत्मिक अवलोकन' भन्दछौं ।)

२. आत्मिक प्रयोग :- दोस्रो, अब त्यसरी पत्ता लगाइएका आत्मिक अवलोकनहरूमा आधारित भएर ती कुराहरू आजभोलिका मानिसहरूले आफ्नो जीवनमा कसरी व्यवहारमा उतार्न सक्छन् त भन्ने बारेमा चर्चा गर्ने गरिन्छ । ( त्यस्ता कुराहरू पत्ता लगाउन र बाँडचुँड गर्न कथा वाचकले श्रोताहरूलाई विभिन्न प्रश्नहरू सोध्छन् । त्यसरी पत्ता लगाइएका कुराहरूलाई हामी 'आत्मिक प्रयोग' भन्दछौं ।)

# अध्याय ४:सरल कथा अध्ययन विधिद्वारा कथा कसरी तयार पार्ने

**सरल कथा अध्ययन विधि प्रयोग गर्न सिकाउनलाई तीनवटा सीपको आवश्यकता पर्दछ :**

**क. कथा कसरी छान्ने, सिक्ने र वाचन गर्ने ।**

**ख. कथाभित्र भएका गाड्धन कसरी पत्ता लगाउने ।**

**ग.अन्तर्दृष्टिपूर्ण प्रश्नहरू कसरी सोध्ने र ढाँचा कसरी तयार गर्ने ।**

## सीप १: कथा कसरी छान्ने, सिक्ने र ठीक प्रकारले वाचन गर्ने

सरल कथा भन्ने प्रक्रिया भएर जाने क्रममा पछ्याउनुपर्ने सबैभन्दा महत्वपूर्ण मार्गनिर्देश भनेको परमेश्वरको वचनमा विश्वास गर्नु हो । परमेश्वर आफैले लेख्नुभएको हुनाले बाइबलमा भएका कथाहरू पूर्ण रूपमा वाचन गर्नका लागि एकदमै राम्रा छन् भन्ने कुरामा विश्वास राख्नुहोस् । तपाईंले बाइबलका कथाहरू वाचन गर्दा हुँदी, आफ्नो तर्फबाट केही नथप्नुहोस्, न त केही छुटाउनुहोस्, साथै कथा भन्ने क्रममा न त प्रवचन दिन थाल्नुहोस्, न त कथाभित्र भएका कुराहरूबारे व्याख्या गर्न थाल्नुहोस् ।

## बाइबलका कथाहरूको छनौट

कुनै कुनै परिस्थितिमा, तपाईंलाई अगुवाबाट कुनै विशेष कथा वा बाइबलका कुनै अंश वाचनका निम्ति दिइएलान्, तापनि यदि तपाईं आफै नै कथाहरू छान्दै हुनुहुन्छ भने तपाईंका लागि केही मार्गनिर्देशन यहाँ दिइएका छन् :

१. यदि तपाईंले कुनै विशेष समूहलाई बाइबलका कथा सुनाउनका निम्ति एकमात्र वा केही थोरै अवसरहरू पाउनुभएको छ भने यस्तो कथा छान्नुहोस् जसका विषयवस्तु श्रोतावर्गको उमेरका लागि सुहाउँदो होस् साथै दिइएको समयभित्र सुनाउन भ्याइयोस् । श्रोताहरूले सुन्नपर्ने खालका सत्य कुराहरू भएका कथाहरू छान्नमा पवित्र आत्माको मार्गनिर्देशनका लागि प्रार्थना गर्नुहोस् ।

२. जब परमेश्वरले हामीलाई बाइबल दिनुभयो, उहाँले यसभित्र असंख्य ऐतिहासिक घटनाहरू राखिदिनुभयो, जसबाट हामी छान्न सकौं । निश्चय नै परमेश्वरले आफ्नो बुद्धिले मानवजातिका लागि आवश्यक श्रेष्ठतम कथाहरू छान्नुभयो । मानिसलाई परमेश्वर आफैंले सृष्टि गर्नुभएको हुनाले तिनीहरूको आवश्यकताबारे उहाँलाई ज्ञान थियो । त्यसै गरी परमेश्वरलाई उहाँको सर्वज्ञानमा मानिसहरूले विकसित गर्दै लग्ने प्रत्येक संस्कृति र विश्वासका प्रणालीहरूबारे पनि थाहा थियो । प्रभुसँग प्रत्येक कथामा सारा मानिसहरूका निम्ति आत्मिक मूल्यका केही न केही सन्देश छन् भन्नेबारे कथावाचकलाई आभाष दिलाउनका लागि हामी यसो भन्ने गर्छौं ।

   बाइबल परासांस्कृतिक छ । अर्थात्, यसका विषयवस्तुहरू सम्पूर्ण संस्कृतिभन्दा माथि उठेका छन् । हामी कथावाचकहरूलाई प्रभुसँग सबै मानिसहरूका लागि प्रत्येक कथामा आत्मिक मूल्यका केही न केही छ भन्ने कुरा बताउनका निम्ति यसो भन्ने गर्छौं ।

   कुनै एउटा समूहलाई कथा सुनाउनका निम्ति अतिशय व्यग्र भई 'गलत' कथा छानिनपठाउनुहोस् । तपाईंले छान्नुभएका कथा सुनाउँदा, तपाईंलाई थाहा होस्, प्रत्येक उपस्थित व्यक्तिलाई दिनुपर्ने सन्देश पवित्र आत्मा आफैले दिनुहुनेछ ।

३. सरल कथा अध्ययन विधिमा हामी कुनै कथा सुसमाचार प्रचारका लागि र कुनै कथा चेलापनका लागि भनी पूर्वछनौट गर्दैनौं । सरल कथा अध्ययन विधिका प्रयोगकर्ताहरूबाट ठोस रूपमा हामीले के प्रमाण पायौं भने मानिसहरूलाई परमेश्वरमा चेला बनाउन र विश्वासमा ल्याउन पवित्र आत्मा सारा कथाहरूभरि चलहल गर्न सक्नुहुन्छ र गर्नुहुन्छ पनि ।

४. यदि तपाईंलाई उही स्रोताहरूलाई कथा सुनाउनका निम्ति घरिघरि अवसरहरू प्राप्त हुँदैछ भने, तपाईंले बाइबलको सुरुवातबाट सुरू गर्नु अति उत्तम हुनेछ । बाइबलका अधिकांश कथाहरू कथाभन्दा अघि आउने सन्देशहरूबाट तयार गरिएका हुन्छन्, यसर्थ सम्भव भएसम्म, बाइबलका कथाहरू घटनाक्रमका आधारमा छान्नुहोस् र वाचन गर्नुहोस् ।

५. कुनै कथा वाचन गर्दा वा रेकर्ड गर्दा, तपाईंलाई अगुवाइ हुन्छ भने कुनै-कुनै कथाहरूलाई छोड्न पनि सक्नुहुन्छ । यद्यपि, यसरी कथाहरू छोड्दा, शायद तपाईं आगामी कथाका बारेमा केही परिचय दिन चाहनुहुन्छ होला, ताकि तपाईंले भन्नुभएका कथा र भन्न लाग्नुभएका कथामा सम्बन्ध रहेको कुरा स्पष्ट रुपमा बुझियोस् । तपाईंले कथाहरू नाघेर छोड्नुभएन भने पनि तपाईंले वाचन गरिसक्नुभएका कथाबारे केही स्मरण दिलाई तपाईंले भन्नलाग्नुभएका कथाका लागि स्रोताहरूलाई तयार पार्न तपाईलाई सघाउ पुग्नेछ । कथा भन्दा अरुलाई पनि यसमा समेट्नुहोस् – उपस्थितमध्ये कोही एकलाई तपाईंले भनिसक्नुभएको कथालाई फेरि भन्न लगाउनुहोस् । तिनीहरूसँग सोध्नुहोस् ,“ अन्तिम कथामा हामीले

जुन कुराहरूको बारेमा छलफल गर्‍यौं ति मध्ये तपाईहरूलाई सम्झना भएका कुराहरू एकसाथमा भन्न सक्नुहुन्छ ?" समूहलाई कथा पुनःभन्न लगाइँन्छ, तसर्थ यदि स्वजयंसेवकले कथाको कुनै अंश बिर्सन्छ भने पनि सो बिर्सेको कुरा अरुले बताउँदा त्यो व्यक्ति लज्जित हुनेछैन ।

६. कुनैकुनै कथाहरू लामो, शायद १५ पदभन्दा बढी भएमा, तपाइँ यसलाई दुई भागमा विभाजित गरी सिकाउन चाहनुहुन्छ होला । यसो गर्नाले श्रोताहरूलाई दुवै खण्ड सिक्न र छलफल गर्न सजिलो पर्दछ । यसरी कथा विभाजन गर्दा स्वाभाविक ठाउँ हेरेर विभाजन गर्नुहोस्, ठीक बीचमा नै पर्नुपर्छ भन्ने छैन ।

   उदाहरणका लागि, २ राजा ५:१-२७ मा दिइएको नामानको कथा वाचनका लागि साँच्चै एक सुन्दर कथा हो, यदि तपाइँसँग छलफलका लागि ३ घण्टा समय छ भने । यस नामानको कथाभित्र चारवटा विशिष्ट कथाहरू छन् । पूरा कथामा यी पदहरूका बीच स्वाभाविक विखण्डन रहेका छन् :- पद १-५, ६- १४, १५-१९ र २०-२७ ।

७. कुनैकुनै कथामा सहरका नाम अथवा अन्य नामहरूको लामो सूची नै हुँदछ । यदि कथा लामो भएमा यसलाई सूची थालनी हुने ठाउँमा दुई भागमा विखण्डित गर्नुहोस् । त्यसपछि तपाइँले भन्न लाग्नुभएका दोस्रो कथाको परिचय दिने क्रममा सो सूचीलाई जनाउनुहोस् । उदाहरणार्थ, भन्नुहोस्, "१४ विभिन्न देशका नागरिकहरू एक ठाउँमा भेला हुन आए ।" त्यसपछि जसै सूचीको अन्त्य हुँदछ, दोस्रो कथा भन्न सुरू गर्नुहोस् ।

   यस प्रकारले सन्देश प्रस्तुत गर्दै तपाइँले पवित्रशास्त्रसम्मत दुईवटा बाइबलीय कथा वाचन गर्नुभएको हुनेछ । यसरी कथाको विभाजनले कथालाई सरल बनाई सुरूसुरूका कथावाचक तथा स्रोता दुवैलाई कथा सम्झनमा सहायता पुग्नेछ । जसै कथावाचकहरूले आफ्ना सीप बढाउँदै लग्छन्, तिनीहरू पछि फर्केर गई दुईवटा कथालाई एकसाथ जोड्ने तथा बाँकी सबै नामहरू समावेश गर्न सक्ने हुनेछन् ।

अब,जबकि तपाइँलाई कथा कसरी छान्नुपर्छ भन्ने थाहा भइसकेको छ, कथा भन्न कसरी सिक्ने भन्ने उपायबारे पनि जाँचिहेरौं ।

कथालाई सम्झने,बुझ्ने तथा सटीक प्रकारले र अभिरूचिका साथ भन्न सक्ने योग्यताका लागि प्रार्थना गर्नुहोस् ।

**पूरै कथालाई एकपटक स्वर खोलेर पाठ गर्नुहोस् ।** (अथवा कसैलाई भन्न वा पढ्न लगाएर सुन्नुहोस् ।) यसरी कथा पढिँदै गर्दा कतिपय शब्दहरू तपाइँलाई फेर्न मन पर्ला । तपाइँको कथाका लागि यस्ता शब्दहरू छान्नुहोस्,जुन तपाइँका स्रोताहरूले आफैँलाई अभिव्यक्त गर्न प्रयोग गर्ने गर्छन् । उदाहरणका लागि, 'भयभीत' भन्नुको साटो, तपाइँ शायद 'डराएको' वा 'त्रसित' भन्न रूचाउनुहुन्छ होला । तपाइँले कथा भन्दा बातचीत गरेजस्तै गरी भन्न चाहनुहुन्छ होला, तर कथाका विषयवस्तु बाइबलसम्मत रूपमा जस्ताको तस्तै रहून् भन्ने कुरामा एकदमै होस पुर्‍याउनुहोस् ।

यदि तपाइँ एकभन्दा बढी भाषा पढ्न र बोल्न जान्ने भाग्यमानी व्यक्तिमध्ये पर्नुहुन्छ भने, कथा सिक्ने अनुपम तरिकामा पनि तपाइँको पहुँच हुनेछ । एउटा भाषामा स्वर खोलेर कथा पढ्नुहोस्, र त्यसपछि तपाइँले जुन भाषामा कथा भन्न लाग्नुभएको छ त्यो भाषामा दोहोर्‍याउनुहोस् ।

उदाहरणका लागि, यदि तपाइँलाई हिन्दी पढ्न आउँछ र कथाचाहिँ अङ्ग्रेजीमा भन्न चाहनुहुन्छ भने हिन्दी भाषालाई हेर्नुहोस् र कथालाई अङ्ग्रेजी भाषामा उच्च स्वरले वाचन गर्नुहोस् । यसो गर्नाले तपाइँले दुरुस्त शब्द के होला भनी सम्झिराख्नुभन्दा पनि कथाका विषयवस्तुउपर तपाइँको ध्यान बढी जानेछ र तपाइँले कथा बढी स्वाभाविक ढङ्गले चयन गर्न सक्नुहुनेछ ।

**बाइबललाई बन्द गर्नुहोस् र आफ्ना आँखा पनि बन्द गर्नुहोस् । स्मरणशक्तिको प्रयोग गर्दै स्वर खोलेर कथा पुनःवाचन गर्नुहोस् ।** तपाइँले सम्झन सकेसम्म सम्झेर कथा भन्नुहोस् । पहिले मनमा कथा कसरी आउँछ सो विचार्नुहोस्, त्यसपछि जसै तपाइँ अघि बढ्नुहुन्छ, कतिपय ठाउँमा तपाइँ अकमकिनुहुन्छ वा कतिपय अंशहरू बिर्सनुहुन्छ, नसुर्ताउनुहोस् ; नरोकिनुहोस् । अघि बढिनै रहनुहोस् । बिर्सिएको भागको सम्झना तपाइँलाई हुन आएमा पछिल्लो वाक्यमा सो सन्देशलाई जोड्नसक्नुहुन्छ । **कथाचाहिँ याद गर्ने कुरा हो, 'कण्ठस्थ गर्ने होइन ।**

उदाहरणका लागि यदि कथांशले भन्छ, "येशूले पत्रुस, याकुब र युहन्नालाई साथ लिनुभयो .........", तर त्यहीक्षणमा तपाइँले यी तीन नामहरू बिर्सिपठाउनुभयो । तपाइँ कथालाई यसो भन्दै अगाडि बढाउनुहोस्, "येशूले तीनजना चेलाहरूलाई साथ लिनुभयो ......" । त्यसपछि तपाइँ कथामा अघि बढ्दै जाँदा तपाइँलाई ती तीन नामहरू सम्झना भयो भने, पछिल्ला वाक्यमा 'उनीहरू' भन्ने ठाउँमा 'पत्रुस, याकुब र युहन्ना ....' भनिदिनुहोस् । (यसघरि तपाइँ कथालाई एकत्रित मात्र गर्दै हुनुहुन्छ ।

तपाईं जसै कथा पढ्ने र दोहोऱ्याउने प्रक्रियामा अगाडि बढ्दै जानुहुन्छ, सम्भवतः कथामा आउने ती नामहरू भन्नलाई तपाईं सम्झनुहुनेछ ।)

**फेरि अर्को एकचोटि मुख खोलेर कथा पढ्नुहोस् ।** यसो गर्दा तपाईंलाई थाहा हुनेछ कतिवटा सूचनाहरू तपाईंले थप्नुभएछ वा छुटाउनुभएछ भनी । तपाईंले पूरा कथाको कति भाग सम्झन सफल हुनुभएछ भन्ने थाहा पाउँदा तपाईं छक्क पर्नुहुनेछ । तपाईंले भन्न खोज्नुभएको कथा यदि लामो (१२ देखि १५ पदभन्दा बढी) छ भने, यसलाई तपाईंले दुई भागमा भन्न चाहनुहुन्छ होला । लामो कथाहरूमा प्रायः स्वाभाविक खण्डहरू हुन्छन् । शायद तपाईं आफ्नो कथालाई मनमा दुई दृष्य वा चित्रमा सम्झन चाहनुहुन्छ । ती **चित्रहरूलाई मनमा सम्झेर तपाईंले** कथाका शब्दहरू कण्ठस्थ गर्दै हुनुहुन्न, तर **दुरुस्त कथालाई सम्झँदै हुनुहुन्छ ।**

## ५. फेरि बाइबल बन्द गर्नुहोस् , आँखा बन्द गर्नुहोस्, र कथालाई उच्च स्वरमा वाचन गर्नुहोस् । स्वर निकाली

पढ्नाले तपाईंको ध्यान भङ्ग गर्न आउने कतिपय आवाजहरूलाई रोकिदिन्छ र तपाईंलाई कथा याद गर्न सघाउ पुग्दछ । कथा भन्दा आँखा बन्द गर्नाले तपाईंले कथाका दृष्यहरू देख्न सक्नुहुन्छ । आफ्नो मनमा कथाका परिवेश र मानिसहरूको चित्र कोर्नुहोस् । यसरी कथा दोहोऱ्याउँदा, तपाईंलाई थाहा हुनेछ यसपटक कथा भन्दा तपाईंले पहिलो चोटिकोभन्दा बढी भाग सम्झन सक्नुभयो । फेरि एकपटक बाइबल खोल्नुहोस् र आवाज निकालेर कथा पढ्नुहोस्, ताकि तपाईंलाई थाहा होस् कुनै जानकारी तपाईंले थप्नु वा छुटाउनुभयो कि भनी । कथाको सानो भाग पनि सही हुनुपर्नेछ । परमेश्वरले हामीलाई दिनुभएअनुसार कथाको प्रत्येक अंश महत्वपूर्ण छ ।

**६. आफ्ना प्रारम्भिक र अन्तिम भनाइ निक्यौंल गर्नुहोस् ।** आफ्नो कथाको मार्ग सुनिश्चित गर्नुहोस्, कथा कहाँबाट सुरू

गर्नुहुनेछ र कसरी अन्त गर्नुहुनेछ भन्नेबारे ।

**७. मानसिक चिन्हहरू** : छनोट गरिएको कथा सम्झनका लागि सरल हुनसक्छ, जसकामे अर्थ यो शुरु देखि अन्तसम्मको एउटा

सिधा बाटो हो । कतिपय चोटि तपाईं आफ्नो मार्गमा मानसिक चिन्ह नलगाउनुभएमा तपाईंको कथामा आइपर्ने कतिपय कठिन स्थान, सङ्गमस्थललाई तपाईं देख्न चुक्नुहुनेछ । कथा पुनः वाचन गर्ने तथा आफैंलाई जाँच्ने काम केही पटक दोहोऱ्याइसकेपछि तपाईंले थाहा पाउनुहुनेछ, तपाईंको कथामा केही कठिन पाटाहरू छन्, जुन याद गर्न कठिन छन् । यदि कथाभित्रका नामहरू अथवा अन्य निश्चित केही भागहरू थुप्रै पटक छुटाइएको छ भने, तपाईंको कथामा ती स्थानमा तपाईंलाई मानसिक चिन्हक राख्न आवश्यक छ भन्ने कुरा बुझ्नुपर्दछ ।

अ. तपाईंलाई सम्झन गाह्रो भएका शब्दहरू, नामहरू अथवा विवरणहरूका निम्ति आफ्नो मनमा एउटा मूर्ख चित्र

कोर्नुहोस् । ('मेमोरी डाक्टर' अर्थात् 'स्मरण वैद्य' भनेर चिनिने जेरी लुकासले यो विधिलाई लोकप्रिय बनाएका हुन् ।)

उदाहरणका लागि, मानौं तपाईं योनाको कथा भन्दै हुनुहुन्छ र तपाईंलाई योनाका पिता अमित्तैको नाम याद गर्न अप्ठ्यारो पऱ्यो । तपाईं आफ्नो भाषामा तपाईंले याद गर्न खोज्नुभएका नामसँग मिल्दोजुल्दो सुनिने एक वा बढी शब्द सोच्नुहोस् । अङ्ग्रेजीमा भए, कथावाचकले एउटा यस्तो मानिसको हास्यास्पद प्रतिरूपको कल्पना गर्न सक्छन् जसले नेकटाइको ठाउँमा बेसबल खेलमा लगाइने पन्जा लगाएका छन् : (A-mitt-tie /अ-मिट्-टाई)

तपाईंले पाउनुहुनेछ, आफूले मनमा कोरेको चित्र जति मूर्खतापूर्ण (हाँसोउठ्दो) हुन्छ, त्यति नै ती गाह्रा शब्दहरू सम्झन सजिलो हुन्छ । तपाईंले जुनसुकै भाषा बोल्नुभए तापनि यस्तो अन्त्यानुप्रासिक शब्द वा मूर्ख आकृति फेला पार्नुहोस्, जसले त्यो नाम वा परिस्थितिलाई तपाईंको सोचमा ल्याउनेछ ।

आ. कथा भन्न सिकाउने कतिपयले विशिष्ट नामहरू याद गर्ने कुरामा त्यति जोड दिँदैनन् । हामी भने तपाईंको कथामा आउने ती नामहरू सम्झन अप्ठेरै भए तापनि उल्लेख गर्नका लागि उत्साह दिन्छौं । प्रभुले जान्नुहुन्छ, अधिकांश मानिसहरूलाई ती नामहरू सम्झन संघर्ष गर्नुपर्छ । तापनि परमेश्वरले नै धेरै घटनाहरूमा कथामा आउने पात्र तथा स्थानहरूका नाम हामीलाई दिनका लागि चुन्नुभएको हुनाले हामीले पनि कथा भन्दा हुँदी ती जानकारीहरू समावेश गर्नु राम्रो हुन्छ ।

**८. विशुद्ध अर्थात् ठीक प्रकारले अघि बढ्न सक्ने नहोइन्जेल वाचन गर्ने र जाँच्ने काम गरिरहनुहोस् ।** तपाईँलाई

पूरा ज्ञान नभएसम्म यी तरिकाहरू दोहोऱ्याइराख्नुहोस् । ठीक प्रकारले (गलती नगरीकन) कथा दोहोऱ्याउन सक्ने नभइञ्जेल आँखा बन्द गरेर सस्वर कथा वाचन गर्ने अभ्यास गरिरहनुहोस् ।

कथामा अतिरिक्त तथ्यहरू नथपिऊन् भनी सजग रहनुहोस्, चाहे ती तथ्य बाइबलभित्रकै अरु समानान्तर कथांशबाट आएका किन नहोऊन् ! प्रभुले बाइबलमा भएका कतिपय कथाहरू एकभन्दा बढी पटक भन्ने निर्णय गर्नुभयो । प्रत्येक पटक कथामा थोरै फरक भएको पाइन्छ । यदि परमेश्वर आफैले ती कथाहरू फरक होऊन् भन्ने चाहनुभयो भने, हामीले पनि त्यसै गर्नुपर्दछ । एक पटकमा एउटै घटनाक्रममा (परिच्छेदमा) हाम्रो अध्ययन सीमित गर्नाले हामीलाई गहिरो उत्खननमा जाने बनाउँदछ । त्यस केन्द्रीकृत अध्ययनले हामीलाई त्यस विशेष वृत्तान्तमा पाइने अनुपम सत्यलाई उजागर गर्न प्रेरित गर्दछ । जब पछिका समयमा एक कथाका समानान्तर अर्को कथाको खोजी गरिन्छ, तब दुवै कथाका वृत्तान्तहरू कसरी एकाअर्कासँग ठीक मिल्न जान्छन् भन्ने कुरा पत्ता लाग्दछ ।

## अनभिज्ञतातिर पाइला चाल्दै

नयाँ सीपहरू सिक्दै जाने क्रममा, हामीले पहिल्यै मनासिब भनी मानिल्याएका शैलीहरूमा सिकिरहेको एउटा अंशमा मात्र हाम्रो झुकाव रहने गरेको हुन्छ ।

एउटा उदाहरण प्रस्तुत गरौं । हाम्रा समर्पित स्वयंसेवक सहकर्मीहरूमध्ये कतिपय मैले *सरल कथा अध्ययन विधि*का लागि लेख्दै गरेका नयाँ पाठ्यांश सुन्न तयार भए । मेरो मनसाय कुनै विशेष खण्डको स्पष्टताबारे हेर्नु थियो, तथापि परमेश्वरले मलाई एउटा महत्वपूर्ण पाठ दर्शाउनका निम्ति यो श्रृंखलालाई प्रयोग गर्नुभयो ।

यो खण्डलाई राम्ररी बुझ्न उनीहरूले पूरा कथा थाहा पाउनुपर्ने हुन्थ्यो, तसर्थ मैले उनीहरूमध्ये दुईजना लज्जालु स्वभावका व्यक्तिहरूलाई पहिले पूरा कथा सिक्नका लागि भनें । ती दुईमध्ये एशियाबाट आउने एक महिलाले सरल कथा अध्ययन विधिका चारवटा कार्यशालामा पर्दापछाडि रहेर कार्य गरिसकेकी थिइन् र अर्का ८० वर्ष उमेर नाघेका व्यक्ति (जो २० वर्ष उमेरको झैं भएर कार्य गर्न सक्छन्) हालसम्म कथा भन्ने कामबाट उम्कन सफल हुँदै आएका थिए ।

"यदि तपाईंहरूले निर्देशनहरू राम्ररी पालन गर्नुभयो भने," मैले उनीहरूलाई प्रष्ट पारेँ, "तपाईंहरूले यो १० पद लामो कथालाई १० मिनेटभित्रै सिक्न सक्नुहुनेछ ।" मैले उनीहरूलाई कथा सिक्ने सरल कथा विधिबारे स्मरण गराएँ, "एक पटक पूरै कथा स्वर खोलेर पढ्नुहोस् । यसरी पढ्ने क्रममा कथालाई स्वाभाविक बोलीचालीको शब्दमा भन्नुहोस् । उदाहरणका लागि, प्रस्तुत कथामा 'नजर लगाओ' भन्नुको साटो 'हेर' भन्न सक्नुहुन्छ । तपाईंको मनको आँखाले हेर्नुहोस् कथामा के हुँदैछ । एक पटक पढिसक्नेबित्तिकै आँखा बन्द गर्नुहोस् र सम्झन सकेजति कथा आवाज निकालेर भन्नुहोस् ।

"तपाईंको लक्ष्य भनेको कथालाई दुरुस्त सम्झनु हो, दुरुस्त शब्दलाई सम्झनु होइन । त्यसो भए, पछाडि फर्केर जानुहोस् र कथालाई फेरि जोडसँग पढ्नुहोस् । । तपाईंले देख्नुहुनेछ तपाईंले कथाका कुनकुन अंश छोड्नुभएको रहेछ । फेरि आँखा बन्द गर्नुहोस् र उही तरिकाले कथा दोहोऱ्याउनुहोस् । चार पटकसम्म यसो गर्नुहोस् ।"

मैले भनें, "स्वाभाविक ढङ्गले आवाज निकालेर बोलचालको शब्दमा पढ्नुहोस्, बाइबल बन्द गर्नुहोस् र कथा भन्नुहोस् । यी सहयोगी, सेवक-हृदय भएका व्यक्तिहरूले मेरो निर्देशनलाई कर्तव्यनिष्ठ तरिकाले पछ्याए र उनीहरूले पढ्न सुरू गरे – तर, आवाज ननिकाली, चुपचाप । एक शब्द पनि मुखबाट उच्चारण नगरी ! उनीहरूको पढ्ने क्रमलाई बीचैमा रोक्दै भनें, "कसरी पढ्नुपर्थ्यो हँ तपाईंहरूले ?"

उनीहरूले जवाफ दिए, "आवाज निकालेर ।"

"तर" म हाँसें, " मैले केही पनि सुन्दिनँ ।"

"अँ...", त्यस पुरुषले भने, "म आफैभित्र पढ्दै थिएँ ।"

"तर तपाईंले त भन्नुभएको होइन र तपाईंलाई आवाज निकालेर पढ्न आउँछ भनेर ? हेर्नुहोस्, तपाईं त एकदमै सहयोगी मान्छे, निर्देशनलाई किन पालन गर्नुभएन ?" मैले सोधेँ ।

"मलाई थाहा छैन," ऊ अलमलमा पऱ्यो, "मलाई लाग्छ म त्यसो गर्न सक्दै सक्दिनँ होला ।"

"अनि तपाइँ," महिलातिर फर्केर भनेँ, "मुख खोलेर पढ्नुपर्छ भनेर तपाइँलाई थाहा थियो, होइन ?" "ज्यू" ।

"त्यसो भए किन तपाइँहरूले मुख खोलेर पढ्नुभएन ? मैले त बुझ्नै सकिनँ ।"

उनले लजाउँदै प्रष्ट पारिन्, "त्यसरी पढ्नु मलाई हाँसोउठ्दो लाग्यो ।" संकोचपूर्ण भावले उनले भनिन्,"त्यसो गर्नु मूर्खतापूर्ण हुन्छ भन्ने मलाई लाग्यो ।"

हामी सबै हाँस्यौं, खास गरी त्यतिबेला जब हामीले थाहा पायौँ कथा जक्कै भन्ने मानिसको बारेमा थियो जसले प्रभु येशूलाई हेर्न यति आकुल थिए, कि आफ्नो इच्छा पूरा गर्नलाई त्यस्तै केही हाँसोउठ्दो कार्य गरिपठाए । त्यसै गरी, उनीहरूको कथामा अर्को सत्यता भनेको जक्कैले कसरी पूर्ण रूपमा निर्देशनको पालन गरे भन्ने थियो ।

अन्त्यमा केही बेरसम्म फकाइएपछि उनीहरू "मैले यस प्रकारले कहिल्यै पनि गरेको छैन" अथवा "यसो गर्न मलाई हाँसोउठ्तो लाग्यो" भन्ने जस्ता घेराबाट बाहिर निस्केर आए । उनीहरूले आफ्नो कथा स्वर खोलेर पढ्दै, आँखा बन्द गरेर सक्दोभर असल तरिकाले कथा दोहोऱ्याए ।

चार पटकसम्मको अभ्यासपछि मैले सोधेँ, "अब मलाई भन्न सक्नुहुन्छ, आफ्नो कथा ?" आश्चर्यजनक तवरले केवल दश मिनटको सस्वर पठन र दोहोऱ्याइपश्चात, दुवैले लगभग सिद्ध तरिकाले कथा भन्न सके ।

"त्यसो भए," अस्सीमाथिका व्यक्तिसँग मैले ठट्टा गरेँ, "के सधैँ नै दश मिनटभित्र दशवटा पद कण्ठ गर्न सक्नुहुन्छ त ?" उनी हाँसे मात्र ।

महिला उत्तेजित भइन्, "यसभन्दा पहिले मैले यी बाइबल कथाहरू कहिल्यै सिक्न सकिनँ । कत्ति कोसिस गर्दा पनि सक्दै सकिनँ ।"

"के तपाइँले सबै निर्देशन पालन गर्नुभएको छ त ?" "अहँ," उनी मुस्कुराइन्, "अहिलेसम्म त छैन ।"

हामीले उक्त घटना यस हेतुले यहाँ राख्यौं ताकि सरल कथा अध्ययन विधिका सम्पूर्ण अवयवहरू प्रयास गर्न तपाइँलाई उत्साह मिलोस् । यदि तपाइँले यी शब्दहरू पढ्दै हुनुहुन्छ भने, यसबाट तपाइँ साक्षर हुनुहुन्छ भन्ने प्रष्ट हुन्छ । परन्तु सरल कथा अध्ययन विधिका सिकाइ तथा सञ्चार शैली मौखिक हुने हुनाले सरल कथा अध्ययन विधि प्रि क्रया पूर्ण रूपमा गर्नलाई, तपाइँ अर्को संसारभित्र प्रवेश गर्नुपर्ने हुन्छ । प्रस्तुत गरिएका सरल कथा अध्ययन विधिका सबै पाइलाहरू विश्वासद्वारा प्रयोग गरिहेर्नुहोस् । उक्त कार्यालय प्रसङ्ग निकै प्रचलित घटना हुन्, र यसले के देखाउँदछ भने सरल कथा अध्ययन विधिका निर्देशहरूका आंशिक प्रयोगले तपाइँलाई अपेक्षित अन्तिम नतिजा प्रदान गर्ने छैन । दिइएकै स्वरूपमा सरल कथा अध्ययन विधि प्रयोग गरिहेरेपश्चात प्रभुले सम्भवतः तपाइँलाई अरु धेरै नयाँ विधिहरू वा उपायहरू देखाउनुहुनेछ जसले तपाइँको अध्ययन र सरल कथा अध्ययन विधिका प्रस्तुतिहरूलाई वृद्धि गराउनेछ ।

## कथामा गहनता तथा सुन्ने अभिरूचि थप्नेबारे

**१. कथाको पृष्ठभूमि बारे विचार गर्नुहोस् ।** तपाइँलाई कथातर्फ अभिप्रेरित गर्ने धर्मशास्त्रका वचन पढ्नुहोस् वा सुन्नुहोस् । प्रायःजसो तपाइँको कथाको घटनाभन्दा अघि बाइबलमा कुन घटना भयो (ऐतिहासिक तथा आत्मिक रूपमा) भन्ने कुरा थाहा पाउनाले तपाइँलाई कथाबारे थप समझ प्रदान गर्नेछ । तपाइँको कथाको तैयारी पूरा भएपछि, तपाइँले भन्न लाग्नुभएका कथा स्रोताहरूले राम्ररी बुझून् भन्न खातिर कथाको परिचय वा "ढाँचा" प्रस्तुत गर्न आवश्यक छ कि छैन भन्नेबारे निर्क्यौल गर्नुपर्ने हुन्छ । यस पुस्तकमा पछि हामी सो परिचय कसरी तयार गर्ने भन्नेबारे हेर्नेछौं ।

**२. सर्वनामको प्रयोगबाट जोगिनुहोस् !!!!** यदि तपाइँले कथामा आउने मानिसहरूका नाम, विशेष ठाउँहरू अथवा पदार्थहरूका
नामका लागि 'यो, ऊ, उनी, तिनीहरू'जस्ता सर्वनाम प्रयोग नगरी तिनीहरूका नाम नै प्रयोग गर्नुभएमा श्रोताहरूलाई तपाइँको कथा पहिल्याउन सजिलो पर्नेछ । सम्भव भएसम्म (र भाषागत रूपले स्वीकार्य भएसम्म) यसो गर्नुहोस् ।

**३. कथाको गतिबारे पनि विचार गर्नुहोस् ।** ('कथाको गति' र अर्को बुँदा 'कथालाई जिउनुहोस्' दुवै नै कथा बुझ्न तथा
उत्कृष्ट ढङ्गबाट वाचन गर्नका लागि नभई नहुने केन्द्रीय तत्व हुन् ।)

अ. हामी धेरै चोटि बाइबलका कथा पढ्ने क्रममा कथाका घटनाहरूले लिएको समयभन्दा धेरै छिटो र हतार गरेर पढ्ने गर्छौं । यसर्थ, कथालाई राम्ररी बुझ्नका लागि हतार नगरी बिस्तारै पढ्नुहोस् । तपाइँलाई त्यो 'बाटो'को कथा सम्झना

छ ? जो-जो बिस्तारै गए, उनीहरूले गाडधन भेट्टाए ।

आ. मनमा बाइबलको कथाको प्रत्येक खण्डको चित्र कोर्नुहोस् । कथामा दिइएका विवरणहरूको सहयोग लिई कथाभित्र छिर्नुहोस् । कथाका प्रत्येक पात्रले सोचेको वा अनुभव गरेको कुरालाई कथाले कसरी प्रकट गर्दै छ भन्नेबारे विचार पुऱ्याउनुहोस् ।

इ. याद राख्नुहोस्, बाइबलमा उल्लेखित कथाका घटनाहरू हजारौँ वर्षपहिले भएका भए तापनि कसरी कथाभित्रका मानिसहरू (पात्रहरू)ले ती घटनाहरू पहिलो पटक जिइरहेका थिए । हामीले सिक्दै गरेका कथाहरूबारे हामी राम्ररी नै परिचित हौँला, तापनि उक्त कुरा मनमा राम्ररी याद राख्नुहोस् । कथाभित्रका कसैले पनि कथामा वर्णित घटनाहरू हुनुभन्दा पहिले ती घटनाहरू जिएका थिएनन् । यसर्थ ती कथाका घटनाहरू घटित हुँदा कथाका पात्रहरूले कस्तो महसुस गरेका थिए होलान् भन्ने कुरालाई आत्मसात् गर्दै घटनामा अघि बढ्नुहोस् ।

४. (**कथालाई जिउनुहोस् ।** कथाका प्रत्येक पात्रले के गर्छ र के भन्छ साथै प्रत्येक पात्रले अर्को पात्रसँग कसरी प्रतिक्रिया जनाउँछ भन्नेबारे एक पटकमा कथाको एक खण्ड गरेर राम्ररी हेर्नुहोस् । हामीले जसै ध्यानपूर्वक कथा सुन्छौँ, मानिसहरूका कार्य तथा बोलीले आत्मिकी रूपमा उनीहरूबारे धेरै कुरा भन्दै गरेका हुन्छन् । होसियारीपूर्वक अवलोकनका माध्यमद्वारा कथावाचकहरूले कथालाई राम्ररी बुझ्नसक्छन्, र उचित अभिव्यक्ति र क्रियाकलापसहित ठीक प्रकारले कथा भन्न समर्थ हुँदछन् ।

हामीले बाइबलमा पढ्ने सबै मानिसहरू, चाहे ती अगुवाहरू र परमेश्‍वरका अगमवक्ताहरू नै किन नहोऊन्, सबै नै केवल मानिसहरू थिए भन्नेबारे नबिर्सनुहोस् । यद्यपि धेरै व्यक्तिहरूले परमेश्‍वरको आज्ञा पालन गर्छन् र कठिन परिस्थितिको समय आफ्नो विश्‍वास पनि दर्शाउँछन्, तापनि प्रत्येक व्यक्तिले हरेक अवसरमा विश्‍वास गर्ने र भरोसा राख्ने कुरा आफैले छान्नुपरेको थियो ।

५. **भावनाका साथ उद्धृत गरिएका कुराहरू वाचन गर्नुहोस् ।** कथाभित्रका मानिसहरूले बोलेका कुराहरू जब तपाईंले भन्नुहुन्छ, कथामा बोल्ने पात्रको हाउभाउ/संवेग व्यक्त होस्, अर्थात्, यदि कथामा बोल्ने पात्रको संवेग व्यक्त भएको छ, अथवा प्रष्ट देखिन्छ भने, ती संवेगलाई कथा वाचनमा प्रयोग गर्नुहोस् । कथाका पात्रहरूका क्रोध, खिन्नता, डर, कुण्ठा आदि कथामा कसरी दर्शिएका छन् पत्ता लगाउनुहोस् । पात्रको संवाद बोल्ने क्रममा शब्द-शब्दमा यथाशक्य अभिनयसहित बोल्नुहोस् । कथामा पात्रहरूका संवेग नदर्शाइएकै भए तापनि तपाईं आफैँले पनि ती वाक्यहरू पात्रहरूले कसरी बोलेका थिए होलान् भन्ने कल्पना गरी सोहीअनुसार अभिव्यक्ति दिन सक्नुहुनेछ । तर तपाईंले यत्ति कुरो ख्याल राख्नुपर्ने हुन्छ कि तपाईंले जे 'सोच्नुभएको छ' सो कथामा राम्ररी पुष्टि भएको छ । पात्रहरूले बोलेका वाक्यहरूलाई संवेगसहित अभिव्यक्त गर्नाले तपाईंलाई आफ्नो कथालाई एकदमै जीवन्त बनाउन अवसर मिल्नेछ ।

**यदि कथाका पात्रले महसुस गरेको भावना वा संवेगबारे तपाईं निश्‍चित हुन सक्नुभएन भने तपाईंले अनुमानको भरमा पात्रले यस्तो भावना महसुस गरेको थियो होला भनी आफ्नोतर्फबाट पात्रका लागि संवेग हाली नबोल्नुहोस् । यसो गरेमा 'कथामा नभएको कुरा थपेको' हुन जानेछ, जुन कुरा नगर्नका निम्ति परमेश्‍वरले हामीलाई खबरदार गराउनुभएको छ ।**

"जे-जति कुराको आज्ञा मैले तिमीहरूलाई दिएको छु, ती पालन गर, र तिनीहरूमा केही घटबढ नगर ।" (व्यवस्था विवरण १२ : ३२)

"परमेश्‍वरको हरेक वचन दोषरहित छ । उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ । उहाँका वचनहरूमा नथप्, नत्रता उहाँले तँलाई हप्काउनुहुनेछ र झूटा प्रमाणित गर्नुहुनेछ ।" (हितोपदेश ३० : ५ - ६)

६. **कथालाई अभिव्यक्त गर्नुहोस् ।** जसै तपाईं कथा भन्ने अभ्यास गर्नुहुन्छ, तपाईंको बोली वा आवाजले कथाको मिजास र अनुभूतिलाई प्रतिविम्बित गर्नु आवश्यक हुन्छ ।

अ. जब मानिसले पहिलो चोटि कथा भन्न सुरू गर्छन्, कथालाई प्रभावशाली बनाउने प्रयत्नमा कथावाचकले एकदमै जोशिलो भएर उत्तेजित आवाजमा कथा सुरू गर्छन् – तर त्यसपछि सम्पूर्ण कथाभरि उनी त्यही एकै प्रकारको उत्तेजित आवाजमा कथा जारी राख्छन् । यसरी एकै प्रकारको संवेगात्मक आवाजमा लामो समयसम्म उत्तेजित भई बोलिरहनाले स्रोतालाई दिक्क लाग्नसक्छ र उनीहरूको कथा सुन्ने रूचि हराएर जानसक्छ । वास्तविक जीवनमा

एकैनासे उत्तेजनामा लगातार रहेर कुनै पनि कथालाई ठ्याक्कै मिल्ने गरी प्रस्तुत गर्न सकिँदैन ।

आ. वास्तवमा, कथाका विभिन्न भागहरू उदासी, भय, दया, निराशा तथा अन्य विभिन्न संवेगहरूले भरिएका हुन्छन् जसलाई एकै खाले उत्तेजित आवाजले ठीकसँग प्रस्तुत गर्नै सक्तैन । आवाजमा विविधता ल्याउनुहोस् । कथालाई अभिव्यक्त गर्दा, जहाँसम्म हुनसक्छ कहिले आवाज उच्च पार्नुहोस् त कहिले नरम पार्नुहोस् । कथाका कुनै भागमा अझ नरम आवाजमा बिस्तारो बोल्दै जोड दिनुहोस्, त कहीँ छिटो क्रिया दर्शाउन छिटो बोल्नुहोस् । कथामा आवश्यकताअनुसार आफ्नो आवाजको उत्तेजना तह मिलाउनुहोस् । तपाईंको आवाजको लवज र अभिव्यक्तिमा कथाका विविध संवेगहरू देखाउन सकिन्छ ।

इ. मानिसहरूले कुरा गर्दा, प्रत्येक भाषामा, यस्ता ध्वनिहरू हुन्छन्, जुन वास्तवमा शब्दहरू होइनन्, र ध्वनिहरू स्वाभाविक रूपमा उनीहरूको बोलचालमा स्वतः आइहाल्छन् । उदाहरणको लागि, कतिपय संस्कृतिहरूमा जिब्रोको पड्काइले एक किसिमको संवेगलाई जनाउँदछ ।

हुनसक्छ, एउटा सुस्केराले थकानलाई देखाउँदछ, अथवा खुइय सास फेराइले कुनै दिक्दारी वा निराशालाई इङ्गित गर्दछ । स्वाँस्वाँ गरी सास फेराइले आश्चर्य वा डरलाई प्रकट गर्न सक्दछ । जोडदार हँसाइ अथवा आवाजको थमाइले एक प्रकारको संवेगलाई प्रस्तुत गर्न सक्छ । ती सबै उच्चारित ध्वनिहरू हाम्रो बोलीमा विद्यमान रहन्छन् । हामी हुर्कँदै जाँदा हाम्रा वरिपरिका व्यक्तिहरूबाट हामी ती ध्वनिहरू सिक्दै जान्छौं ।

जसै तपाईं अरु व्यक्तिहरूसँग बातचीत गर्नुहुन्छ, उनीहरूले उच्चारण गरेका सांस्कृतिक ध्वनिहरू आत्मसात् गर्दै बाइबलका कथाहरू स्वाभाविक र चाखलाग्दा ढङ्गले वाचन गर्ने सीपको विकास गर्न सक्नुहुन्छ । जब तपाईं नयाँ ध्वनिहरू थाहा पाउनुहुन्छ, आफ्नो मनमा सो ध्वनिलाई संग्रह गरिहाल्नुहोस् ताकि बाइबलका कथाहरू भन्ने क्रममा आवश्यकता वा उद्देश्यअनुरूप ती ध्वनिहरू प्रयोग गर्न सक्नुहोस् ।

ई. कथा भन्ने क्रममा शब्दहरूका बीच आउने एक अल्प विराम वा हिचकिचाहटले पनि कथामा ठूलो नाटकीयता र सुन्ने चाख थप्न सक्छ । उदाहरणका लागि, एक कुष्ठरोगीको कथामा वृतान्तकारले भन्छन्, "येशूले हात पसारेर त्यस कुष्ठरोगीलाई छुनुभयो ।" यदि यो वाक्यलाई कथावाचकले बिना हिचकिचाहट (फटाफट) भन्यो भने एउटा ठूलो मौका गुम्न सक्दछ ।

येशूको लागि एउटा कुष्ठरोगीलाई छुनु भनेको एक आश्चर्यलाग्दो कुरा हो ; यसले उहाँको ठूलो करुणालाई दर्शाउँदछ । कथावाचकले येशूले हात पसारेर कुष्ठरोगीलाई छुँदाको गतिलाई अभिनयद्वारा बिस्तारो, तर हिचकिचाहटको आवाजमा वाचन गर्नुपर्ने हुन्छ । यदि वृतान्तकारले अझ बिस्तारोसँग र अझ अचम्मित आवाजमा, "येशूले – हात पसार्नुभयो - र कोढीलाई – छुनुभयो" भन्छ, त्यहाँ येशू र कोढीबीचको त्यो सुन्दर क्षणलाई देख्न, सुन्न र अनुभव गर्न सकिन्छ ।

उ. एउटा कथाभित्र पाइने अभिनयशीलताको क्षण खोज्नुहोस् । जब चङ्गाइको काम हुँदछ, अथवा कुनै असाधारण वा अदभुत कुरा हुँदछ, अथवा कथाभित्रका कुनै पात्रद्वारा बोलिएका दृढ कथनहरू नै किन नहोऊन्, कथावाचन गर्दा ती कुरालाई हिचकिचाहटका साथ वा रोकिँदै बोल्नुहोस् । यसो गर्नाले तपाईंले कथाभित्रका नाटकीय घटनालाई उजागर गर्ने प्रशस्त समय पाउनुहुन्छ श्रोताहरूले तपाईको कथालाई वास्तविक रूपमा महसुस गर्न पाउनेछन् ।

ऊ. अधिकांश कथाहरूमा केही सामान्य वृतान्तहरू हुन्छन् जसले बोल्ने पात्रहरूका शब्दहरूलाई जोड्दछन् । ती भागहरूलाई सामान्य आवाजमा भन्नु बेस हुन्छ ।

ए. कहिलेकाहीँ कथावाचकको शब्दले पनि कथामा मिठास थप्न सक्दछ । कथावाचकको शब्दले स्थान परिवर्तनलाई देखाउन सक्दछ अथवा कथाका कुनै आश्चर्यपूर्ण वा चाखलाग्दा भागतिर ध्यानाकर्षण गराउन सक्दछ । यस्ता शब्दहरू गहिरो अभिरूचिका साथ बोल्ने गरिन्छ । यी शब्दहरू कथावाचकद्वारा यस्तो चर्को तर कानेखुसीको स्वरमा भनिन्छ, मानौं कथावाचकले स्रोताहरूलाई कुनै गोप्य तर चाखलाग्दो कुरा बताउँदै छन् ।

यस प्रकारले बोल्नाले मानिसहरू कथामा पछि आउने विशेष चाखलाग्दा शब्दहरूतिर आकृष्ट हुँदछन् । यहाँसम्म कि एकदमै साधारण देखिने 'त्यही बेला' अथवा 'उही समयमा' अथवा 'उनीहरू आइपुगेपछि' जस्ता शब्दहरू पनि चाख जगाउनका लागि बोल्न सकिन्छ । कुनै प्रकारको षडयन्त्र वा कुचक्रको सङ्केत दिनुपर्दा तपाईंले शारीरिक क्रियाकलापसहित हिचकिचाहटको लवजमा आवाज निकाल्न सक्नुहुन्छ ।

७. **कथालाई अभिनयद्वारा देखाउनुहोस् ।** कथासँग ठीक मिल्दो अभिनयले कथाभित्रका डर, लोभ, आक्रमकता, चञ्चलता,

आश्चर्य, वीरता, बुद्धि, निराशालगायत अन्य संवेगहरूलाई प्रदर्शन गर्न सक्तछ । शरीरको साधारण भावभङ्गिमाद्वारा पनि कतिपय संवेगहरू प्रदर्शन गर्न सकिन्छ । तपाइँ उभिनुभएको ठाउँ, हेराइ अथवा भावभङ्गिमाद्वारा कथामा वर्णित मानिसहरू, भीड या ठाउँको स्थिति कायम गर्न सक्नुहुन्छ ।

यो उन्नत छ, तर प्रयास गर्दा रमाइलो हुन्छ । जब तपाइँ कुनै व्यक्तिले बोल्ने शब्द बोल्नुहुन्छ, तब त्यो व्यक्तिले कतातिर हेरिरहेको अथवा के गरिरहेको हुनसक्थ्यो भन्ने कल्पनाका साथ उसको स्थितिको अनुकरण गर्दै आफ्नो शरीरलाई त्यस दिशा र स्थानतिर थोरै घुमाउनुहोस् । त्यो व्यक्ति झ, उसले जतातिर हेरिरहेको हुनसक्थ्यो त्यतैतिर हेर्नुहोस् र त्यो व्यक्तिको शरिर जुन अवस्थामा र जतातिर फर्केको छ त्यसको नक्कल गर्नुहोस् । उदाहरणका लागि, चङ्गाइ पाएका मानिसहरूले अचम्मित हुँदै आफ्नो चङ्गाइ पाएको शरीरलाई हेर्लान्, अथवा उनीहरू उत्तेजित हुँदै खुसीले उफ्रलान् । बोली र शरीरको हलचलमा हिचकिचाहट पैदा गर्नाले कथावाचनमा यथार्थता र नाटकीयता उत्पन्न हुन्छ ।

**सावधानीको एक शब्द :** तपाइँले कथा सुनाएका व्यक्तिहरू पछि तपाइँकहाँ आएर "तपाइँ त महान कथावाचक हुनुहुँदो रहेछ" अथवा "तपाइँको अभिनय क्षमता मलाई मनपऱ्यो" जस्ता वाक्यहरू भनेको पाउनुभयो भने आफ्नो प्रस्तुतिको बारेमा पुनःविचार गर्नुहोस् । कथावाचक खास होइनन् तर परमेश्‍वरको वचन खास हुन् । कथावाचकद्वारा गरिएको अतिशय नाटकीय अभिनय वा चालले मानिसहरूलाई बोलिएका शब्दहरूमा ध्यान केन्द्रित गर्नबाट वञ्चित गराउँछ ; मानिसहरू सुन्नभन्दा बढी हेर्न थाल्छन् । तपाइँको लागि यो बेस हुन्छ कि तपाइँले बोल्नुभएका शब्दहरूलाई दर्शाउनका लागि मात्र शरीरलाई थोरै गति दिनुहोस् (अभिनय गर्नुहोस्) । तपाइँ मानिसहरूले यत्ति भनेको चाहनुहोस्, "तपाइँले भन्नुभएको कथा त मेरो लागि हो" अथवा "त्यो कथाको व्यक्ति म नै हुँ ।"

८. **कथा उठेर भन्ने कि बसेर ?** धेरै संस्कृति तथा परिस्थितिहरूमा मानिसहरूसँग उठेरभन्दा बसेर कथा सुनाउनु बढी उपयुक्त

हामीले सुनाएका कथाहरू श्रोताहरूले राम्ररी बुझून् र सम्झून् भन्ने हामी चाहन्छौं । यस अर्थमा हाम्रा क्रियाकलाप र अभिव्यक्तिहरूले कथामा मानिसहरूको चाख बढाउने मात्र नभएर कथाका विषयवस्तु राम्ररी बुझ्ने तथा सम्झिने क्षमतामा पनि सुधार ल्याउँदछन् । बसेर कथा भन्नु उत्तम छनौट हुनसक्तछ भन निश्चय नै बसेरै कथा भन्नुहोस् । तपाइँको सेवकाइभित्र पर्ने अधिकांश कथावाचन बसेरै गरिए तापनि तपाइँले अभ्यास गर्नुभएका केही न केही क्रियाकलापहरू प्रयोग गर्न तपाइँ सक्षम हुनुहुनेछ ।

९. **कथा कसरी सुरू गर्ने ?** पहिले भनिएझैं, तपाइँले "अब कथा यस प्रकार छ" अथवा "यो बाइबलको कथा हो" भनेर कथा

भन्न सुरू गर्नुहोस् । कथा भन्न सुरू गर्दा एउटा खुल्ला बाइबल हातमा लिनुहोस् र यसलाई पढेजस्तै गरी केहीबेर हेर्नुहोस् । यसो गर्नुको उद्देश्य तपाइँले भन्न लाग्नुभएको कथा बाइबलबाट लिइएको हो भन्ने कुरा श्रोताहरूलाई जनाउनु हो । कथा सुरू गर्नुभन्दा अघि परिचय दिनुपर्ने भएमा बाइबल बन्द गर्नुहोस् र कथाको परिचय दिनुहोस् । स्मरण रहोस् 'परिचय' कथा नभएर तपाइँको तर्फबाट आएका शब्दहरू हुन् ।

कतिपय कथा वाचन गर्दा कथामा अभिनयशीलता थप्न तपाइँ आफ्ना दुवै हात हल्लाउन चाहनुहुन्छ होला । तपाइँ बोल्दै गर्नुहुँदा, खुल्ला बाइबललाई बिस्तारै नजिकैको टेबुल अथवा अरु कुनै उपयुक्त ठाउँमा राख्नुहोस् । बाइबल राख्दा पनि तपाइँ बोल्न जारी राख्नुहोस्, ताकि श्रोताहरूलाई लागून् कि तपाइँले अझ पनि बाइबलमा भएकै कथा भन्दै हुनुहुन्छ । कथा सक्ने-सक्ने बेलामा बोल्न जारी राख्दै फेरि बिस्तारै सो खुल्ला बाइबललाई उठाउनुहोस् ।

(यदि तपाइँ कुनै ख्रीष्टियनबिरोधी क्षेत्रमा कथा सुनाउँदै हुनुहुन्छ भने शायद तपाइँ हातमा बाइबल लिन चाहनुहुन्न होला र श्रोताहरूलाई पनि सो कथा बाइबलबाटको हो भन्ने कुरा जानकारी दिन चाहनुहुन्न होला । यस्तो परिस्थितिमा तपाइँ केवल कथा भन्नुहोस्, तर यस्तो प्रकारले भन्नुहोस्, कि श्रोताहरू कथाका विषयवस्तु र यसबारे पछि गरिने छलफलद्वारा आत्मिकी रूपमा प्रभावित भएका होऊन् ।

१०. **कहिलेकाहीँ सबैजनातिर नजर पुऱ्याउनुहोस् ।** सरल कथा विधिमा हामी कथावाचकलाई आफ्नो कथा भनिरहँदा सबै

श्रोताहरूमा नजर दौडाउन सिकाउँछौं । रमाइलो कुरो के भयो भने, एउटा कार्यशालामा एकजना नयाँ कथावाचकले एउटा समूहमा कथा सुनाउँदा पूरै कथा अवधिभर मलाई मात्र हेरिरह्यो । यसबाट एउटा कुरो पत्ता लाग्यो । उसलाई

सच्याउनुअघि मैले उसलाई सोधेँ, कतै उसको संस्कृतिमा कुनै एक समूहमा केही कुरा बताउँदा समूहका बुजुर्ग वा सबैभन्दा महत्त्वपूर्ण व्यक्तिलाईमात्र भन्ने चलन छ कि । उसले जवाफ दियो, "हजुर, यो साँचो हो ।"

ओहो ! संस्कृतिको टकराव । सरल कथा विधिमा हाम्रो रूचि भनेको उपस्थित सबैको ध्यान खिँच्नु र उनीहरूलाई प्रश्नोत्तर क्रियाकलापमा संलग्न हुन उत्साहित पार्नु हो । त्यो बेलुकी हामीले निकै विस्तृत रूपमा स्थानीय सरल कथा विधि प्रशिक्षकहरूसँग यस सांस्कृतिक टकराववारे छलफल गर्‍यौं । छलफलबाट हामीले के निष्कर्ष निकाल्यौं भने, हो समूहमा ठूलाबडा र बुजुर्गको सम्मान हामीले गर्नुपर्छ, तर त्यसो भन्दैमा कसैलाई पनि नजरअन्दाज गरिनु भने हुँदैन ।

हामी यस कुरामा सहमति जनायौं कि कथावाचकले समूहमा बुजुर्ग व्यक्तिहरूको कदर गर्दै आफ्नो कथा सुरू गर्नु पर्दछ । तर सम्भव भएसम्म समूहमा उपस्थित व्यक्तिहरूसँग कथावाचक बोल्नुपर्दछ, चाहे ती व्यक्तिहरू समुदायमा जुनसुकै तप्का वा दर्जाका किन नहोऊन् । कथाको अवधिभर कथावाचकले समूहमा उच्च दर्जाका व्यक्तिहरूसँग बातचीत गर्ने क्रम जारी राख्दछ भने अरु दर्जाका व्यक्तिहरूलाई पनि उत्तिकै महत्व दिई बातचीतमा सामेल गराउँदछ र आजका दिनमा हाम्रो छिमेकी को हो त भन्ने कुराको प्रदर्शन गर्दछ (जस्तो कि बाइबलमा असल छिमेकीको दृष्टान्तमा पाइन्छ) ।

यस संसारको देवले मानव संस्कृतिको जालो बुनेर बलियोलाई माथि उचाल्ने र कमजोरलाई हेप्ने प्रवृत्तिको विकास गरी मान्छेको मनलाई भ्रमित तुल्याएको छ । धर्मशास्त्रमा हेर्ने हो भने, हरेकलाई समाहित गर्ने बाइबलीय सिद्धान्तको कति सफा उल्लेख पाइन्छ । येशूले यो सिद्धान्त पछ्याउनुभयो । चाखलाग्दो प्रकारले , उहाँको संस्कृतिले तल्लो जातको भनी ठहराएका मानिसहरूसँग घुलमिल भई समय बिताउने उहाँको यस कार्यले गर्दा उहाँ कति आलोचित हुनुभएको थियो !

सरल कथा विधिका कार्यशालाहरूमा कसरी उद्देश्यमूलक ढङ्गले समाजबाट ठुकराइएका वा अपहेलित भएका मानिसहरू, जस्तै - स्त्रीहरू, बालबच्चा, सोझा-निमुखा, दलित, अशिक्षित र हेपिएका जनजातिहरूलाई समावेश गराउने भन्नेबारे देखाउने गर्दछौं ।

संस्कृतिले देखाएको कुनै कुरो पवित्रशास्त्रसँग बाझिन जान्छ भने विश्वासी आफैले कुन छान्ने हो भनेर विचार पुर्‍याउनुपर्ने हुन्छ ।

**प्रत्येक विश्वासीले यो निर्णय लिनुपर्ने हुन्छ, आफ्ना क्रियाकलाप र विश्वासलाई संस्कृतिले निर्देशित गर्न दिने**

**हो कि परमेश्वरको वचनद्वारा हाम्रो क्रियाकलाप र विश्वासलाई अझ माथिल्लो स्तरमा लाने हो ।**

११. **कथालाई निष्कर्ष दिनुहोस् ।** जब तपाइँ कथा पूरा गर्नुहुन्छ, श्रोताहरूलाई भन्नुहोस्, "कथा यहीँ पूरा हुन्छ" र आफ्नो
बाइबल बन्द गर्नुहोस् ।

**१२. तपाईँले छान्नुभएको कथा** सलल बग्ने नभएसम्म सुन्न चाहने जोसुकैलाई **घरिघरि भन्नुहोस् ।** कथा सुन्ने व्यक्तिभेनइएन

भने नजिकैको नजावर वा रूखलाई भए पनि भन्नुहोस् । स्मरण रहोस्, तपाईंले शब्द-शब्दलाई दुरुस्त कण्ठ गर्दै हुनुहुने छैन, तर दुरुस्त कथालाई वाचन गर्दै हुनुहुनेछ ।

# साहसी हुनुहोस् – भरोसा गर्नुहोस् – नलेख्नुहोस् ।

के यो कुरा जब येशूले डाँडाको उपदेश दिनका लागि खडा हुनुभयो, आफ्नो अगाडि पाठमञ्चमा आफूले लेखेर ल्याउनुभएका नोटहरू वाचनका लागि तयार राख्नुभयो होला भने जस्तो हो ? पक्कै होइन । जब-जब कसैले तपाईंलाई आफ्नो जीवन गवाही दिनका लागि अथवा कसरी तपाईंले आफ्नो जीवनसाथीलाई भेट्नुभयो, अथवा तपाईंको जीवनमा घटेका सबैभन्दा रमाइला क्षण वा अनुभवबारे बताइदिन आग्रह गर्छन्, के तपाईंले उत्तर दिनका लागि नोट पल्टाउनुहुन्छ ? सम्भवत : पल्टाउनुहुन्न । हाम्रा अनुभवभित्रका कतिपय कुराहरू – हामी सम्झनामा राखेका हुन्छौं । हामी ती कुराहरू आत्मसात् गर्छौं । साथीभाइसँग हाम्रा दिन कसरी चल्दै छन् भन्नेबारेमा कुराकानी गर्दा हामी सम्झेर (कण्ठस्थ) नै सुनाउने गर्छौं । ती जानकारीहरू हाम्रा हुन् र कथाको स्वरूपमा भएकाले हामी ती विवरणहरू सजिलै दोहोर्‍याउन सक्छौं ।

हामीलाई थाहा छ, सरल कथा विधिका लागि तपाईंले नयाँ-नयाँ सीपहरू आर्जन गर्नुपर्ने हुन्छ । विगतमा, तपाईं कहीँ कतै वक्ता अथवा शिक्षक भइसक्नुभएको छ भने, निःसन्देश तपाईंले आफ्ना प्रस्तुतिहरू पुनःस्मरण गर्नका लागि नोटहरू प्रयोग गर्नुभएको हुनुपर्दछ । जब तपाईं आफ्नै लागि कुनै सामग्री वाचन गर्नुहुन्छ अथवा सिक्नुहुन्छ, जुन शीर्षकगत अन्तर्वस्तु (विषयवस्तु)मा लपेटिएको हुन्छ, तपाईंलाई नोटको आवश्यकता पर्दछ । तर कथाको हकमा भने, तपाईंलाई नोट चाहिँदैन ।

यदि तपाईंले केही घरेलु चकलेट केक चाख्नुभयो र स्वादिष्ट पाउनुभयो भने सो केक बनाउने विधि (पाकविधि) तथा यसमा प्रयोग गरिने खाद्यसामग्रीबारे जान्न चाहनुहुन्छ होला । तर यदि तपाईं आफ्नो घर गएर आफ्नै लागि ठीक त्यही प्रकारको केक बनाउने विचार गर्नुभयो भने के चकलेटको ठाउँमा भेनिला आइसक्रिम अथवा भातको सट्टामा पिठो राख्नु उचित होला ? अवश्यै हुँदैन । त्यो के को विशेषता (अनुपमता) नै पाकविधि (रेसिपी)मा आधारित रहेको हुन्छ ।

हामी निम्न प्रकारको सरल कथा विधि रेसिपी प्रयोग गर्ने सुझाव दिन्छौँ । हामी विश्वास गर्छौं कि सरल कथा विधिको प्रत्येक पाइलामा एउटा उद्देश्य रहेको हुन्छ ।

जब सरल कथा विधि वाचनका लागि एउटा कथा तयार गरिन्छ, सबै काम तपाईंको मनमा गरिनु पर्दछ, नोटमा होइन । धेरै पढन्ता व्यक्तिहरूका लागि यो त्यति सम्भव देखिँदैन । हामीले भनेझैँ, पढ्ने बानी भएका लगभग हरेक व्यक्तिले जानकारीहरू सम्झनका लागि नोटमा भर पर्नु सिकेको हुन्छ । तर सरल कथा विधि प्रक्रियामा नोटको जरुरत नै पर्दैन, यसैले हामी तपाईंलाई केही अनौठो/नौलो कुरा गर्नका लागि भन्छौँ । अध्ययन गर्नुहोस् र एउटा पाठ तयार गर्नुहोस् तर केही पनि नलेख्नुहोस् । हजुर ! हामी गम्भीरतापूर्वक नै भन्छौँ - कुनै नोट नबनाउनुहोस् ।

हामी तपाईंलाई सरल कथा विधिको कुनै पनि एउटा कार्यशालामा सहभागी हुनका निम्ति प्रोत्साहित गर्छौं । त्यहाँ तपाईंले कसरी १० पद लामो बाइबल कथालाई १० मिनटभित्र सिकाउनुहुनेछ सो अनुभव बटुल्नुहुनेछ । साथै, त्यहाँ तपाईंलाई सरल कथा विधिका प्रशिक्षकहरूले कसरी आत्मिक गाडधन पत्ता लगाउने र प्रश्नहरू तयार गर्ने भन्ने कुरा सिक्न व्यक्तिगत रूपमै सहायता गर्नेछन् । यी सबै कुराहरू तपाईंले नोट नै नबनाइकन गर्नुहुनेछ !

# सीप - II : कथामा गाडधन कसरी पत्ता लगाउने

## तपाईंले आर्जन गर्नुपर्ने दोस्रो सीप हो आफूले भन्न चाहेको कथाभित्र रहेको गाडधन कसरी पत्ता लगाउने :

बाइबल कथाभित्र रहेको गाडधन वा खजाना केके हुन् त ? ती आत्मिक सत्यता जसलाई गुँथेर परमेश्वरले एउटा बाइबल कथाको रूप दिनुहुन्छ, तिनैलाई हामी 'गाडधन' भन्ने गर्दछौँ । यी गाडधनहरू आत्मिक अवलोकन र आत्मिक प्रयोगका सम्मिश्रण/मेल हुन् ।

आत्मिकी अवलोकन भनेका ती कार्य (उपाय) हुन् जुन परमेश्वरले कथाभित्र भएका मानिसहरूका **जीवनमा गर्नुभयो ।**

आत्मिक प्रयोग ती आत्मिक सत्यता हुन्, जुन हाम्रा जीवनमा आज पनि लागू हुने अवलोकनहरूमा आधारित छन् ।

**खोज्नेहरूलाई खोजेको कुरा भेट्टाउन सहयोग गर्नु** : प्रेरितको पुस्तकमा ८ अध्यायमा फिलिप र नंपुसकको कथालाई दिइएको छ
। त्यहाँ हामी एउटा यस्तो महत्वपूर्ण मानिस इथियोपियाको नंपुसकलाई देख्छौँ, जो आफ्नो रथमा बसेर यशैयाको पुस्तक पढ्दै जाँदै थियो । प्रभुले त्यस नंपुसकलाई पवित्रशास्त्रको वचन बुझाइदिनका लागि फिलिपलाई पठाउनुभयो । कथा सुनेर राम्रो मान्ने मात्र होइन, तर सुनेको कथाको विषयवस्तु बाइबलिय पूर्व-उदाहरणमा आधारित छ भन्नेकुरा समेत बुझ्न मानिसलाई सहयोग गर्नुपर्छ ।

## "आत्मिक अवलोकन" नामक गाडधन कसरी पत्ता लगाउने ?

तपाईंले कथालाई इतिहासको एक खण्ड वा टुक्राका रूपमा मात्र अनुसन्धान गरिरहनुभएको छैन, तर तपाईंले आत्मिक रूपमा के भइरहेको छ वा कस्तो घटना हुँदैछ भन्ने पनि पत्ता लगाउन खोजिरहनुभएको छ । बाइबलका प्रत्येक कथामा हरेक व्यक्तिका लागि परमेश्वरसँग एउटा योजना छ । कथाभित्रका ती पात्रहरूले जे सिक्छन् (अथवा सिक्दैनन्) त्यसबाट हामी पत्ता लगाउन

सक्छौँ परमेश्वर हामीले के सिकेको चाहनुहुन्छ । पहिले व्याख्या गरिएजस्तै, एउटा बाइबल कथालाई सम्झने र बुझ्ने तरिकाको एउटा खण्ड भनेको सो कथालाई जिउनु हो ।

कथाभित्र पात्रले जे भन्छ र गर्छ सोद्वारा जसै तपाइँ एउटा कथालाई जिउनुहुन्छ, तपाइँ यो पनि हेर्नुहोस् कथाभित्र परमेश्वरले कसरी काम गर्नुहुन्छ । यो 'कथाभित्र जिउने' कामले तपाइँलाई कथाभित्र गाडधन पत्ता लगाउन सहयोथ गर्दछ ।

यी आत्मिक गाडधनलाई भेट्टाउन तपाइँ सुरूदेखि अन्त्यसम्म सर्सर्ती जानुहोस्  र कथाभित्र कुनै एक व्यक्ति वा समूहका बारेमा के भनिएको छ, सो थाहा पाउन/हेर्न केही समय लिनुहोस् । कथाभित्रका पात्रमध्ये हरेकलाई केही न केही सिकाउनका निम्ति परमेश्वर हरेकसँग काम गरिरहनुभएको पाउनुहुनेछ ।

यदि तपाईंसित मुद्रित अथवा श्रव्य पवित्रशास्त्र वचन उपलब्ध छ, जसमा तपाइँको कथाभन्दा अघि आउने बाइबलका खण्डहरू छन् भने तपाईले त्यसभित्र भएको जानकारीबारे छानविन गर्नु आवश्यक पर्दछ । तपाइँको कथाभन्दा ठीक अघि के आउँछ, विचार्नुहोस् त । के त्यहाँ यस्तो कुनै कुरा छ जसले तपाइँलाई तपाइँको कथाभित्र भएका पात्रहरू को हुन् भनी बुझ्न सहायता गर्नसक्छ ? तिनीहरूले के जान्दछन् र उनीहरूले केकस्तो अनुभव बटुलेका छन् ?

## आत्मिक अवलोकन पत्ता लगाउनेबारे संक्षिप्त सर्वेक्षण (सर्सर्ती हेराइ) :

## बुद्धिमान सल्लाहकार

केही गाउँलेहरू लामो समयदेखि एउटा ईनार र पानीको अधिकारबारे विवाद गर्दै आइरहेका थिए । उनीहरू आफ्नो विवाद अन्त गर्नका लागि सल्लाह लिन एकजना बुद्धिमान सल्लाहकारकहाँ पुगे । यी सल्लाहकार धेरै प्रश्न सोध्ने सल्लाहकारका रूपमा परिचित थिए, कारण उनी झगडा मिलाउन वा राम्रो सल्लाह दिन सकूँ भन्ने हेतुले समस्यालाई राम्ररी र पूर्णरूपमा बुझ्न चाहन्थे ।

यसर्थ ती सल्लाहकारले पहिलो प्रश्न राखे, "के मलाई तपाइँहरूको झगडाको परिस्थितिको बारेमा संक्षेपमा बुझाइदिन सक्नुहुन्छ ? थोरै शब्दमा मलाई भन्नुहोस् त तपाइँहरूलाई केले पिरोलिरहेको छ ?"

जब गाउँलेहरूले ती सल्लाहकारलाई आफ्नो झगडाबारे छोटकरीमा वर्णन गरे, तब उनले बुद्धिमानीपूर्वक सोधे, "समस्या सुरू हुनअघि केही भएको थियो ? मलाई भन्नुहोस् त, ताकि म कुरालाई राम्ररी बुझ्नसकूँ ।" जब गाउँलेहरूले बताए झगडा कहाँबाट सुरू भयो, त्यसपछि सल्लाहकारले भने, "अब मलाई पूरा वृतान्त (कथा) भन्नुहोस् त, तर कृपया बिस्तारै ।" यसर्थ मानिसहरूले आफ्नो कथा भन्न सुरू गरे ।

गाउँलेहरूले आफ्नो वृतान्तको केही भागमात्र भनी सिध्याएका थिए, उत्तिनैखेरि सल्लाहकारले उनीहरूलाई बीचैमा रोके र भन्नलागे, "अब मलाई भन्नुहोस् त झगडाको यो विन्दुमा के तपाइँहरूमध्ये कसैले केही भन्यो अथवा केही गऱ्यो ? तपाईले मलाई त्यो कुरा बताउनु भयो भने यो समस्यालाइ अझ राम्ररी बुझ्न् मलाई सहयोग पुग्नेछ ।"

गाउँलेहरूले जवाफ दिएपछि सल्लाहकारले फेरि सोधे, "त्यसबेला तपाइँहरूमध्ये कसैले केही रोज्नुभयो ? तपाइँहरूले रोज्नुहुँदा, के तपाइँहरूसँग रोज्नका लागि अरु विकल्प पनि थियो ?" जसै यी रोजाइका बारेमा बताइयो, सल्लाहकारले उनीहरूलाई सोधे, "तपाइँले रोज्नुभएको कुराबाट के कुनै परिणाम निस्क्यो र यसले कसलाई असर पर्न सक्थ्यो ?"

यसरी नै सल्लाहकारले कुरालाई जारी राखे । उनले गाउँलेहरूलाई सोधे, "कृपया मलाई अझै सुनाउनुहोस् ।" त्यसपछि तिनीहरूले केही थप कुरा सुनाइसकेपछि, सल्लाहकारले भने, "एकछिन रोक्नुहोस् ।" अनि फेरि उनले गाउँलेहरूले के भने वा गरे होलान्, कस्तो प्रकारको छनौट गरे वा गर्न सक्थे होलान्, त्यसबाट निस्कने परिणाम र यी छनौटले पछिसम्म पार्नसक्ने असर आदिबारे उही खालका प्रश्नहरू सोधे ।

अन्त्यमा गाउँलेहरूले आफ्नो कथा भनी सिध्याए । त्यसपछि ती बुद्धिमान सल्लाहकारले गाउँलेहरूले भनेका सबै कुरा हेसियारीपूर्वक सुनेका हुनाले झगडाबारे पनि प्रष्टसँग बुझ्न सके र सोबारे गाउँलेहरूलाई असल सल्लाह दिन सके ।

*सरल कथा विधि*मा बाइबलका प्रत्येक कथाभित्र पाइने बहुमूल्य जानकारीहरूलाई हामी पत्ता लगाउन चाहन्छौँ । यो गाडधन ठीक कहाँ छ भन्ने थाहा पाउन हामी पनि ठीक त्यही प्रकारका प्रश्नहरू सोध्न सक्छौँ जुन माथिको कथामा ती बुद्धिमान सल्लाहकारले सोधेका थिए । तर हामी माथिको कथामा जेजे भयो, त्योभन्दा अझ गहिराइमा जान्छौँ, कारण माथिको घटना त एउटा इतिहास (बितेको समयमा भएको घटना) मात्र हो । हामी त अझ अघि बढेर कथाबाट हामी कुन आत्मिक कुरा सिक्न सक्छौँ भन्ने समेत हेर्न चाहन्छौँ ।

याद गर्नुहोस् त, कसरी ती बुद्धिमान सल्लाहकारले गाउँलेहरूलाई पहिले "परिस्थितिबारे संक्षेपमा व्याख्या गर्न लगाएका थिए" । बाइबलका अधिकांश कथाहरू र खण्डहरूमा पनि केही प्रकारका तनाव वा समस्याहरू पाइन्छन् । त्यसलाई हामी 'परिस्थिति' भन्ने गर्छौं । हामी बाइबल कथाभित्र छिरेर बिस्तारै अगाडि बढ्नु र प्रश्नहरू सोध्न थाल्नुपहिले हामी परिस्थितिलाई हेर्छौं । *के कथामा भएका व्यक्तिहरू भोका छन् ? अथवा खतरामा छन् ? के उनीहरू भयभीत छन्, अथवा अलमलमा छन्, अथवा के उनीहरूका बीचमा कुनै बेमेल वा मतभिन्नता छन् ?*

त्यो परिस्थिति थाहा पाउनाले कथाभित्रका मानिसहरू हाम्रालागि वास्तविक हुन जान्छन् । त्यस्तो परिस्थिति भोग्ने ती मानिसहरूलाई कस्तो लाग्यो होला भन्ने जब हामी महसुस गर्छौं, हामी भावुकतावश कथाभित्र खिँचिएर जान्छौँ ।

साथै, आफ्ना कथा भन्न दिनअघि, ती सल्लाहकारले गाउँलेहरूलाई ती समस्या भोग्नअघि केके भयो भन्ने कुरा पनि बताउन लगाए । त्यसै गरी बाइबलको कथाभित्र गाडधनको खोजी गर्ने क्रममा हामी कथाको बनोटको खोजी गर्दछौँ, जसलाई प्रसङ्ग वा सन्दर्भ पनि भनिन्छ ।

**तर यो कुरा हेर्नुहोस् त ।** यद्यपि बाइबलको ऐतिहासिक प्रसङ्ग हाम्रालागि सहयोगी हुन्छ, हामी त्यसभन्दा पनि अघि बढ्छौँ - ती बुद्धिमान सल्लाहकारले गरेभन्दा पनि अझ अघि । हामी आत्मिक प्रसङ्गलाई पनि हेर्दछौँ । हामी परमेश्वरले ती मानिसहरूका जीवनमा कसरी काम गर्दै आइरहनुभएको छ भन्ने पनि हेर्दछौँ । हामी ती व्यक्तिहरू कसरी त्यस परिस्थितिमा फँसे, अथवा कति लामो समयदेखि उनीहरू संघर्ष गर्दै आइरहेका थिए, अथवा उनीहरूले परमेश्वरको सेवा गर्दै आएका थिए वा तिएनन् आदि कुरा पत्ता लगाउने प्रयास गर्छौं । आत्मिक बनोट वा प्रसङ्गलाई पत्ता लाउनाले हामीलाई हामीले खोजबिन गर्दै रहेका कथाको आत्मिक विषयवस्तुलाई अझ राम्ररी बुझ्न सहयोग पुग्दछ ।

याद राख्नुहोस्, ती बुद्धिमान सल्लाहकारले कसरी ती गाउँलेहरूलाई आफ्नो कथा बिस्तारै भन्न लगाएका थिए, अनि गाउँलेहरूले के भने र गरे भन्ने कुरा उनले प्रत्येक खण्डमा कसरी सोधेका थिए । *सरल कथा विधि*मा, कथा सिक्ने क्रममा हामी कथाको प्रारम्भबाट सुरू गर्दै प्रत्येक खण्डमा घटित घटनाहरूबारे बिस्तारै र होसियारीपूर्वक सुन्छौँ, ती घटनाहरूलाई हाम्रो मनले देखेजस्तै गरी । हामी आफैले आफैलाई सोध्न सक्छौँ – बाइबल कथाको यस खण्डमा भएका प्रत्येक व्यक्तिको काम तथा बोलीबाट हामीले आत्मिक रूपमा के कुरा सिक्न सक्थ्यौँ होला ?

हामी त्यस खण्डमा उल्लेखित येशू तथा परमेश्वर पितालगायत हरेक व्यक्तिबारे विचार गर्छौं । हामी सोध्छौँ, "जे भनियो र गरियो, जुन प्रकारको रोजाइ गरियो (अथवा गर्न सकिने थियो) साथै ती रोजाइबाट प्राप्त प्रत्यक्ष नतिजा तथा यसबाट प्रभावित ती सबै व्यक्तिहरूबाट मैले आत्मिक रूपमा के सिक्न सक्थेँ ?" यी सबै प्रश्नहरूका उत्तरले ती कुरालाई प्रकाश पार्दछन् जसलाई हामी "आत्मिक अवलोकन" भन्ने गर्छौं ।

यो सुस्त र होसियारीपूर्वक गरिएको गाडधनको खोजीले हामीलाई हामीजस्ता जीवित मानिसहरूले वास्तविक जीवनको भोगाइमा के भने र गरे भन्ने कुरा हेर्ने मौका प्रदान गर्दछ । हामी तब धेरै कुरा सिक्छौँ, जब हामी उनीहरूले गरेका वा गर्न सक्ने छनौटबाट निस्कने नतिजा र असरहरूबारे विचार गर्दछौँ ।

र हामी ती बुद्धिमान सल्लाहकारले सोधेभन्दा अझ अगाडि बढी बाइबलका कथा हेर्ने क्रममा हामी परमेश्वरलाई नै खोज्दछौँ – त्यसबेला पनि जब बाइबल कथामा परमेश्वरको नाम उल्लेख भएको हुँदैन । हामी सधैँ नै परमेश्वर कसरी ती परिस्थितिमा र मानिसहरूका जीवनमा काम गरिरहेको हुनुहुन्थ्यो साथै हामी उहाँको बारेमा के सिक्न सक्छौँ भन्ने कुरा हेर्ने गर्छौं ।

## वास्तविक मानिसहरूले एकपटक बाइबल कथालाई जिए ।

जुन जीवित, सास फेर्ने मानिसहरूले यो परिस्थितिलाई साँच्चै नै भ्fेले, उनीहरूका बारेमा सोच्न थाल्नुहोस् त । तपाईंसँग जस्तै उनीहरूसँग पनि भावना तथा संवेगहरू थिए भन्ने कुरा महसुस गर्नुहोस् । कथामा भएको पात्रले कस्तो अनुभव गरे भन्नेकुरा हामीले बुझ्न सक्दैनौं, अथवा कथाबाट हामीलाई नभनेसम्म उसले के बिचार गर्दै थियो भन्नेकुरा हामीले बुझ्न सर्क्दैनौं । तर सो पात्रले कुनै परिस्थितिमा अनुभव गरे जस्त यसले के महसुस गर्नुपर्छ भनेर हामी आफुले आफैसंग सोध्न सब्छौं । त्यसबेला उनीहरूले कस्तो महसुस गरेको हुनसक्थ्यो भन्दा पनि उनीहरूले के महसुस गरेको हुनुपर्थ्यो भन्नेकुरा आवश्यक छ ।

कथाको प्रत्येक खण्डद्वारा भएर जानुहोस् । कथाको पहिलो खण्डलाई हेर्दै यसलाई होसियारीपूर्वक अवलोकन गर्ने र सुन्ने काम गर्नुहोस् । आफैलाई सोध्नुहोस्, “मानिसहरूले कथामा जे गरेको देखेँ वा जे भनेको सुनेँ, त्यसबाट उनीहरूको बारेमा आत्मिक रूपमा के सिक्न सक्छु ? उनीहरू साहसी देखिन्छन् कि भयतीन, अथवा दुःखित कि आनन्दित ? अथवा के उनीहरूमा अरु संवेग वा भावना देख्दछु ? उनीहरूलाई केले त्यस्तो महसुस गर्ने र व्यवहार गर्ने बनाउँदैछ, त्यो म देख्न सक्छु ?

जब तपाई हरेक खण्डद्वारा भएर जानुहुन्छ, रोजाइहरूलाई तपाईले पनि खोज्नुहुन्छ । सम्भवतः व्यक्तिले अर्को भिन्नै प्रकारको छनौट पो गर्न सक्थे कि ? बाइबलमा भएका प्रत्येक कथामै यो कुरालाई महसुस गर्नुहोस् । बाइबलमा परमेश्वर पिता तथा प्रभु येशूलगायत हरेक व्यक्तिसँग रोज्नका लागि धेरै छनौटहरू थिए ।

जब तपाईं देख्न थाल्नुहुन्छ कि पात्रहरूले विविध प्रकारका सम्भाव्य छनौटहरू गर्न सक्ने थिए, तपाईंले सत्यलाई पत्ता लाउनुहुनेछ । थाहा पाउनुहोस् यी सबै छनौटहरू पहिले उनीहरूका मनमा आएका थिए, त्यसपश्चात उनीहरूले ती छनौटलाई कार्यान्वयन गरे । तपाईंले छानविन गरिरहेको कथामा तपाईंले छनौट नै छनौट मात्र गरिएको देख्नुहुनेछ ।

सोच्न थाल्नुहोस् – अर्को कुन छनौट गरिएको भए यसभन्दा अझ राम्रो हुनसक्ने थियो अथवा शायद त्यो छनौट गरिनु बुद्धिमानी हुने पो थिएन कि ।

जब तपाईले ति रोजाइहरूको बारेमा सोचबिचार गर्नका लागि समय लिनुहुन्छ जुन रोजाइहरूलाई बनाउन सकिन्थ्यो,तब जुन रोजाइ बनाइको थियो त्यसतर्फ तपाई फर्किनुहुन्छ । जसले त्यो रोजाइ बनायो उसको बारेमा आत्मिकीरुपमा तपाइले धेरैकुराहरू सिक्न सक्नुहुन्छ ।

हुनसक्छ, तपाईंको रोजाइ निकृष्ट खालको रोजाइ थियो होला, र तपाईंले गरेको रोजाइको कारण नतिजा नकारात्मक र चोट पुऱ्याउने खालको भएको तपाईं देख्नुहुन्छ होला । हुनसक्छ, तपाईंबाट उत्कृष्ट रोजाइ भयो होला र यसबाट सकारात्मक नतिजा प्राप्त भयो होला । सम्भवतः केही अचम्मको कुरा भयो ! हुनसक्छ, पहिले हेर्दा नराम्रो नतिजा निस्केकोजस्तो लागे पनि यसबाट पछि असलै भयो ।

तपाईलाई अचम्म लाग्न सक्छ । जुन प्रकारको छनौट वा रोजाइ गरियो, त्यसको कारण कथाको त्यो भागमा कसलाई असर परिरहेको थियो, र कसरी असर परिरहेको थियो ?

आफैलाई सोध्नुहोस् – “यो कथामा म परमेश्वरलाई कसरी देख्छु ? यस कथामा उहाँले जे भन्नुहुन्छ र गर्नुहुन्छ त्यसबाट उहाँको बारेमा म के सिक्छु ? परमेश्वर पिता , उहाँको पुत्र तथा पवित्र आत्माको बारेमा तपाइले रोजाइका प्रश्नहरू पनि सोध्नसक्नुहुन्छ कि के गरिएको थियो र के गरिएको हुनसक्थ्यो । परमेश्वरको चरित्र कहिल्यै बदलिदैन र उहाँले सदा सिद्ध रोजाइ बनाउनुहुन्छ भन्नेकुरा पवित्रशास्त्रले प्रकट गर्दछ भनि हामी जान्दछौं । तर प्रत्येक समय हाम्रो प्रशंसनीय परमेश्वरले के गर्ने रोजाइ बनाउनुभयो भन्ने कुराको तुलनामा उहाँल के गर्नसक्नुहुन्थ्या भन्नेकुरा हामी देख्दछौं । परमेश्वरको सिद्धघ चरित्रलाई प्रदर्शन गरिएको देख्नु एउटा रोमांचित कुरा हो ।

यसैले आत्मिक अवलोकन पत्ता लगाउनलाई हामी त्यसो गर्छौं । हामी कथाको प्रत्येक खण्डमा जान्छौं र त्यही प्रकारका प्रश्नहरू सोध्छौं । हामी शब्दलाई हेर्छौं, कामलाई हेर्छौं र कस्तो रोजाइ गरियो (अथवा कस्तो रोजाइ गरेको भए हुन्थ्यो) त्यो हेर्छौं । ती रोजाइबाट निस्केको परिणामलाई र यसबाट अरुमा पर्न गएको असरबारे ध्यान दिनुहोस् । त्यसपछि हामी सधैं सोध्ने गर्छौं, “ती मानिसहरूको जीवनमा परमेश्वरले कस्तो काम गर्नुभएको वा हुनदिनुभएको मैले देखेँ त ?”

ति व्यक्तिहरूको लागि जसले बिस्तृत जानकारीलाई मनपराउँछन्, बुद्धिमान सल्लाहकारले सोध्ने प्रश्नहरू जस्ता प्रश्नहरू हामी अघि सार्दछौं जसले तपाईलाई ति कुराहरू जान्न उत्सुक बनाउँछ । कथामा पाउन सकिने गाडधनको सम्पत्ति खोजी गर्नलाई अपनाउन सकिने विभिन्न उपायहरूबारे तपाईंलाई ज्ञान होस् भन्नाखातिर यी त केही सुझावहरू मात्र हुन् । यि तपाइले जे

सोच्न सक्नुहुन्थ्यो त्यसको नमूनाहरू मात्र हुन् तर कथाको साथमा तपाईले सेवाकाई गर्दै रहँदाखेरी अरुहरूसँग सोध्ने प्रश्नहरू चाहिं होइनन् ।

## आफैँलाई सोध्नुहोस् ।

- *कथाभित्र के त्यस्तो कुनै वस्तु छन् जसले मलाई अचम्मित तुल्यायो ? जस्तै : परमेश्वरको अथवा मानिसहरूका काम, अथवा मानिसहरूका आचरणबाट प्राप्त परिणामहरू ? बाइबलमा भएको कथालाई परमेश्वरले जुन रीतिले हाम्रो सामु प्रस्तुत गर्नुहुन्छ, त्यही रीतिले जसै तपाईं कथालाई ध्यानपूर्वक 'सुन्नुहुन्छ', तपाईं अचम्मित हुनुको कारण तपाईंले पत्ता लगाउनुहुनेछ ।*
- *यो घटनाभन्दा पहिले के आएको थियो, जसले मलाई ती पात्रहरू को हुन् र उनीहरूले किन त्यस प्रकारको व्यवहार गर्छन् भन्नेबारे अन्तर्दृष्टि दिन सक्यो/बताउन सक्यो ?*
- *परमेश्वरले प्रदर्शन गर्नुभएका कुनै विशेषता, जस्तै - धैर्य, सहनशीलता, क्रोध, ज्ञान, न्याय, दया, अनुग्रह, कृपा, कमजोरप्रतिको वास्ता, सबै मानिसहरूप्रति समान आदरभाव वा प्रेम आदिलाई के म देख्छु ?*
- *परमेश्वरले आफ्ना यी विशेषताहरू कसलाई प्रदर्शन गर्नुभयो र के यस कुराले मलाई केही सिकाउँछ ?*
- *कथाभित्रका हरेक व्यक्ति विश्वासी हुन् वा अविश्वासी हुन् भनेर के कथाबाट म थाहा पाउन सक्छु ?*
- *के कथाभित्र भएका मानिसहरू इमान्दार भई परमेश्वरलाई खोज्ने, अथवा शङ्कालु अथवा परमेश्वरलाई कठोर प्रकारले अस्वीकार गर्नेजस्ता देखिन्छन् ?*
- *के कथाभित्रको कुनै व्यक्ति समस्यामा छ ? यदि छ भने त्यो समस्या कति ठूलो छ ?*
- *समस्यामा हुने व्यक्तिले आफ्नो कठिनाइलाई कसरी धान्ने प्रयत्न गर्छ ?*
- *यदि समस्यामा हुने व्यक्ति सहायताका लागि परमेश्वरकहाँ जान्छ भने, त्यस व्यक्तिले परमेश्वरसँग कसरी सहायता माग्दछ ?*
- *त्यो व्यक्ति परमेश्वरकहाँ जाँदा आदरका साथ जान्छ कि अहङ्कारले भरिएर ?*
- *परमेश्वरले त्यस व्यक्तिलाई कसरी जवाफ दिनुहुन्छ र यसले हामीलाई के सिकाउँछ ?*
- *के कथामा परमेश्वरलाई पछ्याउने कुनै अगुवा छ ? यदि छ भने उसको आज्ञाकारिताका परिणामहरू के-के छन् ?*
- *के कथामा परमेश्वरलाई नपछ्याउने कुनै अगुवा छ ? यदि छ भने, उसको अनाज्ञाकारिताका परिणामहरू के-के हुन् ?*
- *कथामा भएका कसैले के आफ्नो विश्वास वा मनोवृत्ति बद्लेको छ ?*
- *के कुनै पात्रले विश्वास, प्रेम, कृपा, क्रोध, भय, आशा, पूर्वाग्रह, शङ्का, लोभ, अलमल, अज्ञान, बुद्धि, आदर, अनादर, अन्धविश्वास अथवा अरु कुनै मनोवृत्तिको प्रमाण प्रदर्शित गर्छ ?*
- *परमेश्वरले ती व्यक्तिहरूका विश्वास, भावना, बोली अथवा कामप्रति कसरी जवाफ दिनुहुन्छ, र परमेश्वरको यो जवाफले हामीलाई के देखाउँदछ ?*
- *कथाका पात्रहरूमध्ये कसैले आफ्नो व्यवहार परिवर्तन गर्दछ ?*
- *वास्तवमा केले उनीहरूलाई परिवर्तन गराउँछ ?*
- *जब उनीहरू परिवर्तित हुन्छन्, तब के हुन्छ र त्यसले हामीलाई के कुरा सिकाउन सक्तछ ?*
- *के कथामा कुनै आश्चर्यकर्म अथवा अलौकिक घटना वर्णित छन् ? यदि छन् भने, घटनाले कथाभित्रका मानिसहरूलाई कस्तो असर पारेका छन् त ?*
- *मानिसहरूलाई चेतावनी दिन, सिकाउन अथवा प्रोत्साहित गर्न कथामा परमेश्वरले परिस्थितिलाई कसरी प्रयोग गर्नुभयो ?*

## 'आत्मिक प्रयोग' भनिने गाडधन कसरी पत्ता लगाउने ?

**आत्मिक प्रयोग पत्ता लगाउने काम :** कुनै कथालाई होसियारीपूर्वक हेरिसकेपछि आजको दिनमा यो कथाको अर्थ के हुन सक्ला भनी हामी जान्न चाहन्छौं । यही बेला हो हामीले "आत्मिक प्रयोग"लाई खोज्नुपर्ने । हामीले भर्खरै होसियारीपूर्वक अवलोकन गरेको कथाभित्र हामी आफैलाई राख्दै हामी यो काम गर्नसक्छौं । हामीले त्यो कथालाई ती व्यक्तिहरूका आँखाबाट

हेरिसक्यौं जसले कथालाई जिएका थिए । तत्पश्चात कथाभित्रबाट खण्ड-खण्ड गर्दै पत्ता लगाइसकिएका प्रत्येक आत्मिक अवलोकन हेर्नतिर लाग्छौं ।

**सरल कथा अध्ययन विधिको सफलताका लागि कुञ्जी – आत्मिक प्रयोग** तपाईंले कुनै कथामा पत्ता लगाउनुभएका आत्मिक अवलोकनमा आधारित हुनुपर्दछ । प्रश्नहरू टाढाका मानिसहरूबाट शुरु भएर बिस्तारै व्यक्तिगत रुपमा झन्झन् नजिक सर्दै आउँछ भन्ने कुरालाइ ध्यानदिनुहोस् ।

आफैलाई यी प्रश्नहरू सोध्नुहोस् :

१. अँ ..., मैले कथामा अवलोकन गरेको त्यो पहिलो आत्मिक अवलोकन कुन हो ? …….. के आजका दिनमा पनि त्यस्तो घटना हुन्छ र ?

२. यदि हुन्छ भने, त्यहीसँग मिल्दोजुल्दो घटना कसरी हुन्छ ?

३. के त्यस्तो मलाई कहिल्यै भएको छ ? अथवा मैले चिनेको व्यक्तिसँग यस प्रकारको घटना कहिल्यै घटेको छ ?

४. के यो घटना अहिले नै भइरहेको छ ? यदि छ भने, यो घटना कुन प्रकारले हुँदैछ ? कथाभित्र घटित कुराहरूले हामीलाई कसरी सहायता गर्न सक्छ ?

निर्दिष्ट व्यक्तिगत प्रयोग पत्ता लगाउनका निम्ति उही प्रकारका प्रश्नहरू प्रयोग गरिहेर्नुहोस्, जुन प्रश्नहरूले तपाइँलाई आत्मिक अवलोकनहरू पत्ता लगाउन मदत गरेका थिए । शायद ती प्रश्नहरू यस प्रकार हुन सक्छन् :-

- *हो, यस प्रकारको घटना मेरो जीवनमा अघि भइसक्यो । त्यसबेला मैले के भनें ? मैले के गरें ?*
- *के मसँग त्यसबेला कुनै रोजाइ थियो ? मैले के रोजें (कस्तो छनौट गरें) ?*
- *मैले के गरेको भए हुन्थ्यो ? मैले गरेको रोजाइबाट के परिणाम निस्क्यो ?*
- *मेरो रोजाइले क-कसलाई असर पाऱ्यो ? कसरी असर पाऱ्यो ?*
- *यदि हालमा यस्तै घटना वा परिस्थिति भएर गुज्रिरहेको छु भने मैले कस्तो प्रतिक्रिया जनाइरहेको छु ?*
- *कथाको घटनाबाट मैले के सिकें जसबाट मलाई आइपरेको परिस्थितिमा मैले के गर्नुपर्ने हो भन्ने कुरामा मदत पुग्दछ ?*

अन्त्यमा कथामा रहेर आफैलाई सोध्नुहोस् :

- मेरो परिस्थितिमा, अथवा मैले चिनेको र यस परिस्थितिबाट गुज्रिरहेको कुनै मानिसको जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको म देख्छु ?
- यसबाट परमेश्वरको बारेमा र उहाँको चरित्रको बारेमा मैले के सिकें अथवा सिकेको हुनुपर्थ्यो ?

जब कुनै कथालाई तपाइँ पहिलोपल्ट सर्सर्ती पढ्नुहुन्छ, यसका विषयवस्तुहरू कहिलेकाहीँ अल्मल्याउने खालका हुन्छन् । परमेश्वरले कथामा कुनै व्यक्तिसँग किन त्यस प्रकारले प्रत्युत्तर दिनुहुन्छ भन्ने कुरामा तपाइँलाई आश्चर्य लाग्न सक्छ । कहिलेकाहीँ, कथा पढ्ने क्रममा तपाइँलाई लाग्ला "यो कथा राम्रो त छ, तर यसभित्र म कुनै आत्मिक कुरो म देख्तिनँ । साथै यो कथा कसरी मेरो जीवनसँग सम्बन्धित छ त्यो पनि म देख्तिनँ ।"

**यो कुरालाई हेर्नुहोस् :** बाइबलका प्रत्येक कथाभित्र आज हाम्रालागि बहुभागीय अन्तर्दृष्टि समावेश गरिएको छ । परमेश्रले बाइबलमा हाम्रा लागि राखिदिनुभएका सम्पूर्ण जानकारीहरूको उपयोगिताबारे पवित्रशास्त्रको दुईवटा क्षेत्रहरूले हामीलाई के बताउँछन् भन्नेकुरा यदि तपाइले पत्ता लगाउन सक्नुहुन्छ कि भनेर हेर्नुहोस् । यो अन्तर्दृष्टिले तपाइँलाई परमेश्वरले जस्तो गर्नुहुन्छ त्यहि अनुरुप उहाँले किन गर्नुहुन्छ भन्ने कारणहरूको खोजि गर्नमा उत्साहित गर्नेछ । यि उदृधअंशहरूले बाइबलको प्रत्येक भागमा देख्नुपर्ने आत्मिक अवलोकनहरू तथा प्रयोगहरू रहेका छन् भन्ने कुरामा जोर दिंदछ ।

२ तिमोथी ३ : १६-१७ मा हामीलाई भनिएको छ कि सम्पूर्ण पवित्रशास्त्र परमेश्वरको प्रेरणाबाट दिइएको हो । यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् ।

१ कोरिन्थी १० : ११-१३ मा , परमेश्वरले इजरायललाई विश्वासयोग्य रुपमा तथा व्यक्तिगत रुपमा दासत्वबाट कसरि बाहिर निकाल्नुभयो भन्ने बारेमा बाइबलले पुनराबलोकन गर्दछ । तर मानिसहरू पारमेश्वरमा अनाज्ञाकारी बने र तिनीहरूले

मूर्तिहरूको पूजा गरे । तब जो कोहीले खीष्टलाई पछ्याउँछन् तिनीहरूको लागि उदाहरणो रुपमा यी कुराहरू लेखिएका थिए , किनभने तब र आज हामीले सामना गर्ने परिक्षाहरू अरु मानिसहरूले सामना गरेका जस्तै नै हुन् । हामी निश्चिंचत छौं कि परमेश्वर विश्वासयोग्य हुनुहुन्छ , र हामीहरूका शक्तिदेखि बाहिरका परीक्षामा हामीलाई पर्न दिनुहुनेछैन , र उहाँले परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ ताकि हामीहरू त्यसलाई खप्न सक्नेछौं ।

यी उद्‍धअंशहरूले भन्दछन् कि कथामा उल्लेखित वचन लगायत बाइबलका सबै वचनहरू हामीलाई र हाम्रानिम्ति लेखिएका हुन् । हामीलाई थाहा छ, परमेश्वरले कथाभित्र वचनहरू पाना भर्नका निम्ति मात्रै राख्नुभएको होइन । यसर्थ हामीले बाइबलका कथाहरूलाई ध्यानपूर्वक हेर्नुपर्ने हुन्छ, ताकि कथाभित्रका सबै जानकारीहरूले हाम्रो जीवनमा के अर्थ राख्दछन् भन्ने कुरा देख्न सकौं ।

कथावाचक र प्रश्न निर्माणकर्ताको हैसियतले, आफ्ना श्रोताहरूलाई आफ्नानिम्ति ती सत्यहरू पत्ता लगाउने काममा सहायता पुऱ्याउनको निम्ति तपाईंले केही कदमहरू चाल्नुपर्ने हुन्छ ।

**तपाईँले कथाभित्र भएको गाडधनलाई जबसम्म आफ्नोनिम्ति पत्ता लगाउनुहुन्न, तबसम्म तपाईँले श्रोताहरूलाई त्यहाँसम्म डोऱ्याउनै सक्नुहुन्न ।**

कथा तयार गर्ने क्रममा, तपाईं कथा भन्ने व्यक्ति नै कथाबाट आत्मिक रूपमा प्रभावित हुनुहुन्न भने तपाई फर्केर परमेश्वरकहाँ जान र तपाईंले हराउनुभएको सत्यलाई खोज्नको निम्ति यो उपयुक्त समय हुनेछ । तपाईंले गाडधन भेट्टाउनका लागि सबै उपायहरू/निर्देशनहरूअपनाइसक्नुभएको छ र पनि कथामा भएको आत्मिक सत्यतालाई भेट्टाउनुभएको छैन भने, तपाईं यो कथा अरुलाई भन्नका लागि अझै तयार भइसक्नुभएको छैन भन्ने बुझ्नुपर्दछ ।

एक पटक कथालाई सम्पूर्ण रूपमा सिध्याइसकेपछि, जब त्यसभित्रका धेरै पाठहरू (खजाना)मध्ये केही पाठहरू पत्ता लगाउनुहुन्छ, तब तपाईं प्रश्नहरू निर्माण गर्न तयार हुनुहुन्छ – ती प्रश्नहरू जसले श्रोताहरूलाई आफ्नालागि ती गाडधन ( खजाना) पत्ता लाउने काममा हलुका प्रकारले डोऱ्याउन सक्तछन् ।

## प्रश्नहरू सोध्नुको महत्व

तपाईं बाहिर कतै जाँदा यदि कहीं कुनै गाडधन भेट्टाउनुभयो भने तपाईं कत्ति रोमाञ्चित हुनुहुन्थ्यो होला । यदि तपाईंले त्यो धनलाई लगेर साथी-सँगीबीच बाँड्नुभयो भने यसरी धन प्राप्त गर्न पाउँदा उनीहरू पनि हुसी हुन्थे होलान् । तर उनीहरू त्यो धन पाउँदा त्यत्ति खुसी हुन सक्दैनथिए होलान् जति खुसी तपाईं हुन सक्नुहुन्थ्यो सो धन आविष्कार गर्न अर्थात् पत्ता लगाउन पाउँदा । आविष्कार आफैमा एउटा रोमाञ्च हो ।

छलफल शैलीका शिक्षणको प्रारम्भतिर उत्तर दिन सजिलो पर्ने प्रश्नहरू प्रयोग गर्नुहोस् । **यो तरिका सरल कथा विधि बाइबल अध्ययन अवधारणाको सफलताको लागि महत्वपूर्ण छ ।**

धेरै मानिसहरूलाई बाइबलभित्र आत्मिक सत्यताको धन हुन्छ भन्ने कुरो थाहा हुँदैन । कतिपयलाई भने बाइबल कथाभित्र अनेकन् आत्मिक खजाना हुन्छ भन्ने त थाहा हुन्छ, तर तिनीहरूले व्यक्तिगत रुपमा सो खजाना प्राप्त गर्न सक्षम छु भन्ने कुराको महसुस गर्दैनन् । जब मानिसहरूले साधारण जानकारीमात्र पनि पत्तालगाउछन्, र सोबारे अरुबाट सहमति प्राप्त गर्दछन्, तब ति अनुभवहरूले तिनीहरूलाई अरु उत्तरहरू खोज्नका लागि प्रोत्साहित गर्दछन् ।

धेरै विश्वासीहरूमा बाइबल कथामा भएका प्रत्येक शब्दलाई सावधानीपूर्वक सुन्ने बानी बसेको पाइँदैन । कथाको प्रत्येक अंशको बारेमा प्रश्नहरू सोधेर कथाको प्रत्येक अंशको महत्वको बारेमा थाहा गर्न तिनीहरूलाई हामी सहायता गर्छौं । हाम्रो उद्देश्यपूर्ण प्रश्नहरू (चाहे ती हो वा होइन उत्तर आउने खालका प्रश्नहरू नै किन नहोऊन्) मानिसहरूलाई अझ धेरै गहिरीएर बिचार गर्न उत्साहित गर्दछौं । त्यो सोचाइले तिनीहरूका लागि आत्मिक अवलोकनहरू पत्ता लगाउने दक्षताहरूको विकाश गराउँछ ।

सरल कथा अध्ययन विधिमा, जसै हामी नयाँ समूहका विद्यार्थीहरू अर्थात् सिकारुहरूसँग काम गर्न थाल्छौं, अक्सर हामी उनीहरूलाई सिधै खजानासम्म पुऱ्याउँछौं र खजाना उनीहरूका हातमा थमाइदिन्छौं । दक्ष शिक्षकले सिक्ने व्यक्तिलाई थाहै नपाउने गरी यसरी अघि बढाउँछन् ताकि ती जवाफकर्ताले आफूले धेरै कुरा पत्ता लगाइसकें भन्ने सोचून् । जब कुनै सहपाठीहरूले आफ्नालागि गाडधनको सानो अंश मात्रै पनि खोजी निकाल्न आफु सक्षम भएको कुरा महसूस गर्छन्, उनीहरू अझ धेरै गाडधनको खोजी कार्यमा लाग्न उत्साहित हुन्छन् ।

बाइबल स्कुल वा सेमिनारी शिक्षामा उच्च अध्ययन सिध्याइसकेका कतिपयले प्रायः उदृधअंशको समालोचना (चिरफार) वा विश्लेषण कसरी गर्ने भन्ने सिकेका हुन्छन्, तर उदृधअंशलाई कथाको रूपमा श्रवण गर्न तिनीहरूले समय खर्चिएको नहुन पनि सक्छ । सरल कथा अध्ययन विधिले बाइबल कथालाई एकसाथ जोडेर राख्ने तथा सत्य अटाउने एक अद्वितीय भाँडोको रूपमा अनुसन्धान गर्ने दक्षतालाई प्रोत्साहित गर्दछ ।

**छिद्रमा पस्ने काम :** कुनैकुनै बेला तपाईंले यस्ता मानिसहरू भेट्नुहुन्छ (जसले धार्मिक शिक्षा पाएका अथवा नपाएका हुन सक्छन्) जसले सोच्ने गर्दछन् कि उनीहरूले बाइबलबारे जान्न सकिने सबै कुरा जानिसकेका छन् । यस्ता मानिसहरूलाई सहायता गर्नका निम्ति, तपाईंले एउटा यस्तो प्रश्न गर्न सक्नुहुन्छ, जसले ती अहंकारी मानिसलाई आफै नै प्वालभित्र पस्न बाध्य पारोस् । यहाँ 'प्वाल' भन्नाले यस्ता गलत अवधारणा वा गलत सोचाइलाई बुझाउँदछ, जुन कथाद्वारा सिद्ध हुँदैन । यसर्थ तपाईं एउटा यस्तो प्रश्न सोध्नुहोस्, जसबाट कुनै उत्तर आउँदैन, तपाईंलाई थाहा भएको यस्तो प्रश्नले ती कमजोर श्रोताहरूलाई आफूसँग भएको गलत जानकारी प्रस्तुत गर्न लगाउँछन् । तपाईंले प्रतिउत्तर दिनुहोला, "हुम्, कुरा त चाखलाग्दो छ", र त्यसपछि अघि बढ्नुहोस् ।

जसै छलफल लम्बिँदै जान्छ, र सही उत्तर प्रष्ट हुन्छ, ती हडबडे जवाफकर्ताहरूले महसुस गर्नेछन् कि उनीहरूले त गलती पो गरेछन् । उनीहरूले तपाईंले सुधार्नुभएको होइन, तर आफूले गरेको गलतीले नै "मैले जति जान्दछु भन्ने सोचेको थिएँ, त्यति जानेको छैन रहेछु" भन्ने यथार्थलाई प्रकट गरिदिन्छ । यसरी त्यस जटिल पासोको फेला पर्नाको अचम्मलाग्दो अनुभवले ती आफैमा सन्तुष्ट सहभागीहरूलाई राम्ररी सुन्ने र सिक्ने कुरामा अभिरूचि जगाइदिन्छ । बेलाबेलामा मानिसहरूले थाहा पाउँछन् कि उनीहरूले यसभन्दा अघि कथाका बारेमा जे सुनेका थिए (र त्यही नै सही हो भन्ने सोचेका थिए) त्यो मान्य वा मनासिब होइन रहेछ, र कथाबारे त अझ धेरै कुरा उनीहरूले छुटाएका रहेछन् । यस्ता मानिसहरूले अझ बढी जिम्मेवार भई कथालाई राम्ररी बुझ्ने र त्यसभित्र वास्तवमा केके छन् भन्ने थाहा पाउने कुरालाई आत्मसात गर्न थाल्छन् ।

# पवित्र आत्मा – महान शिक्षक

विश्वासीको हैसियतले, जब हामी ख्रीष्टमा नबाँचेको (अविश्वासी) कुनै व्यक्तिलाई भेट्छौं, के हामी उनीहरूलाई युहन्ना ३ : १६ को वचनमात्र सुनाएर त्यसपछि त्यस वचनको बारेमा त्यस व्यक्तिसँग कुरा गर्दैनौं र ? अब सिकाउने काम पवित्र आत्माको हो भन्ने विचार गरेर के हामी त्यस वचनबारे छलफल गर्नबाट जोगिन्छौं र ? अवश्यै गर्दैनौं – तर यथाशक्य त्यस वचनबारे छलफल गर्छौं ।

हामी जान्दछौं, बाइबलले भन्छ पवित्र आत्माले हामीलाई सम्पूर्ण सत्यतातिर अगुवाइ गर्नुहुन्छ । तर जसै हामी सरल कथा विधिबारे बाँड्दै हामी संसारमा विचरण गर्छौं, हामी खेदजनक रूपमा लगातार पाउने गर्छौं कि धेरै विश्वासीहरूलाई बाइबल कथाहरूमा खजाना अर्थात् गाडधन छ भन्ने कुरा थाहा छैन, परमेश्वरले उनीहरूलाई सिक्नमा सहायता गर्नुहुन्छ भन्ने कुरा त परै जाओस् !

यसर्थ, पवित्र आत्माले एउटा खाली कक्षाकोठाको अगाडि उभिएर अझ पनि सिकाउनलाई पर्खिरहनुहुन्छ ।

सरल कथा विधिमा, जब हामी कुनै कथा तयार गर्छौं, हामी परमेश्वरलाई कथाभित्र रहेका खजाना देखाइदिनका लागि विन्ती गर्छौं, र हामी प्रश्नहरू निर्माण गर्नमा उहाँको सहायता खोज्दछौं, ताकि हामीले भेट्टाएका खजानासम्म अरुलाई पनि पुऱ्याउन सघाउ पुगोस् । जसै हामी श्रोताहरूलाई ती प्रश्नहरू सोध्छौं, पवित्र आत्माले हामीलाई छलफलमा अगुवाइ गरून् भनी प्रार्थना गर्दछौं । त्यसपछि श्रोताहरूद्वारा जेजे कुराहरू पत्ता लगाइन्छ, त्यसबाट हामीलाई थाहा हुँदछ कि पवित्र आत्मा त्यस कोठामा भएर हामीलगायत सबै हृदयसँग बोलिरहनुभएको छ ।

कहिलेकाहीँ तपाईंका श्रोताहरूबाट कतिपय यस्ता प्रश्नहरू आउने गर्छन् जसको उत्तर बाइबलका अन्य कथा र जानकारीहरूबाट दिनुपर्ने हुन्छ । यदि तपाईंलाई उत्तर थाहा छ र त्यसको बाइबलीय स्रोतसमेत दिन सक्नुहुन्छ, तपाईंले ती उत्तर सम्पूर्ण रूपमा भनिदिने कि त्यसको सारसंक्षेप मात्र बताउने भन्नेबारे ज्ञानका लागि परमेश्वरको सहायता खोज्नुपर्ने हुन्छ । अथवा, तपाईंलाई यस्तो जवाफ दिने अगुवाइ प्राप्त होला, "हम् ! राम्रो प्रश्न । यसका लागि हामी पर्खौं, कारण यो प्रश्नले बिल्कुलै नयाँ दिशातिर लैजाँदछ । अर्को पटकमा म तपाईंलाई बाइबलको अर्को सम्पूर्ण कथा सुनाउनेछु जसले तपाईंको यस अति उत्तम प्रश्नको जवाफ दिनेछ ।"

आफ्ना स्रोताहरूसँग संवेदनशील रहनुहोस् । पवित्र आत्मा, अथवा कुनै व्यक्तिको आत्मिक भोकले त्यस अनपेक्षित प्रश्नलाई प्रेरित गरिरहेको हुनसक्छ । यस्ता कथासँग अप्रासङ्गिक प्रश्न कतै कुनै सत्य पत्ता लगाउनका निम्ति परमेश्वरले दिनुभएको अवसर त होइन भन्ने थाहा पाउन प्रार्थना गर्नुहोस् । यो अवसरलाई नगुमाउनुहोस् । प्रश्नको उत्तर दिनुहोस् ।

सरल कथा अध्ययन विधिको छलफल ढाँचा प्रयोग गर्ने कथावाचकहरूले क्रमशः उच्च गुणस्तरका प्रश्नहरू सोध्ने सीप हासिल गर्दै जान्छन् । जसै मानिसहरूले आफ्ना गाडधनहरू पत्ता लगाउँदै जान्छन्, बुद्धिमान अगुवाहरूले पनि बिस्तारै स्रोताहरूलाई स्पष्ट सङ्केतहरू दिनबाट पछि सर्दै जान र उनीहरूलाई अझ बढी नयाँ कुराहरू पत्ता लगाउने अवसर दिँदै जाँदछन् । रोमाञ्च त त्यतिबेला हुन्छ जब हामी नयाँ सोचाइहरू पत्ता लाउनका लागि परमेश्वरको वरदान जागृत भएको हेर्न पाउँछौँ ।

## प्रेम देखाउनुहोस् ।

१ कोरिन्थी १३ अध्याय अनुसार, जब हामी अरुहरूसंग छलफल गर्छौं, हामीले शिक्षणको जुनसुकै तरिका अपनाएको भएतापनि हामीले प्रेम देखाउनैपर्दछ । हामीले सिकाउँदा हामी सही छौं अथवा सिपालु भएर हामीले बोलेतापनि, यदि हामीले प्रेमपूर्वक बोल्दैनौं भने, हामीले केवल हल्ला मात्र मचाउँदैछौं । प्रेममा हामीहरूले आफुभन्दा माथि अरुहरूलाई राख्नु आवश्यक हुन्छ ।

**यो थाहा पाउनुहोस् ।** जब एउटा समूहको अगाडि उभिएर बोल्नुपर्ने हुन्छ, धेरै मानिसहरू डराउँदछन्, यसर्थ तपाईले कथाको साथमा सेवाकाई गरिरहनु भएपनि वा सरल कथा अध्ययन विधि कसरि प्रयोग भन्नेबारे सिकाइरहनु भएपनि उनीहरूसँग व्यवहार गर्दा तपाईं उनीहरूप्रति एकदमै उत्प्रेरक हुनुपर्ने हुन्छ ।

बेलाबेलामा सायद तपाईंले अगुवाहरू वा पास्टरहरूलाई पनि सिकाउनुहुन्छ होला । यद्यपि उनीहरूलाई मानिसहरूको अगाडि उभिनमा कुनै अप्ठ्यारो हुँदैन, तापनि उनीहरूमध्ये अधिकांशलाई कहिल्यै पनि (अथवा कमसेकम लामो समयदेखि)जनसमूहमा (खुल्लमखुल्ला रूपमा) सुधार्ने गरिएको हुँदैन ।

यसर्थ, जब तपाईं छलफल विधिद्वारा सिकाउनुहुन्छ, आफ्ना श्रोताहरूसँग जवाफ दिने काममा विशेष रूपमा संवेदनशील हुनुहोस्, ती श्रोताहरू चाहे डराएका व्यक्तिहरू हुन् अथवा खुल्ला सुधारसँग परिचित भइनसकेका अगुवाहरू हुन्, तपाईको जवाफमा सकारात्मक हुनुहोस् । जसै श्रोताहरूले कथालाई पुनःवाचन गर्छन्, या प्रश्नको जवाफ दिन्छन्, अथवा आफ्ना अवलोकनहरू प्रस्तुत गर्दछन्, यो कुरा ख्याल राख्नुहोस् : चाहे मानिसहरूले जतिसुकै कमजोर प्रकारले प्रत्युत्तर देऊन्, एक कथावाचक/शिक्षकलाई एकदमै भद्र रहन र आफ्ना विचारहरू चर्को गरेर पोख्ने मानिसहरूलाई ठोकेर भन्ने बाटो खोज्नु एकदमै जरुरी हुन्छ ।

सधैँ याद राख्नुहोस् कठोर प्रकारको सुधारलाईभन्दा एक मुस्कानसहित प्रकट गरिएको भद्र सुधारलाई बढी सजिलोसित ग्रहण गर्न सकिन्छ । मनमा सधैँ ख्याल राख्नुहोस्, कथावाचकको हैसियतले तपाईंले नै समूहमा उचित वातावरण कायम गर्नुपर्दछ । तपाईंसँग रोजाइ छ । तपाईंले या त स्रोताहरूलाई आफ्ना विचार वा धारणाहरूलाई प्रस्तुत गर्नेतर्फ प्रोत्साहित गर्दै अनुसन्धान र आविष्कारको अनुभूति दिनसक्नुहुन्छ, या त सहभागीहरूलाई छलफलको समयचाहिँ एक परीक्षाजस्तो हो र त्यसमा उनीहरूले सधैँ 'ठीक' उत्तरमात्र दिनुपर्दछ भन्ने महसुस गर्न बाध्य पारेर उनीहरूमा दबाव सिर्जना गर्ने र छलफलमा भाग लिन निरुत्साहित गर्नसक्नुहुन्छ ।

फेरि, जसै तपाईं आफ्नो कथा सम्झनको निम्ति कडा परिश्रम गर्नुहुन्छ र आफ्ना प्रश्नहरू सोध्नुहुन्छ, तपाईंले अगुवाइ गर्दै रहनुभएका मानिसहरूका बारेमा पनि सोच्नुहोस् । जब तपाईं आफ्ना सीपहरू प्रयोग गर्नुहुन्छ, तपाईंको सीप ठूलो कुरो होइन, तर तपाईंले देखाउने प्रेम ठूलो कुरो हो भन्ने कुरा मनमा सर्वोपरि राखेर उनीहरूलाई जवाफ दिनुहोस् ।

# सीप-३ : आफ्ना प्रश्नहरूको रुपरेखा कसरी तयार गर्ने ?

बाइबलका कथाहरू भन्ने र त्यसपछि ती कथाका बारेमा छलफल गर्ने कार्य गर्नुका मुख्य लक्ष्य र प्रतिफल यस प्रकार छन्:-

- परमेश्वरको चरित्रको बारेमा जान्नु
- उहाँले मानवजातिका लागि र मानवजातिबाट के चाहनुहुन्छ भन्नेबारे जान्नु
- हामी आफैबारेका सत्यताहरू थाहा पाउनु र स्वीकार्नु

केन्यामा सरल कथा विधिको एउटा कार्यशालामा उपस्थित भएका एकजना मण्डली स्थापकले कार्यशालाको समापनपछि एक बुद्धिमानीपूर्ण अवलोकन बाँडे । यो मानिस धर्मशास्त्रीय तालिममा पोख्त थिए र उनी आफ्नो सहरका व्यापारीहरूका माझ सेवकाइ गर्न खटिएका थिए, तर चार वर्ष लामो आफ्नो ग्रामीण कार्यमा आफूले थोरैमात्र प्रतिफल पाएका वा देखेका थिए ।

उनी दुई दिन ऊँटमा चढेर, एक दिन एयरबस हवाइजहाजबाट (एउटा ट्रकको छानुमा लिफ्ट पाएकोसमेत गरी) र अर्को एक दिन बसबाट यात्रा गरी यस कार्यशालामा भाग लिन आएका थिए । उनलाई कार्यशालामा सिकेका कुराहरू मनपरेछ र यसले उनमा ऊर्जा थपिएको महसुस गरेछन् । उनले भने, “हुन त अहिलेसम्म अरुले सिकाएका कुराहरू नै मैले सिकाउँदै आएको छु, तर यो तालिममा भाग नलिएसम्म बाइबलबाट मेरो आफ्नै लागि कसरी सिक्ने भन्ने कुरो मलाई थाहा नै थिएन ।”

**“म हालसम्म नपुगेको ठाउँमा मैले अरु मानिसलाई लिएर जान सक्दिनँ भन्ने कुरो अहिले बल्ल मैले थाहा पाएँ ।”**

यसैकारण हामी प्रश्नहरू प्रयोग गर्ने गर्छौं । कथावाचकहरूले पहिले आफ्नै लागि परमेश्वरको वचनबाट नयाँ जानकारीहरू प्राप्त गर्दछन् र त्यसपछि प्रश्नहरूको प्रयोगद्वारा उनीहरूले अरुहरूलाई आफूले सिकेका मूल्यवान् सत्यताहरूतर्फ डोऱ्याउने काम गर्दछन् ।

सरल कथा विधि कार्यशालाहरूमा हामीले सिकाउने एक सीप भनेको ‘रोटीका टुक्राहरूद्वारा मानिसलाई डोऱ्याउने काम’ हो । मानिसहरूलाई खजानासम्म डोऱ्याउनको निम्ति सरल कथा विधि सिक्दै गरेका मानिसहरूले प्रायःजसो एउटा ‘सिद्ध’ प्रश्न सोध्ने गर्छन् । यो विधिले कहिलेकाहीँमात्र काम गर्छ । एउटा चरालाई पिँजराभित्र थुन्नको निम्ति तपाईं पिँजराको अगाडि एउटा सिङ्गो रोटी राखिदिएर चरा पिँजराभित्र पस्छ भन्ने अपेक्षा गर्नसक्नुहुन्न । उुका लागि तपाईंले रोटीका मसिना टुक्राहरू छरेर चरालाई पिँजराभित्रसम्म पुग्ने बाटो बनाइदिनुपर्दछ । त्यसै गरी, आत्मिक खजाना पत्ता लगाउने काममा जब तपाईंले मानिसहरूलाई डोऱ्याउनलाई प्रश्नहरू प्रयोग गर्नुहुन्छ, धेरैचोटि तपाईंले सानासाना प्रश्नहरूका श्रृङ्खला बनाएर सोध्नुपर्ने हुन्छ, जसले श्रोताहरूलाई खजानातर्फ सजिलै डोऱ्याउँदछन् ।

**नोट गर्नुहोस् ।** अब आउँछ अब्राम र साराईको अभ्यास कथा । यसमा, र यो निर्देशन-पुस्तिकामा पछि आउने अन्य थुप्रै कथाहरूमा तपाईंका लागि धेरै आत्मिक अवलोकन, प्रयोग अनि प्रश्नहरू लेखिएका छन् । तर सरल कथा अध्ययन विधिमा हामी तपाईंलाई कहिल्यै पनि आफ्ना प्रश्नहरू नलेख्नू भनी सिकाउँछौं । तपाईंले प्रश्नहरू लेख्नै पर्दैन । पूर्वलिखित प्रश्नहरूले अन्तर्क्रियामा वाधा पुऱ्याउँछ । समयमा, मुख्य बुद्धिमान परामर्शदाताको प्रश्नहरूको प्रयोगबाट जसले कुराकानीको शुरुआत गर्छ तथा नोटहरूबिना अरुहरूको सिकाईबाट तपाईले आत्मबिश्वास र प्रश्नहरूमा बिचार गर्ने दक्षता हासिल गर्नुहुनेछ ।

हामीले ति व्यक्तिहरूका लागि यो हस्तपुस्तिकामा लिखित रूपमा प्रश्नहरूको सूची बनाउँछौं जसले कुनै प्रयोगात्मक कार्यशालामा सहभागी भई सरल कथा अध्ययन विधि सिक्ने अवसर पाउँदैनन् र ति व्यक्तिहरू जसले कार्यशालामा सिकेका कुराहरूलाई पुनरावलोकन गर्न चाहन्छन् । यी लिखित प्रश्नहरू नमूना प्रश्नहरूमात्र हुन् जसले मानसिक रुपमा तयारी र सराल कथा अध्ययन बिधिको प्रस्तुति प्रकियाद्वारा भएर जाने अनुभव प्रदान गर्दछ ।

तपाईं कथा भन्ने व्यक्ति जसै सेवाकाईमा कथाहरूमा प्रस्तुत गर्नुहुन्छ, तपाईंले सिकाउँदै गर्नुभएका व्यक्तिहरूद्वारा तपाईले आशा गरेका केही अवलोकन तथा प्रयोगहरू पत्ता लगाइनेछ र तपाईले प्रश्नहरू सोध्नुभन्दा अगावै प्रस्तुत गर्ने काम हुनेछ जसबाट ति खजानाहरू पत्ता लगाउनमा तिनीहरूलाई मद्दत पुग्नेछ । यसरी सिकारुद्वारा समयअगावै खजाना पत्ता लगाइनु राम्रो हो, किनकि यसले मानिसहरू कसरी पवित्रशास्त्रको गहन अध्ययनतिर लागी आफ्ना लागि खजाना पत्ता लगाउने भन्ने सिकिरहेका छन् भन्ने देखाउँदछ ।

# अरुलाई खजानातर्फ डोऱ्याउनका निम्ति प्रश्नहरू निर्माण गर्नु

तपाईंले पाउनुभएको खजाना अरुहरूले पनि पत्ता लगाऊन् भन्नाखातिर उनीहरूलाई सहयोग पुऱ्याउने खालका प्रश्नहरू निर्माण गर्न अब तपाईं कथाको सुरूमा फर्केर जानुहोस् । आफ्नो मनमा आफूले पत्ता लगाएका आत्मिक अवलोकनहरूका बारेमा सोच्दै कथामा अगाडि बढ्नुहोस् । कसरी ती बुद्धिमान सल्लाहकारले कथाको प्रत्येक खण्डमा थुप्रै प्रश्नहरू सोध्ने कुरालाई महत्व दिएका थिए भन्ने कुरा सम्झना गर्नहोस् । त्यो नै हो तपाईंले आफ्ना आत्मिक अवलोकनहरू भेट्टाउनु भएको ।

जसरी तपाईंले गर्नुभएको थियो, ठीक त्यसरी नै आफ्ना श्रोताहरूलाई आत्मिक अवलोकनहरू पत्ता लगाउने काममा लगाउनका निम्ति बुद्धिमान सल्लाहकारका जस्तो श्रृङ्खलाबद्ध प्रश्नहरू सोध्नुपर्ने हुन्छ । वास्तवमा तपाईंका अवलोकनहरू पत्ता लगाउनका

लागि जुन प्रश्नहरू तपाईंले सोध्नुभयो, ती प्रश्नहरू यदि तपाईंले राम्ररी सम्झन सक्नुभयो भने तिनै प्रश्नहरूलाई तपाईं फेरि प्रयोग गर्न सक्नुहुन्छ । अरुहरूलाई पनि तिनै प्रश्नहरू सोध्नुहोस् ।

उदाहरणका लागि : अब्राहम-साराईको कथा तयार गर्दा, र सुरूका केही पदहरूमै पनि, तपाइले धेरै सत्यताहरूको अवलोकन गर्नुभएको हुनसक्छ । (उत्पत्ति १२ : १० - १३, बातचीतको)

अनि त्यस देशमा अनिकाल पऱ्यो । अनिकाल तीब्र भएको हुनाले अब्राम मिश्रदेशमा अस्थायी प्रवास गर्नलाई गए । तिनी मिश्रमा पस्नै लाग्दा तिनले आफ्नी स्वास्नी साराईलाई भने, "हेर, तिमी हेर्नमा सुन्दरी छयौ भन्ने मलाई थाहा छ । त्यसैको कारणले गर्दा, जब मिश्रीहरूले तिमीलाई देख्छन्, तिनीहरूले भन्नेछन् 'यो त त्यसकी स्वास्नी रहिछ' । र तिनीहरूले मलाई मार्नेछन् । तर तिमीलाई चाहिँ जीवित राख्नेछन् । 'म तिनकी बहिनी हुँ' भनी तिमीले भनिदेऊ, र तिम्रो कारण मलाई भलो हुनेछ, र तिम्रै कारण मेरो ज्यान जोगिनेछ ।"

कथा सिक्ने क्रममा, सायद तपाईंले देख्नुभयो होला, सुरूमा अब्रामले रोज्ने काम गरे । उनले परमेश्वरमाथि भरोसा गर्नसक्ने थिए, तर त्यसको सट्टा, उनले डर प्रदर्शन गरे । उनी अनिकालको कारण प्रतिज्ञाको मुलुकबाट, मिश्रदेशमा भागेर गए, उनले आफ्नो ज्यान जोगाउनका निम्ति साराईलाई झूट बोल्न लगाए । (कसैकसैलाई मिश्रदेशमा जानु गलत थियो भन्ने कुरा पच्न गाह्रो पर्ला, किनभने पछि भएका एउटा घटनामा परमेश्वर आफैले याकूब र उनको परिवारलाई मिश्रदेश जानका लागि अगुवाइ गर्नुभएको थियो । तर याकूबको कथामा लेखिएको 'परमेश्वरद्वारा अगुवाइ गरिएको' भन्ने शब्दले ती दुई परिस्थितिबीच अवश्य नै भिन्नता दर्शाउँदछ ) ।

यसपछि, साथै अन्य थुप्रै खोजहरूउप्रान्त, तपाईं पछि फर्केर गई आफ्ना अवलोकनहरूमा आधारित केही आत्मिक प्रयोगहरूको तर्जुमा गर्नुहुन्थ्यो होला । तपाईंले देख्न सक्नुहुन्छ, परमेश्वरले सबै मानिसलाई प्रतिज्ञाहरू दिनुभएको छ, जुन प्रतिज्ञाहरू पवित्रशास्त्र वचनको आज्ञाकारितामा आधारित छन्, जहाँ हामी रहनुपर्ने हुन्छ । तब तपाईंले देख्न सक्नुहुन्छ, कसरी तनावग्रस्त समयमा हामी गलत निर्णयहरू गर्नसक्छौं र परमेश्वरसँग सर-सल्लाह गर्नुको साटो सहायता खोज्न संसारतिर जान्छौं । त्यसै गरी सायद तपाईंले यो पनि थाहा पाउनुहुनेछ, हाम्रो दौडाइको बखत कहिलेकाहीँ हामी अझ धेरै पाप गरिपठाउँछौं, सम्भवतः षडयन्त्र रचेर या झूट बोलेर, या हामीमाथि भरोसा गर्ने अन्य व्यक्तिहरूलाई पनि हामीले गर्दै रहेका पापमा मुछाएर !

## अब आफ्ना अवलोकनहरूलाई प्रश्नमा रूपान्तर गर्नुहोस् ।

**कथामा प्रश्नहरू प्रयोग गर्नुहोस् ।** आफ्ना श्रोताहरूलाई तपाईंले पाउनुभएका खजानाहरू पत्ता लगाउने काममा डोऱ्याउनका निम्ति, जसै तपाईं प्रश्नहरू निर्माण गर्नुहुन्छ, ती प्रश्नहरूलाई कथामा प्रयोग गर्नुहोस् ।

यहाँ केही प्रश्नहरू दिइएका छन् जसलाई भर्खरै चर्चा गरिएका आत्मिक अवलोकनहरूमा आधारित थुप्रै खोजहरूका लागि बाटो खोल्नहेतु प्रयोग गर्न सकिन्छ :-

१. *यो कथा सुन्नुभन्दा केही समय अघि मात्र जे भएको थियो भन्ने बारेमा हामिले सुन्यौं, के कसैले भन्नसक्छ कि परमेश्वरले अब्रामलाई कहाँ जानू भन्नुभएको थियो र त्यहाँ परमेश्वरले उसको लागि के गर्छु भन्नुभएको थियो ?*

२. *हामीले देख्यौं, अनिकालले गर्दा अब्राम प्रतिज्ञाको मुलुक छोडेर सहायताका लागि मिश्रदेश जान बाध्य भयो । अनिकालको कारण खानेकुराको अभाव हुँदा मुलुक छोडेर जानुको अतिरिक्त अब्रामले के गर्न सक्थे होला, विचार गर्न सक्नुहुन्छ ?*

३. *यो कथामा अब्रामले भनेको कुराबाट हामी थाहा पाउन सक्छौं कि मिश्रवासीद्वारा ऊ मारिन्छ भन्ने कुराले ऊ डराएको थियो । अब्रामको डरको बारेमा तपाईको के विचार छ ? त्यो हो, के अब्रामको डरबाट उसको बारेमा हामिले केहीकुरा सिक्नसक्छौं ?*

४. *यसभन्दा अघि जब हामीले कथाबारे चर्चा गऱ्यौं, तपाईंलाई याद आउँछ परमेश्वरले अब्रामलाई साहसी र निडर हुनका निम्ति कुनै प्रतिज्ञा दिनुभएको थियो कि ? यदि दिनुभएको थियो भने ती प्रतिज्ञाहरू केके थिए त ? तपाईंलाई अब्रामले आफ्नो भरोसा कहाँ राखे भन्ने लाग्छ ?*

५. *के अब्रामको नजिकको कुनै व्यक्तिले उसको विश्वासको कमिको नतिजाबारे केहीकुरा थाहा पायो ? तपाईं के देख्नुहुन्छ ?*

६. मलाई अचम्म लाग्छ कि कथामा भएको कोहि व्यक्तिलाई अब्रामको निर्णयले प्रभाव पारेको छ । *तपाईं के देख्नुहुन्छ ?*

श्रोताहरूले छलफलको माध्यमद्वारा भर्खरै खोजी निकालेका आत्मिक अवलोकनहरूका आधारमा तलका नमूना प्रश्नहरूलाई हेर्नुहोस् जसले आत्मिक प्रयोगको खोजका लागि बाटो खोल्न सक्लान् ।

१. *परमेश्वरले अब्रामलाई आशिष दिनका लागि एक ठाउँमा निर्देशनहरू दिनुभयो , तर ति कुराहरू कठिन भयो, अब्रामले त्यो ठाउँलाई छोड्यो । आजका दिनमा, के परमेश्वरका अनुयायीहरूलाई परमेश्वरले कुनै ठाउँमा वा स्थानमा डोऱ्याउन सक्नुहुन्छ तर कठिन परिस्थिति आएमा परमेश्वरको अघिल्लो अगुवाईलाई मानिसहरूले बिर्सन पनि सक्छन् भन्ने विचार गर्नुहुन्छ,? त्यो कस्तो तरिकामा हुनसक्छ ? के तपाईलाई अथवा तपाइले चिनेको कसैलाई यस्तो कहिल्यै भएको छ ?*

२. *हामिले देख्यौं कि परमेश्वरले निर्देशन दिनुभएकै ठाउँमा अब्राम बसोबास गरिरहेको भएतापनि ज्यानै जोखिममा पार्न सक्ने परिस्थितिको सामना गर्नुपऱ्यो । आजका दिनमा, के परमेश्वरका अनुयायीहरूले ज्यानै जोखिममा पार्न सक्ने परिस्थितिको सामना गर्नुपर्ने हुन्छ ? उनीहरू कस्ताकस्ता ज्यादै कठिन परिस्थितिको सामना गर्नुपर्ला त ? के तपाईं अथवा तपाईंले चिनेका कोहीले यस्तो सम्भवतः ज्यानै जोखिममा पार्ने परिस्थितिको सामना गर्नुपरेको छ ? अब्रामको छनौटमा के हामीले त्यस्तो कुनै कुरा देख्यौं जसले हामीलाई हाम्रा कठिन परिस्थितिहरूमा उचित निर्णय लिनमा सहायता गर्न सक्ने थिए ?*

३. *अब्रामले संवेगलाई आफूमाथि राज गर्न दिए र परमेश्वरले भन्नुभएको कुरामा आफू विश्वासमा चुकेको देखाए । आजका दिनमा पनि मानिसहरूले संवेगलाई आफूमाथि राज गर्न दिन्छन् तथा बाइबलमा परमेश्वरले भन्नुभएको कुरालाई बिर्सन्छन् ? त्यसको स्वरूप कस्तो देखिन्छ ? सम्भावित त्रासको समयमा कथाको कुन कुराले हामीलाई अझ होसियारीपूर्वक सोच्न सहायता गर्न सक्लान् ?*

४. *परिस्थिति नराम्रो देखिँदा, अब्रामले परमेश्वरले जानू भनी अह्राउनुभएको ठाउँलाई त्यागे । आजका दिनमा पनि मानिसहरूका जीवनमा के यस्ता घटनाहरू भएका छन् जसले मानिसहरूलाई परमेश्वरले रहनका निम्ति बोलाउनुभएको ठाउँ त्यागेर जान उक्साएका छन् ? के तपाईंलाई अथवा तपाईंले चिनेका कसैलाई यस्तो भएको छ ?*

५. *जब हाम्रो जीवनमा कठिन परिस्थितिहरू आउँछन्, अब्रामले जे गरेको हामीले देख्यौं, त्यसले हामीलाई के गर्नुहुन्छ र के गर्नु हुँदैन भन्ने ज्ञान दिन्छ ? जस्तै - ?*

६. *के हाम्रो पालामा पनि यस्ता समय आउने गर्छन् जब हाम्रा संवेगलाई हामी हाम्रो निर्णयलाई निक्यौंल गर्न दिन्छौं ? कहिलेकाहीँ कस्ता-कस्ता संवेगले मानिसहरूमाथि राज्य गर्दछन्, जब उनीहरूका जीवनमा समस्या परिआउँछन् ? के तपाईं वा तपाईंले चिनेका कोहीले संवेगलाई आफूमाथि हावी भई गलत निर्णय लिनलाई उक्साउने अवसर दिनुभएको छ ? के तपाईं यसबारे आफ्नो अनुभव बाँड्न सक्नुहुन्छ ?*

७. *कसरी अब्रामको अल्पविश्वासले उनको नजिकमा भएका मानिसहरूलाई तथा दर्शकहरूलाई असर गऱ्यो भन्नेकुरा हामिले देख्यौं । आज पनि, परमेश्वरप्रतिको हाम्रो भरोसाको कमीले, के अरु कसैलाई असर गर्न सक्छ ? यसको स्वरूप कस्तो होला ? के तपाईं या तपाईंले चिनेको कसैसँग यस्तो स्थिति आइपरेको छ ?*

यी त अवलोकन र प्रयोग शैलीका केही प्रश्नहरू मात्र हुन्, जुन तपाईंले उत्पत्तिको त्यस कथाको पहिलो भागबाट सोध्न सक्नुहुन्छ ।

**यो कुरो नोट गर्नुहोस् ।** यद्यपि तपाईंसँग तपाईंले भेट्टाउनुभएका खजानासम्म श्रोताहरूलाई डोऱ्याउनका लागि तयार पारिएका प्रश्नहरू छन्, तपाईं सधैं नै ती प्रश्नहरू अवलोकनहरू तथा श्रोताहरूले दिएका उत्तरहरूप्रति जवाफदेही हुनुपर्दछ । उनीहरूले सायद अरु खजाना पनि देख्लान् या तपाईंले भन्नुभएका कथा खण्डका बारेमा उनीहरूसँग प्रश्नहरू पनि होलान् । बुद्धिमान परामर्शदाताले सोध्ने कथामा आधारित तपाईंका प्रश्नहरू सोध्नुहोस् । तर तपाईंले डोऱ्याउँदै गर्नुभएका व्यक्तिहरूले कथामा भएका अन्य बेग्लै खजानाहरू देख्छन् भने, त्यसबारेमा छलफलको अनुमति दिनुहोस् ।

तपाईले आफ्ना प्रश्नहरू तथा पत्तालगाइएका अवलोकनहरूलाई कथा भित्रको अरु गाडधनको बारेमा प्रत्येक व्यक्तिलाई सिकाउन र बातचित गर्ने यो समयको लागि एकातिर पन्छाउनुपर्ने हुन्छ । पवित्र आत्मा आफैं नै श्रोताहरूसँग प्रत्यक्ष बोल्नुभएको हेर्न पाउनु कति सुन्दर हुनसक्छ !

## कथाको परिचय कसरी तयार गर्ने ?

कथामा गाडधनको खोजी कार्य पूरा गरिसक्नुभएपछि, अब तपाइँ आफ्नो कथाका लागि परिचय आवश्यक छ कि छैन त्यो निर्क्यौल गर्न तयार हुनुहोस् । हामी सबै अवलोकन र प्रयोगहरू भेट्टाइसकेपछि मात्र परिचय तयार गर्छौं किनकि जबसम्म हामी पूरा कथा अध्ययन गरी सिध्याउँदैनौं तबसम्म हामीलाई थाहा हुँदैन परिचयभित्र केके कुरा समावेश गर्ने भनेर ।

परिचयले श्रोताहरूले सुन्न लागेका ढाँचा र पृष्ठभूमि तयार पार्ने काम गर्छ । यसले श्रोताहरूलाई पवित्रशास्त्र वचनमा यसभन्दा अघि के आएको थियो भन्ने प्रसङ्गसहित कथालाई ग्रहण गर्न र बुझ्नका लागि तयार गर्दछ ।

# परिचयभित्र केके कुरा हुनुपर्दछ ?

१. यदि तपाइँलाई परिचय आवश्यक छ भने, सकभर यो केही शब्द वा वाक्यहरूमा सीमित रहोस् । यदि तपाईले भन्नुभएको कथाको लागि श्रोताहरूसँग अघिल्लो प्रसंगको बारेमा ज्ञान छैनभने, तपाईले यसको बारेमा थोरै लामो परिचय दिनु आवश्यक पर्दछ । स्वरूपैले परिचय कथाभन्दा बढी दस्तावेजी शैलीको हुने गर्छ । यसर्थ ति परिचयहरूले श्रोताहरूको चाख एवं कथालाई कायम राख्दैन । यसकारणले पनि यो छोटो हुनुपर्दछ कि दस्तावेजी शैलीमा प्राप्त सूचना वा जानकारीहरू कथाका रूपमा प्राप्त जानकारीहरूको तुलनामा सम्झिन धेरै गाह्रा हुन्छन् । परिचय प्रयोग गर्नुपर्नाका तीन कारणहरू तल दिइएका छन् :

क. यदि कथालाई कुनै निर्दिष्ट समय अथवा परिस्थितिजन्य सन्दर्भमा राखेर तयार गर्नुछ भने परिचय प्रयोग गर्नुहोस् । तपाइँले तयार पार्नुभएको परिचय तपाइँले छान्नुभएको कथा बुझ्नको निम्ति अत्यावश्यक छ भन्ने कुरामा निश्चित हुनुहोस् ।

ख. कहिलेकाहीं कथामा शब्दावली हुन्छ जुन श्रोताहरूको लागि त्यो नयाँ तथा अलमल्याउने खालको हुन्छ । कथालाई शुरु गर्नुभन्दा अघि परिचयको क्रममा ति शब्दहरूको बर्णन गर्न सक्नुहुन्छ । बर्णन गर्नु आवश्यक शब्दहरूमा यि शब्दहरू हुनक्छन् - “Synagogue”, “मानिसको पुत्र”, अथवा “अगमवक्ताको पुत्र” ।

ग. प्रश्न सोध्ने दौरानमा, तपाइँ आफ्ना श्रोताहरूले कथामा भएको खजाना पत्ता लगाएको चाहनुहुन्छ होला, जुन काम उनीहरूले पुरानो करारका सूचनाहरूका केही अंशहरू थाहा पाउनुमा निर्भर रहन्छ । उदाहरणका लागि, तपाइँले युहन्नाको पहिलो अध्यायबाट कथा भनिरहनुभएको छ, जहाँ युहन्नाले भन्दछन्, “हेर, संसारको पाप उठाई लैजानुहुने परमेश्वरका थुमा ।” यसका लागि तपाइँले परिचयमा परमेश्वरले आफ्ना अनुयायीहरूलाई जबजब उनीहरूले पाप गर्छन्, उनीहरूले बलिका लागि एउटा थुमा ल्याउनुपर्छ भनेर बाइबलमा धेरैचोटि भन्नुभएको छ भनी दर्शाउनु सक्नुहुन्छ ।

२. कथा बुझ्नका लागि अथवा कथाका बारेमा पछि प्रतिक्रिया दर्शाउन, ती सूचनाहरूलाई तपाइँले परिचयमा खाम्नुपर्ने हुन्छ, जुन-जुन सूचनाहरू तपाइँका श्रोताहरूले थाहा पाएका हुनुपर्छ भन्ने तपाइँलाई लाग्छ ।

३. ‘परिचय’ कहिलेकाहीँ आवश्यक पर्दैन भन्ने कुरो पनि ख्याल राख्नुहोस् ।

४. सरल कथा विधिमा हामी बाइबलमा भएका सूचनाहरू मात्र प्रयोग गर्ने गर्छौं । हामी ग्रीक/हिब्रू भाषाका शब्द-परिभाषाहरू प्रयोग गर्दैनौं, कारण यस प्रकारका सूचनाहरू केही विशिष्ट व्यक्तिहरूका लागि मात्र हुन सक्तछन् । हामी त सारा विश्वासीहरूलाई नै कथाको माध्यमबाट पवित्रशास्त्र वचन बाँड्ने काममा प्रोत्साहित गर्न र समर्थ बनाउन चाहन्छौं । हामीले, हाम्रा उदाहरणहरूद्वारा सिकारुहरूलाई वचनबाट – वचनमा गहिरा सत्यहरू भएको कसरी पत्ता लगाउने भन्ने कुरा देखाउनुपर्ने हुन्छ । उनीहरूलाई कथामा विश्वास/भरोसा गर्न सिकाउनुहोस् ।

५. परिचय भनेको तपाइँले सङ्कलन गर्नुभएका बाइबलीय सूचनाहरू हुन् । परिचय भनिसकेपछि, तपाइँको परिचयात्मक प्रस्तुति पूरा भयो भन्नेबारे प्रष्ट पार्नुहोस् । उदाहरणका लागि, तपाइँले भन्न सक्नुहुन्छ, “अब यो कथा ” अथवा “यो बाइबलको त्यो कथा हो” आदि । ( शिक्षणको अर्को शैलिमा तपाइँले यसरी बर्णन गर्न सक्नुहुन्छ, “यो कथा ……… बारेमा हो ।” कथा तर सरल कथा अध्ययन बिधिमा, आफैले नभनिकन अरु मानिसहरूलाई यो केको बारेमा हो भनेर भन्न दिनुहोस् ) ।

## अध्याय ५:हाम्रो तयारी र प्रस्तुतिको सीपलाई प्रयोग गरौ(जाचौँ)

**पहिले:यो नमूना कथालाई सिक्नुहोस् ।**

बाइबलको यो कथा सिक्नका लागि तपाई शायद पछाडी फर्केर गई सीप १ लाई हेर्न र त्यो जानकारीलाई प्रयोग गर्न चाहनुहुन्छ होला ( लूका १० : ३८ - ४२ ) ।

उहाँहरु जाँदैगर्नुहुँदा उहाँ कुनै एउटा गाँउमा पस्नुभयो,र मार्था नाउँ भएकी एउटी स्त्रीले उहाँलाई आफ्नो घरमा स्वागत गरिन् । मरियम नाउँ भएकी तिनकी एउटी वहिनी थिइन् । तिनी येशुका पाउनेर बसेर उहाँको वचन सुन्दथिन् । तर मार्था सेवा-सत्कारको धेरै काममा अल्भ्केकी थिइन् । तिनले येशुकहाँ आएर भनिन्“प्रभुज्यू,मेरी बहिनीले सेवा-सत्कारको काममा मलाई एक्लै पारेकी छिन् ,तपाई वास्ता गर्नुहुन्न? त्यसलाई भनिदिनुस् र त्यसले मलाई सघाओस् ।”

तर येशुले जवाफ दिएर तिनलाई भन्नुभयो“मार्था,मार्था तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ,र व्याकुल हुन्छ्यौ । तर आवश्यक एउटै कुराको छ,त्यही असल कुरा मरियमले छानेकी छे,जो उसबाट खोसिने छैन ।”

# तयारी:आत्मिक गाडधनको खोजी

## गाडधनको खोज १-आत्मिक अवलोकनको खोजी

यो कथा सिक्ने क्रममा तपाईले शायद केही मूल्यवान गाडधनहरु भेट्टाउनु भएको हुनसक्छ ।

जसै तपाई पछि फर्किनु हुन्छ र एकपल्टमा एउटा परिच्छेद गरी विस्तारै त्यो कथालाई हेर्नुहुन्छ, बुद्धिमान परामर्शदाता (सल्लाहकार) जस्तै प्रश्नहरु प्रयोग गर्नुहोस् । तपाईले निस्सन्देह पनि अझ बढी गाडधनहरु भेट्नु हुनेछ ।

**बुद्धिमान परामर्शदाता जस्तो प्रत्येक प्रश्नहरु प्रयोग गर्नुहोस् :** यो कथामा कस्तो अवस्था उल्लेख गरिएको छ? यो कथा भन्दा अघि (ऐतिहासिक वा आत्मिक) बाईबल भित्र कुनै त्यस्तो भएको छ,जसले मलाई त्यो कथा अझ राम्ररी बुझ्न सहायता गर्न सक्थ्यो?मानिसहरुले जे भन्यो र जे गऱ्यो,त्यसबाट आत्मिक रुपमा मैले के सिक्न सक्छु? के छनोटहरु बनाइएका थिए? त्यसो हो भने,अरु कस्ता छनोटहरु बनाउन सक्ने थिए ? के ति छनोटहरुबाट कुनै नतिजाहरु निस्केका थिए र को-को त्यसबाट प्रभावित हुन सक्ने थिए ? परामर्शदाताले जुन-जुन औजारहरु प्रयोग गरे,ती सबै प्रयोग गर्नु-उहाँका धेरै प्रश्नहरु परामर्शदाताले जे सोध्नुभयो,हामी पनि सोध्छौं,यो अवस्थामा र मानिसहरुको जीवनमा परमेश्वर काममा लाग्नु भएको हामी कहाँ देख्छौ ?

माथिका सबै प्रश्नहरुले तपाईलाई तल उल्लेखित जस्तो आत्मिक अवलोकनहरु पत्ता लगाउन मद्धत गर्नेछ :-

१. जब मार्थाले आफूले मात्र सबै सेवाहरु पूर्ण गर्न आफू असक्षम छु भन्ने पत्ता लगाउँछिन्,उनले केही कमजोर निर्णयहरु लिन्छिन् । उनले निम्तो (निमन्त्रणा) दिएकी भए तापनि मार्थाले उनको दशा (कठिन परिस्थिति) को लागि अरुहरुलाई दोष दिन्छिन् । कुनै वास्ता नगर्नु भएकोमा येशू खीष्टलाई दोष्याउँछन् । उनले येशू खीष्टलाई हुकुम चलाउँछिन् । उनले येशू खीष्टलाई सहायताको लागि अनुरोध गर्न असफल हुन्छिन् ।

२. मार्थाले येशू खीष्टलाई बोलाउँछिन् ,"प्रभु",तर उनले आफू मालिकता जस्तो व्यवहार गर्छिन ।

३. मार्थाको यो अनादरको लागि येशू खीष्टले कुनै जवाफ दिनुहुन्न ।

४. येशू खीष्टले मार्थालाई प्रेमपूर्वक सुधार्नुहुन्छ ।

५. मार्था आफूले जे गरीरहेकी थिईन् त्यो आवश्यक थियो भनी सम्झेकी थिईन् । तर मरीयमले जे कुरा छानिन्,त्यो आवश्यक थियो भनी भन्नुभयो ।

६. मार्थासँग एउटा छनोट थियो ।

७. मरियमले येशू खीष्टलाई छानिन् जुन उनको संस्कृतिको विरुद्ध तथा अरुले उनको लागि जे आशा गरेका थिए,त्यसको विरुद्धमा थियो ।

८. मरियमले जे छानेकी थिइन्,त्यसलाई येशू खीष्टले उनीबाट कसैलाई पनि खोस्न दिनु हुन्नथियो ।

## गाडधनको खोज २-आत्मिक प्रयोगको खोज

अब,हामीले आत्मिक अवलोकनको आधारमा जुन सूची बनायौं र केही भरखरै तपाईले प्राप्त गर्नुभयो,त्यो कथा भित्र फर्किनु र आत्मिक प्रयोगका लागि केही गाडधनको खोजि गर्नु ।

प्रथमत,तपाईले प्राप्त गर्नु भएको आत्मिक अवलोकनलाई पुनःस्मरण गर्नुस् । तब तपाईले मूल प्रश्नहरु (Key questions) सोध्नुस् । जस्तो कि,के आज त्यस्तो कुरा हुन्छ ? यो कुन तरिकाले हुनसक्छ ? मलाई थाहा भए अनुसार के यो मलाई वा कसैलाई कहिल्यै भएको छ ? यदि मलाई यस्तो कहिल्यै भएमा सहायताको लागि त्यो कथामा मैले के देख्न सक्छु ?

यहाँ केहि आत्मिक प्रयोगहरु छन् जसलाई पत्ता लगाउनमा तपाईलाई ती प्रश्नहरुले मद्धत पुऱ्याउन सक्छ ।

१. सावधान हुनुहोस् कि तयाईको काममा ब्यस्तताको कारण परमेश्वरको वचनबाट सिक्नु पर्ने महत्वपूर्ण समय तपाईले गुमाउनु नपरेको होस् ।

२. यो कत्ति दुखको कुरा हो,जब तपाईको जिवनमा समस्याहरु आउँदा परमेश्वरलाई "के तपाईले वास्ता गर्नुहुन्न ?" भन्नुहुन्छ । यसले अवश्य पनि उहाँको हृदयलाई तोड्छ ।

३. जब हामीले पुरा गर्न सक्ने भन्दा धेरै बढी हासिले गर्न छनोटहरु बनोउँछौं,तब हाम्रो भारको बारेमा परमेश्वरले वास्ता गर्नु भएन भनी उहाँलाई आरोप लगाउनु कत्ति ठूलो मूर्खता हो ।

४. हाम्रो समस्याहरु कसरी समाधान गर्ने भनी के हामीले परमेश्वरलाई भन्नैपर्छ ?

५. हामीले पुरा गर्नसक्ने भन्दा धेरै काम के हामीले कहिल्यै लिन्छौं, हुनसक्छ ति कामहरु परमेश्वरको निम्ति नै गर्छौं,जुन काम गर्न उहाँले हामीलाई निर्देशन दिनु भएकै छैन ?

६. यस्तो हुनैपर्छ भनी हामीले सोचे मुताविक जब स्थिति बन्दैन,तब हामी प्रतिको परमेश्वरको प्रेम माथि धेरै पटक हामी प्रश्न उठाउँछौं ।

७. मार्थाले सुधार गरेजस्तो येशू ख्रीष्ट धैर्यवान (सहनशील) र लामो कष्ट भोगाईमा हुनुहुन्थ्यो । त्यस्तै बारम्बार,जब हामी परमेश्वरलाई असभ्य (अनादरपूर्ण) व्यवहार गर्दा पनि उहाँले हामीसँग दयापूर्ण भावमा बोलिरहनु हुन्छ ।

८. येशू ख्रीष्टले मार्थालाई उनको नाम लिएर बोलाउनु हुँदा उहाँको शूद्ध(वास्तविक) सम्बन्ध र मार्थासँग व्यक्तिगत सम्बन्ध देखाईएको छ । त्यसरी नै परमेश्वरले हामीलाई नामद्धारा चिन्नु हुन्छ र हामीसँग व्यक्तिगत रुपमा बोल्नुहुन्छ ।

९. भान्छाको काममा अथवा सेवा प्रदान गर्नमा अथवा सेवाकाईका अन्य कामहरु गर्नमा समय बिताउनु गलत कुरा हो भन्ने चाहिं होइन । तर परमेश्वरको वचन मार्फत उहाँले बोल्नु भएको सुन्न देखि यदि ति कामहरुले हामीलाई टाढा लैजान्छ भने हामीले असल कुरा छानेका छैनौं ।

१०.मार्थाको चालचलनको बारेमा येशू ख्रीष्टको अन्तिम कथनमा उहाँ भन्नुहुन्छ कि मरियमले जुन कुरा छानिन् त्यो आवश्यक कुरा हो । अवश्य पनि,मरियमले जे गरीरहेकी छिन् त्यसलाई छोडेर सेवा-सत्कारको काममा सहायता गर्न आओस् भनी मार्था चाहन्थिन् । आफूले जे गरिरहेकी थिईन,त्यो आवश्यक कुरा हो भनी मार्थाले सोच्थिन् ।

कहिलेकाही हामीले सबैभन्दा आवश्यक कुरा गरिरहेका छौं भनी निर्णय लिन्छौं । जे होस् , हामीले गरोस् भनी परमेश्वरले सोच्नु भएको जुन आवश्यक कुरा छ,हाम्रो निर्णय त्यससँग नमिल्न पनि सक्छ ।

११. कहिलेकाही हामी स्थितिलाई आरोप लगाउँछौं र परमेश्वरले हामीलाई के गराउन चाहनुहुन्छ भनी उहाँसँग सोध्न छोड्दैनौं । हामी आफ्नै विचारले सबैभन्दा महत्वपूर्ण र आवश्यक कुरा के हो भनी निर्णयहरु बनाउँछौं र निस्सन्देह परमेश्वरले मानिसहरुलाई जुन कामको लागि बोलाउनु भएको छ,त्यसदेखि तिनीहरुलाई टाढा पुऱ्याउने निर्णय पनि गर्न पुग्छौं ।

१२. येशू ख्रीष्टले भन्नुहुन्छ कि मरियमले जे गरिरहेकी छिन्,त्यो असल कुरा हो जुन उनीबाट खोसिने छैन ।

१३. अन्तिम न्यायको दिनमा, हाम्रो जीवनमा हामीले के गरेका छौं भनी जब परमेश्वरले हेर्नुहुन्छ , हामीले परमेश्वरको लागि जे गर्ने निर्णयहरु लियौं ति मध्ये केही निर्णयहरु असल निर्णय नहुन पनि सक्छन् । तर यदि त्यो असल छनोट थियो भने, ति छनोटहरु खोसिने छैनन् ।

१४. जब हामीले आत्मिक रोजाई (अभिरुची)हरुको छनोट गर्छौं । धेरै पटक हाम्रो स्रस्कृति र परिवारको बिरुद्धमा मानिसहरुले हामीसँग गर्ने आशाको बिरुद्धमा हामीले छनोट गर्नैपर्छ ।

अहिले(अब) तपाईले आफनो लागि जुन गाडधनहरु भेट्टाउनु भएको छ,तपाईको लागि सो कथाको शुरुआत तिर फर्किने र प्रश्नहरु बनाउन शुरु गर्ने समय आएको छ,जसले श्रोताहरुको लागि ति गाडधनहरु पत्ता लगाउन तिनीहरुलाई मार्ग प्रदर्शन गर्नेछ । हामी अरु के गर्न गईरहेका छौं भनी एस टि एस(STS) प्रस्तुतिमा हेर्नुस,जहाँ तपाईले बनाउनु भएका केहि प्रश्नहरु प्रयोग भएका हुनेछन् ।

**अत:वास्तविक मानिसहरुलाई जब तपाई कथा सुनाउनु हुन्छ । तब वास्तवमै तपाईले के गर्नुहुन्छ भनी अहिले पुर्नविचार गरौ.......**

# प्रस्तुति स्थिति भाग एक :
# तिन पटक कथा भन्नु

तिन पटकसम्म कथा सुन्न दिनाले प्रश्नहरुको जवाफ ठिकसंग दिन श्रोताहरुलाई एकदम राम्ररी सो कथा बुझ्न सहायता गर्दछ ।

**१. तपाईले त्यो कथा भन्नुहुन्छ ।**

**२. एकजना स्वयंसेवकलाई त्यो कथा फेरी सुनाउनलाई भन्नुहोस् ।**

**३. कथाद्वारा भएर अगुवाई गर्नुहोस् ।** ( त्यो वास्तवमा तपाईले सो कथा फेरी भन्नु हो । तर तपाई यो द्वारा भएर जानुभए

जस्तै यो कथा सुनाउन तपाईको सहायताको लागि श्रोताहरुलाई सहभागी गराउँदै जानुहोस् । )

## पहिलो पटक - तपाईले त्यो कथा भन्नुहोस् ।

तपाईले सक्दो उचित रुपमा र चाखलाग्दो तरिकाले सो कथा भन्नुस् । जब तपाई बोल्नुहुन्छ , तब सो कथालाई स्पष्ट गर्न प्रशस्त मात्रामा शरिरको चाल र भाव (संकेत वा इशारा) हरुको प्रयोग गर्नोस् ।

## दोस्रो पटक - एकजना स्वयंसेवकलाई सो कथा फेरी भन्न लगाउनुस् ।

स्वयंसेवकलाई भन्न लगाउनुको मुख्य उद्देश्य मानिसहरुलाई समूहमा उच्च स्वरमा बोल्न प्रेत्साहन दिनु हो । स्वयंसेवकको यो समय प्रक्रिया भित्र त्यो समूहको पहिलो व्यक्तिगत सहभागिता हो । तसर्थ,जब स्वयंसेवकलाई दया (कृपा) पूर्ण व्यवहार गरिन्छ र आदर देखाइन्छ , तब निरन्तर प्रस्तुतिको साथ त्यो व्यक्तिले मात्र उच्च स्वरमा बोल्ने र प्रश्नहरुको उत्तर दिने जस्तो हुनेछैन । तर समूहमा बाँकी मानिसहरुले पनि त्यस प्रकारको व्यवहारलाई ध्यान दिएका हुनेछन् । त्यो दयाले तिनीहरुलाई उच्च स्वरमा बोल्नका लागि सुरक्षित चेतना (अनुभव) तर्फ झन् नजिक लैजानेछ ।

**सरल कथा अध्ययन विधिको यो अंश (खण्ड) मानिसहरुले सो कथा सिकोस् भनी हामीले आशा गर्नको लागि होइन । ठीकसँग सो कथा भन्न योग्य हुन त पछिको कुरा हो ।**

यदि प्रस्तुतिकरणको लागि तपाईसँग सिमित मात्रामा समय छ भने कथा भन्ने दोस्रोसमय (स्वयंसेवकको भाग) लाई नाघ्नुहोस् र तेस्रो भनाई तर्फ सोझै जानुहोस् ।

स्वयंसेवकलाई डाक्नका लागि बिभिन्न तरिकाहरू छन् ।

**विकल्प १-** भन्नुहोस् ,"तपाई सँगैको अर्को व्यक्ति तर्फ फर्कनुस् र तपाईहरुमध्ये एकले अर्कोलाई सो कथा पुनः भन्नसक्नुहुन्छ ।"माथि उल्लेख गरेजस्तै,स्वयंसेवकले सो कथा फेरी भन्दाखेरीको सबैभन्दा ठूलो उपयोगिता नै यसले मानिसहरुलाई उच्च स्वरमा बोल्न प्रोत्साहित गर्छ । किनकी धेरैजसो मानिसहरु सार्वजनिक रुपमा बोल्न हिचकिचाउँछन् । यो रोजाई स्वयंसेवकवादलाई प्रोत्साहित गर्नको लागि सबैभन्दा नम्र उपाय हो । मानिसहरु प्रायजसो तिनीहरुले चिनेका व्यक्तिहरुसंग बस्ने गर्दछन् । तसर्थ करीब हरेक व्यक्ति आफू संगैको व्यक्ति तर्फ फर्किन हिम्मती बन्नेछन् र एकले अर्कोलाई सो कथा फेरी (पुनः) भन्नेछन् ।

इसाई समुदाय भित्र धेरैजसो शिक्षण कार्य भाषण (प्रवचन) शैलीमा गरिन्छ । अतःमानिसहरुलाई तिनीहरुको सिक्ने तरिका विस्तार गर्न सहायताको लागि हामीले त्यस्तो वातावरण प्रदान गर्नु आवश्यक छ जसले तिनीहरुलाई बोल्न र तिनीहरुको सोचाईहरुलाई आवाज दिन (उच्चारण गर्न) सहायता गर्छ । जब तपाईले पहिलो पल्ट एउटा समूहलाई कथा सुनाउँदै

हुनुहुन्छ,स्वयंसेवकलाई कथा पुनःभन्नको लागि आग्रह गर्नु सबैभन्दा उत्तम तरीका हो । यो विकल्प (रोजाई) अन्तर्गत मानिसहरुलाई तिनीहरुको छेउमा बस्ने कसैलाई कथा भन्न लगाईन्छ ।

यहाँ एउटा गुप्तीखबर (संकेत) छ । यदि तपाईले कथाको कुनै भाग शायद भन्न बिर्सनु भएको छ भन्ने सोच्नुहुन्छ भने यथार्थताको लागि तपाईले भन्नुभएको कथालाई पुनः जाँच गर्ने समय यो पहिलो विकल्पले दिन्छ । जब मानिसहरु एकअर्कालाई कथा भन्नमा व्यस्त हुन्छन्,तपाईले आफ्नो बाईबल हेर्नसक्नुहुन्छ ( अथवा सुन्न सक्नुहअुन्छ )। तिनीहरु एक आपसमा कथा भन्ने र सुन्ने काममा व्यस्त हुने भएकोले तपाईले के गर्दै हुनुहुन्छ भनी तिनीहरुले कहिल्यै ध्यान दिनेछैनन् ।

**विकल्प २ -** यदि तपाईले उहि मानिसहरूलाई दोस्रो कथा भन्दै हुनुहुन्छ भने यो दोस्रो विकल्प प्रयोग गर्नुहोस् ( विकल्प १ प्रयोग गरी सकेपछि )। सरल कथा अध्ययन विधि अन्तर्गत एक आपसमा कथा भन्ने र सुन्ने काम पहिल्यै गरीसकेपछि स्वयंसेवकको भुमिकाको बारेमा मानिसहरु झन् बढी निडर (हिम्मती) बन्नेछन् ।

सम्पूर्ण समूहलाई फेरी त्यो कथा भन्न कोही स्वयंसेवकको भुमिका निर्वाह गर्न तयार छन् की भनी सोध्नुस् । छिटो गरिकन तवपाईको अनुरोधलाई अगाडि बढाउँदै भन्नुहोस् ,"तपाईलाई जति याद छ त्यति मात्र भन्नु ।" तपाई मुस्कुराउनुस् र समुहलाई प्रोत्साहित पार्नुस् । तपाईको स्थानमा आउन स्वयंसेवकलाई संकेत गर्दै पछाडि आउनुस् र दाँया-बाँया पनि ।

जब तपाईले स्वयंसेवक भेट्टाउनु हुन्छ,त्यो व्यक्तिलाई ताली बजाएर स्वागत (प्रशंसा) गर्नुहोस् अथवा खुशीसाथ स्वीकार गर्नुहोस् जो अन्तमा कोशिश गर्न हाजिर हुन्छ ।फेरी,मुस्कुराउनुस् र उक्त स्वयंसेवकलाई भन्नुस्"तपाईले केबल त्यो कथा भन्नु पर्नेछ,त्यसको परिचय होइन । यदि तपाईले कथाको कुनै कुरा बिर्सनु भए पनि चिन्ता नगर्नुस,किनकी तपाईले यो कथालाई एकपल्ट मात्र सुन्नु भएको छ । तपाईले केवल यो भागबाट शुरु गर्नुस् जसले भन्छ.........।" त्यसपछि सो कथाको पहिलो हरफ तपाईले दोहोऱ्याउनुस् ।

उक्त स्वयंसेवक देखि करीब १० फिट पर एक छेउमा तपाई उभिनुहोस् । यदि तपाई स्वयंसेवकको ठिक सँगै उभिनुभयो भने त्यो व्यक्तिले समूह तर्फ हेर्ने छैन र अनुमोदन(स्वीकृति) को लागि तपाई तर्फ मात्र हेरिरहनेछ । यदि तपाई धेरै टाढा हुनुहुन्छ भने,उक्त स्वयंसेवकले आफू एक्लै महसुस गर्नेछ,छोडिदिनुस् । जब स्वयंसेवकले कथा पुनः भन्छ,त्यो बेला तपाई छेउतिरै उभिरहनु भए जस्तो भएता पनि निश्चित गर्नुस् कि तपाईको मुहारको अभिव्यक्ति र शरीरको भाषाले रुची र स्वीकृति प्रकट गर्छ ।

उक्त स्वयंसेवक माथि तपाई केन्द्रित हुनुहोस् । यो भागको समयलाई कसैसँग पनि कुराकानी गर्नमा प्रयोग नगर्नुहोस् । त्यो व्यक्तिले तपाईमा बिश्वास देखाएको छ । साँचो रुपले उसले बोलेको सुनेर र एकाग्रचित(ध्यानमग्न) भएर त्यो बिश्वासलाई आर्जन गर्नुहोस् ।

त्यसपछि, यदि कथा राम्ररी भनेको थियो भने उसको पुनःकथा भनाईले तपाई कत्तिको प्रभावित हुनुभयो भनी तपाईको शब्दहरु तथा अभिव्यक्तिद्धारा उक्त स्वयंसेवकलाई जानकारी गर्नुहोस् । त्यो व्यक्तिले जुन बिशेषता देखायो,सम्भवतःभाव अथवा शब्दहरु प्रभावकारी ढंगले बोलिएकोमा आभार व्यक्त गर्दै त्यो व्यक्तिले बोलिएका कुराहरु तपाईले एकाग्रचित भई सुनिरहनु भएको थियो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

समय-समयमा (कहिलेकाहि),कथा पुनःभन्ने व्यक्तिले कथाको भैरैजसो भागहरु सम्झिने छैनन् अथवा उक्त कथालाई धेरै अधुरोसँग भन्नेछ । जब यस्तो हुन्छ,यसलाई संशोधन गर्नको लागि अरु श्रोताहरुलाई नभन्नुस् । यदि अरुहरुको अगाडी समूहले अथवा तपाईंस्वयंले स्वयंसेवकले पुनःभनेको कथामा संशोधन गर्नु भयो भने उक्त स्वयंसेवक यसबाट दुखि हुनसक्छ ।

त्यस्तै स्वयंसेवकले धेरै गल्तीहरुका साथ जुन कथा भनेको थियो त्यसलाई ठिक गर्ने कोशिश गर्नाले पनि कथा सिक्नेहरुलाई दोधारमा पार्न सक्छ । तिनीहरुले राम्रो गरे भन्ने जस्तो तिनीहरुको ध्यानकर्षण गर्ने केही सन्दर्भद्धारा जसले कथालाई राम्ररी भनेका छैनन् ति स्वयंसेवकहरुलाई प्रोत्साहन दिनु नै सबैभन्दा उत्तम कुरा हो । हुनसक्छ,तपाईले यि कुराहरु भन्नुस् ,"तपाईको हिम्मत(साहस) लाई म कदर गर्छु," "कुष्ठ रोग लागेको व्यक्तिको बारेमा जुन अंश तपाईले भन्नुभयो त्यो राम्रो थियो ," "तपाईले नाटकिय रुपमा भाव उद्धृत गर्नु भएको तरिका मलाई मनपऱ्यो ,"अथवा अन्य केहि निश्चित र यथार्थ ,प्रोत्साहित गर्ने वाक्य ।

यदि कथा लामो छ अथवा कुनै पनि कारणवश कसैले पनि जवाफ दिंदैनन्(अनेक निमन्त्रणा पछि पनि र अगाडी बढ्नको लागि तिनीहरुमा साहस निम्त्याउन दिन तपाईले छोटो विश्रामहरु दिनु भएतापनि) भने कथा फेरी भन्न लगाउन स्वयंसेवकलाई साहसी बनाउने एउटा उपाय छ । भन्नुस्,"म सँग एउटा विचार छ । के तपाईहरु मध्ये धेरैले कथा फेरी भन्न सक्नुहुन्छ ? तपाईहरुमध्ये एकजनाले यो शुरु गर्न सक्नुहुन्छ । तब अर्कोले कथा भन्ने कामलाई निरन्तरता दिन सक्नुहुन्छ र कथा पुरा नभएसम्म अरुले सहायता गर्न सक्नुहुन्छ । तपाईले केवल आफूलाई जे सम्झना छ त्यो मात्र भन्नु पर्नेछ ।"

यसरी धेरैजना मानिसहरुलाई कथा फेरी भन्न लगाउँदा उनीहरुको साहस बढ्नेछ ।

२५ राष्ट्रहरुमा कथाहरु सुनाउँदाको मेरो अनुभवमा, कमसेकम एकजना स्वयंसेवक सधैं आएको छ । यदि कहिल्यै कोहि पनि स्वयंसेवक बन्दैन भने पनि त्यसको "आरोप" स्विकार्न म योजना बनाउँछु र भन्छु ,"तपाईलाई थाहा छ,यो कथाद्धारा भएर फेरी मलाई जानु पर्नेछ । तब यसको साथमा हामी सजिलो बन्न सक्छौं ।" तब यस मार्फत म अगुवाई गर्ने थिएँ ।)

यदि तपाईको स्वयंसेवकले जानकारी थप्यो अथवा कथालाई सजायो भने,ति थप कुराहरुलाई उल्लेख गर्नुपर्ने हुन्छ । श्रोताहरुले ति थपेका कुराहरुलाई ध्यान दिनेछन् र तपाईले तिनीहरुलाई कसरी सम्बोधन गर्नुहुन्छ भनी हेर्न पर्खिनेछन् । यदि तपाईले स्वयंसेवकद्धारा कथाको सजावतलाई एउटा प्रेमिलो कार्यकलाप सोच्नुभयो र त्यसलाई नजरअन्दाज गरेर तपाईले उल्लेख गर्नुहुन्न भने (पाठ्यक्रम अथवा कार्य विधिको एउटा दयालु अथवा उदार तरीकामा) ति थपिएका कुराहरु "स्वीकृत हुनेछैनन्" र चाँडै नै तपाईले उल्लेख नगर्नु भएकोमा पछुताउनु हुनेछ ।

**छोडाईका नतिजाहरु :** सरल कथा अध्ययन विधिले मानिसहरुलाई परमेश्वरको वचनमा कुरा थप्न अनुमति दिन्छ भने शुद्धतावादी भाषा शुद्धतामा ध्यान दिने व्यक्ति (विशुद्धवादी)हरु निराश हुन्छन् भनी आशा गर्दछौं (र हामी त्यसरी थप्ने काम गर्दैनौं) । जब अरुहरुले कथा भन्छन् तब तिनीहरुले थप्न चाहेको कुरा थप्न सक्छन् भनी घमण्ड पनि गर्नेछन् ।

वास्तवमा कृपापूर्ण(दयापूर्ण)ढंगले ति थपिएका कुराहरुलाई तपाईले सम्बोधन गर्न सक्नुहुन्छ । केवल मैत्रिपूर्ण मुस्कान दिनुहोस् र उत्साह (आग्रह) पूर्वक भन्नुहोस् ,"तपाई एकदम उत्सुक हुनुहुन्छ । तपाईले अतिरिक्त जानकारी समेत हामीसँग बाँड्नुभयो जुन मलाई लाग्छ त्यो कथाभित्र नहुन सक्छ । यो बाईबलको एउटा कथाभित्र के छ भन्नु मात्र पनि हामी सबैको लागि एउटा चुनौतिपूर्ण काम हो ।" सबैभन्दा महत्वपूर्ण रुपले,कथा पुनःभन्ने व्यक्तिले कत्ति राम्ररी वा कत्ति अधूरोसँग कथा भन्छ भन्ने सवाल होइन, तर तारीफ वा प्रशंसा गर्न केही बिशेष कुराको खोजी गर्नु तपाईको उत्तरदायित्व हो ।

याद गर्नुहोस्, स्वयं सेवकलाई कथा पुनः भन्न लगाउनुको मुख्य उद्देश्य भनेको मानिसहरूलाई उच्च स्वरमा बोल्नको लागि प्रोत्साहित गर्नु हो । यो समयसम्म कोहिपनि व्यक्ति सो कथालाई पूर्णरुपले भन्नसक्ने बनिसकेको छ भन्ने कुरामा आशावादि बन्न सकिन्न ।

स्वयंसेवकद्धारा लगातार कथा पुनः भन्नुलाई कथा सिक्ने एउटा तरिकाको रुपमा हामी सिफारिस गर्दैनौं । किनभने सहभागिहरुले एकपल्ट मात्र त्यो कथा सुनेका छन् र प्रथम स्वयंस्वकले गल्तिहरु गर्नेछन् ,जब अरु धेरै स्वयंसेवकहरुले सो कथा भन्दछन् उनीहरुले पनि धेरै गल्तिहरु गर्नेछन् र मानिसहरुले जुन कुरा याद गर्नेछन्,गल्तिहरु ति नै हुनेछन् । स्वयंसेवकहरुले गरेका गल्तिहरुलाई सार्वजनिक रुपमा लगातार शुद्धिकरणद्धारा उनीहरुको कथा पुनः भन्ने तरिकामा भएका कमजोरीहरुलाई यदि तपाईले पुनः समाधान गर्ने कोशिश गर्नुभयो भने मानिसहरुको आत्मविश्वास निर्माण गर्ने उद्देश्यको क्षति हुनेछ । सबैभन्दा हिम्मतवाला मानिसहरुले मात्र प्रयास गर्नेछन् । बाँकी मानिसहरु पछि हट्नेछन् र सार्वजनिक रुपले लाज मान्नुपर्ने डरको कारण जोरसँग प्रतिक्रिया जनाउने छैनन् ।

कथाको शुद्धतालाई जोगाउन, कथा भन्ने व्यक्तिले सो कथा दोहोऱ्याएर भन्नसक्थे, तर, बाईबलका कथाहरु सिकाउने त्यो तरिकालाई हामी सिफारिस गर्दैनौं । यद्यपि कथा भन्ने व्यक्तिले उहि कथा बारम्बार भन्नाले पनि त्यसले काम गर्नसक्छ, तापनि कथा सिक्नको लागि यो सबैभन्दा उत्साहजनक तरिका नहुन पनि सक्छ । दोहोऱ्याईद्धारा रट्ने वा घोकेर सिक्ने काम रमाइलो हुँदैन र विरक्त लाग्दो हुनसक्छ ।

सरल कथा अध्ययन विधिको यो प्रारम्भिक भागमा मानिसहरुलाई पूर्ण रुपले कथा सिकाउनु हाम्रो उद्देश्य होईन । बरु, शुरुमा नै मानिसहरुले कथालाई एकदम राम्ररी सिकेर यसमा छलफल गर्न सक्षम बनोस् भन्ने चाहना हामी गर्दछौं । जसै तिनीहरूले

कथाको बारेमा छलफल गर्छन् , तिनीहरूमा बुझाई आउँछ र कथा भित्र तिनीहरुले पत्तालगाएका कुराहरुको व्यक्तिगत प्रयोग देखापर्दछ ।

सरल कथा अध्ययन विधि प्रस्तुतिका सम्पूर्ण चरणहरु भएर हामी गएपछि र कथा सम्बन्धि पूर्णरुपले छलफल गरिसकेपछि त्यहाँ विचार सम्बम्धि एउटा समय पनि छ कि सो कथालाई ठीक सित बुझेको छ कि छैन भनी हामीले निश्चय गर्न सक्छौं । यसलाई हामी “सिर्जनात्मक प्रबलन”भन्दछौं । त्यसको बारेमा अधिक सविस्तार वर्णन यो अध्यायमा पछि आउँछ ।

सरल कथा अध्ययन विधिले प्रस्तुति भित्र पछिल्लो दुई चरणहरुमा कथासिक्ने क्रममा आउने धेरैजसो चुनौतिहरुलाई स्वाभाविक रुपले हल गर्दछ । पछिल्लो पटक (त्यसपछि) आउने कथा पुनःवाचन मार्फत गरिने नेतृत्वले अक्सर मानिसहरुको दिमागमा छाप लगाउँदछ । त्यो भन्दा भिन्न, जब कथा भन्ने व्यक्तिहरुले कथाको बारेमा अभ्यास(अवलोकन) प्रश्नहरु सोध्छन्, उनीहरुले जाँच्न चाहेका सो कथाको प्रत्येक भाग समावेश गरेर उनीहरुका प्रश्नहरु प्रस्तुत गर्दछन् । यो तरिकाले श्रोताहरुले कालक्रम अनुसार खण्ड-खण्ड गरेर त्यो कथा सुन्छन्,जसले कथाको वस्तुलाई फेरी मजबुत गर्दछ ।

जब हामी कार्यशाला गोष्ठिलाई नेतृत्व गर्नको लागि विश्वमा कहिं नयाँ स्थानमा जाँन्छौं,स्थानीय अगुवाहरुले हामीलाई एकातिर लिएर जान्छन् । उनीहरुले हामीलाई व्यक्तिगत रुपमा भन्छन् हामी तपाईंलाई मानिसहरुलाई निराश बनाउन चाहन्नौं,किनभने ति मानिसहरुलाई प्रश्नको जवाफ दिने छैनन् ।” जब यस्तो हुन्छ,हामी ति अगुवाहरुलाई भन्यवाद दिन्छौं र जवाफ दिन्छौ, “तपाईलाई धन्यवाद,हामी केवल के हुन्छ भनेर हेनेछौं ।”

प्रत्येक घटनामा,प्रत्येक स्थानमा(धेरैजसो स्थानीय अगुवाहरुलाई आश्चर्य पार्ने) अर्थपूर्ण छलफलहरुमा आफ्नो सहभागिता जनाउँदै तथा प्रश्नहरुको उत्तर दिदैं मानिसहरुले कार्यशाला गोष्ठि समाप्त गरे । उनीहरुको जवाफ दिने ईच्छा सुस्त(मन्द) स्थिति र प्रोत्साहन केन्द्र भन्दा बाहिर सरल कथा अध्ययन विधि तिर बढ्छ ।

कोही मानिसहरुलाई प्रश्नहरु जवाफ चर्को गरी दिने साहसलाई प्रशस्त मात्रामा विकास गर्न अरुहरुलाई भन्दा बढी समय लाग्दछ । हुनसक्छ ईसाइ शिक्षण वातावरणमा उनीहरुलाई चर्को गरी नबोल्नु भनी सिकाइएका छन् । जबकी अरुहरु सर्वसाधारणको अघि कुनै गल्ति होलान् कि भनेर डर मानेको हुनसक्छ । धेरैजनाले योगदान दिन(सहायता गर्न) को लागि उनीहरुसँग बलियो(ठोस) आत्मिक सोचाईहरु छन् भनेर विश्वास गर्दैनन् । वास्तवमा,विगतका अनुभवहरुको विविधताबाट हामी देख्छौं कि,धेरैजसो मानिसहरु गहिरिएर नसोच्नका लागि अथवा नयाँ विचारहरुमा ध्यानपूर्वक सोच्न र छलफल गर्नको लागि प्रतिबन्धयुक्त गरिएका छन् । त्यो प्रतिबन्धयुक्त गराईलाई पुरा नगरिएको हामी हेर्न मनपराउँछौं ।

### प्रतिबन्धयुक्त गराईलाई पुरा नगरिएका उदाहरणहरु

सरल कथा अध्ययन विधि (STS) लाई प्रकाशकरणको उसको पहिलो दिनको अन्तमा एकजना ७० वर्षको शिक्षित मानिसले भन्नुभयो ,“४० वर्ष अघि नै मलाई यसको आवश्यकता थियो । हामी चाईनीजहरु छलफल मात्रै गर्दैनौं । हामीले के गर्ने र के मा विश्वास गर्ने भनेर हामीलाई बताइएका छन् । यो महान छ । हामीले पहिलो पल्ट हाम्रो आफ्नै लागि खोजेर निकाल्न सक्छौं ।

एउटा कार्यशाला गोष्ठिमा प्रश्नहरुको जवाफ चर्को गरी दिन नेपालमा अशिक्षित गाउँलेहरुलाई केही समय लाग्यो । तर जब तिनीहरुका जवाफहरुलाई अनुमोदित गरियो,तिनीहरु तात्तिन थाले । त्यहाँ भएका अशिक्षितहरु मध्ये एकजनाले बोल्यो ,“पढ्न नजान्ने व्यक्तिहरुसँग पनि परमेश्वर बोल्नुहुन्छ भन्ने मलाई थाहा छैन ।”

थाईल्याण्डको एउटा गाउँमा कार्यशाला गोष्ठि पछि एकजना थाई अध्यापक(शिक्षक)ले आफनो प्रतिवेदन पेश गऱ्यो ,“शुरुमा कुनै पनि महिलाहरुले जवाफ नै दिएनन् । तिनीहरुलाई बोल्नको लागि अनुमति दिइएको छ भनी पत्ता लगाउन र तिनीहरुलाई जे भन्नु थियो त्यसको पनि मूल्य छ भनी पत्ता लगाउन मात्र तिनीहरुलाई धेरै दिन लाग्यो । त्यसपछि सबैकुराको जवाफ दिन देखि हामीले तिनीहरुलाई रोक्नै सकेनौं ।”

## तेस्रो पटक - कथाद्वारा भएर नेतृत्व गर्नु

अब, पृक्रियातर्फ फर्केर जाऔं । तपाईले कथा भन्नुभयो र त्यसपछि एकजना स्वयंसेवकले कथा पुनः भन्यो । अब ,तपाईको तेस्रो पटक कथा भन्ने पालो आउँछ , श्रोताहरू यसमा सहभागि हुनेछन् ।

तपाईले प्रत्येक व्यक्तिलाई तपाईको साथ-साथै कथा दोहोऱ्याउनको लागि भन्नुहोस् । कथा भन्ने यो शैलिले बारम्बारको हिचकिचाहटहरुलाई पैदा गर्दछ । तपाई, कथा कथावाचकलाई कथाको विशेष विवरण याद गर्न अथवा पुनःस्मरण गर्न सहायताको आवश्यक भए जस्तो गरी यो गरिन्छ । कथा सम्झिनको लागि श्रोताहरुको योग्यताको कडा परिक्षण जस्तो महशूश हुने गरी तपाईले यस्तो चाहना गर्नुहुँदैन । यसको सट्टामा, कथा भन्ने व्यक्तिको रुपमा तपाई कसैले त्यसपछिको केही शब्दहरु अथवा वाक्यहरु भनीदेओस् भन्ने आशा राख्नुभए जस्तै गरी तपाईले आशापूर्ण तरिकाले श्रोताहरुलाई हेर्नुस् । याद गर्नुहोस्, श्रोताहरुले दोस्रो पटक सो कथालाई पूर्ण रुपमा सुन्छन् । यसर्थ, यो केहि खण्डहरुको सामान्य समालोचना चाहिं हुनसक्दैन । यो अति आवश्यक छ कि निश्चय पूर्वक उचित रुपमा कथा पुनःभन्नको लागि प्रत्येक व्यक्तिलाई तपाईले सहायता गर्नुहोस् ।

तपाईले कथा भन्न लागिरहनु भए जस्तो गरी कथालाई शुरु गर्नुहोस् ,प्रत्येक वाक्यांश अथवा वाक्य बाहेक(अथवा हुनसक्छ नयाँ विचारमा) । तपाईले कथा शुरु गर्नुहोस्-तब हिचकिचाउनु  होस् । बाँकी भएका विवरणलाई भरेर पुरा गर्न श्रोताहरुलाई निमन्त्रण गर्नुहोस् ।

उदाहरणको लागि, तपाईले भन्नसक्नु हुन्छ ,“येशू ख्रीष्ट र उहाँका चेलाहरु कुनै एउटा शहरमा जानुभयो र त्यहाँ एउटी स्त्रीलाई भेट्नुभयो , जसको नाम हुँ.....”तब तपाई हिचकिचाउनुहोस् र तपाईलाई सहायताको आवश्यकता परेझैं भाव व्यक्त गर्नुहोस् र खालि ठाउँ भर्नको लागि मानिसहरुलाई पर्खिरहे झैं आशापूर्ण रुपमा हेर्नुहोस् । तिनीहरुले ‘मार्था’ भनेपछि तपाईले “ठिक” अथवा “राम्रो” भनि जवाफ दिनुहोस् र तब सो कथाद्धारा नेतृत्व कार्यलाई निरन्तरता दिनुहोस् ।

प्रायः मानिसहरुलाई नामहरु अथवा संख्याहरु स्मरण गर्न सबैभन्दा कठिन हुन्छन् । सरल तरिकाद्धारा नेतृत्व गर्ने बनाउन सामान्य रुपले तिनीहरुलाई नाम स्मरण गर्नको लागि भन्दैनौं ।

नामको स्मरण गर्नको लागि मानसिहरूसँग कुनबेला याचना गर्ने भन्ने कुराको निर्णय विवेकले लिन्छ । यो छोटो कथा भित्र मार्था, मरियम र येशू ख्रीष्टको नामहरु बारम्बार समाबेश गरिएका छन् । यसर्थ श्रोताहरुले तिनीहरुका नामहरु सजिलैसँग स्मरण गर्न सक्छन् । सरल प्रश्नहरु सोध्नुहोस् जसले श्रोताहरुलाई साहसी बन्नमा सहायता गर्नेछन् । त्यसपछि, कथाको बारेमा छलफल भइरहँदा , तिनीहरुले तपाईका प्रश्नहरुको जवाफ अझ बढी स्वतन्त्रतापूर्वक दिन थाल्नेछन् । यदि तपाईले ’हो ‘ वा ‘होईन‘ अथवा एउटा शब्दमा उत्तर दिने जस्ता प्रश्नहरू सोध्नुहुन्छ भने तपाईले त्यहाँ प्रायजस्तो बातचित गरिरहनु भएको हुनेछ । श्रोताहरूलाई कथा शुद्धसँग याद दिलाउन तथा तपाईले चाहनुभए मुताबिक सुन्नसक्ने किसिमका उत्तरहरूको अवसर तपाईले गुमाउन सक्नुहुनेछ ।

सोध्नुहोस् ,“तब मार्थाले कसलाई के गर्न निम्तो गरिन् ?” त्यसपछि तिनीहरुले भन्छन्,“मार्थाले येशू ख्रीष्टलाई उनको घरमा आउन निम्तो गरिन् ।” तपाईले भन्नुस् ,“राम्रो” ।

कहिलेकाहिं कथावाचकले कथा भन्दाभन्दै रोकिनेछ र केहि कुरा भन्दै कथाको अर्को खण्ड भन्नको लागि श्रोताहरुलाई याचना गर्नेछ, जस्तै “कथामा मार्थाको एकजना आफन्त थियो भन्ने समावेश गरिएको छ । उ को हो र उनको बारेमा हामीलाई के बताईएको छ ?” जब तिनीहरुले यसो भनेर जवाफ दिन्छन् ,“ मरियम मार्थाकी बहिनी हुन् र मरियम येशू ख्रीष्टको पाउनेर बसेर उहाँले बोल्नु भएको कुरा सुन्छिन् ।” तपाईले भन्नुहोस् ,“तपाईले ठिक भन्नुभयो, मरियमले पनि येशूले बोलिरहनु भएका कुराहरू सुनिरहेकीछिन् ।” कथावाचकको रुपमा तपाईले ”ठिक“ भन्नुहोस् र “पनि सुनिरहेकी” भनेर थप्नुहोस् ।

तपाईले एउटा बिषेश प्रश्न सोध्न सक्नुहुन्छ,“तब मार्थालाई एउटा समस्या परेको छ अथवा केही कुरामा उनलाई समस्या परेको महशुश उनले गर्छिन् । त्यो कुन समस्या हो ?” कथाद्धारा भएर नेतृत्व गर्नमा श्रोताहरुबाट सहयोग प्राप्त गर्नको लागि तपाई हिचकिचाउन सक्नुहुन्छ र कथाको अर्को खण्ड तपाईलाई याद नभएको जस्तो अभिनय गर्न सक्नुहुन्छ । तपाईको लागि कथा स्मरण गर्न समूहलाई प्रोत्साहित गर्नको निम्ति खालि ठाउँ भर अथवा अर्को खण्ड भन जस्ता तरिकाहरु प्रयोग गर्नुहोस् ।

यदि कुनै पनि समयमा, यहाँ अथवा कुनै पनि समयमा केही कथामा खालि ठाउँ भर्नको लागि श्रोताहरुलाई अनुमति दिन तपाई हिचकिचाउनु भएपछि पनि तिनीहरुले जवाफ दिंदैनन् भने उत्तर भन्दै बिस्तारै शुरु गर्नुहोस् । कथालाई सम्झन र बाँकि भएका वाक्यहरु अथवा विचारमा खालि ठाउँ भर्न मानिसहरुलाई अवसर प्रदान गर्नुहोस् ।

तपाईका प्रश्नहरुमा प्रमुख (key) शब्दहरु प्रदान गर्दै कथाको अर्को भाग (खण्ड) मानिसहरुलाई याद दिलाउन सक्नुहुन्छ । यदि तपाईंका प्रश्नहरुले ति प्रमुख शब्दहरु (key words) सम्मिलित गर्छन् भने यो अति उपयोगि हुन्छ । किनभने ति शब्दहरुले श्रोताहरुलाई कुनै पनि जानकारी ननाघिकन कथाको अर्को भाग (खण्ड) बाट तत्काल जवाफ दिन शूत्रको रुपमा काम गर्छन् ।

**प्रमुख शब्दहरुबिना :** उदाहरणको लागि , जब तपाई कथालाई पूनर्विचार गर्नुहुन्छ र यदि तपाईले सोध्नुहुन्छ ,“ र मार्थाले के भनिन् ?” हुनसक्छ कि श्रोताले यसरि जवाफ दिन्छ ,“मार्थाले भनिन् ,‘मरियमलाई आएर मलाई सहायता गर्नको लागि भनिदिनुहोस्’।” अब मार्थाले जे भनिन् त्यो साँचो हो ,“मरियमलाई आएर मलाई सहायता गर्नको लागि भनिदिनुहोस् ।” अतः ति श्रोताले सहि जवाफ दिए । तर मार्थाले “मरियमलाई आएर मलाई सहायता गर्नको लागि भनिदिनुहोस्” भन्नु भन्दा पहिले मार्थाले भनेकी थिईन् ,“प्रभुज्यू, मरियमले सेवा-सत्कारको काममा मलाई एक्लै पारेकी छिन्, तपाई वास्ता राख्नुहुन्न ?” यसकारण तपाईंको समालोचना प्रश्नमा एकदम सामान्य भएर तपाईले श्रोतालाई कथामा धेरै टाढा अगाडी हामफाल्न अनुमति दिनुभयो ।

**प्रमुख शब्दहरुको साथ :** तपाईले चाहनु भए अनुरुप जवाफ दिन श्रोताहरुलाई सहायता गर्न एउटा प्रश्न सोध्न सक्नुहुन्छ जसले श्रोताहरुलाई सो कथाको बिषय-वस्तु याद गराउँछ । एउटा उदाहरण यस्तो हुन सक्छ ,“मार्थाले येशू ख्रीष्टलाई के सोधिन् ?” तपाईको प्रश्नमा “सोध्नु” शब्द प्रयोग गरेर मार्थाले येशू ख्रीष्टसंग के सोधिन् भन्ने कुरा पुनः स्मरण गराउन तपाईले विवेकपूर्वक श्रोताहरुलाई मार्गदर्शन गराउनु भएको छ ।

कथम् कदाचित् त्यो व्यक्तिको उत्तर यर्थाथ रुपमा सहि नभएतापनि तिनीहरुलाई अझ बढी स्वतन्त्र रुपमा बोल्न प्रोत्साहित गर्ने अरु धेरै उत्तरहरु पत्तालगाउनमा तपाईका श्रोताहरुलाई मद्धत गर्न सकारात्मक ढाँचामा जवाफ दिने कोशिश गर्नुहोस् । उदाहरणको लागि, यो प्रश्नलाई कोशिश सोध्नुहोस् :

“ मार्थाले येशू ख्रीष्टलाई के भनेर बोलाइन् (सम्बोधन गरिन्) उनले कुन उपाधि प्रयोग गरिन् ?” हुनसक्छ तिनीहरुले भन्थे “रब्बी” अथवा हुनसक्छ “प्रभु” । यदि तिनीहरुले “प्रभु” भनी उत्तर दिन्छन् भने त्यो सहि हो भनेर तपाईले भन्नुहोस् । यदि तिनीहरुले “रब्बी” भन्छन् भने तपाईले भन्न सक्नुहुन्छ , “ठिक , मार्थाले येशू ख्रीष्टलाई प्रभु भनिन् ।” निसन्देह हो तापनि , श्रोताको “रब्बी” उत्तर यथार्थ रुपमा सहि थिएन । त्यो व्यक्तिसंग उचित विचार थियो । तपाईले जवाफको लागि प्रोत्साहन दिदै हुनुहुन्छ , तर उहि समयमा सो कथालाई यथोचित राख्नको लागि तपाईले कोमलतापूर्वक सहि उत्तर दिंदै हुनुहुन्छ ।

जब तपाईले शुरुदेखि अन्तसम्म सो कथाद्धारा अगुवाई गर्नुहुन्छ , तपाईले यस्ता कुराहरु सोध्न सक्नुहुन्छ : येशू ख्रीष्टलाई घरभित्र कसले निम्तो दियो ? कथामा मरियम के गर्दैछिन् ? मार्था के गर्नमा ब्यस्त थिईन ? तब एउटा समस्याको विकास हुन्छ । सो समस्यालाई वर्णन (व्याख्या) गर्नुहोस् । जब मार्थाले येशू ख्रीष्टसंग बोल्छिन् , उनले उहाँलाई के भनेर बोलाउँछिन् । तब मार्थाले येशू ख्रीष्टसंग याचना गर्छिन् ? मार्थाले सो समस्यालाई कसरी समाधान गर्न चाहन्छिन् ? मार्थाले धेरै कुराको विषयमा के गर्छिन भनेर येशू ख्रीष्टले उनलाई भन्नुहुन्छ ? अतः येशूले भन्नुहुन्छ , “मरियम, यो कोठाबाट तुरुन्तै बाहिर जाऊ !” के येशूले त्यसो भनुभएको हो ? होइन । तपाईले राम्ररी सुन्दैहुनुहुन्थ्यो । येशू ख्रीष्टले त्यो भन्नु भएन । यसकारण मरियम र उनको छनौटहरुको बारेमा येशूले के भन्नुहुन्छ ?

ध्यान दिनुहोस् कि जुन विल्कुल गलत थियो , त्यस्ता कुराहरु भनेर हामीले केवल सुझाव दिएका छौं । यदि तपाईले गल्ति गर्नुभयो भन्ने जस्तो गरेर निर्दोष तरिकाले केही गलत कुरा भन्नुभयो भने मानिसहरुले तपाईलाई मद्धत गर्न चाहनेछन् र तिनीहरुले कथालाई शुद्ध गर्नेछन् । केही गलत कुरा भनाईद्धारा कथालाई याद गर्न मानिसहरुलाई सहायता गर्ने यो शैलीले श्रोताहरुलाई आश्चर्यचकित पार्नेछ र तिनीहरुलाई व्यस्त बनाउनेछ । तर यसलाई उपयोगिपूर्ण रुपले प्रयोग गर्नुहोस् , हुनसक्छ कुनै नेतृत्वमा केवल एकपटक मात्र ।

तेस्रो पटकको यो कथा भनाईको अवधिभर , श्रोताहरुको दिमाग भित्र सो कथा कैद भैरहेको  हुनेछ । यसको  अतिरिक्त , कथा वाचकका प्रश्नहरुको जवाफ जोरसंग दिनको लागि धेरै सरल प्रश्नहरु (जुन प्रश्नहरु कथाको अन्तर्गत वस्तुको केवल समालोचना मात्र हुन्) ले श्रोताहरुलाई प्रोत्साहित गर्दछन् । माथि वर्णन गरेजस्तो , जब मानिसहरुले यि सजिला प्रश्नहरुको जवाफ दिन्छन् र तिनीहरुलाई यसको पुष्टि गरिन्छ तब तिनीहरुले पूर्ण विश्वास आर्जन गर्दछन् । सरल कथा अध्ययन विधिको अर्को दुइ भागहरुका लागि यो विश्वास आवश्यक पर्दछ , जुन भागहरु अझ धेरै चुनौतिपूर्ण छन् । छलफलको शुरुदेखि अन्तसम्म श्रोताहरुले कथा भित्र गाडधनहरुको खोजिगर्नु आवश्यक हुन्छ र तिनीहरुले भेट्टाइएका गाडधनहरुलाई जोरसंग प्रस्तुत गर्नु आवश्यक हुन्छ ।

**कार्यकलापहरू प्रयोग गर्नु :** जब तपाईले शुरुमा कथा भन्नुभयो आशापूर्ण तरिकामा तर्पाइले कार्यकलापहरू प्रयोग गर्नुभयो अगुवाईको अबधिमा, मानिसहरूलाई तत्कालै कथा पुनः भन्न लगाउनका लागि सहायता गर्न जसै तपाईले प्रश्न सोध्नुहुन्छ, उही कार्यकलाप फेरिपनि देखाउनुहोस् । ति कार्यकलापहरूले मानिसहरूलाई कथा याद गराउँछ ।

**के तपाई तयार हुनुहुन्छ ? हाम्रो दक्षताहरूलाई प्रस्तुतिमा प्रयोग गरौं ।**

## प्रस्तुति स्थिति भाग दुई :
## आत्मिक अवलोकनको बारेमा छलफल

**आत्मिक अवलोकनहरु :** जसै हामीले यो कथालाई तयार गऱ्यौं, हामीले आत्मिक अवलोकनहरु र आत्मिक प्रयोगहरुका लागि धेरै नै गाडधनहरु भेट्टायौं ।

जब तपाईको कथालाई सेवाकाईमा प्रस्तुत गर्नुहुन्छ, त्यसद्वारा भएर अगुवाई गर्नुभएपछि, तपाइले छलफल गर्नुहुने कथाको अंशलाई पहिला स्पष्टगर्नु आवश्यक हुन्छ । यस्तो केहिकुरा बताउनुहोस् :“अब कथाको यो पहिलो भागमा …….” र त्यसपछि पूरा भागलाई नै बताउनुहोस् । ७ देखि १४ पदसम्मका कथाहरूमा ३ देखि ४ अंशहरू हुन्छन् । कथाको कार्यकलाप वा जानकारीमा स्वाभाविक अन्तरालहरूमा हेर्नुहोस् । अभिव्यक्ति वा कार्यकलाप विना नै वृत्तचित्र शैलिमा यसलाई भन्नुहोस् ।

फरक-फरक किसिमको बोल्ने शैलिको प्रयोग तथा अंश-अंश गराईको कारणले गर्दा तपाईले कथालाई फेरि भनिरहनु भएको छ भन्नेकुरामा श्रोताहरूले ध्यान दिनेछैनन् । यो चौंथो पटकको कथा भनाई भएतापनि यसलाई रट्ने शिक्षण जस्तो महसुस गर्रिदैन । छलफलको अवधिमा कथालाई अंश-अंश गर्नाले मानिसहरूलाई कथाको कुनै भागको बारेमा मात्र तिनीहरूले कुराकानी गर्छन् भन्ने थाहापाउन मद्दत गर्दछ ।

निम्न उल्लेखित नमूना प्रश्नहरुले तपाईले भेट्टाउनु भएका धेरै गाडधनहरु मध्ये मध्ये गाडधनहरु साथै विश्वभर कार्यशाला गोष्ठिहरुमा गरिएको मार्था-मरियमको कथा भित्र एकपटक पत्ता लगाईएका गाडधनहरु तर्फ डोऱ्याउनेछन् । अर्को कुरामा ध्यान दिनु कि कथाको वहाव भित्र यो उपयुक्त हुन्छ भने जस्तो गरी प्रत्येक अवलोकनमा छलफल गर्दै कालक्रम अनुसारको श्रेणीमा यो कथाद्धारा भएर हामी यात्रा गर्छौं ।

[यि अंकित गरिएका प्रत्येक अवलोकन जुन बाङ्गो अक्षरमा (Italics) छापिएका छन्, ति शब्दहरु कथा भन्ने व्यक्तिले समूहलाई सोध्न सक्नेछन् । बाङ्गो नगरीएका शब्दहरु सम्भावित उत्तरहरु अथवा गाडधनहरु हुन्, जुन समूहले पत्ता लगाउन र चर्को गरी बोल्न सक्नेछन्, अथवा ति शब्दहरु समूहको अर्न्तदृष्टिलाई पुष्टि गर्दै कथा भन्ने व्यक्तिले बोलिएको हुनसक्छ । ]

१. प्रश्नहरू १ र २ ले भावनात्मक रुपमा यसभित्र खिंच्न कथामा भएको परिस्थिति हेर्नका लागि आमन्त्रित गर्दछन् । यो कथा भित्र , येशू ख्रीष्टले मरियमको आचारणको तारीफ गरिरहनु भएको जस्तो देखिन्छ , तर मार्थाको आलोचना गरिरहनु भएको छ । के मैले भनेको कुरा सही हो ?[ उत्तरको लागि पर्खिनुहोस् ।]अहिले म दोधारमा छ , के पाहुना-सत्कार असल कुरा हो ? [उत्तरको लागि पर्खिनुहोस् ।] के पाहुना (अतिथि) को लागि घरमा पकाईएको खाना तैयार गर्नु एउटा आनन्दप्रद कुरा गर्नु हो ? [उत्तरको लागि पर्खिनुहोस ।] तब , यही नै त्यो कुरा हो जसले मलाई जिज्ञासु बनाउँछ । येशू ख्रीष्ट मरियमको साथमा खुशी हुनुहुन्छ र मार्थाको प्रशंसा गरिरहनु भएको छैन ।

२. साथै , यदि खाना पकाउनु भन्दा बाईबल अध्ययन गर्नु असल हो भन्ने कुरा यस कथाले देखाउँछ भनि हामीले निर्णय गर्छौं भने तब सज्जनवृन्दहरु,तपाईको खाना कसले पकाईदिन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] साथै सज्जनवृन्दहरु,के तपाईहरुका श्रीमतिहरुलाई अतिथिहरुको लागि भान्छामा गएर खाना तयार गर्नु भनेर काम अऱ्हाउने जुक्ति असल हो,जबकि यसैको कारण नै तिनीहरुले बाईबलीय अध्ययन गुमाउँछन् ? तब तिनीहरुले गरिरहेको काम कम मूल्यवान् कुरा हो भनी यो कथाले सिकाउँछ भनी तिनीहरुलाई बताउनु के असल जुक्ति हो ?[उत्तरको लागि पर्खिनुहोस् ।]

येशूले हामीलाई के कुरा देखाइरहनु भएको छ ? यो कथालाई हामीले फेरी पनि हेर्नैपर्ने हुन्छकि ?

३. याद गर्नुहोस् मार्थाले येशू खीष्टलाई आफ्नो घरमा निम्तो गरेको हामीले कसरी देख्यौं ? मलाई अचम्म लाग्छ,के यो कथा भित्र त्यस्तो कुनै कुरा छ,जसले येशू खीष्ट एकजना अति विशेष कोही व्यक्ति हुनुहुन्थ्यो भनी मार्थाले थाहा पाएको(बुझेको) कुरा हामीलाई देखाउन सक्थ्यो ? [उत्तरको लागि पर्खिनुहोस् ।]

मार्थाले येशू खीष्टलाई उनको घरमा निम्तो दिईन् भनेर श्रोताहरुले उल्लेख गर्न सक्छन्, कि मार्थाले येशू खीष्टलाई “प्रभु” भनिन्, कि मरियमले येशू खीष्टले बोल्नुभएको कुरा सुनिरहेकी थिईन् अथवा जब मार्थाले येशू खीष्टलाई भेटिन् त्यसबेला उहाँसंग उहाँका चेलाहरु थिए , ता कि उनले उहाँलाई सामान्य व्यक्तिभन्दा माथि राखिन् । यि सबै ठोस प्रत्युत्तरहरु हुन् ।

४. हामीले यो कथामा देख्छौं कि मार्थाकी बहिनी मरियम येशू खीष्टको पाउनेर बसिन् र उहाँले बोल्नुभएका कुराहरू सुनिन् । तपाईको विचारमा “उहाँको पाउनेर बसेर” भन्ने कुराले के वर्णन गर्छ ? [उत्तरको लागि पर्खनुहोस् ।] सहमत भएँ ! समर्पित विद्यार्थी/शिक्षक सम्बन्ध वर्णनको एउटा तरिका “कसैको पाउनेर बसेर” हो । र तपाईले भन्नु भए झैं यसले दायित्व वा स्वीकार र पहिचान पनि दर्शाउँछ ।

५. यो के थियो कि मार्थाले येशूलाई बोलाइन् ?[उत्तरको लागि पर्खनुहोस् ।] “प्रभु” शब्दले के अर्थ दिन्छ ? [उच्चपद सूचित गर्नको लागि मेरो हात उचाल्न मैले सिकेको छु । अतः “प्रभु” को अर्थ येशू परमेश्वर हुनुहुन्थ्यो भन्ने मार्थालाई थाहा छ भनेर मानिसहरुले सोच्दैनन् । [उत्तरको लागि पर्खिनुहोस् । ] त्यो के हुनसक्थ्यो जसले येशूको बारेमा मार्थालाई थाहा थियो भन्नेकुरा हामीलाई देखाउँछ ?[उत्तरको लागि पर्खनुहोस् । ] यसकारण, येशू कोहि बिषेश व्यक्ति जसलाई उनले उच्च व्यक्तिको रुपमा हेर्नैपर्छ भन्नेकुरा उनले बुझ्छिन् । उनले भन्छिन्, “उहाँ प्रभु हुनुहुन्छ ,” तर उनी येशूको साथमा छैनन् अथवा उहाँले सिकाइरहनु भएको कुरा सुनिरहेकी छैनन् । यो कथामा मार्थाको निर्णयको बारेमा तपाई के सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस्]

६. यो कथाले भन्छ कि काम र एक्लै सेवा प्रदानको साथ ज्यादा बोझले लादिएकी थिईन् । यो कथाबाट के हामीले यो भन्न सक्छौं कि मार्थाले कति परिमाणको खाना अथवा कत्तिको सपरिश्रम खाना तयार गर्दैछिन् ?[उत्तरको लागि पर्खिनुहोस् ] यदि उनको पाहुनाहरुलाई पेश गर्न साधारण खाना जस्तै फलफूल वा चिया र विस्कुटहरु उनले तयार गर्दैछिन्,अथवा उनले अरु नै केही कुराहरुद्धारा सेवा गर्दैछिन् भने पनि के हामीले थाहा पाउँछौं ? [उत्तरको लागि पर्खिनुहोस् ।] येशू खीष्टलाई त्यस घरमा निम्त्याउने जुक्ति कसको थियो ? [उत्तरको लागि पर्खिनुहोस्]

म संग एउटा प्रश्न छ । यदि येशू खीष्टसंग शिक्षा दिनको लागि केहि मूल्यवान कुरा थियो भन्ने मार्थाले विचार गरिन् भने के यो आश्चर्यजनक कुरा हो कि त्यति धेरै समय खर्चेर केहि कुरा गर्ने छनोट उनले बनाइन् ? उनको निर्णयको बारेमा तपाई के सोच्नुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] येशू खीष्टलाई मार्थाको गुनासो हामी देख्छौं कि गर्नको लागि उनीसंग धेरै कामहरु छन्,तर उनी एकमात्र व्यक्ति, हुन् जसले खाना पकाउन आफ्ना सबै समय प्रयोग गर्ने छनोट गर्छिन । उनको अभिप्रायको बारेमा तपाई के सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस् ।]

७. हुम्म ? मार्थाले वास्तवमै येशू खीष्टसंग के सोध्छिन् ? [उत्तरको लागि पर्खिनुहोस् ।] र जब कोहि व्यक्तिले प्रत्युत्तर दिन्छन् आश्चर्यचकित भएर त्यो व्यक्तिलाई हेर्छिन् । उनले कसलाई के भन्छिन् ?(“तपाई वास्ता राख्नुहुन्न ?”) मलाई आश्चर्य लाग्छ । के येशू खीष्टमा उनको विश्वासको बारेमा मार्थाका शब्दहरुले हामीलाई केहीकुरा देखाउन सक्छन् ? [उत्तरको लागि पर्खिनुहोस् ।]

८. मार्थाको समस्याको लागि उनको हलको बारेमा तपाई के सोच्नुहुन्छ ? “येशू ख्रीष्ट मलाई सहायता गर्नको लागि मरियमलाई तपाईले भनिदिनुहोस् ।” [उत्तरको लागि पर्खिनुहोस् ।] यस समय मार्थाले येशू ख्रीष्टसंग कस्तो व्यवहार गरिरहेकी छिन् ? उहाँ प्रभु हुनुहुन्छ भने भैं गरी ?[उत्तरको लागि पर्खिनुहोस् ।] म सहमत हुन्छु । येशू ख्रीष्टको मालिक उनी हुन् र उहाँ उनकी नोकर हुन् भने भैं गरी उनी आचरित हुन्छिन् । के यो मार्थाले अरुहरुलाई सोच्ने तरिकाको बारेमा केहिकुरा उनले प्रकट गरिरहे जस्तो देखिन्छ ? कुन तरिकामा ?[उत्तरको लागि पर्खिनुहोस् ।]

९. मार्थाले बोलेको कुरा जब हामी सुन्छौं,र त्यसपछि प्रत्युत्तरमा येशू ख्रीष्टले भन्नु भएको कुरामा ध्यान दिन्छौं,येशू ख्रीष्टले किन मार्थालाई गालि गरिरहनु भएको थियो र मरियमलाई प्रशंसा गरिरहनु भएको थियो भन्ने कुनै कारण के हामी हेर्छौं ? येशू ख्रीष्टले भन्नुभएको एउटै कुरा के हो ? [उत्तरको लागि पर्खिनुहोस् ।]

१०. तब, मार्थाले गर्नुपरेको धेरै कामहरुको लागि उनले आरोप लगाएका मुख्य दुई व्यक्तित्वहरु को-को हुन् ? [उत्तरको लागि पर्खिनुहोस् ।] हो, मरियम र येशू ख्रीष्ट ! मार्थाले उनीहरुलाई आरोप लगाईरहेको तपाई कसरी हेर्नुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] मार्थाले सोधेकी थिईन्, “येशू ख्रीष्ट,मेरी बहिनीले सेवा सत्कारको सबै काममा मलाई एक्लै पारेकीछिन् ,तपाई वास्ता राख्नुहुन्न ?” साथै ,ध्यान दिनुहोस् कि मरियमले मार्थालाई सबै कामहरुमा एक्लै छोडिन् भनेर उनले देखाएकी छिन् । तर याद गर्नुहोस् , निमन्त्रणा कसले दियो ? [उत्तरको लागि पर्खिनुहोस् ।] ठूलो परिमाणमा खाना बनाउने छनोट कसले गर्‍यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] यो कथामा, मार्थाको डुबाउने अवस्थाको लागि जिम्मेवार व्यक्तिको रुपमा कसको नाम उल्लेख गरिएको छैन ? [उत्तरको लागि पर्खिनुहोस् ।] हो । डुबाउने अवस्थामा कुनै भूमिका भए भैं गरेर मार्थाले आफूले आफूलाई सूचीमा राख्दिनन् ।

११. ध्यान दिनुहोस् कि मार्थाले यस्तो निर्णयहरु लिइन् जसले येशू ख्रीष्टबाट सिक्नु देखि आफैलाई टाढा राखिन् । तर,समस्या (जुन उनले श्रृजना गरिन्) को लागि मार्थाको हलले अरु कसैलाई प्रभावित पार्न सक्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] हो,मरियमले येशू ख्रीष्टको उपस्थितिलाई छोड्नु पर्ने हुनसक्थ्यो । मार्थाको हलको बारेमा तपाई के सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस् ।]

१२. मार्थाले येशू ख्रीष्टलाई कस्तो प्रकारको आदर देखाउँछिन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] मार्थाले येशू ख्रीष्टसंग जुन प्रकारले कुरा गर्छिन्, यसले उहाँमाथिको अनादर देखाउँदछ । शुरुमा उनको समस्याको बारेमा वास्ता गर्नु भएन भनेर उनले येशू ख्रीष्टलाई दोष दिन्छिन् , र त्यसपछि येशू ख्रीष्टलाई उनको नोकर जस्तै गरि उहाँसंग बोल्छिन् ।

१३. के येशू ख्रीष्टले आफनो प्रत्युत्तरमा मार्थालाई कुनै प्रकारको आवेग देखाउनुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] कुनैचाखलाग्दो । होइन भने सबैजनाको अगाडि(खुल्लमखुल्ला) मार्थाको दोषारोपणहरु र येशू ख्रीष्टले के गर्नुपर्छ भन्ने बारेमा उनको आदेशको लागि येशू ख्रीष्टले कसरी प्रत्युत्तर दिनु भएको छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] म त्यो पनि देख्छु । वास्तवमा त्यस्तो प्रकारको अनादरको लागि उहाँ रिसाउन सक्नुहुन्थ्यो । अथवा उहाँ धेरै शर्ममा परेर उहाँले त्यो कोठाबाट बाहिर निस्कन सक्नुहुन्थ्यो । तर उहाँले दिनुभएको प्रत्युत्तर त्यस्तो थिएन । मार्थासंग उहाँको बोल्ने तरिकालाई वर्णन गर्नुहोस् । [उत्तरको लागि पर्खिनुहोस् ।] उहाँले मार्थालाई दयापूर्वक व्याख्या गर्नुहुन्छ कि उनले धेरै चिन्ता लिन्छिन् र मरियमको छनोटलाई कसैले पनि खोस्न सक्दैनन् ।

१४. के तपाई मार्थाले येशू ख्रीष्टलाई अन्य तरीकामा अनादर देखाईरहेकी हुन सक्थिन् भनेर सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस् ।] येशू ख्रीष्ट एकजना आदरणिय शिक्षक हुनुहुन्थ्यो । ध्यान दिनुहोस् कि मार्थाले येशू ख्रीष्टको आलोचना मात्रै गरिनन्, उनले उहाँका चेलाहरुको सम्मुख उहाँको आलोचना गरिन् । त्यस्तो गरेर मार्थाले फेरी पनि येशू ख्रीष्टलाई कुनै पनि आदर देखाईनन् । के येशूले मार्थालाई जसरी प्रत्युत्तर दिनुभयो त्यो तरीकामा उहाँले गर्व अथवा नम्रता स्पष्टत : प्रदर्शन गरिरहनु भएको तपाई देख्नुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१५. कुन नामद्धारा येशू ख्रीष्टले माथालाई बोलाउनुहुन्छ , र उनको चिन्ता(फिक्री) लाई उहाँले कसरी उल्लेख गर्नुहुन्छ , उहाँले उनलाई चिन्नु भएको छ कि छैन भनेर के हामी भन्न सक्छौं ?[उत्तरको लागि पर्खिनुहोस् ।] हो । जब उहाँले उनीलाई बोल्नुभयो,तब उनको नाउँलाई प्रयोग गरेर मार्थामा उहाँको यर्थाथ रुची देखाउनुहुन्छ । येशू ख्रीष्टले उनको नाउँ एकैपल्ट मात्र होइन तर दुईपल्ट प्रयोग गर्नुहुन्छ ।

१६. मार्थाले जसरी चिन्ता गरिरहेकी थिइन्, उनको लागि यो नयाँ केहिकुरा थियो अथवा यो उनीसंग भएको एउटा बानी थियो भन्ने कुरा हामीलाई देखाउने जस्तो जानकारी के यो कथाले दिन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] येशू ख्रीष्टले यो उनको( मार्थाको) बानी थियो भनी सुझाव दिदै उनी धेरै कुराहरुको बारेमा चिन्तित छिन् र यो उनीसंग सम्बन्धित थियो भन्ने कुरा उनलाई उल्लेख(व्यक्त) गर्नुभयो ।

१७. के यो कथा भित्र त्यस्तो कुनै कुरा छ जसले मार्थासंग भान्छा भित्र बस्ने र खाना तयार गर्ने छनोट थियो कि थिएन अथवा येशू ख्रीष्टको पाउनेर बस्ने र र उहाँको वचनबाट सिक्ने छनोट थियो कि थिएन भन्ने कुरा देखाउन सक्थ्यो ?
[उत्तरको लागि पर्खिनुहोस् ।] हो,म सहमत छु । मार्थासंग एउटा छनोट थियो भन्ने कुरा येशू ख्रीष्टले हामीलाई देखाउनु हुन्छ जब उहाँ भन्नुहुन्छ ,"मरियमले त्यो कुरा छानेकि छिन् जुन असल छ ।" येशू ख्रीष्टले बोल्नु भएका ति शब्दहरु मार्फत मार्थाले जुन कुरा छानिन् त्यसको बारेमा येशू ख्रीष्टले के भन्नु भएको तपाई देख्नुहुन्छ ?
[उत्तरको लागि पर्खिनुहोस् ।]

१८. येशू ख्रीष्टले भन्नुभयो , "मार्था ,मार्था ! तिमी धेरै कुराका विषयमा चिन्तित र व्याकुल हुन्छयौ । तर एउटै कुराको आबश्यकता छ ।" यहाँ मरियमको छनोट र उनको व्यबहार गर्ने तरिकाको बारेमा मार्थाको छनोटसंग तुलना गरेर येशू ख्रीष्टले यहाँ के भन्दै हुनुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस्] येशूले मार्था आफैले आफैलाई भावनात्मक रुपमा दुखी बनाएकीछिन् भनेर भन्नुभयो । येशूले मार्थालाई भन्नुहुन्छ कि उनले मरियमको छनोटलाई प्राथमिकता दिने र त्यसको उच्च मान्यता राख्ने बारेमा राम्ररी विचार पुऱ्याइरहेकी छैनन् ।

१९. के मार्थाले जुन काम गर्नको लागि छानिन् त्यो आवश्यक छ भनि उनले सोच्छिन भन्ने जस्तो देखिन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] के खानेकुरा खानु आवश्यक छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] कृपया यो कुरा बुझ्न मलाई सहायता गर्नुहोस् । येशू ख्रीष्टले यो कथामा कुन कुरा आवश्यक छ र कुन कुरा आवश्यक छैन भन्ने बारेमा के भनिरहनु भएको हुनसक्थ्यो ?

२०. अतिथि सत्कारमा बलियो संस्कृतिमा , मरियमबाट के कुरा अपेक्षा गरिएको हुनसक्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] के निर्णय गर्नको लागि मरियमसंग ठोस कुराहरु थिए ? मरियमले छनोट बनाउनको लागि कुनै कुराको बिरुद्धमा उनले छान्नु परेको थियो ?[उत्तरको लागि पर्खिनुहोस् ।] अँ हो, उनको संस्कृति र उनको परिवारको आकांक्षा(आशा) को बिरुद्धमा ।

२१. जब मार्थाले आफैले आफैलाई डुबाइएको र आफ्नो कामपुरा गर्न असमर्थ भएको पाइन् , तब उनले जे गरिन् त्यो हामीले देख्यौं । एकक्षणको लागि बिचार गर्नुहोस् । जब मार्थाले आफ्नो कामको बोझ सम्हाल्न सकिनन् , के त्यहाँ अरु नै केहि कुरा थियो जुन उनले गर्न सक्थिन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] मार्थाको लागि धेरै बैकल्पिक छनोटहरु प्रस्तावित हुनसक्छन् । [जब मार्थालाई उनको काम पुरा गर्न असमर्थ भएको पाईन् , तब मार्थाले गरेको हुनसक्ने सम्भावित कुराहरु सबैको बारेमा विचार गर्न मानिसहरुलाई प्रोत्साहन दिनुहोस् ।]

२२. मार्थाको लागि के-कस्तो सम्भावित श्रोत उपलब्ध थियो ?[उत्तरको लागि पर्खिनुहोस् ।] अक्सर गरेर जब हामी यो कथा सुन्छौं र यसको अर्थको बारेमा छलफल गर्छौं , अन्तिममा मानिसहरुले सुझाव बनाउँछन् कि मार्थाले येशूकहाँ गएर उहाँलाई भन्नसक्थ्यो , "प्रभू यि सबै खाना तयार गर्न र सेवा प्रदान गर्न म एक्लै सक्दिन । म के गरुँ ?"

२३. मार्था येशूकहाँ गईनन् र सहायताको लागि भनिनन् , किनभने उनी साह्रै लज्जालु थिईन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] मार्थाको हावभावलाई तपाईले कसरी वर्णन गर्नुहुन्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] यो कथामा उनको हावभावलाई येशूको हावभावसंग तुलना गर्नुहोस् ।

२४. मार्थाको छनोटलाई मरियमको छनोटसंग तुलना गर्नुहोस् । के ति छनोटहरु उस्तै छन् कि फरक छन् ?
[उत्तरको लागि पर्खिनुहोस् ।] कुन महिलाले येशू ख्रीष्टलाई दिंदैछिन् र कसले येशू ख्रीष्टबाट प्राप्त गरिरहेकी छिन् ?
[उत्तरको लागि पर्खिनुहोस् ।] कुन कामलाई येशूख्रीष्टले सबै भन्दा बढी मूल्यको ठान्नुहुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

हामी आशा गर्छौं कि मार्थाले येशू ख्रीष्टको लागि केहिकुरा गरिरहेकीछिन् जबकी मरियमले उहाँबाट प्राप्त गरिरहेकीछिन् भन्ने कुरा श्रोताहरुले पत्तालगाउनु हुन्छ । येशू ख्रीष्टले भन्नुहुन्छ बि मार्थाले जुन काम गरिरहेकीछिन् त्यो आवश्यक छैन । यसले कामहरु र अनुग्रहको बारेमा विशेष छलफललाई खुल्ला गर्नसक्छ ।

## तपाईका प्रश्नहरुले तपाईको शिक्षण शैलीलाई कसरी प्रस्तुत गर्नेछ ?

मानिसहरुलाई तपाईले भेट्टाउनु भएका अचम्मका अवलोकनहरु पत्ता लगाउन सहायता गर्नको लागि केहि प्रश्नहरुको रुप(शैली) तपाईले कसरी तयार गर्नुहुन्छ भन्ने कुराको निर्णय गर्नु भन्दा अघि शिक्षकहरुले प्रश्नहरु सोध्नमा प्रयोग गर्ने केही शैलीहरुलाई हामीले अवलोकन गर्नु आवश्यक पर्दछ ।

कथा भन्ने व्यक्तिहरुले प्रश्नहरु सोध्ने तरिकाले श्रोताहरुले प्रस्तुतकर्ताहरु झैं तिनीहरुलाई कसरी अनुभूत गराउनेछन् भनि तिनीहरुले पुष्टि गर्छन् । कथा भन्ने व्यक्तिहरुको आवाजको सुर, वाक्यशैली ,शारीरिक हावभाव) र प्रश्नहरुको वाक्यांश निर्माणद्धारा तिनीहरुले कठोर विद्यालय-शिक्षक , परोपकारी प्राध्यापक अथवा मित्र जस्तो विभिन्न व्यक्तित्वहरु प्रकट गर्न सक्छन् ।

सरल कथा अध्ययन विधिसंग कठोर विद्यालय शिक्षकको शैली उपयुक्त हुँदैन । कठोरताले सहभागीहरु आफैलाई यस्तो विचार गराउने बनाउँछ : "एउटा सही उत्तर त छ , र यदि मैले अशुद्धसित उत्तर दिएँ भने , सार्वजनिक रुपमा म लज्जित हुनेछु ।" यसकारण मानिसहरु उत्तर दिन डराउँछन् र धेरै प्रतिकिया पनि जनाउँदैनन् । सरल कथा अध्ययन विधि भरि नै , तर्क गर्न र परमेश्वरको वचनबाट गहिरा आत्मिक जानकारीहरु पत्तालगाउनको लागि परमेश्वरले दिनु भएको तिनीहरुको योग्यतालाई प्रयोग गर्न हामी मानिसहरुलाई प्रोत्साहन दिन्छौं । कठोर विद्यालय शिक्षक जस्तै गरी हामी काम गर्न चाहन्नौं ।

परोपकारी प्राध्यापक शैलि दयालु बन्नु र हँसिलो हुनु हो । तर प्राध्यापकले सोधिएका प्रश्नहरुको शब्दले सही उत्तर पहिले नै थाहा भईसकेको जस्तो गरी यसलाई स्पष्ट बनाउँछ । सहभागीहरुले यो कथा भन्ने व्यक्तिलाई यसो भन्दै अनुभूत गराउँछन् , "ज्ञानको पर्वतको चुचुरामा म उभिरहेको छु । मैले पहिल्यै अधिकार गरिसकेको जानकारी तपाईले आर्जन गर्नु भएको छ भनि देखाउन के तपाई सो चुचुरामा चढ्न निकै फूर्तिलो हुनुहुनेछ ?"

सिक्ने व्यक्तिहरुले छलफलमा भाग लिनेछन् । तर यदि तपाईले सावधानीपूर्वक हेर्नुभयो भने तपाईले देख्नुहुनेछ कि थोरै संख्याका ति सहभागीहरु जसले जवाफ दिन्छन् तिनीहरु दिमागमा तेज र सही उत्तरहरु दिन अभ्यस्त छन् । कथा भन्ने व्यक्तिको यो शैली थोरैले मनपराएर छान्छन् । समाजको विशिष्ट वर्णको भीडको हिस्सा हुनु तिनीहरुको लागि आनन्दयुक्त कुरा हो जसले वाँकी भएका प्रायजसो मानिसहरुले भन्दा धेरै बुझ्छन् ।

दुर्भाग्यवश , समाजको विशिष्ट वर्गको भीडमा भएका ति व्यक्तिहरुले बाँकी सहभागीहरुको हितको बारेमा कहिल्यै सोच्दैनन् जसले सो छलफलमा भाग लिएनन् । जो कहिल्यै फूर्तिलो अनुभव गरिएन ,तिनीहरु छोडिए । तिनीहरु आफैमा अनिश्चित छन् । तिनीहरुले पनि उन्नति गर्न सक्छन् भनेर तिनीहरु विश्वास गर्दैनन् ।

तर, कथा भन्ने आरोहि मित्रहरुले निपुणतापूर्वक सबै श्रोताहरुलाई यो अनुभव गर्न सहायता गर्छन् कि एकैसाथ तिनीहरु पर्वत चढ्दैछन् र एकैसाथ तिनीहरुले जानकारी पत्ता लगाउँदैछन् ।

केवल थाहा पाउनुहोस् कि सह-आरोहिको भूमिका निर्वाह गर्नु चाहिं कथा वाचकको लागि ग्रहण गर्न सबैभन्दा चुनौतिपूर्ण भूमिका हो । तर त्यो भूमिका प्रत्येकका लागि अति नै फलदायक छनौट पनि हो । यसले स्वाभाविक रुपमा हरेकलाई सहभागी हुन आमन्त्रण गर्दछ र सहभागी साथै कथा-वाचकका हृदयमा घमण्ड पैदा हुने अवसर एकदमै न्यून रहन्छ ।

एकपल्ट,एउटा कार्यशाला गोष्ठीमा खाना खाने समयावधिमा , एकजना उपस्थितजनले कथा भन्ने व्यक्ति आरोहीमित्र हुँदाको मोल(उपयोगिता) प्रमाणित गर्नुभयो । यो महिलाले भनिन् , "तपाईले भन्नु भएको मार्था-मरियमको कथा वास्तवमै मलाई मन पर्‍यो । यसले मलाई धेरै सोच्ने बनायो । के तपाईलाई थाहा छ यसको बारेमा सबैभन्दा असल मलाई के मनपर्‍यो ?"

हास्दै मैले प्रत्युत्तर दिएँ , "के ?"

“यो ति समयहरुमा थिए जब तपाई आफैलाई उत्तरहरु थाहा थिएन र तपाईको लागि ति उत्तरहरु हामीलाई खोज्न दिनुभयो ।”

“ओह !” मैले वर्णन गरें , “यो असल छ । हामीले सरल कथा अध्ययन विधिमा जे सिकाईरहेका छौं नमूना दिन मैले चाहें । वास्तवमा , विश्वभर धेरै पटक मैले त्यो कथा भनेको छु । अत: जब मैले प्रश्नहरु सोधें , मानिसहरूले दिएका धेरैजसो उत्तरहरू मलाई पहिल्यै नै थाहा थियो । तर तपाईहरु सबैलाई उत्तरहरु पत्ता लगाउने अवसर दिन चाहन्थें , यसकारण म पछि हटें ।”

उनले शिर झुकाइन् , “ओह मलाई त्यो थाहा छ , तर म ति सबै स्थानहरुको बारेमा कुरा गर्दैछु जहाँ तपाईलाई उत्तरहरु थाहा थिएन र तपाईले हामीलाई ति उत्तरहरु पत्ता लगाउन दिनुभयो । मलाई केवल यो मन पर्‍यो कि तपाईलाई सबैकुरा थाहा छैन भन्ने कुरा हामीलाई देखाउन तपाई डराउनु भएको थिएन ।

हुम्म ? म आफैमा बिचार गरें । मैले मेरो कार्य गरेको छु । अब समूहले पत्ता लगाएका कुरा र हामीले अनुसन्धान गरेका कुराहरु हामीले पहिल्यै थाहा पाईसकेका थियौं भनेर जिद्धि गर्नु कुनै आवश्यक छैन । उनले र अन्य उपस्थितवर्गहरुले पूर्णहृदयका साथ सहभागी भएका थिए । तिनीहरुले विचार गर्न र खोज्नको लागि “अनुमति” र स्वतन्त्रताको ज्ञान पाएका छन् । हामी अक्षरश :(साहित्यिक रुपले) साथ-साथ हिमाल आरोहण गरेका थियौं ।

कृपया ध्यान दिनुहोस् कि जब पनि मसंग धेरै परिचित कथाहरु म प्रस्तुत गर्छु , सहभागीहरुले अझै पनि निरन्तर रुपमा मेरो लागि नौलो लाग्ने आत्मिक अवलोकन तथा आत्मिक प्रयोगहरु पत्ता लगाउने काम गर्दछन्-एउटा त अझै पनि मैले चिन्न सकेको छैन । ति नयाँ ‘पत्ता लगाएका कुराहरु’ प्रश्न सोध्नको लागि मेरो प्रत्यक्ष नतिजा जस्तो विरलै आउँछन् । परमेश्वरको आवाज सुन्ने ति व्यक्तिहरुलाई अर्न्तदृष्टि प्रदान गर्ने पवित्र आत्माको दयापूर्ण तरिका तथा उत्साहपूर्ण छलफलको समयावधिमा ति खजानाहरु भेटिन्छन् । सरल कथा अध्ययन मंचले खजानाहरु पत्तालगाउन व्यक्ति विशेषहरुलाई झिल्काहरु दिने काम मात्र गर्दैन , तिनीहरुले भरखरै मात्र बुझ्न सकेका कुराहरु एकआपसमा बाँड्नको लागि उपयुक्त स्थान पनि मानिसहरुलाई प्रदान गर्दछ ।

## आरोहिमित्र कसरी बन्ने ?

प्रश्नहरुलाई भन्ने तरिकाले सहभागितालाई या त प्रोत्साहित बनाउने छ अथवा निरुत्साहित गर्नेछ । उदाहरणको लागि , यदि कथा वाचकले सोध्नुहुन्छ , “अब अब्राहमले कतिवटा उँटहरु ल्याए ?” यो समयमा यो प्रश्नको एउटा निश्चित उत्तर छ भनी श्रोताहरुले थाहा पाउँछन् । तिनीहरुले आफैमा विचार गर्नेछन् कि मैले सहि उत्तर दिनैपर्छ । यस्तो प्रकारको प्रश्नले कक्षाकोठाको भावनालाई श्रृजना गर्छ र अधिकांश छलफललाई बन्द गरिदिन्छ ।

यसको सट्टामा , तपाईलाई आश्चर्य लागिरहेको जस्तै गरी तपाईले आवाजको सुरलाई प्रयोग गर्न र तपाईले सोध्न सक्नुहुन्थ्यो , “तब , अब्राहमसंग भएका उँटहरु कतिवटा थिए ?” तपाईको शारीरिक हावभाव, मुखको आकृति र सुरले तपाई स्वयंपनि सो संख्या याद गर्ने कोशिश गरिरहनु भएको छ भन्ने कुरा अवगत गराउँछन् । यसले मानिसहरुलाई स्वयंसेवक बन्न र सहायता गर्न प्रोत्साहन दिन्छ । यदि कसैले भन्छ , “१२” ,तब तपाईले प्रत्युत्तर दिन सक्नुहुन्छ , “अब हेरौं.......यसको संख्या १२ थियो कि त्यो भन्दा केहि बढि ?” जब कसैले भन्छ , “यसको संख्या १४ थियो” ,तब तपाईले भन्न सक्नुहुन्छ आह , म सहमत छु । मलाई लाग्छ यसको सख्या १४ थियो । धन्यवाद । उत्तम जवाफ ।

यदि तपाईलाई सहायताको आवश्यकता भए जस्तो गरी तपाईले अभिनय गर्नुहुन्छ भने , मानिसहरुले अझ बढी स्वतन्त्रता पूर्वक प्रत्युत्तर दिने छन् । संचालनद्धारा अथवा अवलोकन (विचार)हरुमा होस् वा प्रयोगहरुमा , यस्तो गर्दा निर्दिष्ट उत्तरको साथमा आउनु भन्दा त मानिसहरु आफूले सहयोग गर्न चाहेको अनुभव गर्नेछन् र यसमा सहभागी हुन तथा तिनीहरुको विचारहरु प्रदान गर्न तिनीहरु प्रशस्त मात्रामा आरामदायी हुनेछन् ।

तपाईले प्रयोग गर्ने पश्नहरुको ढाँचाद्धारा मानिसहरुको लागि तपाईले एउटा वातावरण श्रृजना गर्नुहुन्छ । जब शिक्षकहरु र पास्टरहरुले भाषण दिन्छन् तिनीहरुले विद्यार्थीको रुपमा पढाउने ति व्यक्तिहरुद्धारा अनुभूत भएका हुन्छन् जसलाई सम्पूर्ण

उत्तरहरु थाहा हुन्छन् । विश्वका अधिकांश मानिसहरुले छलफललाई सिक्ने एउटा वाटोको रुपमा कहिल्यै अनुभव गरेका छैनन् । “सहि” उत्तरुको मात्र अपेक्ष ागर्ने एकजना विद्यालय शिक्षकको व्यक्तित्व कम प्रदर्शन गरेर कथा वाचकले ति नयाँ समालोचनात्मक शैलीका प्रश्नहरु उत्तर दिन परिचित भएनसकेका व्यक्तिहरुलाई सहभागिताका लागि उत्साहित गर्न सक्छ ।

यस्तै प्रकार जब जानकारीलाई खुल्ला बनाइन्छ , सो कथा भन्ने व्यक्तिले(कथा वाचकले) आश्चर्य र ज्यादै प्रशन्नका साथ प्रत्युत्तर दिन सक्छन् ।तपाईले यि कुराहरु भन्न सक्नुहुन्छ , “ओह , मलाई त्यो मन पर्छ ,” “मलाई लाग्छ , तपाईसंग केही कुरा छ ।” अथवा “त्यो वास्तवमै असल हुन्छ ।”

ति समयहरुमा मानिसहरुले आफ्ना विचारहरु बाँड्नेछन् जुन ठीक पनि लाग्नसक्छन् अथवा कथा संग मेल नखान पनि सक्छन् । एकजना आरोही मित्र जस्तो , सो कथा वाचकले कोमलतापूर्वक उक्त टिप्पणीलाई पुन : निर्देश गर्न र स्पष्टिकरणको लागि सोधाईद्धारा शुद्धिकरण गर्न सक्छ । यो पुन : निर्देशनले योगदानकर्तालाई अवरोध पुऱ्याउने(अलमल्लमा पार्ने) छैनन् ।

उदाहरणको लागि , कसैले एउटा कथन बनाउन र यो ठोस(अखण्डणीय) छ भनेर विचार गर्न सक्छ । तर तपाई स्पष्टरुपमा निश्चित हुनुहुन्छ कि यस कथा भित्र यो छैन । तपाईले भन्नसक्नुहुन्छ , “उह ,मलाई सहायता गर्नुहोस् त्यो कथा भित्र यो कहाँ छ ?” निससन्देह सो कथा भित्र उक्त कथन समायोजित नगरेको कुरा तपाईलाई थाहा भएता पनि तपाईको नम्र प्रत्युत्तरले त्यो व्यक्तिलाई अनुहार बिग्रनबाट र सर्वसाधारणको अगाडी स्पष्ट रुपले सच्याइएको हुनबाट जोगाउँछ । त्यो व्यक्तिले स्वतन्त्रताको अनुभवलाई कायम राख्न र अनुसन्धान कार्यलाई निरन्तरता दिन प्रोत्साहित बनाउनेछ ।

यदि कुनै एउटा विचार बाँडिएको छ जुन तपाईको सोचमा त्यो गलत छ अथवा संदेहयुक्त हुनसक्छ ,यसलाई सम्बोधन गर्ने अर्को भलादमी तरिका हो तिनीहरुको योगदानको लागि समूहसंग सोध्ने । तपाईले केहि कुरा भन्न सक्नुहुन्थ्यो , जस्तै “हुम्म,चाखलाग्दो,मलाई आश्चर्य लाग्छ कि त्यसको बारेमा बाँकि तपाई सबैले के सोच्नुहुन्छ ? यस कथा भित्र हामीले यो कसरी देख्छौं ?” फेरी , पूर्ण समूहको साथमा छलफल गर्न दिएर तपाई आफैले आफैलाई विद्यालय शिक्षक अथवा प्राध्यापकको स्थानमा(पदमा) माथि उठ्नुहुने छैन् । पवित्र आत्माले ज्ञान प्राप्त शिक्षक हुन दिनुहुन्छ र परमेश्वरको वचन नै अन्तिम अधिकार हुन आउँदछ ।

यादराख्नुहोस् ,तपाईलाई केहिकुरा थाहा नभएको जस्तो जति धेरै अभिनय गर्नुहुन्छ , त्यति धेरै सहयोगी मानिसहरु हुन आउँछन् । यो त्यहि व्यक्तित्व हो जुन तपाईले प्रश्नहरु सोध्नमा र छलफल अघि बढाउनका लागि प्रदर्शन गर्ने कोशिश गर्नुहुन्छ । यदि तपाईलाई सबैकुरा थाहा भएजस्तो तपाईले अभिनय गर्नु भयो भने । तपाईको प्रश्नको जवाफ दिन मानिसहरु अझ धेरै हिचकिचाउने हुनजान्छन् । जस्तो कि हामीले भन्यौं कि कक्षाकोठामा फल श्रृजना गर्ने कोशिश गर्नुहोस् । किनभने त्यस्तो वातावरणमा गलत जवाफ दिन मानिसहरु डराउँछन् ।

प्रयोगात्मक, वाक्यांशहरूको खोजी गर्नाले खोजकर्ता मित्रलाई त्यो वातावरण प्रदान गर्नमा कथावाचकलाई मद्धत गर्दछ । संकेतार्थक शब्दहरु तथा वाक्यांशहरुको साथमा तपाईका प्रश्नहरुलाई भूमिका बाँध्नुहोस् , जस्तै : “मलाई आश्चर्य लाग्छ यदि........?” “के यो हुनसक्थ्यो........?” “के यो एउटा सभाव्यता जस्तो देखिन्छ.........?” ति परीक्षा रीतिको प्रयोग सम्बन्धी , वाक्यांशहरुको प्रकारको खोजले मित्र-अन्वेषणकर्तालाई वातावरण(परिस्थिति) प्रदान गर्न कथा भन्ने व्यक्तिहरुलाई सहयोग गर्दछन् ।

सम्भवत, सरल कथा अध्ययन विधिको सबैभन्दा चुनौतिपूर्ण दक्षता, जसमा सिक्नको लागि सबैभन्दा बढि अभ्यासको आवश्यकता पर्दछ , त्यो नै प्रश्नहरु-कसरी-सोध्ने दक्षता हो । तपाईले अज्ञानी जस्तो देखिन कोशिश गरिरहनु भएको छैन अथवा जुनकुरा वास्तवमै तपाईलाई थाहा छ त्यो केहि तपाईलाई थाहा छैन भनेर भन्ने कोशिश गरिरहनु भएको छैन । वरु प्रश्नहरु सोध्ने यो एउटा तरीका हो,जसले तपाई एकजना मित्रप्रशिक्षणकर्ता हुनुहुन्छ भन्ने सल्लाह दिन्छ । प्रश्नहरुको वाक्यांश प्रयोग गर्ने यो शैलीले मानिसहरुलाई तिनीहरुको उत्तरहरु बाँड्न प्रोत्साहित गर्नेछ ।

# प्रस्तुति स्थिति भाग दुई :

# आत्मिक प्रयोगहरुको छलफल

**आत्मिक प्रयोगहरु :** अगाडी,जब हामीले मार्था-मरियम कथामा हेर्‍यौं,हामीले केही आश्चर्यकारी आत्मिक प्रयोगहरु भेट्टायौं । परमेश्वरको वचनबाट केही आवश्यक कुराहरु हामीले पत्ता लगायौं र आज हाम्रो जिवनमा ति पत्तालागेका कुराहरु हामीले प्रयोग गरोस् भनी परमेश्वरले कसरी चाहनुहुन्छ भन्ने बारेमा पनि हामीले विचार गर्‍यौं ।

सरल कथा अध्ययन विधिको अर्को भाग नै प्रश्नहरु सोध्ने हो जसले श्रोताहरुलाई छलफल गर्न तपाईले भेट्टाउनु भएका आत्मिक प्रयोगहरुको खोजी गर्नमा अगुवाई गर्दछ । यो दक्षताले कथावाचकहरूलाई चुनौतिहरु दिने र इनामहरु प्रदान गर्ने दुबै कामहरु गर्दछ । तपाईले पत्ता लगाउनु भएका खजानाहरु तपाईका श्रोताहरुलाई केवल दिनको लागि तपाईले प्रलोभनलाई प्रतिकार गर्नुपर्नेछ । बदलामा , तपाईले प्रश्नहरुको ढाँचा तयार गर्ने दक्षता विकाश गर्नुपर्दछ जसले कथा भित्रबाट आफ्नो लागि खजानाहरु पत्ता लगाउन श्रोताहरुलाई सहायता गर्दछ ।

केहि नमूना-प्रश्नहरु कस्ता अनुसरणहरु हुन् जसमध्ये कुनैलाई मार्था-मरियम कथा भित्रका प्रयोगहरु मध्ये केहि आत्मिक अवलोकनहरू पत्ता लगाउनमा मानिसहरुलाई सहायता गर्नको लागि प्रयोग गरिएको हुनसक्थ्यो । अघि जस्तो , जब हामीले आत्मिक प्रयोगहरु पत्तालगायौं,उक्त कथालाई शुरुदेखि अन्तसम्म परिक्षण गरिएको छ । ध्यान दिनुहोस् कि प्रत्येक समय,प्रश्नहरु सोध्नुभन्दा अघि कथाको एउटा सानो अंशलाई पहिला पुनःवर्णन गरिन्छन् । त्यस पछि केहि प्रश्नहरु सोधिन्छन् जसले श्रोताहरुको प्रयोगहरुलाई धेरै सामान्य र टाढा हटाइएको देखि नजिक अनि अझ नजिक साथै झन् धेरै विशेषता देखाइएको र व्यक्तिगत प्रयोगहरु तर्फ लैजान्छ ।

*१. यो कथामा , मरियमले भान्छाको कामलाई छोड्छिन् र येशूको पाउनेर बसेर उहाँबाट सिक्न उनको समय खर्च गर्ने छनोट बनाउँछिन् । येशूको वचन बाइबल भित्र छन् । हाम्रो लागि यसमा कुनै प्रयोग समाविष्ट छ ? के आज पनि मरियमले झैं येशूको पाउनेर बस्ने छनोट हामीले बनाउन सक्छौं ?[उत्तरको लागि पर्खिनुहोस् ।]*

श्रोताहरु निम्नलिखित प्रयोग तर्फ नजिक आईपुग्नेछन् भनी हामी आशा गर्दछौं । आजु परमेश्वरको वचन अध्ययन अथवा परमेश्वरको आराधना गर्नु येशूको वचन सुन्नु जस्तै हो । येशूको पाउनेर बस्ने कामले परमेश्वरको वचनमा साँचा चाख प्रदर्शन गर्छ भन्ने कुरा यसले देखाउन सक्छ ।

२. मार्थाले येशूको सत्कार गर्ने छनोट गरेर उनी ज्यादा भारले लादिएकी थिइन् । के आज हामीसंग त्यस्तो समस्या छ ? तपाईले कस्तो सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस् ।] आज , के मानिसहरुले सेवाकाइमा वा यस्तै प्रकार काम वा घरमा तिनीहरुले सम्हाल्न सक्ने भन्दा बढ्ता काम हातमा लिन्छन् ? यो कुन प्रकारले हुन सक्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] जब हामीले सेवाकाइको काम (अथवा हामीले गर्ने निर्णय गरेका अन्य काम) हाम्रो निम्ति ज्यादै ठूलो भार हुनथाल्छ र परमेश्वरबाट सिक्ने हाम्रो समयदेखि हामीलाई टाढा लैजान्छ , हामीले कस्तो प्रतिक्रिया जनाउन सक्छौं ? [उत्तरको लागि पर्खिनुहोस् ।]

३. मार्थाले असल काम गर्ने छनोट गरिन् , यो उनको विचार थियो तर येशूको होईन । के आज पनि मानिसहरूसँग त्यस्ता असल कामहरू गर्ने छनोटहरू हुन्छन् ? [उत्तरको लागि पर्खिनुहोस् ।] मानिसहरुले त्यस्ता छनोटहरु बनाउनसक्छन् जुन असल देखिन्छन् किनभने ति छनोटहरु असल काम गर्नको लागि अनि निस्सन्देह इसाइहरुको कामको लागि हुन् ? मानिसहरुले परमेश्वरको लागि केहि कुरा गर्ने छनोट कसरी बनाउन सक्छन् जबकि उहाँले तिनीहरुलाई केहि गरिदिनको लागि भन्नुभएको छैन अथवा केहि गरिदेओस् भनि उहाँले ईच्छा गर्नुभएको छैन ? के तपाईले आफै त्यस्तो कहिल्यै गर्नु भएको छ अथवा त्यस्तो भएकोदेख्नु भएको छ ? के तपाईले यसको बारेमा बताउन सक्नुहुन्छ ?

परमेश्वरको निम्ति केही कुरा गर्ने हाम्रो छनोटहरुले कुन तरिकामा हामीलाई परमेश्वरसंग समय बिताउने अवसर देखि टाढा डोर्‍याउँछ ?[उत्तरको लागि पर्खिनुहोस् ।] जुन सेवाकाईको काम हामीले गर्छु भनेर निर्णय गरेका छौं ,त्यो कामले परमेश्वरबाट सिक्नको लागि खर्च गर्न आवश्यक समय देखि हामीलाई अलग गरेको हामी पाउँछौं र स्विकार पनि गर्छौं , तब हामीले के गर्नुपर्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

४.  अतिथि सत्कारको काममा सहायता नगरेकोमा मार्थाले मरियमलाई दोष लगाउँछिन् जबकि त्यो दिनको योजनाहरू उनकै थिए र येशूले पनि मरियमलाई सत्कारको काम गर्न दिइरहनु भएको थिएन । आज पनि , जब मानिसहरु आफूले सम्हाल्न सक्ने भन्दा बढ्दा काम हातमा लिन्छन् , तब ति मानिसहरुले कसलाई र के दोष लगाउन तत्पर हुन्छन् ? मेरो भनाईको तात्पर्य , के माीसहरुले ज्यादा भारको लागि छिटो जिम्मेवारी ग्रहण गर्छन अथवा यसको लागि अरुहरुलाई दोष लगाउने गर्छन् ? तपाईले के अवलोकन गर्नुभएको छ ? [उत्तरको लागि पर्खिनुहोस् ।]

५.  मार्थाले उनको समस्याको बारेमा कुनै वास्ता गर्नुभएन भनी निर्भीकर्ताले येशूलाई दोष लगाएको हामीले देख्यौं । आज, के मानिसहरुले तिनीहरुको दशाहरुको लागि कहिल्यै अरुलाई दोष लगाउँछन् अथवा यस्तै प्रकार तिनीहरु आफैले बनाएका निर्णयहरुको लागि अरुलाई दोष लगाउँछन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] तपाई अथवा तपाईले चिन्नु भएका मानिसहरु कहिल्यै तिनीहरुले बनाएका निर्णयहरुको लागि परमेश्वरलाई दोष लगाउने जस्तो धेरै टाढा गएका छन् र तब परमेश्वरले वास्ता गर्नुहुन्न भनेर तिनीहरुले सल्लाह दिन्छन् ?[उत्तरको लागि पर्खिनुहोस् ।]

६.  येशू एकजना शिक्षक हुनुहुन्थ्यो र उहाँसंग चेलाहरु थिए भनेर मार्थालाई थाहा भएको कुरा  हामी सो कथामा देख्यौं । उनले येशूलाई “प्रभु” भनेर बोलाइन् , जुन चाहिँ उनले उहाँलाई आफ्नो अगुवा तथा उनी भन्दा उच्चको रुपमा हेरेको सीमित अर्थ दिन्छ । त्यसपछि उनको समस्यालाई हल गर्न के गर्ने भनेर उनले येशूसंग सोधिन् । के आज पनि मानिसहरुसंग कहिल्यै समस्याहरु पर्छन्(निस्सन्देह तिनीहरुले आफ्नै लागि समस्या श्रृजना गर्छन्) र तब ब्रम्हाण्डका परमेश्वरलाई प्रार्थना गर्छन् तथा ति समस्याहरुलाई कसरी समाधान गर्ने भनेर उहाँसंग सोध्छन् ?[उत्तरको लागि पर्खिनुहोस् ।]

मानिसहरुले त्यो कसरी गर्न सक्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] हाम्रो “प्रभु” परमेश्वरलाई बोलाउन र तब हामी आफ्नै कारणले निम्त्याएका ति समस्याहरुलाई कसरी समाधान गर्ने भनेर उहाँसंग सोध्न के यसले चेतनाको निर्माण गर्छ ? तपाईले के सोच्नुहुन्छ ? [उत्तरको लागि पर्खिनुहोस् ।]

७.  त्यो चाखलाग्दो कुरा हो - दोषहरुको बारेमा । जब मानिसहरु आफूले सम्हाल्न सक्ने भन्दा धेरै काम हातमा लिन्छन् र तब तिनीहरुले परमेश्वरलाई सोध्छन् , “अरुहरुले मलाई सहायता गरिरहेका छैनन् भन्ने के तपाई वास्ता गर्नुहुन्न ?” यो समयमा परमेश्वरले कस्तो अनुभव गर्न सक्नुहुन्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।]

८.  हामीले देख्यौं कि मरियमले असल भागको छनोट गरिन् र अझपनि उनकी बहिनी मार्थाले मरियमलाई उनको निर्णयको आचोचना गरिन् । आज,यो कहिल्यै हुन्छ कि मानिसहरुले असल छनोटहरु बनाउँछन् र तब तिनीहरुलाई अनादर गरिएका हुन्छन् साथै कसैले तिनीहरुलाई अरु नै केहि कुरा गर्न भनेको हुन्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।] कुन तरिकामा अथवा ठाउँहरुमा त्यो हुनसक्छ ? शायद घरमा , काममा,विद्यालयमा ,सेवाकाईमा वा यस्तै प्रकार ति व्यक्तिहरुको बिचमा जसलाई हामी सेवा प्रदान गर्छौं ?[उत्तरको लागि पर्खिनुहोस् ।]

९.  असल निर्णय बनाउन र निर्लज्जपूर्ण रुपले व्यवहार गरिएको हुन यो कस्तो अनुभव गर्ने जस्तो हुनुपर्दछ ?[उत्तरको लागि पर्खिनुहोस् ।] येशू ख्रीष्टले त्यो अनादरलाई कसरी सम्हाल्नु भयो भन्ने कुरा हामीले देख्यौं । उहाँले कसरी जवाव दिनुभयो भन्ने कुराबाट हामीले के सिक्न सक्थ्यौं ?

१०. के तपाईको बिचारमा मार्थाले जस्तै शारीरिक कार्यहरु पनि गरिरहने र त्यहि समयमा परमेश्वरबाट शिक्षा लिईराख्ने तथा उहाँको आराधना पनि गरिराख्ने हुन सम्भव छ ? यो के जस्तो हुनसक्छ भनेर वर्णन गर्ने कोशिश गर्नुहोस् ।

११. अर्कोतिर , के तपाईको बिचारमा वाईवल अध्ययन गरिरहेको र शिक्षा आर्जन गरिरहेको व्यक्ति मरियमको जस्तो स्थानमा हुनसक्थ्यो र त्यसबेलासम्म पनि त्यो व्यक्तिको विचारहरु वास्तवमा केहि युक्ति प्रयोजन कार्यमा केन्द्रित छन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] के तपाई स्वंय त्यस्तो गरिरहनुभएको केहि कुरा हो जुन तपाईले(अथवा तपाईले चिन्नु भएको कोहि व्यक्तिले)कहिल्यै भेट्टाउनु भएको छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१२. म ति समयहरुको बारेमा सोचिरहेको थिएँ जब म मेरो वाईवल पुस्तक पढिरहेको थिएँ अथवा प्रार्थना गरिरहेको थिएँ र मेरो दिमाग अन्तै भौतारिन थाल्यो । मैले अरु कुराहरुको बारेमा विचार गर्न शुरु गरें , हुनसक्छ मैले गर्न जरुरी केहि

कामहरुको बारेमा । के कोही व्यक्तिलाई त्यस्तो कहिल्यै हुनजान्छ ?[छोटो विश्राम] मार्था र मरियमको कथाको नैसर्गिक ज्ञानले , यो मानसिक रुपमा भौतारिनुलाई तपाईले कसरी वर्णन गर्नुहुन्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१३. मार्थाले जब मरियमलाई येशूको त्यो शिक्षालाई छोडेर उनलाई सघाउनका निम्ति जान भनिदिनुहोस् भनेर येशुलाई भनिन् हामीले देख्यौं कि त्यो समयमा येशूको वचनलाई सुन्ने मरियमको छनोटदेखि मार्था सन्तुष्ट थिइनन् । आज के मानिसहरुले तिनीहरुको सम्बन्ध येशूसंग आदरणिय बनाउन कुनै निर्णयहरु बनाउँछन् , जस्तो कि-तिनीहरुको विश्वास उहाँमा राखेर ,झन् गहिरो विश्वासको प्रतिवद्धता खोजेर(पत्ता लगाएर) अथवा हुनसक्छ पुरा समय सेवाकाई भित्र प्रवेशगर्ने छनोट गरेर - कि तिनीहरुका परीवारहरु वा संस्कृतिले आलोचना गर्न सक्छन् ?[उत्तरको लागि पर्खिनुहोस् ।] कस्ता प्रकारका निर्णयहरुको कारण यो विरोध हुनजान्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१४. येशूले मार्थालाई भन्नुभयो कि मरियमले जुन कुरा छानिन् त्यो उनीबाट खोसिने छैन । मरियमको निर्णयको बारेमा येशूले जे भन्नुभयो,के को बारेमा उहाँले उनको निर्णयसंग हस्तक्षेप गर्नुहुन्थ्यो अथवा हुन्नथ्यो जुन आज हाम्रो लागि अर्थपूर्ण हुनजान्थ्यो ? यदि त्यसो हो भने,कुन तरिकामा ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१५. कुनै धर्मको बारेमा सोच्नुहोस् जुन तपाईको दिमाग भित्र आउँछ ।[ छोटो बिश्राम ।] त्यो धर्ममा, के यसका अनुसरणकर्ताहरुले देवी-देवताहरुलाई शान्त पार्न अथवा प्रभाव पार्नको लागि कामहरु गरिरहेका छन् अथवा के त्यो देव/देवीबाट स्वतन्त्र रुपले प्राप्त गर्ने एउटै मात्र धर्म हो ? येशूले सबैभन्दा बढि मान्यता दिनुहुने आचरणलाई थाहापाउनको लागि यो कथाको कुन कुराले हामीलाई हसायता गर्नसक्छ ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१६. जस्तो कि हामीले देख्यौं , जब मार्थाले महशुश गरिन् कि उनले सम्हाल्न सक्ने भन्दा बढी काम उनीसंग थिएँ , उनले मरियम र येशू खीष्टलाई दोष लगाइन् तर आफैलाई दोषि मानिनन् । मार्थाले गर्नैपर्छ भनेर सोचेको काम पुरा गर्न असमर्थ भएको कुरा जब मार्थाले महशुश गरिन् , हामीले देख्यौं कि उनले के गर्नुपर्छ भनेर येशू खीष्टसंग आवश्यकता हल गर्ने साधन या उपाय सोध्न अस्वीकार गरिन् । यो कुरा दिमागमा राखेर , हाम्रो अधिक भारार्पणको समयलाई हामीले कसरी सम्हाल्ने भन्ने बारेमा फेरी सोच्नुहोस् । यो कथाले बुद्धिमान(विवेकी) चुनाउहरुको बारेमा हामीलाई के सिकाउनसक्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।]

१७. जब मरियमले येशू खीष्टबाट बचन सुन्न छनोट गरिन् उहाँले उनको छनोटको आदर गर्नुभयो । निस्सन्देह यसको कारण उनलाई उनको संस्कृति र उनको वरपर भएका सबैको आशाको विरुद्धमा जानु पर्‍यो । यसले हामीलाई के सिकाउनसक्थ्यो ?[उत्तरको लागि पर्खिनुहोस् ।] परमेश्वरलाई चिनेर उहाँको अनुसरणमा अथवा उहाँको साथमा समय बिताउन हाम्रो लागि हाम्रा संस्कृति र मानिसहरुको हामी प्रतिको आशाको बिरुद्धमा हामीले छनोट गर्न आवश्यक हुनसक्थ्यो ? कसरी ?

सरल कथा अध्ययन विधि प्रयोग गरेर तपाईले भरखरै मात्र मार्था-मरियम बाइबलीय कथाको प्रस्तुति पुरा गर्नुभयो । फरक-फरक तरिकामा तपाईले शायद तपाईको सेवाकाईको समय समाप्त गर्नुभयो । प्रार्थना गरेर तपाईले बिट मार्न सक्नुहुन्छ , सृजनशील निर्देश गर्ने शक्ति प्रयोग गर्नुहोस्(तल दिइएको जस्तो), अथवा यस्ता प्रकारका केहि सामान्य प्रश्नहरु सोध्नुहोस् :

यो कथामा तपाईले के सिक्नुभयो ?

यो कथामा परमेश्वरले तपाईलाई के देखाउनुभयो ?

परमेश्वरको बारेमा तपाईले के सिक्नुभयो ?

तपाईले के पत्ता लगाउनु भयो जसले अर्को हप्ता तपाईलाई मद्धत गर्न सक्छ ?

## परिशिष्ट ‘ख’ : नमूना कथाद्वारा भएर यात्रा , अझ बढि अभ्यास प्रदान गर्छ ।

## सृजनशील सुदृढिकरण (निर्देश र नियन्त्रण गर्ने शक्ति)

कथाको सम्पूर्ण अनुसन्धानको एउटा उपउत्पादन यो हो कि मानिसहरुले सो कथा स्वच्छतासाथ राम्ररी सिकेको हुनेछ। कथालाई पूर्णरुपले अनुसन्धान गरिसकेपछि र यसको प्रयोगलाई निर्माण गरिसकेपछि मानिसहरुको स्मरणशक्तिमा मजबुत गर्न सहायता गर्न सृजनशील तरिकाहरुको लागि कथा वाचकहरुले खोजि गर्ने निर्णय गर्न सक्छन्।

उदाहरणको लागि , पाँच-दिने(दिनको) कार्यशाला गोष्ठिमा , उपस्थितजनहरुलाई २१ वटा बाईबलीय कथाहरुमा गहिरो रुपले व्याख्या गरिएका हुन्छन्। मानिसहरुले सिकेका धेरै कथाहरु याद गर्न तिनीहरुलाई निर्देश र नियन्त्रण गर्ने शक्तिको आवश्यक पर्दछ। ति कथाहरुलाई तिनीहरुले पुनर्विचार(समालोचना) गर्नु आवश्यक पर्दछ , र तिनीहरुको स्मरणमा ति कथाहरुलाई राख्न तिनीहरुले अभ्यास गर्नु आवश्यक पर्दछ।

हुनसक्छ एक-अर्कामा कथालाई पुनः वाचन गर्दै कथालाई अभ्यास गर्नको लागि मानिसहरुलाई भन्न सक्नुहुन्छ। सम्भवतः यि नयाँ कथवाचकहरू त्यस्तो प्रकारको गित वा कविताहरू बनाउन सक्छन् जसले सो कथालाई यथार्थ रुपमा वर्णन गर्दछ। तपाईले मौखिक-शैली को कुनैपनि कुरालाई दृष्टिगत गर्नुहुन्छ र मानिसहरुलाई कथा यथार्थ रुपमा यादगर्न मद्धत गर्नुहुन्छ भने यो असल हो।

यो सृजनशील निर्देश र निर्देशन गर्ने शक्ति बिशेषगरी ति मानिसहरुको लागि लाभदायक छ जसले पढ्न जान्दैनन् अथवा तिनीहरुको भाषामा छापिएको बाइबल तिनीहरुसंग छैनन् र तिनीहरुले बुझ्ने भाषामा रेकर्ड गरिएका कथाहरु उपलब्ध छैनन्। ति सहभागीहरु जो साक्षर छैनन् र जो भाषिय समूहसंग सम्बन्धित छैनन् र रेकर्ड गरिएको बाइबल पुस्तक अथवा बाइबलीय कथाहरु छैनन् , तिनीहरुलाई सम्भव भएसम्म धेरै सहायता आवश्यक पर्दछ।

यो रमाईलो(चाखलाग्दो) छ , समाधानहरु सधैं स्पष्ट छन्-तिनीहरुलाई तपाईले भेट्टाउनु भएपछि। यो संकटस्पद स्थिति(दुबिधा) भित्र हेर्नाले यसले हामीलाई ठूलो परिमाणमा समाधान पत्ता लगाउन अनुमति प्रदान गर्दछ। यदि रेकर्ड गरिएका बाइबल कथाहरु आवश्यक पर्ने मानिसहरुले कार्याशाला गोष्ठिको समयावधिभर तिनीहरुको मातृभाषामा कथाहरु वाचन गरिरहेका छन् भने-ति कथाहरु मानिसहरुको लागि सेकर्ड गर्न त्यस कार्यशाला गोष्ठिमा केहि समय स्थापित गर्ने पूर्ण अवसर त्यसले प्रदान गर्दछ।

सरल कथा अध्ययन विधिमा केहि वर्ष , हामीले यो वाक्यांशको नयाँ कल्पना(आविस्कार) गऱ्यौं "मानसपतल"। हामीले भन्यौं , "तपाईले एकपटक एउटा कथा अध्ययन गर्नुभएको छ भने त्यो कथा तपाईको "मानसपतल" मा छ"।

पछि अशिक्षितहरुको बिचमा हामीले एउटा समस्या भेट्टायौं , जसले सयौं कथाहरु अध्ययन गरिरहेका थिए। तिनीहरुलाई ति कथाहरु थाहा थिए , तर तिनीहरुले ति कथाहरुको सूचि तयार पार्न नसकेको हुनाले-तिनीहरुलाई कुन कथा जानेका छन् भनेर याद गर्न सकेनन्।

हाम्रा मानसपतल पुस्तकहरुको विकासलाई त्यसले प्रेरणा दियो(ध्यानाकर्षण गरायो)। नामनिर्दिष्ट परिचयपत्रको आकारका प्रत्येक पृष्ठहरुको साथमा प्राथमिक चित्रहरु हुन्छन् जसले निश्चित कथालाई तुरुन्तै दिमागमा ल्याउँछ। यि चित्रहरु याद गरेको हुनुपर्ने प्रतिभाहरु होइनन्। तिनीहरु रेखाङ्कित गरिएका हुन्छन् जसले सो कथालाई केवल विलक्षण(अद्धितीय वा एकमात्र) केहि कुरा देखाउँदछन्। ति पृष्ठहरु पत्र-पत्रमा छुट्याइएका हुन्छन् र एउटा चाबिको ठूलो रिङ्ग(Ring) मा राखिएका हुन्छन् जुन कथावाचकको व्यक्तिगत मानसपतल पुस्तक हुनजान्छन्।(शिक्षितहरुले पनि यसलाई प्रेम गर्छन(रुचाउँछन्)जसले धेरै कथाहरु अध्ययन गर्छन्।)

हामीलाई फलदायक समाधानहरु दिएर उहाँको अनुग्रह(कृपा) देखाउनुभएको निम्ति हामी परमेश्वरलाई धन्यवाद चढाउँदछौं।

## अध्याय ६ : छलफलहरुमा अगुवाई गर्नको लागि सामान्य संकेतहरु

जब छलफल अगाडि बढ्छ,तपाईको विगतका अनुभवहरु र तपाईले सिकाउनु भए जस्तो प्रश्नहरुको ढाँचा तयार गर्न बाईबलको ज्ञानलाई परमेश्वरले प्रयोग गर्न सक्नुहुन्छ। कुन कुराको छलफल गर्न आवश्यक पर्छ भन्ने कुरा पवित्र आत्माले जान्नु हुन्छ र जब तपाईले सिकाउन थाल्नुहुन्छ उँहाले नै तपाईलाई अगुवाई गर्नुहुन्छ।

सम्भवत:सबैभन्दा महत्वपूर्ण शिपहरु मध्ये एक जुन हामी तपाईहरुलाई प्रदान गर्न सक्छौं र त्यो हो **सुन्ने र प्रत्युत्तर दिने** धारणा जसले कथाको सफल छलफल तर्फ डोऱ्याउन सक्छ । जब तपाईले कथा तयार गर्नुहुन्छ ,परमेश्वरको वचनलाई तपाईंले राम्ररी सुन्नु आवश्यक पर्दछ र जब कोही एक जनाले कथालाई वाचन गर्नेछ कथामा तपाईंलाई परमेश्वरले देखाउनु भए जस्तै प्रयोगहरुको लागि तपाईंले प्रत्युत्तर दिनु आवश्यक पर्दछ । त्यसैगरी छलफलको अवधिभर जसै तपाईले सुन्नुहुन्छ र प्रत्युत्तर दिनुहुन्छ-मानिसहरुले भनेका कुराहरु राम्ररी सुन्नुहोस् र तिनीहरुलाई प्रत्युक्तर दिनुहोस ।

## अतिप्रिय ज्येष्ठ मानिस(अग्रज)

दिनको एउटा निश्चित समयमा,एउटा विशेष गाँउमा मानिसहरु विभिन्न ज्येष्ठ मानिसहरुको वरिपरि कुराकानी गर्नको लागि भेला हुनथाल्यो । कोहि मानिसहरुले तिनीहरुलाई धेरै नै विवेकी(बुद्धिमानी) जानकारी दिने ज्येष्ठ मानिसहरुको साथमा बस्ने छनोट गरे । अरु व्यक्तिहरुले त्यस्तो ज्येष्ठ मानिस सँग हुन चाहे जुन ज्येष्ठ मानिस अरु व्यक्तिहरुले भन्नु पर्ने कुराहरु बसेर सुन्नेको रुपमा चिनिन्छ । तर त्यो गाँउका प्रायजसो मानिसहरु एकजना विशेष ज्येष्ठ मानिसको साथमा रहेर समय बिताउन चाहे । वास्तवमा यो गाँउका सबैले सो ज्येष्ठ मानिसलाई प्रेम पूर्वक “अतिप्रिय ज्येष्ठ मानिस” भन्ने  गर्दथ्यो ।

यद्यपि सो अतिप्रिय ज्येष्ठ मानिस(अग्रज)ले धेरै विवेकी(बुद्धिमानी) जानकारीको बारेमा बोल्नुहुन्छ साथै उहाँले अरुको कुरा राम्ररी सुन्नुहुन्छ । तर ति दक्षताहरुको अलावा यो अतिप्रिय व्यक्तिले थप अन्तर्दृष्टि पनि प्रकट(प्रदर्शित) गर्नुहुन्छ । मानिसहरुलाई सोच्ने र पत्ता लगाउने अवसर प्रदान गरेर उसको वुद्धि(विवेक)लाई कसरी उनीहरुमा सार्ने भनेर बुझ्छन् । निस्सन्देह पनि उसले(अग्रजले) उसका मानिसहरुले भन्दा ठूलो(विशाल) ज्ञानलाई प्रभुत्व जमाउँछ । उसले ति मानिसहरुलाई प्रोत्साहन दिने काम गर्छ जो उससँग आफ्ना बिचारहरु पेश गर्न र बाँडचुँड गर्न उसकहाँ आउँछन् । यो अग्रजले अक्सर बोल्दैन-यद्यपि उसलाई प्रश्नहरुको उत्तरहरु सबै थाहा हुन्छ । यसले उसकहाँ आउने ति मानिसहरुलाई विचार गर्ने कुरा सिक्न र समस्याहरु समाधान गर्न लगाउँछ ।

यो अतिप्रिय अग्रजले उसका छोराहरुलाई(प्रोत्साहन दिने काम गर्दछ)र यसै प्रकारले उसको श्रीमति र छोरीहरुलाई पनि तिनीहरुको सोचाईहरुलाई उच्चारण गर्नको लागि । अरुहरुलाई बोल्न दिनमा उसलाई कुनै कुराको डर छैन किन भने उसलाई ठूलो(विशाल) ज्ञानलाई प्रभुत्व जमाउन सक्छ भन्ने कुरा उसलाई थाहा छ । उसले अगुवाई(नेतृत्व) गर्ने ति मानिसहरुलाई जति धेरै हिम्मत(उत्साह) र पूर्ण विश्वास दिन सक्थ्यो त्यति धेरै उसको नेतृत्वमा तिनीहरुले खजानाहरु भेट्टाउनेछन् भन्ने कुरा उसलाई थाहा छ ।

यसरी उसका चेलाहरुले(अनुसरणकर्ताले) उसको अगुवाई(नेतृत्व) शैलिलाई नक्कल गर्छन् र यसको वदला वुद्धि(विवेक)को खोजि गर्नको लागि तिनीहरुले अरुहरुलाई उत्साह दिन्छन् । यो अग्रजका छोराछोरीहरु वुद्धिमान र पूर्ण विश्वासी हुनको लागि हुर्केका छन् र तिनीहरु आफ्ना बुबाको मार्गमा हिड्छन् ।

पृथ्वीमा येशू खीष्टको सेवाकाईमा शुरुको समयको बारेमा बाईबलले भन्दछ जब उहाँको बचनबाट सिकाउनु भएको सुन्न ५००० भन्दा बढ्ता मानिसहरु आए । तर ति मानिसहरुलाई खानेकुराको आवश्यकता पऱ्यो । येशू खीष्टले सबैभन्दा पहिले एउटा प्रश्न सोध्नुभयो र फिलिप र उहाँका चेलाहरुले कसरी त्यो समस्यालाई हल गर्नेछन् भनि विचार गर्न तिनीहरुलाई एउटा अवसर दिनुभयो । तर कसैले पनि आश्चर्यकर्म गरिदिनको लागि येशू खीष्टसँग भन्न परिपक्वता देखाएनन् । तब एउटा केटाले जुटाएको कुराले प्रत्येकको लागि पुग्ने खानामा परिवर्तन गरेर र आश्चर्यकर्मद्वारा येशू खीष्टले त्यसको उत्तर तिनीहरुलाई देखाउनुभयो ।

वारम्बार येशू खीष्टले उहाँका चेलाहरु र अरुहरुलाई ईश्वरीय दृष्टि(दृश्यभूमिका) प्रयोग गरेर सोच्ने र प्रश्नहरुको उत्तर दिने अवसर प्रदान गर्नुभयो । तिन वर्षसम्म येशू खीष्टले आफ्ना चेलाहरुलाई उहाँको वचनहरु सुन्न,विचार गर्न र त्यसलाई विश्वास गर्न तथा आफ्नो वुद्धि(विवेक)लाई प्रयोग गर्न प्रोत्साहित गर्दै तिनीहरुलाई तालिम दिने कामलाई निरन्तरता दिनुभयो । सेवा गर्ने र अरुहरुलाई अगुवाई गर्ने कामको लागि येशू खीष्टले तिनीहरुलाई तयार पार्दै हुनुहुन्थ्यो ।

आज, जब सरल कथा अध्ययन बिधिको शैलिमा बाईबलका उद्धरणहरुको वारेमा छलफल गरिन्छन्,  सो छलफलहरुमा सहभागि हुनेहरु मध्ये धेरैजना मण्डलीहरुमा तथा सेवाकाईहरुमा अगुवाहरु हुन्छन् । प्रायजसो तिनीहरुले सिकाउने र मार्गदर्शन गराउनेहरूसँग भन्दा बढी साथै तिनीहरूको आफ्नै परिवारका सदस्यहरूसँग भन्दा बढी ज्ञान तिनीहरुसँग हुन्छन् । जब

छलफलको अबधिमा उत्तरहरु दिन अगुवाहरु मात्र पहिला हुँदैनन् , हामी ताली वजाएर ति अगुवाहरूको प्रशंसा गर्दछौं । तिनीहरू बुद्धिमानीपूर्वक आफ्नो जानकारी बाँडचुँड गर्ने प्रतिक्षामा रहन्छन् ।

प्रत्युत्तर दिनको लागि अरुहरुलाई अनुमति दिने ति विवेकी विश्वासपात्र अगुवाहरुलाई हेर्नु कत्ति आनन्दको कुरा हो । ति अगुवाहरुले मानिसहरुलाई सोच्न र तिनीहरुका सोचाईहरुको लागि जिम्मेवारपूर्ण व्यक्ति हुन प्रोत्साहित गर्दाको मूल्य( उपयोगिता) देख्छन् । अतिप्रिय अग्रज जस्तो,र येशू ख्रीष्ट जस्तो,अरुहरु भित्रको पूर्ण विश्वासलाई प्रेरणा कसरी दिने भनेर ति अगुवाहरुलाई थाहा छ । तिनीहरुको आन्तरिक विवेक को आवश्यकता कहिले पर्छ र उचित समयहरुमा स्वतन्त्रपूर्वक तिनीहरु जानकारी बाँड्छन भन्ने पनि ति अगुवाहरुलाई थाहा छ ।

## सुन्ने र प्रत्युत्तर दिनेका चुनौतिहरु

जस्तो कि शुरुमा तपाईले सरल कथा अध्ययनमा शामेल भएका दक्षताहरु प्राप्त गर्ने कोशिश गर्दै हुनुहुन्छ भने सम्झना राख्नको लागि त्यहाँ धेरै कुरा छन् । सरल कथा अध्ययनको लागि ति नयाँहरुले तिनीहरुको सरल कथा अध्ययनको प्रस्तुति,कथा वाचन गराई,प्रक्रियाको अनुक्रम(सिलसिला) र प्रश्नहरुको सोधाईमा एकाग्रचित्तले(उद्देश्यपूर्वक) संकेन्द्रित गर्दछन् । चाखलाग्दो प्रकारले,ति नयाँ प्रस्तुतकर्ताहरुले प्रक्रियामा धेरै मात्रामा ध्यानाकर्षण गर्नको लागि तरिका अपनाउँछन्(ख्याल राख्छन्) कि केहि जीवनावश्यक कुरा अक्सर छुट्नजान्छ–ति मानिसहरु । तपाईको काम अरुहरुसँग बाईबलको कथालाई लिएर छलफल गर्नु हो । मानिसहरुले जे कुरा भन्छन् त्यसलाई राम्ररी नसुनिकन,तिनीहरुको योगदानहरुलाई प्रत्युत्तर नदिईकन,त्यहाँ कुनै पनि छलफल हुँदैन ।

यदि छलफललाई केवल नेतृत्व गरिरहेको तपाईको भूमिकालाई तपाइले हेर्नुभयो भने यो नयाँ आँट गराईको साथमा तपाईं निश्चिन्त हुन सक्नुहुन्छ । कथाभित्र धेरै संख्यामा मूल्यवान खजानाहरु पत्तालगाउनमा तपाईले समय विताउनु भएपछि त्यस कथाको बारेमा अरु मानिसहरुसँग कुराकानी गर्दाखेरी यो आनन्ददायक हुनुपर्दछ । तसर्थ तपाईको 'प्रस्तुति' र तपाईको योजना अनुसार तपाईले भन्छु भनेर सोच्नुभएका सबै कुराको बदलामा,तपाईले प्रश्नहरु सोध्नुहोस् र मानिसहरुले जे भन्छन् ति कुराहरु सुन्नुहोस् । कथाको बारेमा तिनीहरुसँग कुरा गर्नुहोस् । तिनीहरुको साथमा वार्तालाप गर्नुहोस् ।

वार्तालापको समयावधिभर,कथाद्वारा भएर जब तपाई जानुहुन्छ तात्कालिक(शीघ्र) वार्तालापको लागि तपाईले तयार गर्नुभएका प्रश्नहरु तपाईले प्रयोग गर्नुहुनेछ । आशापूर्णताले,तपाईको तयारीको समयावधिमा तपाईले भेट्टाउनु भएका केहि खजानाहरु खोजी गर्न तपाईका प्रश्नहरुले मानिसहरुलाई सहायता गर्नेछन् । धेरैजसो हामी प्रत्येक दिन अरुहरुसँग कुराकानी गर्छौं र हामी यो गर्छौं–लिखित हस्तलेख विना । हामी ति कुराहरुको बारेमा वार्तालाप गर्छौं जसमा हामीलाई रुचि हुन्छ । उसोभए, बाईबलको कथाको बारेमा हामी किन शिथिल नहुने र वार्तालापमा व्यस्त नहुने त ? वास्तवमा, प्रक्रियाको लागि सुनाई र प्रत्युत्तर दिने कुरा यत्ति प्रमुख भाग हो कि हामी भन्छौं,"सरल कथा अध्ययनको परिभाषा सुनाई र प्रत्युत्तर दिने हो ।"

## कार्यकलाप भित्र सुन्ने र प्रत्युत्तर दिने

सरल कथा अध्ययनमा हामीले अनुसन्धान गर्ने धेरै कथाहरुमध्ये एउटा कथा भजनसंग्रहको २३ अध्याय हो । बाईबल बुझ्ने धेरैजसो मानिसहरु,यसैप्रकार थोरै बुझ्ने मानिसहरु त्यो उद्धारण(उधृत अंश) सँग परिचीत छन् । तर विस्तारै यसद्धारा भएर जाँदा र प्रश्नहरु सोध्दा त्यसले त्यो भजनसंग्रहमा परमेश्वरले हामीलाई के दिनु भयो भन्ने गहिरिएर सुन्न हामीलाई सहायता गर्दछ जुन आश्चर्यकारी हुनसक्छ ।

केहि समय पहिला, बुद्धवादी दुनियामा हाम्रो निर्देशक,शंकरले मलाई भन्नुभयो कि सरल कथा अध्ययन विधिमा उहाँले भजनसँग्रहको २३ अध्याय सिकाईरहनु भएको थियो ।(अब तयाईले याद गर्नुहोस् सरल कथा अध्ययन कसरी गर्ने भनेर यो मानिसलाई मैले सिकाएँ जो नेपालमा बस्नुहुन्छ । यो एउटा रमाइलो बिचार जस्तो देखियो कि उहाँले भजनसंग्रहको साथमा सरल कथा अध्ययन गर्ने कोशिश गर्नुहुन्थ्यो । तब मैले सोधे,"के तपाईले मलाई यो सिकाउनुहुन्छ ?" मलाई आशा छ कि त्यो दिन कहिल्यै नबिर्सने समय बन्यो ।

कथावाचक र कथालाई सुन्ने काममा म कति सुस्त थिएँ भन्ने थाहा पाउन यो विवरण हेर्नुहोस् । साथै मलाई गाडधनको नजिक पुऱ्याउनलाई रमेशले कसरी मेरो लागि रोटीको टुक्रारुपी संकेतहरु छोड्दै गए र मलाई खोजी गर्ने काममा अघि

बढाउनलाई आफू विस्तारै गए भन्ने कुरा पनि हेर्नुहोस् । खोजी कार्यमा म झन्–झन् नजिक पुग्नसकूँ भनी उनले मेरो कुरा सुन्ने र मलाई संकेतद्धारा सहयोग गर्ने गर्थे ।

उहाँले पूर्ण कथाको बारेमा प्रश्नहरु सोध्ने गर्नुभयो तर रमेशले पछ्याएको(अनुसरण गरेको) जानकारीको एउटा मुख्य सुत्र आजसम्म पनि बाहिरीएको छ । उहाँले सोध्नुभएका धेरै प्रश्नहरु तर्फ म फर्किनेछु जसले पूर्ण कथालाई स्पष्ट गर्छ र यहाँ एउटै मात्र त्यो सूत्र समावेश गर्नेछु ।

रमेशले सोध्यो,"शुरुमा,भेडाले गोठालोलाई कसरी निर्दिष्ट गर्छ(उल्लेख गर्छ)?"मैले जवाफ दिएँ कि बर्षौ पहिले मैले पढेको थिएँ "मेरो गोठालो । त्यसले हामीलाई देखाउँछ  कि व्यक्तिगत तरिकामा हामीले प्रभु येशुलाई चिन्न सक्छौं ।

तर रमेशले मलाई त्यसरी अगाडी फड्को मार्ने अनुमति दिनुहुनेथिएन । सरल कथा अध्ययनमा सर्वप्रथम कथाले भनेको कुरा सावधानीपूर्वक हामी सुन्छौं,र त्यसपछि मात्र हामी आफनो लागि जानकारीको प्रयोग बनाउने गर्छौं ।

रमेशले मलाई सुस्त हुन र कथाले जे भन्यो त्यो सुन्न र यो परिचित उद्धरण अझ साबधानीपूर्वक हेर्नको लागि दबाब  दियो । उसले मलाई सो कथा सुनीरहने बनायो ।

मैले उसको कला जाँच गर्न सक्छु भन्ने सोचेर कथा सुन्न समर्थन जनाँए । खुल्ला दिलले,मेरो विद्यार्थीले एउटा उद्धरणमा मलाई के देखाउनको लागि योग्य हुने थिए भनेर म आश्चर्य चकित भईरहेको थिएँ जुन मलाई एकदम राम्ररी थाहा थियो,मेलै धेरै पटक सिकाएको थिँए र त्यसको बारेमा मेलै निस्सन्देह लेखहरुमा लेखेको थिँए ।

"यो कुरा गरिरहेको एउटा भेडाँ हो,होइन र ?"रमेशले सोध्यो । सहमतिमा मैले शिर हल्लाँए ।

"ठिक, भेडाले गोठालोको बारेमा कसरी कुरा गर्छ? भेडाले गोठालोलाई कसरी निर्दिष्ट(उल्लेख)गर्छ ?"

मैले सोधे,"के तपाईको मतलब(अर्थ) भेडाँले गोठालोलाई 'उ' भनेर कसरी बोलाउँछ(भन्छ) ?"

"त्यो ठिक कुरा हो,"रमेशले उत्तर दियो । "तर भेंडाले गोठालोलाई कहाँ भेट्टाउँछ भनेर तपाईले देख्नुहुन्न ?"

"हँ ? के ?"मैले यो बुझिरहेको थिइनँ ।

गोठालो सँगको सम्बन्धमा भेडा कहाँ छ ?यसलाई हेर्नुस त ? रमेशले उद्देश्यपूर्ण रुपले दबाब दिइरहेको थियो, जस्तो कि जुन कुरा मैले अहिलेसम्म भेट्टाउन सकेको थिइँन,त्यस्तो केहि कुरा उसले मलाई देखाउन चाहेको थियो ।(सरल कथा अध्ययनमा,हामीले कथामा जे भेट्टाएका छौं त्यो मानिसहरुलाई देखाउन तिनीहरुलाई हामीले धकेल्ने कोशिश गर्दैनौं । तर यो विन्दुमा रमेश,एकजना त्यो व्यक्ति भएर जसलाई मैले सधैं सिकाएको थिएँ, म सँग निडरपूर्वक केहिकुरा बाड्ँन चाहन्थे । सुन्ने र प्रत्युत्तर दिने यो विशेष नाट्यरुपरेखामा हामी एकले अर्कालाई राम्ररी चिनेदेखि,रमेशलाई थाहा थियो कि दृढतापूर्वक मलाई सुस्त हुन र कथाको बारेमा विचार गर्न दबाब दिने कुरा स्वीकारयोग्य थियो ।)

"हुम्म, यदि भेडालाई दोऱ्याइरहको छ भने त्यसले गोठालोलाई भेडाको अगाडी राख्छ भन्ने म अनुमान गर्दछु ?"

"हो,त्यो यहि हो,"रमेशले भन्यो"र अब कथामा मृत अशंको छाँयाको उपत्यका (घाटी) तर्फ जाउँ । भेडाले गोठालोलाई कसरी निर्दिष्ट (उल्लेख) गर्छ ?"

"उसले ?" मैले जवाफ दिएँ ।

"ओहो ! फेरी हेर्नुस्"रमेशले ध्यानाकर्षण गरायो,"कथाले भन्छ, मेरो साथमा को हुनुहुन्छ र म कुनै खरावी(दुष्ट) देखि डराउने छैन ? भेडाले गोठालोलाई के भनेर बोलायो ? भेडाले गोठालोलाई कसरी निर्दिष्ट(उल्लेख) गऱ्यो ?"

"पर्खिनुस," मैले केहिकुरा नसोचिकनै अचानक भनें ।"यो तिमी हौ । वाह,त्यहाँ एउटा परिवर्तन छ । त्यो कुरा मैले पहिले कहिल्यै ध्यान दिएको थिईंन । अहिले भेडाले गोठालोसित कुरा गरिरहेको छ, गोठालोको बारेमा होईन । त्यो धनी छ ।"

"हो ! र हेरिराख्नुहोस् । गोठालो कहाँ छ भन्ने के तपाई देख्नुहुन्छ ? कस्तो परिवर्तन भयो ? यसमा हेर्नुहोस् ।"

"के मा हेर्ने ?"मैले सोधें ।

"जुन परिर्वतन भयो त्यसमा हेर्नुहोस् । यसमा हेर्नुहोस् ! पहिले भेडाको अगाडी गोठालो थियो । अहिले गोठालो कहाँ छ ?"

"ठिक छ, अहिले म यो देख्छु," मैले विस्फोटक आवाजमा भने,"शुरुमा भेडाको अगाडी गोठालो थियो,र अहिले उ भेडासँग छ ।"

"हो ! शुरुमा उ अगाडी थियो,र अहिले उ छेउमा(सँगै) छ"रमेशले प्रकाश पाऱ्यो ।"तर त्यो सबै थोक होइन । हेरीराख्नुहोस ! कथाले फेरी तिमी भन्छ । भेडाले भन्छ,'तिमीले' मेरो शिर तेलले अभिषेक गऱ्यौ ।'यदि गोठालोले भेडाको शिरमा तेल लगाईरहेको छ भने,अहिले गोठालोलाई तपाईले कहाँ देख्नुहुन्छ ?"

"म त्यो देख्छु । भेडाभन्दा माथि । भेडाभन्दा माथि गोठालो छ ।"

"निरन्तरता दिइराख्नुहोस्"रमेशले प्रोत्साहन दियो,"कथाले भन्छ,'अवश्यपनि(निश्चय नै) भलाई र कृपा मेरो जिवनभर पछ्याईरहने छ ।' भेडाले भनिरहेको छ कि गोठालोको उपस्थिति उसले कहाँ भएको अनुभब(थाहा)गर्छ । के तपाईले त्यो देख्नुहुन्छ ?"

"हो म देख्छु ! त्यो आश्चर्यजनक छ ।"

अहिलेसम्म रमेशले प्रकाश पार्दै थियो,"त्यो गोठालो अगाडी र सँगै छेउमा, माथि र पछाडी छ । उ भेडाको चारैतिर छ ।"

त्यहाँ देखि,हामी कथाको अन्त्यमा हुँदासम्म,हामी दुबैजना प्रयोगहरु तर्फ गयौं । हामीले कसरी सकेनौं ? कथामा हामीले संगसँगै जे देखेका थियौं त्यसबाट आज हाम्रो लागि विभिन्न प्रयोगहरुको बारेमा हामी दुबै बकबक गर्न थाल्यौं । तर खोजको त्यो नयाँ पुर्ण(सुत) हाम्रो गोठालो येशू खीष्ट कसरी हाम्रो अगाडी,सँगै छेउमा,माथि र पछाडी हुनुहुन्छ कसरी हाम्रो वार्तालापलाई प्रभुत्व गर्नुभयो । त्यो कस्तो सान्त्वनायुक्त(पीडा मुक्त) साधना थियो ।

**पुनश्च :** हामीले यो सेवाकाईमा काम गर्दा खेरी हामी सबैले गरिरहेका गल्तिहरुको बारेमा अफिसको समय पछि एकजना कर्मचारीले कुरा गर्दै थियो । र पनि परमेश्वरले बारम्बार हामीलाई दया देखाउनु भयो र बितेका कुराहरुलाई बिर्सनको लागि हामीलाई सहायता गर्नुभयो । मैले उहाँको चर्चा(प्रशंसा) गरें,"परमेश्वर साँच्चैं हाम्रो पछि हुनुहुन्छ । दैनिक रुपमा,जब हाम्रा चुनौतिहरुलाई सम्बोधन गर्छौं, परमेश्वर नै हाम्रो बलियो सहारा हुनुहुन्छ । उहाँ भन्नुहुन्छ ,"अगाडी बढ र फिक्री नगर । मैले तिमीलाई ढाक्नेछु । म तिमीलाई निश्चयता दिनेछु कि कसैले पनि पछिल्तिरबाट गुप्तरुपले तिमीलाई चोट(आघात) पुऱ्याउने छैन ।"

तव मलाई भजनसंग्रहको त्यो कथा स्मरण भयो, ओहो ! त्यो भजनसंग्रहको २३ अध्याय पो रहेछ । परमेश्वरले हाम्रो आङ ढाकिदिनुहुन्छ भन्नु त आजको शैलीमा 'निश्चय नै भलाई र कृपा मेरो जीवन भरि नै म पछि लाग्नेछ' भन्नुपो रहेछ ।

हुम्म ? विद्यार्थिले भनेको शिक्षकले सुन्नुहुन्छ–दुबैजनाले परिचित उद्धरण(उघृत अंश) वाट सुन्नेछन् ।

भारत,तोगो,मोजाम्बिक,नाइजर र फिलिपिन्स जस्ता बहुराष्ट्रहरुमा मिशनरीहरु सरल कथा अध्ययनमा तालिम प्राप्त हुनको लागि स्वदेशी अध्यापक(उपदेश दिने व्यक्ति) हुन आईरहेका छन् ।

आखिर, सरल कथा अध्ययन केवल ति मानिसहरुका लागि हुन्–जसले अरु मानिसहरुले भनेका कुराहरु सुनिरहेका छन्–जसले परमेश्वरका वचनहरु सुनिरहेका छन् । सुन्ने र प्रत्युत्तर दिने सबैको लागि उपलब्ध छ । र नतिजाहरुले स्पष्टत:प्रदर्शित गर्छन् कि यो केवल उच्च श्रेणीमा अगुवाहरु होइनन् जसले परमेश्वरबाट सुन्छन् र तब तिनीहरुको ज्ञान अरुहरुमा उपयोग गर्छन् । वास्तवमा,ति स्वदेशी अध्यापक(उपदेश दिने व्यक्ति)हरु जो अनुरोध(आग्रह) द्धारा मिशनरीहरुलाई प्रशिक्षण दिइरहेका छन् , तिनीहरु सरल कथा अध्ययनका तेस्रो र चौंथो पुस्ताका प्रशिक्षणकर्ताहरु हुन् ।

## सफलता तर्फ डोऱ्याउने विवरणहरु

सरल कथा अध्ययनको बारेमा सिक्नमा निरन्तरता दिने र यसका नयाँ दक्षता(कला)हरु मध्ये केही प्राप्त गर्न ति प्रतिवेदनहरुले तपाईलाई केवल प्रेरित गर्दछन् भनी हामी आशा गर्दछौं । एउटा भाग सँगै शुरुआत गरौं जसले शिक्षित प्रशिक्षणकर्ताहरुलाई विस्तार गर्छ । यद्यपि तपाईले शायद विचार गर्नुहुन्छ कि लेखेर राख्नु भएन भने तपाईका प्रश्नहरुलाई यादगर्न असम्भव हुन्छ । कथाको बारेमा तपाईले सोध्न चाहनु भएका प्रश्नहरुलाई लेखेर नराख्नु महत्वपूर्ण कुरा हो । तपाईका प्रश्नहरुलाई पुनःस्मरण गर्नको लागि, तपाईले तयार गर्नुभएका प्रश्नहरुको स्मरण तपाईलाई गराउन कथाको बिषय-बस्तुहरूलाई छोडिदिन मानसिकरुपमा कथाको शुरुदेखि अन्तसम्म भएर जानुहोस् , तब तपाइले बुद्धिमान सल्लाहकारको जस्तै किसिमका केही प्रश्नहरू सोध्न सक्नुहुन्छ । स्मरण गर्नको लागि त्यो कथा नै तपाईको मार्ग हुनेछ , **कथा नै तपाईको नोट बन्नेछ** ।

**तपाईको भूमिकामा पुनर्विचार गर्नुहोस् ।** तपाईको कथाभित्र लुकेका धेरै गाडधनहरू तपाईले पत्तालगाइसक्नु भएको छ । तपाईले तयार गर्नु भएको प्रस्तावनालाई थप्न वा घटाउन शायद तपाई चाहनुहुन्छ । यदि तपाईको प्रस्तावनामा त्यो जानकारी वास्तवमा त्यो कथाभित्र सम्मिलित भएको तपाईले पाउनुहुन्छ भने, सो प्रस्तावनाबाट ति तथ्य कुराहरू बाहिर निकाल्नुमा तपाई बुद्धिमान हुनुहुनेछ ।

उदाहरणको लागि,"यो कथा एकजना मानिसको बारेमा हो जसलाई परमेश्वरले उसका आफ्ना मानिसहरु र आफ्नै देशलाई छोडेर एउटा नयाँ देशमा बस्न शुरु गर्नको लागि बोलाउनु भयो" भन्दै उत्पति १२:१-९ मा अब्राहमको कथालाई परिचय गराउन तपाईले शायद मौलिक रुपले योजना बनाउनु भएको छ । जेहोस् , आत्मिक गाडधनको लागि तपाईले खोजी गर्नु भए जस्तै त्यो उद्धरण(उघृत अंश)को बारेमा विचार गर्न तपाईले केहि समय खर्चिनुभए पश्चात् अब तपाईले स्विकार गर्नुहोस् कि त्यो कथा भित्र अब्राहमको बारेमा विशेष जानकारी(बयान) सम्मिलित(समावेश)भएको छ । तसर्थ,तपाईको प्रस्तावना देखि त्यो जानकारी(वयान) तपाईले निकाल्न सक्नुहुन्छ ।

यदि(तथापि) , कथाको बारेमा तपाईले केहि अर्न्तदृष्टि भेट्टाउनु भएको छ भने यसको बारेमा थपिएको जानकारीको थोरै अंश दिंदै सिकाउनु भएमा अझ राम्ररी बुझ्ने हुनसक्छ, तव तपाईको प्रस्तावनामा त्यो जानकारी दिनुहोस् ।

अर्को उदाहरण चाहिं मार्था-मरियम कथाको परिचय नै हो । मार्था-मरियम कथा भित्र भएका धेरै गाडधनहरु मध्ये एउटा गाडधन धेरै पाहुनाहरुको लागि सपरिश्रम खाना बनाउने मार्थाको छनोटमा आधारित छ । अर्को गाडधन त्यो धक्का हो जुन मार्थाले येशूलाई त्यस्तो अनादर देखाउँछिन् कि उहाँका चेलाहरुको उपस्थितिमा उहाँलाई आलोचना गर्नुका साचै उहाँमाथि हुकुम चलाउँछिन् । येशू र उहाँका चेलाहरु एउटा निश्चित शहरमा प्रवेश गर्नु भएपछि यो कथा शुरु हुन्छ । तर मार्थाले येशू खीष्टलाई उनको घरमा आमन्त्रित गरिन् भनेर मात्र यो कथामा हामीलाई भनेका छन् । ति चेलाहरु येशू खीष्टको साथमा आए भनेर यस कथामा वर्णन गरिएको छैन ।

छलफललाई स्पष्टता दिनको लागि, केहिकुरा यस्तो प्रकारले कथाको परिचय दिनु नै बुद्धिमानी हुन्छ ।"जब येशू पृथ्वीमा रहनु भयो, उहाँ सँगै हिड्ने मानिसहरु उहाँले छान्नु भयो । ति मानिसहरु जसलाई चेलाहरु भनिन्छन् , जब हामीलाई भनियो कि केहि समयको लागि येशू स्वयं जानुभयो अथवा केहि अवस्थाहरुमा जब छोटो समयको लागि धेरै चेलाहरु मध्ये थोरै चेलाहरुलाई मात्र येशूले लिएर जानुभयो भन्ने बाहेक ति चेलाहरु सबै येशूसंग सधै हिंड्ने गर्थे ।" यो जानकारीले येशू जहाँ जानु भएपनि उहाँका चेलाहरू पनि सहभागी हुन्थे भन्ने कुराको महशूश गराउन श्रोताहरुलाई मद्धत गर्दछ ।

एकजना कथा वाचकको रुपमा तपाईले सधैं यो कुरा मान्नु(ग्रहण गर्नु) पर्छ कि सो कथामा र सो प्रस्तावनामा तिनीहरुलाई के भनिएको छ भन्ने बाहेक बाईबलिय ज्ञान तिनीहरुसंग नभएको कुरा एकजना अथवा धेरैजना मानिसहरुले प्रस्तुत गर्दछन् । तसर्थ सरल कथा अध्ययन छलफलमा सफलता पाउनको लागि तपाईंका प्रश्नहरुको उत्तर दिन आवश्यक जानकारी तपाईको प्रस्तावना भित्र अथवा कथा भित्र पहिले नै जुटाएको हुनु सधैं आवश्यक छ ।

यदि उपस्थित प्रत्येकलाई तपाईले केहि कथाहरु सिकाउनु भएको छ भने, ति कथा भन्ने समयको साथ-साथै क्रमिक रुपले त्यसबाट प्राप्त भएको जानकारीको आधारमा तपाईले प्रश्नहरु सोध्न सक्नुहुन्छ । केवल तपाईले यो कुरा ध्यानमा राख्नुहोस् कि प्रायजसो कथाहरुमा त्यसभित्र पर्याप्त मात्रामा जानकारी हुन्छन् । तसर्थ कथालाई राम्ररी सिकाउनको लागि बाईबल भित्र अन्य स्थानहरुमा प्रायजसो तपाईलाई जानु आवश्यक छैन ।

कहिले-काहीं, परिचय भित्र बाइबल भित्रको थप जानकारी उपलब्ध गराउनाले कथा भित्रका घटनाहरुलाई गहिरो रुप दिन सकिन्छ । जस्तो कि कुष्ठ रोगीहरुको निम्ति परमेश्वरको नियमहरु, सबाथ दिन, भोजन अथवा सामरीहरुको वारेमा यहुदीहरुले

जस्तो अनुभव गरे । जेहोस् , जानकारीभित्र हामीले जेजस्ता कुराहरू समावेश गरेतापनि ति सबै कुराहरू बाइबल भित्रबाटै आएको हुनुपर्नेछ, तर बाइबल बाहिरका श्रोतहरूबाट भने होइन । हामीलाई थाहा छ कि बाइबल नै एकमात्र अपरिवर्तनिय छ र निश्चित रुपमा भरपर्दो माध्यम हो । अतिरिक्त रुपमा, बाइबल बाहिरका श्रोतहरू प्रयोगमा ल्याएर, इश्वरशास्त्रिय शिक्षा अथवा टीका-टिप्पणीहरूको पुस्तकहरू नभएका मानिसहरूलाई तिनीहरूसँग प्रशस्त मात्रामा शिक्षा अथवा तालिमका साधनहरू नभएको गर्दा तिनीहरूले कथाहरू बाँडचुँड गर्न सक्दैनन् भन्ने भावना जागृत गराउनेमा हामी नै कारक बन्नसक्छौं ।

कथाको बारेमा छलफलको काम तपाईले पुरा गरीसक्नु भएपछि कथा भित्र केहि कुराको परिचय गराउन शायद तपाई चाहनुहुन्छ जसमा स्पष्ट लाक्षणिक संकेत अथवा वर्गिकरणात्मक विशेषता छ । श्रोताहरुको लागि अझै पनि अर्को कथा वाचनद्धारा यो लाक्षणिक संकेतको अर्थ पत्ता लगाउन तपाईले उनीहरुलाई सहायता गर्नु हुनेछ । तपाईले उनीहरुलाई एउटा नयाँ कथा अथवा बाईबल भित्र अर्को उद्धरण(उघृत अंश) बाट केहि पद्यहरुतर्फ लिएर जानुहोस् । यसलाई सरल कथा अध्ययन शैलि भन्नुहोस् । यदि तपाईका श्रोताहरुले वास्तवमै तपाईले प्रस्तुत गरिरहनु भएको कथा भित्र झन् गहिरो रुपमा आत्मिक अंशहरु ग्रहण गरेका छन् भन्ने कुरामा तपाई विश्वास गर्नुहुन्छ भने अथवा पवित्र आत्माले सजिलैसित यदि त्यसो गर्नको लागि तपाईलाई डोर्‍याउनु हुन्छ भने यो गर्नुहोस् ।

कथाको बारेमा तपाईले दिनु हुने थप जानकारी श्रोताहरुले सजिलैसँग प्रयोगमा ल्याउन सक्ने किसिमले पर्याप्त मात्रामा स्पष्ट हुनुपर्दछ ।"यो पछि अर्को कथा पनि छ " जस्ता केहि कुरा भन्दै शुरु गर्नुहोस् । त्यसपछि केहि वर्गिकरणात्मक विशेषता अथवा लाक्षणिक संकेत सम्मिलित भएको एउटा उद्धरण(उघृत अंश) तर्फ तिनीहरुलाई लिएर जानुहोस् । त्यो दोस्रो कथा अक्सर नयाँ करार भित्र एउटा हुनेछ ।

उदाहरणको लागि, यदि तपाईले गन्ती २१ : ४ - ९ मा भएको मोशा र विषालु सर्पको कथा भन्नुभएको थियो भने,तपाईको समूहले आत्मिक प्रयोगहरु पत्ता लगाउने र प्रयोग गर्ने काम पुरा गरिसकेको भएमा, यसो भन्नको लागि तपाईंले शायद नेतृत्व गर्नुभएको महसुस गर्नुहुनेछ :

"हामीले बाईबल भित्र भएका सबै कथाहरुको बारेमा एकैसाथ छलफल गर्न सक्नु अघि यो एउटा लामो समयावधि हुनेछ । त्यहाँ एउटा कथा छ जुन बाईबलमा धेरै पछि आउँछ जुन तपाईलाई म यसपछि भन्न चाहन्छु । मोशा र पित्तलको सर्पको कथा भित्र अझ बढ्ता कुरा पत्तालगाउनको लागि यसले हामीलाई सहायता गर्न सक्छ ।" यदि तपाईसंग समय छ भने, तपाईले छोटो परिचय दिनुहुनेछ र तब युहन्ना ३ : १ - १६ भन्नुहुनेछ । यदि समय सिमित छ भने, तपाईले १ - १३ सम्ममा पदहरुको मुख्य अंशहरु समावेश गर्दै छोटो परिचय दिनसक्नुहुन्छ, र तब १४ - १६ पदहरुमा येशू ख्रीष्टले त्यो धर्मी मानिसहरुलाई भन्नु भएको छोटो "कथा" भन्नुहोस् । याद राख्नुहोस् , कुनैकुरा नथपिकन, कुनैकुरा नछुटाईकन, तर वार्तालापका शब्दहरूको प्रयोग गर्दै यसलाई सरल कथा अध्ययन बिधिको शैलिमा भन्नुहोस् ।

"मोशाले उजाडस्थानमा सर्पलाई माथि उठाए जस्तो मानिसको पुत्र पनि माथि उठाइएको हुनैपर्छ : ताकि जोकोहिले उहाँमाथि बिस्वास गर्छ त्यो नाश नहोस् ,तर त्यसले अनन्त जीवन पाओस् । किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो,ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् ,तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३ : १४ - १६) ।

**सो कथाको बारेमा श्रोताहरुको प्रत्युत्तरहरुलाई सुन्नुहोस् ।** मानिसहरुले दिने उत्तरहरुले तिनीहरुको आवश्यकताहरु तथा तिनीहरुका व्यक्तिगत प्रश्नहरु थाहा पाउन तपाईलाई मद्धत गर्नेछ । जब तपाईले निरन्तरता दिनुहुन्छ, ति अन्तर्दृष्टिहरुले मौलिक प्रश्नहरु निर्माण गर्नमा तपाईलाई सहायता गर्नेछन् । यसैलाई नै"समय सापेक्षको सिक्षण" भनिन्छ ।

**धेरैजसो प्रश्नहरु मानिसहरुले के गरे अथवा परमेश्वरले के गर्नुभयो भन्ने बारेमा हुनुपर्दछ ।** ति प्रश्नहरुले श्रोताहरुलाई आत्मिक सत्यताहरु खोजी गरी पत्ता लगाउने तर्फ अघि बढाउनेछन् । केवल प्रत्येक पात्रले बोलेको शब्दहरु तथा हावभावहरुलाई समालोचना(पुर्नविचार) गर्नुहोस् । 'किन' शब्द प्रयोग गर्ने प्रश्नहरु सोध्ने सम्बन्धमा सावधान हुनुहोस् ,किनभने तिनीहरुले परिकल्पना तथा अनुमानहरु निम्त्याउने गर्न सक्दछन् जसलाई पवित्र शाश्त्रद्धारा समर्थन गरेको( आधार दिएको) हुनसक्दैन । साधारण रीतिले 'के' शब्द प्रयोग गरी सोध्ने प्रश्नहरु सबैभन्दा उत्तम छन् । चाखलाग्दो प्रकारले 'के' शब्द प्रयोग भएका अनेक प्रश्नहरुको उत्तरहरुले प्रत्येक व्यक्तिलाई नबोलिएका 'किन' शब्द प्रयोग हुने प्रश्नको उत्तर खोजेर पत्तालगाउने तर्फ दोर्‍याउन सक्छन् ।

**अवलोकनका प्रश्नहरु सोध्नुहोस्** । एउटा कथाको पहिलो भागको एउटा खण्ड वर्णन गरिसकेपछि, यो भन्न सकिन्छ ,"( कथा भित्रको कोहि एकजना पात्रको नाम छानेर) को विश्वासको बारेमा यो कथाको पहिलो भागले हामीलाई केहिल कुरा देखाउन सक्छ ?" "त्यो व्यक्ति के कारणले मूल्यवान भयो भनेर त्यस कथाले कसरी हामीलाई देखाउन सक्छ ?"

भन्नुहोस् ," परमेश्वरको चरित्रको बारेमा यो परिच्छेद भित्रको कुनै कुराले के हामीलाई केहिकुरा देखाउँछ ?" "के यहाँ हामी विश्वसनीयता देख्छौं ?" सो कथाको प्रत्येक भागलाई तपाईले जाँच गर्दा तिनीहरुको प्रवृतिहरु अथवा शब्दहरुबाट त्यस कथाभित्र अनादर , अथवा डर ,अथवा अलमलाउने कुरा, अथवा लोभीपना, अथवा दया, अथवा बहादुरी अथवा विश्वास, अथवा ज्ञान प्रदर्शन गरेको छ कि छैन भनेर हेर्नुहोस । तपाईले भरखरै सुनाउनु भएको कथा भित्र समावेश गरिएमा जानकारीबाट तपाईले सोध्ने प्रश्नहरुको उत्तर दिन सक्छन कि सक्दैनन् भनी निश्चित गर्नुहोस ।

'हो'अथवा'होइन'जस्ता जवाफहरु निम्त्याएका ति कुनै प्रश्नहरुमा "हामीलाई सहयोग गर्नुहोस् । कसरी (कँहा) तपाईले यस कथाको यो भागभित्र त्यो देख्नुहुन्छ ?" जस्तो प्रश्नको साथमा 'हो' जवाफहरुलाई पछयाउन सक्नुहुन्छ ।

**कथाभित्र भएका सत्यताहरुको प्रयोगहरु बनाउनमा क्रमशः श्रोताहरुलाई मद्धत गर्नुहोस् ।** आत्मिक प्रयोगहरुको लागि गाडधनको खोजी सम्बन्धमा तपाई छलफलको समयमा अगाडि बढ्नुहुँदा सावधानीपूर्वक मानिसहरुको कुरा सुन्नुहोस् । तिनीहरुले,अथवा तिनीहरुले चिनेका कसैले यस कथा भित्र भएका मानिसहरुमा तिनीहरुले देखे जस्तो उहि अनुभवहरु र प्रतिक्रियाहरु कहिल्यै पाएका थिए कि थिएनन् भनेर सोध्ने अवसरहरुको लागि सुन्नुहोस् (जस्तो कि शंका,डर,विश्वास,आशा,अलमल ईत्यादि) । जव कसैको 'हो'भन्ने जवाफ तयाईले सुन्नुहुन्छ अथवा कसैको 'हो'भन्ने देखाउने शरीरको चाल तपाई देख्नुहुन्छ , "के कसैले त्यो अनुभव बाँड्न चाहनुहुन्छ ?" भनी सोध्न त्यो एउटा उपयुक्त समय हो ।

**व्यक्तिगत प्रयोगहरु बाँडचुँड गर्नुहोस् ।** जव तपाईले प्रयोगहरुको बारेमा छलफल पूरा गर्नुहुन्छ,यदि त्यसो गर्न तपाईलाई परमेश्वरबाट अगुवाई भयो भने,सो कथाको केहि भाग (अंश)ले तपाईलाई कसरी छोयो (प्रभाव पार्‍यो) भन्ने कुरा तपाईले बाँड्न सक्नुहुन्छ । अथवा त्यस कथाको केहि विशेष भाग (अंश)ले तिनीहरुलाई छोयो (प्रभाव पार्‍यो) कि भनेर सोध्न सक्नुहुन्छ ।

**असल प्रश्नहरुको उपयोगी तत्वहरु** । तपाईका प्रश्नहरुको उत्तर यस्तो हुनैपर्छ :

कथाभित्र सम्मिलित भएको ।

कथाद्धारा प्रमाणित गर्ने योग्य ।

**कथा वाहिरका जानकारी ।** यदि कहिले काही कथामा भएका अति महत्वपूर्ण अन्तर्दृष्टि वा प्रयोगले त्यसमा भएका सत्यताहरुलाई प्रस्तुत गर्न कथादेखि बाहिरका पदहरुको माग गर्दछन् भने,सो कथाको परिचयमा वाइवलिय जानकारीलाई तपाईले समावेश गर्न सक्नुहुन्छ । त्यसैगरी,कथा प्रस्तुत गर्दागर्दै कुनै थप पवित्रशास्त्रीय वचन दिन परेमा कथा भित्रबाट प्रमाणित गर्न सकिने सबै प्रयोगहरु प्रस्तुत गरिसके पश्चात दिन सकिनेछ ।

यो कुरा कुनै कुनै अवस्थामा मात्रै गर्नुहोस् किनभने कथा भन्दा वाहिरको पदहरु प्रयोग गर्नाले केवल कथालाई सुनिरहनु सट्टामा श्रोताहरुलाई कथावाचकको अनुसन्धानमा निर्भर रहने बनाउँछ । कथा भन्ने व्यक्तिले वाईवलीय जानकारीको आधारमा बनाइएका प्रश्नहरु सोध्न सक्छन् जसले गर्दा श्रोताहरुले अघिल्ला समयहरुमा सुनेका कथाहरुबाट प्राप्त गरेका कुराहरु तिनीहरुले थाहा पाउँछन् ।

**असल उत्तरहरु** । जव मानिसहरुले स्विकारयोग्य उत्तरहरु दिन्छन्,तव तिनीहरुलाई उत्साहित पार्नुहोस् । तपाईले तिनीहरुलाई यस्ता कुराहरु भन्नुहोस् "असल उत्तर दिनुभयो ।" "मैले त्यसको बारेमा कहिल्यै सोचेको थिईन ।" अथवा "त्यसले अर्थ दिन्छ ।"

त्यति राम्रो उत्तर भएन । यदि श्रोताहरुद्धारा दिइएका उत्तरहरु तपाईको बिचारमा गलत लागेमा तपाईले भन्न सक्नुहुन्छ , "अब फर्केर कथामा जाऔं र हेरौं कि तपाईको उत्तर कथासंग मेल खान्छ कि खाँदैन ।" यदि तिनीहरु आफ्नो उत्तर गलत छ

भन्ने निष्कर्षमा पुगे भने तपाईले दोष आफैमाथि लिएर यसो भन्न सक्नुहुन्छ , “माफ गर्नुहोस्,मैले नै त्यो अंशलाई स्पष्ट नपारेको हुँ ।” अथवा “हुनसक्छ , मेरो प्रश्न नै राम्ररी उच्चारण भएको थिएन ।”

यदि श्रोताहरुको प्रश्न अथवा तिनीहरुको उत्तर विषयसंग कतिपनि नमिलेको भए तपाईले यसो भन्न सक्नुहुन्छ , “त्यो एउटा शिर्षक हुनेछ जसको बारेमा हामी अर्को समयमा छलफल गर्न सक्नेछौं ।” अथवा “हुनसक्छ अर्को कथामा हामीले यसको उत्तर भेट्टाउनेछौं ।” कुनै कुनै प्रश्नहरु यस्ता हुन्छन् **जसले हामीलाई कतै पनि डोऱ्याउँदैन र यदि तपाईले तिनीहरुलाई उत्तर दिन बढी समय लिनुभयो भने सारा समूह मूल बाटो छोडेर अन्तै जानेछन् ।**

**यदि समूहहरु ठुलो छन् अथवा समय छोटो छ भने ।** श्रोताहरुलाई प्रश्नहरु सोध्ने र तिनीहरुका उत्तरहरुको प्रत्युतर दिने भनेको मानिसहरूले प्रयोग गर्ने सरल कथा अध्ययनको स्तरिय तरिका हो । तर, यदि उपलब्ध भएको समय तिनीहरुलाई उत्तरहरु दिन पर्याप्त भएन अथवा अवस्था वा श्रोताहरुको समूहको आकारले उत्तरहरु प्राप्त गर्नमा अधिकार जमायो भने , त्यहाँ विकल्पहरु हुन्छन् । सरल कथा अध्ययन प्रयोग गरिरहेका शिक्षकहरुले अलंकारिक प्रश्नहरु सोध्न सक्छन् । जब अलंकारिक प्रश्नहरु सोधिन्छन् , श्रोताहरुलाई ति प्रश्नहरुको उत्तर उच्च स्वरले भन्न दिइदैन । तर त्यो प्रश्नले श्रोतालाई उत्तर सोच्नको लागि प्रेरित गर्नेछ अथवा केवल एउटा बिचार तथा तिनीहरूको आफ्नो विश्वासहरू प्रतिबिम्बित गर्दछ । प्रश्नको यो शैलि सफलतापूर्वक प्रयोग गर्ने शिक्षकहरूले यो कुरा बुझ्छन् कि श्रोताहरूलाई तिनीहरूको आफ्नो जवाफलाई मानसिक रुपमा तयार गर्न लगाउन केही समयको लागि तिनीहरूले बोल्न बन्द गर्नुपर्छ , हुनसक्छ कि तिन वा चार सेकेण्डको लागि । समयको त्यो अन्तरालविना श्रोताहरू मानसिक रुपमा व्यस्त हुनसक्दैनन् र निश्क्रिय श्रोताहरूको रुपमा पछि हट्छन् ( जसले दिमागलाई भौंतारिन लगाउँछ र निद्रा लगाउने बनाउँछ) ।

**ठूलो समूहको उदाहरण ।** येशूले प्रस्तुत गर्नुभएका उपदेशहरूमध्ये धेरै परिचीत उपदेशलाई *डाँडाको उपदेश*को नाउँले चिनिन्छ । यो बाणी, जस्तो कि मत्तीको पुस्तकमा लिपिबद्ध गरिएको ५ - ७ अध्यायसम्म लम्बिएको छ । येशूले सिकाउनु भएको कुरा सुन्नका लागि धेरै ठूलो भिड जम्मा भएको थियो । उहाँ डाँडामाथि जानुभयो र मुनिभएका प्रत्येकलाई सिकाउनका लागि उहाँ बस्नुभयो । येशू एकजना सिद्ध सम्प्रेषक भएको हुनाले मानिसहरूले सबैभन्दा राम्ररी कसरी सिक्न र सम्झन सक्छन् भन्नेकुरा उहाँलाई थाहा थियो । शिक्षादिने समयावधिभर नै उहाँले शाब्दिक चित्रहरूको प्रयोग गर्नुभयो जसले दैनिक जीवनमा परिचीत केहीकुरालाई उहाँले सिकाउनु भएको सत्यतासँग तुलना गरेको छ । उहाँले नीति-कथाहरूको भावमा पनि बोल्नुभयो र उहाँले अलंकारिक प्रश्नहरू सोध्नुभयो , ति मध्ये १६ वटा वास्तविकतामा थियो । के येशूले श्रोताहरूलाई प्रश्नहरू अघि सार्न दिनको लागि छोटो विश्राम लिनुभयो भन्ने तपाईं सोच्नुहुन्छ ? उहाँको उदाहरणलाई किन नक्कल नगर्ने त ?

**विशुद्धता (यथार्थता) कायम राख्नु :-** सरल कथा अध्ययन विधिको छलफल शैलिका फाइदाहरु मध्ये एउटा चाहिं पुनरावलोकनको शक्तिसाली साधन नै हो । जब वाईवलका कथाहरु क्रमिक रुपमा प्रस्तुत गरिन्छ तव सरल कथा अध्ययनको शैलीमा पुनरावलोकन गर्नु सबैभन्दा मुल्यवान हुन्छ । कथा भन्न शुरु गर्नु भन्दा अगाडि शिक्षकले परिचय दिनुको सट्टामा तिनीहरुलाई अघिल्लो भेटघाटमा सुनाएको कथा र त्यसमा पत्ता लगाइएका कुराहरुको बारेमा छोटो पुनरावलोकन गर्नका लागि शिक्षकले भन्न सक्छन् ।

किनभने शिक्षा दिने बेलामा नयाँ मानिसहरु पनि उपस्थित भएमा हुनसक्छन् अथवा नियमित आइरहने केहि विद्यार्थि अघिल्लो कक्षामा नआएका पनि हुनसक्छन् , अन्तिम कक्षाको पुनरावलोकनले तिनहिरलाई पनि सहायता गर्नेछ । कक्षाका विद्यार्थिहरुलाई पुनरावलोकनका लागि जिम्मेवारी दिनाले तिनीहरुलाई स्मरणशक्ति देखि नै सो कथालाई दोहोऱ्याउने अवसर प्रदान गर्दछ ।

यसका साथै , सहभागी सदस्यहरुले अघिल्लो समयमा भेटिएका केहि गाडधनहरु र तिनीहरुले सिकेका कुराहरु बाँड्नका लागि भन्नु पर्दछ । पुनरावलोकनले मानिसहरुलाई तिनीहरुले प्राप्त गरेका सुचनाहरु तिनीहरुको दिमागमा ठोस बनाउन र पवित्रशास्त्रका कुराहरु अरुहरूलाई बताउन अवसर प्रदान गर्दछ । अघिल्लो समयमा सहभागीहरुले तिनीहरू समूहमा भएको बेलामा तिनीहरूले सिकेका कथाहरूलाई कसरी प्रयोग गरे भन्ने बारेमा बताउनका लागि तिनीहरूलाई निम्तो दिन यो कक्षा एउटा निर्दिष्ट (उपयोगी) स्थान पनि हो ।

यसका साथै , अघिल्लो भेटको समयावधिभर सहभागीहरु एकसाथमा के सिकेका थिए भन्ने कुरा बाँड्चुँड गर्न जव कक्षाका सदस्यहरुलाई अवसर दिइन्छ , त्यो बेला शिक्षकले अन्तिम कथा र यसका गाडधनहरुका बारेमा ठीकसंग र राम्ररी बुझेका थिए कि थिएनन् भनेर थाहा पाउन सक्छन् । यदि पहिलेको शिक्षाको समयमा भएका मानिसहरु आफूले सिकेका कुराहरुको बारेमा

अनभिज्ञ भए वा कथा भन्न सकेनन् भने यो शिक्षकको लागि हरेकको निन्ति कथा पुनरावलोकन गर्नुपर्छ भन्ने एउटा संकेत हो । अघिल्लो कथामा छलफल गरेका मानिसहरू यसलाई राम्ररी नबुझ्न्जेसम्म नयाँ कथामा अगाडि बढ्ने कुनै कारण नै छैन ।

# परिशिष्ठ ख :नमुना कथाद्धारा भएर यात्रा गर्नु प्रश्नहरु कसरी तयार गर्ने

## जक्कै,लुका १९ :१-१०

यो अध्यायको शिर्षकले सूचित गरे झैं, हामी पनि अर्कै नमुना कथाद्धारा भएर यात्रा गर्नेछौं । हामीले जक्कैको कथालाई छानेका छौं । यहि कथा नै छान्यौं, किनभने धेरैजसो बालबालिकाहरुको लागि प्रायः जक्कैको कथा एउटा सरल कथाको रुपमा देखिएको छ - तर यो कथा गहन पनि छ ।

यो कथा प्रायः गरेर यस प्रकारले भन्ने गरिन्छ : "जक्कै नाम गरेको एकजना पुड्को मानिसले येशूलाई भेट्न चाहन्छ, त्यसैले भिडमा हुनुभएको येशूलाई हेर्नको लागि ऊ रुखमाथि चढ्छ । त्यस भिडमा भएका मानिसहरुले यस मानिसलाई मन पराउँदैनन्, किनभने ऊ कर उठाउने मानिस हो । तर येशूले उसको बारेमा थाहापाउनुभयो र त्यस मानिसकै घरमा भोजना गर्न जानुभयो । जक्कै खुसी छ र उसले आफ्नो रुपैया पैसाको आधाभाग गरिबहरुलाई दिन्छ, हामी पनि जक्कै जस्तै हुनुपर्दछ ।"

यस कथा भित्र त्यो जानकारी समावेश मात्रै गरिएको भएतापनि त्यहाँ पत्तालगाउनु पर्ने अति धेरै कुराहरु छन् । जसै हामी सरल कथा अध्ययनको शैलिद्धारा भएर यो कथाका जान्छौं, यस कथाका धेरै गहिरा गाडधनहरु उघारिनेछन् ।

जसै हामीले जक्कैको बारेमा बाइबलको यो उद्‍धअंशलाई छानबिन गर्छौं, प्रश्नहरूको निर्माण कार्यमा हामी एकाग्र हुनेछौं । संचारको लागि जुन तरिका अमौखिक जस्तो देखिन्छ त्यसलाई हामी प्रयोग गर्छौं । हामी सम्भावित अवलोकनहरू, प्रयोगहरू तथा प्रश्नहरू लेखिरहेका हुनेछौं । केवल थाहापाउनुहोस् कि तपाईको विचारहरुमा भएका कुराहरुलाई प्रतिनिधित्व गर्ने लिखित प्रश्नहरु त्यहाँ हुनेछन् । तयारीको बारेमा कुराकानी गर्न व्यक्तिको रुपमा हामी तपाईसंग छैनौं, तपाईमा दिमागी प्रक्रिया सार्ने काम गर्न एउटा भिन्न तरिका हामीले छान्यौं - त्यसलाई हामीले लेख्यौं ।

वाईवलको कथाको यो तयारी गाडधनहरुको खोजी गर्ने तथा ति गाडधनहरुबाट प्रश्नहरु निर्माण गर्ने एउटा अचुक (निर्दिष्ट) विकास हो । जब तपाईले आफ्नो दिमागमा (विचारमा) यस्तो गर्नुहुन्छ , कथा नै तपाईको नोट (पर्चा) बन्दछ । कथा आवरणको डोरी जस्तै हो । जब तपाई त्यस आवरणको डोरीको संगसंगै आफ्नो बिचारमा हिड्नुहुन्छ , तब तपाईले आफ्ना गाडधनहरु र प्रश्नहरुलाई ती आवरणका डोरीहरुमा झुण्ड्याउनु हुन्छ ।

जव तपाईले यो नमुना यात्राको आकार हेर्नुहुन्छ ,"यो धेरै नै लामो छ" भनेर तपाई शायद आँत्तिएर कराउन सक्नुहुन्छ । फेरी,जव तपाईले यसलाई पढ्न शुरु गर्नुहुन्छ तपाईले भन्न सक्नुहुन्छ (अरुले जस्तै) "त्यहाँ धेरै कुराहरु घरि-घरि दोहोरिएका छन्" । साँचो रुपमा तपाईको सिक्ने शैलिको लागि यो नमूना सुहाँउदो नहुन सक्छ । तर, कमसेकम प्रश्नहरु निर्माण गर्नको लागि यसले तपाईलाई मद्धत गर्नेछ भनेजस्तो गरेर यो नमूनाबाट सिक्ने प्रयास गर्नुहोस् भनी हामी तपाईलाई हौसला दिन्छौं ।

वास्तवमा,केहि मानिसहरुको निम्ति यो त्यस्तो अध्याय हो जहाँ तिनीहरुले प्रश्नहरु कसरी निर्माण गर्ने भन्ने बारेमा स्पष्टता हासिल गर्दछन् ।

शुरुमा, तपाईले आफनै तरिकाले जक्कैको कथालाई प्रस्तुत गर्दा यहाँ हामीले प्रस्तुत गरेको जति धेरै गाडधनहरु सम्भवत भेट्टाउनु हुनेछैन । हामीले यो बिषेश कथालाई संसारका धेरै ठाउँहरुमा सिकायौं भन्ने कुरामा ध्यान दिनुहोस् । ती समयाबधिहरूमा, जसै हामीले यसको सम्बन्धमा अरुहरुसँग छलफल गर्‍यौं, यो कथाबाट हामीले धेरै कुराहरु सिक्यौं । समयको गतिसँगै हामीले जानकारी प्राप्त गरेका छौं जसले हामीलाई ती प्रशस्त खजानाहरु तपाईसँग बाँड्न अहिले सक्षम तुल्याएको छ । वास्तविकतामा अरु धेरै मानिसहरुबाट तपाईले त्यस्ता जानकारीहरु बटुल्दै हुनुहुन्छ जुनचाहिं सामूहिक योगदानको अवधिभर सरल कथा अध्ययन (STS) मा नियमीत रुपमा जे हुन्छ, त्यही नै हो ।

जस्तै तपाईले सरल कथा अध्ययनको शैलीमा कथाहरु तयार गर्न र प्रश्तुत गर्न निरन्तरता दिनुहुन्छ,तब तपाईले पनि धेरै भन्दा धेरै गाडधनहरु पत्ता लगाउनुहुनेछ । वास्तवमा,पछि तपाई यो कथामा फर्किएर जान पनि सक्नुहुन्छ र अथवा थप खजानाहरु भेट्टाउन सक्नुहुन्छ । परमेश्वरको वचन त्यस्तै छ । तपाईले कहिल्यै सत्यताहरुको प्रवन्धलाई निर्बल तुल्याउन सक्नुहुनेछैन ।

यो अध्याय यस प्रकारले बनिएको छ :तपाईले जक्कैको कथा पढिसकेपछि,यस कथामा आत्मिकी गाडधनहरुको खोज कसरी गर्ने र कथामा भएका ती गाडधनहरु तर्फ अरुहरुलाई डोऱ्याउन सहायता गर्नको लागि प्रश्नहरु कसरी निर्माण गर्ने भनेर पनि देखाउनेछौं ।

हामीले सुझाव दिएका केहि आत्मिक अवलोकनहरु तपाईले शायद देख्न नसक्नुहोला अथवा तिनीहरुमा तपाई सहमत हुन नसक्नुहोला । यो असामान्य होइन,यसलाई एउटा समस्याको रुपमा लिनु हुँदैन । जब तपाईले अरुहरुलाई सिकाउनका लागि सरल कथाको शैलिलाई प्रयोग गर्नुहुन्छ,तब तपाईले व्यक्तिगत रुपमा स्पष्ट तवरले कथामा जे देख्नुहुन्छ त्यहि मात्र बाँड्नुहुनेछ ।

हामीले दिएका केहि उपायहरु केवल छलफलको लागि मात्रै हुनसक्छन् । जस्तै ती उपायहरुको बारेमा समूहमा छलफल हुन्छ,धेरै जसो परमेश्वर अरुहरुद्धारा भएर बोल्नुहुन्छ र पवित्र शास्त्रको त्यस खण्डभित्र भएका नयाँ कुराहरु प्रकट हुनेछन् ।

हामीलाई थाहा छ कि अरुहरुलाई गाडधनको खोजी तर्फ डोऱ्याउने खालका प्रश्नहरुको विकास गर्नु सरल कथा अध्ययनका चुनौतिहरुमध्ये सबैभन्दा ठूलो चुनौति हो । यहाँ दोहोऱ्याएर प्रयोग गरिएका कुराहरुले यो नयाँ दक्षताको साथमा तपाईलाई अझ बढी आरामदायक हुन मद्धत पुग्नेछ भन्ने कुरामा हामी आशा गर्दछौं ।

जब तपाईले वास्तवमै यो कथा सिकाउनु हुन्छ ,छोटो समयको कारण वा अरु कुनै कारणहरुले गर्दा कुनै एउटा समयमा ति गाडधनहरु मध्ये केहि मात्रै प्रस्तुत गर्नुहुनेछ ।

## आउनुहोस अब शुरु गरौं ।

यो अभ्यासको लागि सबैभन्दा पहिले तपाईले दशओटा पदहरु भएको यो कथालाई सरल कथा अध्ययनको शैलीमा पढ्न सिफरिश गरिएको छ (तल भेट्टाइएका कथाको यो बातचीतको नमूनालाई प्रयोग गर्नुहोस् ) ।

कथालाई कसरी तयार भन्ने बारेमा यो हस्तपुस्तिकामा अघिल्लो परिच्छेदमा नै बर्णन गरे झैं गरी कथालाई सिक्नुहोस् :

१. दशओटा पद भएको यो कथालाई एकचोटि उच्च स्वरले पाठ गर्नुहोस् ।

२. जसै तपाईले यो पढ्नुहुन्छ , बातचीतकमो रुपमा भनिएको यो एउटा उदाहरण हो भन्नेकुरा तपाईले देख्नुहुनेछ । यसमा प्रयोग हुने शब्दहरू तपाईले आफ्नै स्वभाविक रुपमा बोल्नुहुने शब्दहरु हुन् । उदाहरणको लागि ,बाइबलले भन्नसक्छ “कर उठाउने अधिकारी”, यो कथाले भन्दछ “कर उठाउने मानिस”।

३. कथाभरि नै के भइरहेको छ भनेर तपाईको दिमागको आँखाले हेर्नुहोस् ।

४. तपाईले पाठ गरिसक्ने वित्तिकै, आफ्नो आँखा बन्द गर्नुहोस् र कथा जति सम्झन सक्नुहुन्छ , त्यति नै उच्च स्वरले दोहोऱ्याउनुहोस् । कथालाई तपाईको दिमागभित्र चित्रहरूको रुपमा हेर्नुहोस् । तपाईले हुबहु शब्दहरु होइन तर कथालाई नै हुबहु सम्झने प्रयास गरिरहनु भएको हुन्छ ।

५. कथामा फेरि फर्केर जानुहोस् र फेरि पनि उच्च स्वरले सो कथा पाठ गर्नुहोस् । तपाईले छोड्नु भएको वा झुक्किएर थप्नु भएका भागहरू देख्नुहुनेछ ।

६. तपाईको आँखा फेरि बन्द गर्नुहोस् ,फेरि सो कथालाई पुन :उच्च स्वरले दोहोऱ्याउनुहोस् र तपाईले यसलाई भन्नुहुने जस्तो र तपाइको मष्तिस्कले देख्नेजस्तो कथामा अभिनय गर्नको लागि कार्यकलापहरू प्रयोग गर्नेकुरा याद गर्नुहोस् ।

प्रायः यस प्रकारले चार पटकसम्म यो कथालाई पाठ गर्दै र दोहाऱ्याउँदै गर्दा मानिसहरुले पुरै कथा शुद्धसँग भन्न सक्षम भएको थाहा पाउनेछन् । जसै तपाईले कथामा छानबीन गर्नुहुन्छ, यससंग तपाई झन् धेरै परिचीत हुनुहुनेछ । तपाईले सेवाकाईमा यसलाई प्रयोग गर्नुभन्दा अघि तपाईले शायद यसलाई ठीक-ठीकसंग शुद्ध नबनाउनु भएसम्म यउसलाई पढ्न र दोहोऱ्याउनमा बढि समय खर्चिन सक्नुहुन्छ ।

जेहोस् , यदि चारदेखि छ पल्टसम्म यसरी पाठ गर्दै र दोहोऱ्याउँदै गर्दा पनि, कथाको विषयवस्तुलाई सम्झनको लागि अझै संघर्ष गर्दैहुनुहुन्छ भने, विषयवस्तु याद गर्ने नयाँ तरिका पछ्याउनु सट्टा शब्दहरु याद गर्ने परिचित शैलीभित्र तिनीहरु असावधानीपूर्वक पछाडि भागेका छन् भन्ने एउटा बलियो सम्भाव्यता हुन्छ ।

जानकारीको अध्ययनमा तपाईको बितेका अनुभवको कारणले परिचीत कुरातर्फ तपाई फर्किनु भएको छ र त्यसो गरेर तपाईले सरल कथा अध्ययनको नुस्खालाई नै परिवर्तन गर्नुभएको छ ।

कथा सम्झन धेरै कठिन छट भन्नेकुरा यदि तपाइले भेट्टाउनुभयो भने, तपाईलाई पछाडी फर्केर जान र जानकारीहरूलाई पुनरालोकन गर्न हामी हौसला दिन्छौं । साथै माथिका चरणहरु पछ्याउनुहोस् र जक्कैको यो कथालाई फेरि सिक्ने प्रयास गर्नुहोस् .........सरल कथा अध्ययन शैलिमा । यो समय जब तपाईले सो कथालाई पुन :दोहोऱ्याउने कोशिश गर्दै हुनुहुन्छ भने लिखित कथा गुप्त रुपमा अझै गर्नुहुनेछैन । र याद गर्नुहोस्, उच्च स्वरले कथालाई पाठ गर्नुहोस् र उच्च स्वरले नै पुन : दोहोऱ्याउनुहोस् ।(लूका १९ : १ - १०)

येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो । त्यहाँ जक्कै नाउँ भएका एकजना मानिस थिए । तिनी कर उठाउनेहरुमा प्रमुख मानिस थिए,अनि धनी थिए । येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे,तर पुड्को भएको हुनाले भीडले गर्दा तिनले देख्न सकेनन् । तब जक्कै अगि-अगि दौडेर गए र येशूलाई हेर्न एउटा अञ्जीरको रुखमा चढे,किनभने येशू त्यहि बाटो भएर जान लाग्नुभएको थियो ।

जब येशू त्यस ठाउँमा आईपुग्नुभयो , उँहाले मास्तिर हेर्नुभयो र जक्कैलाई देख्नुभयो,उहाँले तिनीलाई भन्नुभयो ,“ए जक्कै,चाँडो ओर्लेर आऊ किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ ।” तिनी झट्टै ओर्लेर आए ! अनि खुशीसाथ उहाँको सत्कार गरे । जब मानिसहरुको भिडले यो देखे,तिनीहरु सबै यसो भनेर गनगनाउन लागे, “उनी पापीको घरमा पाहुना लाग्न गए ।”

जक्कैले खडा भएर प्रभुलाई भन,“प्रभु हेर्नुहोस् म आफ्ना सम्पतिको आधाभाग गरीबहरुलाई दिन्छु र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने त्यसको चारगुणा फिर्ता गरिदिनेछु ।” तब येशूले जक्कैलाई भन्नुभयो,“आज यस घरमा मुक्ति आएको छ किनकी यिनी पनि अब्राहमका छोरा हुन्। किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।”(लुका १९ : १-१०)

## कृपया होशियारी पूर्वक जानकारी लिनुहोस् ।

तपाईको कथाको तयारी पश्चात् , तपाईले कथा तयारी गर्ने अबधिभर तपाईसँग भएका सम्पूर्ण विचारहरुको मान्यतालाई प्रमाणित गर्न तपाई असमर्थ भएको पाउन सक्नुहुन्छ । जब सिकाउने समय आउँछ , प्रमाणित ती विचारहरु अरुहरुलाई सिकाउनको लागि प्रयोग गरिएको हुनुहुँदैन । ती अन्य विचारहरुलाई एकातिर पन्छाउनुहोस् , सायद तिनीहरुलाई कुनै अर्को समयमा प्रयोग गर्न  सकिन्छ जब तपाईले भिन्न कथा तयार गर्नुहुन्छ ।

कहिलेकाही तपाई आफ्नो कथा प्रस्तुत गर्दा र प्रश्नहरु सोध्दै गर्दा अरुहरुले दिएका प्रतिक्रियाहरुद्धारा अरु केहि अतिरिक्त सत्यताहरुको बारेमा प्रभुले तपाईसँग बोल्नु भएको तपाईले पाउनुहुनेछ । त्यो समयमा, जसै तपाईले छलफलद्वारा भएर सिकाउनुहुन्छ , तपाईका पहिलेका विचारहरु साँचो प्रमाणित भएको हुनसक्छ ।

यसभन्दा अगाडिको भाग पढ्नु अघि , के-कस्ता आत्मिक गाडधनहरु तपाईले पत्ता लगाउन सक्नुहुन्छ भनी हेर्न जक्कैको कथालाई केहि समय लगाएर बिचार गर्नको लागि हामी सुझाव दिन्छौं । जसै तपाई कथाद्वारा भएर जानुहुन्छ बुद्धिमान सल्लाहकारको जस्तो प्रत्येक सोध्दैगर्नुहोस् । प्रत्येक व्यक्तिको बारेमा यि कुराहरूबाट मैले आत्मिक रुपमा के सिक्नसक्छु :

प्रत्येकले के भन्छ , के गर्छ , कस्ता छनोटहरू बनाए ( र कस्ता छनोहरू बनाउन सक्थे ) ? बनाइएका छनोटहरूको नतिजा तथा असरहरूलाई ध्यान दिनुहोस् । परमेश्वरले जे भन्नुहुन्छ र जे गर्नुहुन्छ त्यसबाट हामीले परमेश्वरको बारेमा हामीले के सिक्नसक्छौं ? यो अभ्यासले तपाईको दक्षताहरुलाई व्यवहारमा उतार्न तपाईलाई अवसर प्रदान गर्दछ ।

त्यसपश्चात् , कथाको साथमा दिमागी रुपले ताजा भई हाम्रो अवलोकनहरुसँग तपाईको अवलोकनलाई तुलना गर्न सक्नुहुन्छ । हामीले उल्लेख नगर्ने केहि गाडधनहरु तपाईले भेट्टाउन सक्नुहोला । त्यसैगरी , तपाईले ध्यान नदिनुभएको केहि हामीले भेट्टाएको हुनसक्ला । तपाईको गाडधनको खोजमा आनन्द लिनुहोस् ।

## हामीले विचार गरेका केहि आत्मिक अवलोकनहरु

१. येशूमा चाख लिएको जस्तो देखिने मानिसहरुले जक्कैलाई येशूको नजिक जानबाट रोकिरहेका थिए ।

२. यो जक्कै भन्ने मानिस उचाईमा पुड्को भएता पनि दर्जामा ठुलो थियो । उ एकजना धनी मानिस थियो साथै कर उठाउनेहरुको प्रमुख (हाकिम) पनि थियो । तर येशूलाई हेर्नको लागि ऊ अति नै ईच्छुक थियो । जब ऊ उहाँको नजिक सजिलैसँग पुग्न सकेन,तब जक्कैले उहाँलाई भेट्टाउन आफ्नै तरिका प्रयोग गर्ने छनोट गऱ्यो ।

३. यो मानिस येशूलाई भेट्न कुदेर तल सडकमा गएको र उहाँलाई भेट्न नसक्दा रुखमाथि चढेको कुराले मानिसहरुको सामु हाँसोको पात्र बन्ला र बेइज्जत होला भन्ने कुराको डरले उसलाई केहि फरक परेन ।

४. येशूले आफ्नो वरिपरीको भिडलाई चिरेर सडकको बीचतिर जाँदै गर्नुभएको हामीले देख्यौं । सबै मानिसहरुले येशूको नजिक पुग्न ठेलमठेला गरिरहेका थिए । तर उहाँले आफ्ना छेउका कसैलाई पनि बोलाउनु भएन, त्यसको सट्टामा येशूले एकजना त्यस्तो व्यक्तिलाई छान्नुभयो  जो उहाँको नजिक पनि थिएन र त्यो व्यक्ति अनौंठो ढंगले रुखमा चढेको थियो ।

५. येशूले जक्कैको नामै काढेर बोलाउनु भयो, जुन कुराले त्यस मानिस प्रति येशूले व्यक्तिगत रुपमा चाख देखाउनु भएको कुरालाई दर्शाउँछ ।

६. येशूले आफैले आफैलाई जक्कैको घरमा आमन्त्रित गर्नुहुन्छ, जुनकुरा धेरैजसो संस्कृतिको लागि ढीठ प्रकारको दुराशी अवलिप्त कुरो हुन्छ । येशूलाई भविष्यको बारेमा थाहा भएजस्तै गरेर कुन कुराले स्थान पाएकै हुनुपर्छ भन्ने बारे उहाँको ज्ञान र पूर्ण विश्वासलाई देखाउँछ ।

७. जब एकजना व्यक्तिले आफ्नो नजर उठाएर माथितिर हेर्छ ,खासगरी एकजना अगुवा जसलाई मानिसहरुले पछ्याईरहेका छन् , त्यो अगुवाले के हेरिरहेको छ भनेर हेर्न तिनीहरुले पनि आफ्नो नजर  माथितिर लान्छन् । यसको अर्थ जक्कैलाई येशूले मात्र हेरिरहनु भएको थिएन तर त्यहाँ भएका सबै मानिसहरु हेरिरहेका थिए । सबैको नजरमा आफू प्रकट भएतापनि जक्कैले आफू डराएको वा हतोत्साहित भएको कुरा देखाएन । वास्तवमा उसले आफ्नो आनन्द प्रकट गऱ्यो ।

८. जक्कैको घरमा येशू किन जानैपर्छ भन्ने बारेमा उहाँले जक्कैलाई भन्नुभएन । येशूको बोलाहटको प्रतिक्रिया दिनमा जक्कैले हिचकिचाहट देखाएन । तर उसले हतार गरे । वास्तवमा उसले आफ्नो विश्वास देखाए ।

९. त्यो भिडले जक्कैको बिरुद्ध येशूको बारेमा एक आपसमा यसरी गनगनाउन थाले ,"येशू कसरी एउटा पापीको घरमा पाहुना लाग्न जानुभएको होला ।" यहाँ "संग.....जानुभएको" भन्ने शब्दले येशूले छोड्दैहुनुहुन्थ्यो अथवा उहाँले छोडिसक्नुभयो भन्ने कुरालाई देखाउँछ ।

जक्कैको सामुमा येशूले भिडलाई भन्नुभएको कुराद्धारा हामीले थाहापाउँदछौ कि येशूले तिनीहरुको आलोचनालाई थाहापाईसक्नु भएको थियो । येशूले भिडका मानिसहरुको आलोचनाबाट आफैलाई बचाव गर्नु भएन र जक्कैको घरतर्फको गतिलाई अगाडि बढाउनुभयो ।

१०. सो भिडको गुनासो यो थियो कि ,"यशू एक पापीको घरमा पाहुना लाग्न जानुभयो," यो आलोचनाद्धारा के बुझिन्छ भने, भिडमा उहाँको आलोचना गर्ने मानिसहरुले आफूलाई पापी होइनौं भनेर विचार गरिरहेका थिए ।

११. भिडका मानिसहरुले तिनीहरु येशूका अनुयायीहरु हुन् भने जस्तै गरेर आफनो व्यवहार देखाए । तिनीहरु येशूको चारैतिरबाट संगसंगै हिंडे । सो भिड येशूको यति नजिक थियो कि तिनीहरूको कारणले गर्दा जक्कैले येशूलाई देख्न पनि सकेन । येशूले कोसंग बसेर खानुहुन्छ भन्ने बारेमा तिनीहरुले आलोचनात्मक वास्ता गरेता पनि , तिनीहरु मध्ये कसैको घर मात्रै उहाँको निम्ति उचित छनोट हुन्थ्यो भन्ने जस्तो सुझाव दिइरहेका थिए । वास्तवमा, उहाँले जुन घरमा जाने छनोट बनाउनुभयो, त्यसमा उनीहरु असहमत भएर येशूलाई पूर्ण रुपमा अनादर देखाए ।

१२. यो न्याय गर्ने खालको भिडको आफ्नै किसिमको विश्वास थियो, तर येशूको अनुहार तिर हेरेर प्रश्न उठाउने हिम्मत उनीहरुमा थिएन । येशूको शक्तिको बारेमा भिडका मानिसहरुमा कुनै ज्ञान थिएन, तर तिनीहरुको गुनासोलाई येशूले सुन्न सक्नुहुन्न भन्ने जस्तो गरि उहाँको बारेमा तिनीहरूले कुरा गरिरहेका थिए ।

१३. जक्कै नाम गरेको यो धनी मानिसले आफ्नो सम्पतिको आधाभाग (हिस्सा) गरीबहरुलाई बाँडिदिन्छु भनेर उसको हृदयको कुरालाई प्रस्तुत गरेको छ ।

१४. उसले कसैबाट अनुचित रुपमा ठगेर ल्याएको कुरालाई त्यसको चारगुणा त्यस व्यक्तिलाई फिर्ता गरिदिनेछु भनेर समेत घोषणा गरे । जक्कैले “यदि” भनेर भनेन,तर उसले यो कुरा देखाएको थियो अथवा ऊ व्यबस्थाद्धारा दोषि भेट्टाईएको हुनाले व्यबस्था बमोजिम उसले लुटेर ल्याएको धनको चार गुणा तिरिदिनेछु भनेर कबुल समेत गरे । जक्कैले यो काम उसको आफ्नै स्वतन्त्र ईच्छामा गर्ने प्रतिज्ञा गरे ।

कसैकसैले भन्न सक्दछन् कि जक्कैले पहिल्यै गरिबहरुलाई उसको सम्पति बाँडिदिएको थियो,तर भिडका मानिसहरुको विचारले हामीलाई यो कुरा भिन्नै तवरले देखाउँदछ । यदि उसले आफ्नो सम्पतिको आधा हिस्सा गरिबलाई बाँडिदिएको थियो भने , सम्भवत उसले यो कार्य गोप्य रुपमै गरिरहेको थियो होला । तर उसले अनुचित रुपमा ठगेर ल्याएको सम्पतिको चार गुणा फिर्ता गरिदिने कार्यले भिडको आँखाको सामु जक्कैलाई धर्मी व्यक्तिको वर्गमा पार्नेछ ।

कथाबाट हामी के पाउँदछौं भने,यस अंशको कुनै बिन्दुमा जक्कैले आफैलाई पापी हुँ भनेर स्विकार गर्‍यो र सबै कुराहरु ठीक बनाउन चाह्यो । येशूले त्यसदिन त्यहाँ मुक्ति आएको कुरा भन्नुभयो । जक्कैले अचम्म लाग्दो उदारता देखाइको कुरा हामी यहाँ देख्छौं ।

१५. शुरुमा जक्कैले येशूबाटको आत्मिक स्वीकारलाई किन्ने कोसिस गरिरहेको हुनसक्छ भन्ने विचार गर्न सकिन्थ्यो । तर हामीलाई थाहा छ कि त्यो दिन जक्कै येशूमा विश्वासद्धारा आयो,किनभने येशूले उसलाई भन्नुभयो ,“आज तिम्रो घरमा मुक्ति आएको छ ।” यस कथामा आफ्नो पाप स्वीकार गर्ने जक्कै मात्र एउटा व्यक्ति हो र यस कथामा ऊ मात्रै मुक्ति प्राप्त गर्ने व्यक्ति हो ।

१६. यस कथामा, येशूले जक्कैलाई प्रत्यक्ष रुपमा भन्नुभयो ,“आज यस घरमा मुक्ति आएको छ ।” येशूले निरन्तर रुपमा भन्नुभयो, “ जक्कै पनि अब्राहामको सन्तान भएको ।” यसबाट हामी देख्दछौ कि जक्कैको छेउमा अरु मानिसहरु पनि उपस्थित थिए । येशूले भन्नुभएको कुराद्धारा हामीले यो पनि देख्दछौं कि उहाँले जससंग कुरा गरिरहनु भएको थियो तिनीहरुलाई पनि उहाँले परिवर्तन गर्दैहुनुहुन्थ्यो र उहाँले ती मानिसहरुबाट जक्कैलाई जोगाउँदै पनि हुनुहुन्थ्यो ।

१७. येशू आउनुको उद्देश्य “हराएकालाई खोज्न र बचाउन” थियो भन्ने उहाँको संक्षिप्त भनाई हो । यो भनाईले जक्कैलाई निश्चय पनि आदर गरेको छ साथै आलोचना गर्ने भिडका मानिसहरुलाई समेत आलोचना गरेको छ ।

१८. यो कथामा, हामीले देख्छौं कि येशू, जो महत्वपूर्ण अगुवा हुनुहुन्थ्यो, प्रत्येक व्यक्तिले घृणा गर्ने एकजना व्यक्तिलाई व्यक्तिगत तरिकाले वास्ता गर्दैहुनुहुन्छ । येशूलाई त्यो व्यक्तिको नाम थाहा थियो । येशू ति सबै मानिसहरूको धारणाको बिरुद्धमा जानुभयो । गोप्य रुपमा ति मानिसहरूले के भने भन्नेकुरा येशूलाई थाहा थियो । जक्कैले त्यो दिन मुक्ति पाए भनेर भन्ने खुबी येशूमा थियो । ति कुराहरूको जुन संयोग हामीले यो कथामा देख्छौं त्यसले येशू परमेश्वर हुनुहुन्छ भनेर देखाउन सक्छ ।

कथाको शुरुमा , यो कुरा स्पष्ट छ कि जक्कैले येशूलाई खोजीरहेको थियो । तब कथाको अर्को अंशमा येशूले जक्कैलाई खोजीरहनु भएको एउटा कथा बन्छ ।

# अवलोकन प्रश्नहरुको निर्माण

अभ्यासका लागि , माथि सुचित गरिएका प्रत्येक अवलोकनका लागि अरुहरुलाई अगुवाई गर्ने प्रश्नहरु कसरी निर्माण गर्ने भनेर हामी देखाउनेछौं । स्रोताहरुलाई अवलोकन तर्फ खिच्नको लागि हामीले प्रयोग गर्न सक्ने धेरै प्रश्नहरु तपाईले कहिलेकाहीं देख्नुहुनेछ ।

आत्मिक अवलोकन तर्फ स्रोताहरुलाई डोऱ्याउनका लागि प्रत्येक प्रश्नको निर्माण गरिएको हुनाले सहायताको रुपमा हामीले “SO” भनेर सूचित गरिएका अवलोकनहरुलाई पुनः सुचित गर्दछौं । त्यस अवलोकनलाई डोऱ्याउने नमूना प्रश्नहरुलाई “SOQ” भनेर लेखिएका छन् । अवलोकनलाई पत्ता लगाउनको लागि अरुहरुलाई क्रमशः कसरी अगुवाई गर्दै जाने भन्ने कुरा अझ राम्ररी बुझ्न यसले तपाईलाई मद्धत गर्नेछ । यो तरिका पिंजडामा भएको चरालाई रोटीका टुक्राहरु थोरै राखेर त्यसलाई तान्दै त्यो चरालाई यताउती डोऱ्याउने जस्तै हो ।

यदि तपाईले यि प्रश्नहरूलाई नजिकबाट नियाल्नु भयो भने बुद्धिमान सल्लाहकारले सोध्ने प्रश्नहरूसंग सम्बन्धित हामीले प्रयोग गर्ने शब्दहरू तपाईले देख्नुहुनेछ । तिनीहरूले के भने अथवा गरे, कस्ता छनोटहरू बनाए अथवा बनाउन सक्थे, फइदाजनक नतिजा र असर जस्ता कुराहरूबाट यो कथामा ती कुराहरूको बारे आत्मिक रुपमा हामीले के सिक्न सक्छौं भनेर सोध्न सक्छौं ।

**SO** - **ये**शूमा चाख लिएको जस्तो देखिने मानिसहरुले जक्कैलाई येशूको नजिक जानबाट रोक्यो ।

**SOQ** - यो कथामा जक्कैले येशूलाई हेर्न चाहेको कुरा हामीले देख्यौं । तर ऊ येशूको नजिक पुग्न सकेन । तथ्य कुरा चाहिं जक्कै पुड्को थियो र कथामा हामीले देख्यौं कि जक्कैको बाटोमा मानिसको भिड थियो । त्यो भिडमा भएका मानिसहरुले जक्कैलाई येशूको नजिक जानबाट रोक्ने गरि के गरिरहेका थिए ?

- यदि येशूको नजिक हुन चाहने मानिसहरुको भिडले येशूको खोजी गर्ने मानिसलाई येशूलाई हेर्न देखि पनि रोकिरहेका थिए भने, सो भिडको बारेमा हामीलाई त्यसले के कुरा देखाउन सक्छ ?

**SO** - यो जक्कै नाम गरेको मानिस उचाईमा पुड्को थियो , तर दर्जामा ऊ ठूलो थियो । ऊ धनी हुनुका साथै कर उठाउनेहरुको प्रमुख पनि थियो । तर उसले येशूलाई हेर्ने तिब्र ईच्छा गरेको थियो बि सजिलो उपायले काम नगरेपछि उसले उहाँलाई हेर्न आफ्नै तरिका अपनाए ।

SOQ - समुदायमा जक्कैको सामाजिक , व्यवसायीक र आर्थिक अवस्थालाई तपाईले कसरी वर्णन गर्नुहुन्छ ?

-त्यसोभए , जक्कैले भिडलाई चिरेर जानका लागि आफ्नो केहि सम्पति प्रयोग गऱ्यो र केहि वदमास केटाहरुलाई भाडामा लिएर भिडलाई हटाउने काम गऱ्यो , हो ? होइन ?

-ठीक छ , उसो भए हामी यहाँ कस्तो छनोटलाई देख्छौ ? जब यो महत्वपूर्ण मानिसले सामान्य अथवा सजिलो उपाय गरेर येशूलाई हेर्न असमर्थ भएको थियो , तब उसले अर्को कुन भव्य तरिका अपनायो त ?

SO - यो मानिस येशूलाई हेर्नको लागि कुदेर तल सडकमा गएको र उहाँलाई भेट्न नसक्दा रुखमाथि चढेको कुराले मानिसहरुको सामू हाँसोको पात्र बन्ला र बेइज्जत होला भन्ने कुराको डरले पनि उसलाई रोक्नसकेन ।

SOQ - के यस कथाको पहिलो भागमा त्यस क्षेत्रमा भएका मानिसहरुले जक्कैको बारेमा के सोचेका थिए भन्ने कुरा हामीले देख्यौं ?

-जक्कै एकजना महत्वपूर्ण मानिस थियो र ऊ एकजना अयोग्य व्यक्ति थियो भनेर मानिसहरुले बिचार गर्दछन् भन्ने उसलाई थाहा छ । के येशूलाई हेर्न सडकको तलतिर दौड्ने र रुखमाथि चढ्ने कार्यकलाप यस प्रकारको मानिसको निम्ति सामान्य जस्तो देखिन्छ ? सार्वजनिक रुपमा सडकतिर दौडिनु र येशूलाई हेर्न रुखमाथि चढ्नु जक्कैको निम्ति त्यहाँ कुनै व्यक्तिगत जोखिम हुनसक्थ्यो ?

-जक्कैले अरु क्स्ता छनोटहरू बनाएको हुनसक्छ ?

- के उसको कार्यकलापहरूले जक्कैको बारेमा हामीलाई केहीकुरा देखाउन सक्छ ?

**SO -** येशूले आफ्नो वरिपरी भएका मानिसहरुको भिडलाई चिरेर सडकमा हिड्दै गर्नुभएको हामीले देख्यौं । सबै मानिसहरुले येशूलाई ठेलमठेला गरिरहेका थिए । तर आफ्नो छेउमा भएका कसैलाई पनि उहाँले बोलाउनु भएन । बरु उहाँको नजिक पनि नभएको केवल एकजना मानिसलाई छान्नुभयो जो मानिस रुखमा चढेको थियो ।

SOQ - जब भिडहरुले वरपरबाट घेरिएको येशू सडकमा हिड्दै हुनुहुन्थ्यो,भिडमा भएका कुनचाहिं मानिसहरुलाई उहाँले प्रतिक्रिया दिनुभयो ?

-येशूको व्यवहारले हामीलाई के देखाउँछ ?

**SO**-येशूले जक्कैलाई नामै काढेर बोलाउनुभयो जसले त्यो मानिसमा उहाँको व्यक्तिगत चाख (रुची)लाई देखाउँछ ।

**SOQ** - मलाई अचम्म लाग्छ,जक्कैलाई येशूले भन्नु भएको कुराबाट उहाँले मानिसमा व्यक्तिगत चाख लिनुहुन्छ भन्ने देखाउने के त्यहाँ कुनै यस्तो कुरा छ ?

**SO** - येशूले जक्कैलाई आज म तिम्रै घरमा बस्नु परेको छ भनी भन्नुभएको कुरा धेरै जसो संस्कृतिहरुमा एकप्रकारको हठी कुरा हो । येशूलाई भविष्यको बारेमा थाहा भएजस्तै गरेर कुन कुराले स्थान पाएकै हुनुपर्छ भन्ने बारे उहाँको ज्ञान र पूर्ण विश्वासलाई देखाउँछ ।

**SOQ** - यस छलफलमा कसले अगुवाई गरेको तपाईले देख्नुहुन्छ् र यो कस्तो किसिमको असामान्य(उल्टो) निमन्त्रणा थियो ?

**SO** - जब एकजना व्यक्तिले माथितिर हेर्छ,विशेष गरेर एकजना अगुवा जसलाई अरु मनिसहरुले पछ्याईरहेका छन्,ति अगुवाले के हेरिरहेको छ भनेर हेर्न तिनीहरुले पनि आफ्नो दृष्टि त्यतैतिर लैजान्छन् । त्यसको अर्थ यस्तो हुन सक्थ्यो कि येशूले मात्र जक्कैलाई हेरिरहनु भएको थिएन,सबै मानिसहरुले हेरिरहेका थिए । आफूलाई सबैले भेट्टाएकोमा जक्कैले आफू डराएको वा अकमक्क परेको कुरो प्रकट गरेन । बरु वास्तवमा आफ्नो आनन्द प्रकट गर्‍यो ।

**SOQ** - के तपाई कहिल्यै त्यस्ता मानिसहरुको समुहमा कोहि एकजनाले माथितिर कुनै कुरामा एक टक लाएर हेर्थ्यो ?

-त्यो समुहमा भएका बाँकि मानिसहरुले के गर्‍यो ?

-येशूको छेउमा भएको कुनै मानिसले रुख माथि बसिरहेको जक्कैलाई देख्यो भन्ने कुरा के हामीले कथाबाट जान्दछौं ? कसरी ?

-त्यसो भए यो जक्कै भन्ने मानिसलाई एकदम व्याकुल परिस्थितिमा समातियो र प्रत्येक व्यक्तिले उसलाई देख्यो । एकजना धनी तथा शक्तिशालि मानिसलाई रुखमाथि चढेको जस्तो हाँसो उठदो स्थानमा भेट्टाईदा उसलाई कस्तो महसुस हुनसक्थ्यो ?

- जककैले आफू लुक्ने अथवा बहाना बनाउने प्रयास गरेन । ऊ आनन्दित हुने छनोट बनायो र हतार गरेर येशूकहाँ आयो । उसले कस्तो प्रकारले प्रतिकिया जनाएको हुनसक्छ ? उसको प्रतिकियाहरूले हामीलाई केहीकुरा देखाउँछ ?

**SO** - येशूलाई जक्कैको घरमा नै किन जानुपर्छ भन्ने बारेमा जक्कैलाई भन्नुभएन । येशूले जक्कैलाई बोलाउनुहुँदा उहाँलाई प्रतिक्रिया दिन उसले हिचकिचाएन । उ हतार गरेर ओर्लिएर उहाँकहाँ आयो । वास्तवमा, जक्कैले आफ्नो विश्वास देखायो ।

**SOQ** - उसोभए,जब उसलाई येशूले तल आउ भनेर बोलाउनुभयो,जक्कैले कसरी प्रतिक्रिया दियो ? ठीक कसरी ? जक्कैको बारेमा हामीलाई कुन कुरा देखाउन सक्छ ?

**SO** - त्यो भिडले जक्कैको बिरुद्ध येशूको बारे तिनीहरु एक-आपसमा यसरी गनगनाउन थाले,“येशू कसरी एउटा पापीको घरमा पाहुना लाग्न जानुभएको होला । यहाँ “सँग.....जानुभएको” भन्ने शब्दले येशूले छोड्दैहुनुहुन्थ्यो अथवा उहाँले छोडिसक्नु भयो भन्ने कुरालाई देखाउँछ ।

जक्कैको सामुमा येशूले भिडलाई भन्नुभएको कुराद्धारा हामीले थाहापाउँदछौ कि येशूले तिनीहरुको आलोचनालाई थाहापाईसक्नु भएको थियो । येशूले भिडका मानिसहरुको आलोचनाबाट आफैलाई बचाव गर्नु भएन र जक्कैको घरतर्फको गतिलाई अगाडि बढाउनुभयो ।

**SOQ** - भिडमा भएका मानिसहरुले जे कुरामा गनगन गरे त्यहि कुराद्धारा आफूहरुलाई जक्कैभन्दा बढी सर्वोच्चका ठाने भनी हामी थाहा पाउँदछौं । के जक्कै भिडद्धारा प्रभावित भएको जस्तो देखिन्छ ?

- येशूले जक्कैको घरमा जाने छनोट बनाउनुभयो । भिडको आलोचनाको लागि येशूले कसरी प्रतिक्रिया दिनसक्थ्यो ?
- भिडको आलाचनामा येशूले कुनै प्रतिक्रिया नदेखाएकोबाट कस्ता प्रकारका कुराहरु हामीले सिक्न सक्ने थियौ ?

**SO** - “येशू एउटा पापी मानिसको घरमा पाहुना लाग्न जानुभयो” भन्ने भिडका मानिसहरुको आलोचनाले यो कुरा देखाउँछ कि ती मानिसहरुले आफूलाई पापी नभएको ठानिरहेका थिए ।

**SOQ** - आत्मिक रुपमा-भिडमा भएका मानिसहरु एकले अर्कोलाई जे भन्यो त्यसले हामीलाई के देखाउन सक्थ्यो ? आत्मिक रुपमा - भिडले जे भने त्यसको आधारमा तिनीहरु आफूलाई कस्तो ठानिरहेका थिए भन्ने बारेमा के हामी केही कुरा बुझ्न सक्थ्यौं ?

**SO** - भिडका मानिसहरुले आफैलाई येशूका अनुयायीहरु झै गरी व्यवहार गरिरहेका थिए । तिनीहरु येशूको वरिपरी ठेलमठेला गर्दै हिडें । त्यो भिड येशूको यति नजिक थिए कि तिनीहरूको कारणले गर्दा जक्कैले येशूलाई देख्नसम्म पनि सकेन । येशूले कोसँग बसेर खानुहुन्छ भनी तिनीहरुले गनगन गरेता पनि, तिनीहरु मध्ये कसैको घर नै उहाँको निम्ति ठीक छनोट हुनेछ भनी तिनीहरुले सुझाव दिइरहेका थिए । वास्तवमा, येशूले जुन घरमा जाने छनोट गर्नुभएको थियो त्यसमा तिनीहरु असहमत भएर उहाँलाई पूर्ण रुपले अनादर देखाइरहेका थिए ।

**SOQ** - मलाई अचम लाग्छ,कथाको शुरुमा,येशूका अनुयायीहरुको रुपमा भिडका मानिसहरुको बारेमा हामीलाई सोच्न लगाउने के त्यहाँ कुनै कुरा छ ?

- तिनीहरु येशूको चारैतिर भएर हिंडिरहेका थिए । तिनीहरुको शारीरिक कार्यकलापद्धारा र येशूले कोसंग आफ्नो व्यक्तिगत समय बिताउनु हुन्छ भन्ने बारेमा तिनीहरुको प्रष्ट रुचीद्धारा, ती कुराहरुले के देखाइरहेको हुनसक्थ्यो ?
- तर वास्तवमा तिनीहरूले येशूलाई कस्तो आदर देखाइरहेका थिए, बिशेष गरेर जक्कैको घरमा येशू गइरहनु भएको बारेमा ?

**SO** - यो न्याय गर्ने भिडको आफ्नै विश्वासहरु थिए, तर तिनीहरुले येशूको अनुहारमा हेरेर पश्न गर्ने आँट तिनीहरुसंग भएको देखिंदैनथ्यो । येशूको शक्तिको बारेमा तिनीहरुसंग कुनै ज्ञान थिएन, तिनीहरुले गुप्त रुपमा एक अर्कासंग येशूको गुनासो गरेको उहाँले थाहापाउन सक्नुहुन्न भने जस्तो गरी तिनीहरु आपसमा कुरा गरिरहेका थिए ।

SOQ - के तपाईलाई स्मरण छ कसरी त्यो भिड अन्योलमा पर्‍यो र त्यसैकारण तिनीहरुले येशूलाई उहाँको साथमा रहन चाहने प्रत्येकलाई छोडेर उहाँ कसरी एउटा पापीको घरमा जानुहुन्छ भनेर सोधे ? सोधेनन् ? तपाईले ठिक भन्नुभयो । तिनीहरुले त्यसरी प्रतिकिया जनाएनन् । तिनीहरुले के गरे त ?

- त्यसोभए तिनीहरुका व्यवहारमा तिनीहरुले येशूलाई साँचो रुपमा आदर गरेकि गरेनन् भन्ने बारेमा हामीलाई के देखाउँछ ?

SO - जक्कै नाम गरेको धनी मानिसले आफनो हृदय प्रस्तुत गर्दछ,जब उसले आफ्नो सम्पतिको आधा भाग गरिबहरुलाई दिन्छु भनी भन्दछ ।

SOQ - जक्कैले कस्तो उदारताको प्रतिज्ञा गर्‍यो ?

- जक्कैसंग मान्यताको बदलाव थियो किम थिएन भनेर त्यसले हामीलाई केहिकुरा देखाउन सक्थ्यो ?

SO - जक्कैले घोषणा गऱ्यो कि उसले कसैबाट अनुचित रुपमा केहिकुरा ठगेर ल्याएको भए त्यसको चारगुणा हुने गरि त्यस व्यक्तिलाई फर्काइदिनेछु । जक्कैले "यदि" भनेर भनेन,उसलाई दोषि ठहऱ्याइएको थियो अथवा व्यवस्थाद्धारा दोषि भेट्टाइएको हुनाले व्यवस्था बमोजिम उसले लुटेर ल्याएको धनको चार गुणा तिरिदिनेछु भनेर कबुल गरे । जक्कैले यो काम उसको आफ्नै स्वतन्त्र ईच्छामा गर्ने प्रतिज्ञा गरे । कसै कसैले भन्न सक्दछन् कि जक्कैले पहिल्यै गरिबहरुलाई उसको सम्पति बाँडिदिएको,थियो भिडका मानिसहरुको विचारले हामीलाई यो कुरा भिन्नै तवरले देखाउँछ ।

कसैले सुझाव दिनसक्छ कि जक्कैले आफ्नो सम्पतिको आधाहिस्सा गरिबहरुलाई पहिल्यै दिइसकेको थियो, तर भिडको धारणाले यसलाई भिन्नै तरिकाले देखाउँदछ । यदि उसले आफ्नो सम्पत्तिको आधाहिस्सा गरिबहरूलाई दिइसकेको भए , सम्भवत उसले त्यो काम गुप्त रुपमै गरिसकेको हुनसक्छ । तर उसले मानिसहरुबाट जबर्जस्ती लुटेर ल्याएको कुराको चारगुणा फिर्ता गरिदिने कार्यले जक्कैलाई भिडहरुको नजरमा धर्मी मानिसको वर्गमा राखिदिएको हुनेछ ।

यो कथाबाट हामीले के थाहा पाउँछौं भने,यस भागको कुनै विन्दुमा जककैले आफूलाई म पापी हुँ भनेर स्विकार गऱ्यो र सबैकुरा उसले ठीक गर्न चाह्यो । येशूले त्यो दिन उसको घरमा मुक्ति आएको छ भन्नुभयो । जक्कैले ठूलो उदारता देखाएको कुरा हामी देख्दछौं ।

SOQ - यस कथामा के त्यस्तो कुनै कुरा छ जसमा व्यवस्थाद्धारा जक्कैलाई एकजना चोरको रुपमा संकेत गर्छ अथवा व्यवस्थाले उसलाई दोषी ठहर गरेको छ,त्यसैले गर्दा अब उसले त्यो फिर्ता गरिदिने प्रयास गरिरहेको छ ?

- येशूलाई भेट्नुभन्दा अघि नै जक्कैले पैसा फिर्ता गरिदिएको थियो कि थिएन भनेर यो कथाबाट हामीले थाहापाउन सक्छौं, अथवा जब येशू उसकँहा जानुभयो शायद त्यो बेला उसले यसो गर्ने निर्णय गऱ्यो भनी के तपाई सोच्नुहुन्छ ?
- जक्कै एकजना इमान्दार कर उठाउने मानिस थियो र उसले आफ्नो सम्पतिको आधा हिस्सा गरिबहरुलाई बाँडिदियो कि भनेर उसको बारेमा भिडको विचारको आधारमा के हामी भन्न सक्छौं ?
- झूठो दोष लगाएर जस-जससँग रुपैयापैसा जक्कैले ठगेको थियो अब व्यक्तिगत रुपमा उनीहरुकहाँ फर्केर गई तिनीहरुको सम्पति फिर्ता गरिदिने काम उसको लागि कत्तिको कठिन छ भनेर तपाई सोच्नुहुन्छ ?
- येशूसंग जक्कैको यस जम्काभेटले जककैको जीवन नै परिवर्तन गऱ्यो कि गरेन भनेर यस कथाबाट हामीले केहि देख्न सक्छौं ?

SO-शुरुमा यस्तो सोच्न सकिन्थ्यो कि जक्कैले येशूबाटको आत्मिक स्विकारलाई किन्ने प्रयास गरिरहेको छ । तर हामीलाई थाहा छ कि त्यसदिन जक्कै येशूमा विश्वास गर्नको लागि आयो किनभने येशूले उसलाई भन्नुभयो,"आज यो घरमा मुक्ति आएको छ ।" यस कथामा जक्कै मात्र एउटा यस्तो व्यक्ति थियो जसले आफ्नो पाप स्विकार गर्छ र मुक्ति प्राप्त गर्दछ ।

SOQ - यो कथामा जक्कैले येशूसंग कृपा किन्ने कोशिश गरिरहेको थियो भन्ने के तपाई सोच्नुहुन्छ ?

- त्यसदिन जक्कैको जीवनमा वास्तविक रुपले आत्मिक परिवर्तन आएको थियो कि थिएन भनी थाहा पाउनमा
- मद्धत गर्ने त्यस्तो केहि कुरा यो कथामा छ कि छैन ?
- जक्कै विश्वासद्धारा येशूकहाँ आयो भन्ने देखाउन येशूले जक्कैको बारेमा के भन्न सक्नुहुन्थ्यो ?
- यस कथामा आफूलाई पापी हुँ भनेर कसले स्विकार गऱ्यो ?
- यस कथामा आफूहरुलाई पापीको रुपमा कसले देखेनन् ?
- यस कथामा कतिजना मानिसहरुले येशूमा चाख लिएको देखिन्छ ?
- कथामा भएका सबै मानिसहरु मध्ये कसले मुक्ति पायो ?
- यो कथाबाट ति मानिसहरु जो येशूको नजिक पुगे र उहाँमा विश्वास गरे तथा ति मानिसहरु जे उहाँको नजिक पुगे तर विश्वासमा आएन, यि दुई थरीका मानिसहरु बिचमा भिन्नताको बारेमा हामीले के कुरा भेट्टाउछौं ?

SO - यस कथामा,येशूले जक्कैलाई प्रत्यक्ष रुपले भन्नुभयो,"आज यस घरमा मुक्ति आएको छ ।" अनि निरन्तर रुपमा येशूले भन्नुभयो,"जक्कै पनि अब्राहामको सन्तान भएको छ ।" यसबाट हामी देख्दछौं कि जक्कैको छेउमा अरु मनिसहरु पनि उपस्थित थिए । येशूले भन्नुभएको कुराद्धारा हामी यो पनि देख्दछौं कि जससंग उहाँ बोल्दै हुनुहुन्थ्यो उसलाई उहाँले परिवर्तन गर्नुभयो र येशूले ती मानिसहरुबाट जक्कैलाई जोगाउँदै पनि हुनुहुन्थ्यो ।

SOQ - यस कथामा,जब जक्कैले येशूमा विश्वास गरेको स्विकार गरिरहेको थियो,यहाँ जक्कै र येशू गरी दुईजना

मात्रै कुराकानी गरिरहनु भएको जस्तो देखियो । तर जब येशूले "उ पनि अब्राहामको सन्तान भएको छ" भन्नुहुँदा के त्यहाँ अरु मानिसहरु पनि उपस्थित थिए भन्ने कुनै संकेत तपाई देख्नुहुन्छ?

- मेरो मतलब,शुरुमा येशूले जक्कैसंग कुरा गर्दै हुनुहुन्थ्यो र त्यसपछि उहाँले "ऊ" भन्दैहुनुहुन्थ्यो । त्यसो भए येशूले कोसंग बोल्दैहुनुहुन्छ जस्तो देखिन्छ ?
- के येशूले कुनै तरिकाले जक्कैलाई जोगाउँदै हुनुभएको जस्तो देखिन्छ ?
- जक्कै र ती मानिसहरुको बारेमा तिनीहरुलाई येशूले के देखाउने प्रयास गरिरहनु भएको थियो जस्तो लाग्छ ?

SO - येशूको आगमनको उद्देश्य भनेको,"हराएकाहरुलाई खोज्ने र बचाउने" हो भनेर उहाँले भन्नु भएको उहाँको

भनाई एउटा संक्षिप्त भनाई हो जसले जक्कैलाई आदर दिएको छ र त्यस भिडलाई आलोचना गरेको छ ।

SOQ - येशूले यस कथालाई उहाँको आगमनको उद्देश्य हराएकाहरुलाई खोज्ने र बचाउने हो भन्दै अन्त गरिदिनु भएको छ । येशूको यो संक्षिप्त भनाईमा तपाई के देख्नुहुन्छ ?

- येशूले भिडमा भएका मानिसहरुले आफ्नो बारेमा थाहा पाउन् भनेर बोशिश गरिरहनु भएको थियो भन्ने के तपाई सोच्नुहुन्छ ?
- के तपाईका बिचारहरुको बारेमा अरु कुराहरू बताउन सक्नुहुन्छ ?

SO - यो कथामा, सबैले घृणा गर्ने एकजना व्यक्तिको बारेमा व्यक्तिगत रुपमा वास्ता गरिरहनु भएको येशूलाई हामी देख्छौं, जो एकजना महत्वपूर्ण अगुवा हुनुहुन्थ्यो । त्यो मानिसको नाउँ येशूलाई थाहा थियो । भिडका सबै मानिसहरूको धारणाको बिरुद्धमा येशू जानुभयो । भिडका मानिसहरूले गुप्तमा के भनिरहेका छन् भन्नेकुरा येशूले थाहापाउनु भयो । साथै, त्यो दिन जक्कैले मुक्ति पाएको कुरा बताउन उहाँ सक्षम हुनुहुन्थ्यो । यो कथामा हामीले देख्ने ती कुराहरूको संयोगले येशू परमेश्वर हुनुहुन्छ भन्नेकुरा देखाउँछ ।

SOQ - यो कथामा येशूले गरिरहनु भएका कुन-कुन कुराहरू हामी देख्छौं जसले येशू कस्तो प्रकारको व्यक्ति हुनुहुन्छ भन्ने हामीलाई देखाउँछ ?

- येशू मानिसभन्दा पनि बढ्ता हुनुहुन्छ भन्ने बारेमा हामीलाई सोच्न लगाउन के त्यहाँ उहाँले भन्नु भएको अथवा गर्नु भएको केहीकुरा छ ? उदाहरणको लागि, कस्तो व्यक्तिले अरुहरूले के सोचिरहेका छन् र कसका पापहरू क्षमा भएका छन् भनेर तत्कालै थाहापाउछन् ?

SO - कथाको शुरुमा, निश्चय पनि जक्कैले येशूलाई खोजिरहेको थियो । तब कथाको अर्को अंशमा येशूले जक्कैलाई

खोजिरहनु भएको एउटा कथा बन्छ ।

SOQ - कथाको शुरुआतमा, के तपाई यस कथामा जक्कैले येशूलाई खोजिरहेको छ भनेर भन्नुहुन्छ ?

- यस कुराले हामीलाई के कुरा देखाउन सक्छ ?
- तर जब हामी यस कथामा फेरि पनि हेर्दछौं,के तपाई येशूले जक्कैलाई खोजिरहनु भएको छ भनेर भन्नुहुन्छ ?
- कथामा यो कुरा तपाई कहाँ देख्नुहुन्छ ?
- त्यसो भए यो कुनचाहि हो ? जक्कैले येशूलाई खोजिरहेको हो अथवा येशूले जक्कैलाई खोजिरहनु भएको हो ?
- के दुबै कुरा सत्य हुनसक्छन् ? तपाई के सोच्नुहुन्छ ?

# हामीले देख्ने आत्मिक प्रयोगहरु

अर्को चरण हो, आत्मिक प्रयोगहरु तयार गर्ने । प्रत्येक प्रयोग निर्दिष्ट अवलोकनमा आधारित हुनु कसरी आवश्यक पर्दछ भनेर हेर्नको लागि तपाईलाई मद्धत पुगोस् भनेर फेरि एकपल्ट हाम्रा अवलोकनहरुको पुनः सूचि तयार गर्नेछौं । प्रत्येक अवलोकनलाई यसको सम्बन्धित आत्मिक प्रयोगद्धारा पछ्याइएको हुनेछ ।

अन्तमा, अवलोकन हरु तर्फ डोऱ्याउने प्रश्नहरुका लागि जे जति गरिएका थिए, आत्मिक प्रयोगहरु तर्फ डोऱ्याउने प्रश्नहरुको बारेमा हामीले तपाईलाई सुझावहरू दिनेछौं । यो भागमा सम्बन्धित आत्मिक प्रयोग र तब त्यो प्रयोग तर्फ डोऱ्याउने प्रश्नहरुद्धारा पछ्याइएका प्रत्येक आत्मिक अवलोकनहरु तपाईले भेट्टाउनु हुनेछ ।

प्रश्नहरुले श्रोताहरुलाई अवलोकन तर्फ डोऱ्याउन,अवलोकनले प्रयोग तर्फ डोऱ्याउन,र त्यसपछि प्रश्नहरुले श्रोताहरुलाई प्रयोग तर्फ डोऱ्याउने तरिकालाई तपाईले पुनरावलोकन गर्न सकियोस् भनेर हामीले यि सबै पुनरावृत्ति समावेश गरेका छौं । हामीलाई यो पनि थाहा छ कि खोजी तर्फ अरुहरुलाई डोऱ्याउनका लागि प्रश्नरुको विकास गर्नु सरल कथा अध्ययन विधिका चुनौतिहरु मध्ये एउटा प्रमुख चुनौति हो ।

अब हामी आत्मिक प्रयोगहरुको सुचीलाई अवलोकन गर्नेछौं । तिनीहरु हरेक माथि उल्लेख गरिएका आत्मिक अवलोकनहरुमा आधारित छन् । सो प्रक्रिया पछ्याउनमा सहजता आओस् भन्नाका लागि आत्मिक अवलोकनहरु समावेश गरिएका छन्, फेरि "SO" को रुपमा ढाँचा तयार गरिएका छन् र प्रत्येक "SO" पछि तुरुन्तै आत्मिक प्रयोगको लागि "SA" को रुपमा सुची तयार पारिएको छ । आत्मिक प्रयोगहरू ( **SAs**) विचारहरू हुन् , आत्मिक अवलोकनहरुको अघिल्लो विचारहरूको साथमा तिनीहरू तेर्सो अक्षर (Italic) मा देखापर्छन् ।

**SO -** येशूका चाख लिएको जस्तो देखिने मानिसहरुले जक्कैलाई येशूको नजिक आउनबाट रोकिरहेका थिए ।

**SA -** हामीहरु जसले येशूलाई पछ्याएका छौं भनी दाबी गर्दछौं कहिलेकाहिं यति नजिक हुन चाहन्छौं (धर्मी बन्ने प्रयास गर्दै) कि येशूलाई खोजिरहेका अरु मानिसहरुलाई समेत नचाहेर पनि अथवा लापरवाहीपूर्वक येशूको नजिक आउनबाट टाढा पारिदिएका हुन्छौं ।

**SO -** जक्कै नाउँको यो मानिस उचाईमा पुड्को तर दर्जामा ठूलो थियो । उ धनी मानिस थियो र कर उठाउनेहरुको हाकिम पनि थियो, तर पनि येशूलाई भेट्ने यति ठूलो चाहना गर्दछ कि येशूको नजिक पुग्ने उसको प्रयासले काम नगर्दा, उसले अर्कै तरिका अपनाउन बाध्य भए ।

**SA -** जब हामीले येशूलाई खोज्ने चाहना गर्दछौं,हाम्रा घमण्डहरुलाई एकातिर पन्छाउन तयार हुनैपर्दछ र उहाँलाई खोज्न र उहाँलाई पछ्याउनका लागि जे कुरो गर्न आवश्यक छ,त्यो गर्नुपर्दछ ।

**SO -** यस महत्वपूर्ण मानिसलाई येशूलाई भेट्नको लागि कुदेर तल सडकमा गएको र उहाँलाई भेट्न नसक्दा रुखमाथि चढेको कुराले मानिसहरुको सामू हाँसोको पात्र बन्ला र बेइज्जत होला भन्ने कुराको डरले पनि येशूलाई हेर्नको लागि यसो गर्नदेखि उसलाई रोक्न सकेन ।

**SA -** हामीले हाम्रो घमण्डलाई,अथवा हाम्रो बारेमा मानिसहरुले के भन्लान् भन्ने डरलाई येशूलाई चिन्ने कुराबाट अलग तुल्याउने मौका दिनु हुँदैन । यदि हामीले गर्ने कुरालाई अरु मानिसहरुले मूर्खताको रुपमा अथवा हाम्रो सामाजिक स्थिति भन्दा तल्लो स्तरमा हेर्न सक्छन्,तापनि जुनसुकै हालतमा हामीले त्यो गर्ने पर्दछ ।

**SO -** येशूले आफ्ना वरिपरीको भिडलाई चिरेर सडकको बीचतिर जाँदै गर्नुभएको हामीले देख्यौ । सबै मानिसहरुले येशूको नजिक पुग्न ठेलमठेला गरिरहेका थिए, आफ्नो छेउको कसैलाई पनि उहाँले बोलाउनु भएन । बरु येशूले आफ्नो नजिक पनि नभएको र रुखमा चढेको केवल एकजना व्यक्तिलाई छान्नु भयो ।

**SA -** त्यो दिन धेरै मानिसहरुले परमेश्वरको दयालाई देखेका थिए । तिनीहरु येशूमा चाख लिएका जस्ता देखा परेका थिए,तर येशूले तिनीहरुलाई वेवास्ता गर्नुभयो, र एउटै मानिसलाई मात्र छान्नुभयो । संसारमा धेरै मानिसहरु परमेश्वरमा चाख लिएको जस्तै गरि व्यवहार गर्दछन् ,तर तिनीहरु मध्ये धेरैजना यथार्थ होइनन् । जस्तो कि येशूले एकजनालाई मात्र बोलाउनुभयो

जसले यथार्थमा येशूलाई खोजिरहेको थियो । परमेश्वरले हाम्रो हृदय जान्नुहुन्छ र हामीले साँचो रुपमा उहाँलाई खोजिरहेका छौं कि छैनौं भनेर उहाँ जान्नुहुन्छ ।

**SO -** येशूले जक्कैलाई नाम काढेर बोलाउनुभयो, जसले मानिसमा येशूको व्यक्तिगत रुचीलाई देखाउँदछ ।

**SA -** यहाँ हामीले येशूको वास्ता गर्ने स्वभावलाई देख्दछौं, जसले हामी कहाँ छौं भनेर जान्नुहुन्छ र हाम्रो नामद्धारा हामीलाई जान्नुहुन्छ । यदि हामीले उहाँलाई खोज्नेहरुको निम्ति येशू कृपालु हुनुहुन्छ भनी बुझ्छौ भने, हाम्रो नामद्धारा उहाँले हामीलाई चिन्नुभएको हामी चाहन्छौं – व्यक्तिगत रुपमा उहाँद्धारा चिनिनु हाम्रो निम्ति सान्त्वना हो । येशूलाई भेट्न जक्कै अति उत्सुक भएको थियो, त्यसैले जब येशूले उसलाई नाम काढेर बोलाउनु भयो, जक्कैको निम्ति यो कत्तिको प्रसन्नको  कुरा थियो होला ।

**SO -** येशूले जक्कैलाई आज म तिम्रै घरमा बस्नुपरेको छ भन्नुभयो, जुन धेरैजसो संस्कृतिमा एक प्रकारको ढीठ तरिकाले जबर्जस्ती गर्नु हो । येशूले भविष्य जान्नु भए झैं गरेर कुन कुराले स्थान लिएको हुनुपर्छ भन्ने बारेमा उहाँको ज्ञान र विश्वासलाई देखाउनुभयो ।

**SA -** अचम्मलाग्दो र उत्साहजनक कुरो यो हो कि येशू उहाँलाई खोज्नेहरुसंग रहन चाहनुहुन्छ र भविष्यमा के हुनेछ भनेर उहाँ जान्नुहुन्छ ।

**SO -** जब एकजना व्यक्तिले माथितिर हेर्छ,विशेष गरेर एकजना अगुवा जसलाई मानिसहरुले पछ्याईरहेका छन्,तब ती मानिसहरुले पनि आफनो अगुवाले के हेरिरहेको छ भनी थाहा पाउन आफ्नो नजर माथितिर लैजान्छन् । यसको अर्थ येशूले मात्र जक्कैलाई हेरिरहनु भएको थियो भन्ने होइन,जक्कैलाई सबै मानिसहरुले हेरिरहेका थिए । आफूलाई सबैले भेट्टाएकोमा जक्कैले आफू डराएको वा अकमक्क परेको कुरा प्रकट गरेन । बरु वातस्वमा आफ्नो आनन्द प्रकट गर्‍यो ।

**SA -** जब हामीलाई अविश्वासीहरु र येशूका अविश्वासयोग्य अनुयायीहरुले नियाल्छन् अनि परमेश्वरलाई चिन्न चाहेकोले गर्दा हामीलाई मूर्ख अथवा चलाख नभएको भनि सोच्दछन् , तिनीहरुले हामीलाई प्रभावित पार्न दिनु हुँदैन । जब येशूले व्यक्तिगत रुपमा हामीप्रति चाख राख्नुभएको छ भनेर हामी जान्दछौं भने हामीले आनन्दित भएर प्रतिक्रिया दिनुपर्दछ ।

**SO -** जक्कैको घरमा येशूलाई किन जानैपर्छ भनेर येशूले जक्कैलाई बताउनु भएन । चाखलाग्दो कुरा यो छ कि येशूको बोलावतलाई खुसीसाथ प्रतिक्रिया दिन उसले हिचकिचाएन । उसले हतार-हतार गरे । वास्तवमा, उसले आफ्नो विश्वासलाई देखाए ।

**SA -** यदि कुनै पनि समयमा येशूले हामीलाई बोलाइरहनु भएको छ भनेर हामीले थाहा पाउँछौ भने, हामीले प्रतिक्रिया दिइहाल्नु पर्दछ र उहाँको निर्देशन बमोजिम प्रतिक्रिया दिनु पर्दछ । छिटो आज्ञाकारिताले विश्वासलाई देखाउँछ । ढिलो गरी आज्ञापालन गर्नु अनाज्ञाकारीता जस्तै हुन सक्दछ ।

**SO -** सो भिडले जक्कैको बिरुद्ध येशूको बारे एक-आपसमा यसरी गनगनाउन थाले ,“येशू कसरी एउटा पापीको घरमा पाहुना लाग्न जानु भएको होला ।” यहाँ “संग....जानुभएको” भन्ने शब्दले येशूले छोडदैहुनुहुन्थ्यो अथवा उहाँले छोडिसक्नु भयो भन्ने कुरालाई देखाउँछ ।

जक्कैको सामुमा येशूले भिडलाई भन्नुभएको कुराद्धारा हामीले थाहापाउँदछौ कि येशूले तिनीहरुको आलोचनालाई थाहापाईसक्नु भएको थियो । येशूले भिडका मानिसहरुको आलोचनाबाट आफैलाई बचाव गर्नु भएन र जक्कैको घरतर्फको गतिलाई अगाडि बढाउनुभयो ।

**SA -** हामीले राम्रोसित शुरु गर्न सक्छौं । यदि हामीले हाम्रो वरपर भएका मानिसहरुबाट, धार्मिक मानिसहरुको भिडबाट समेत आलोचना पायौं भनेता पनि हामी आफूमा स्थिर रहनुपर्दछ ।

**SO -** “येशू पापीको घरमा पाहुना लाग्न जानुभयो” भन्ने भिडका मानिसहरुको आलोचनाले यो कुरा देखाउँछ कि ती मानिसहरुले आफूलाई पापी नभएको ठानिरहेका थिए ।

**SA -** घमण्डी मानिसहरुले आफ्नै बोलिबाट र कामहरूबाट आफैलाई प्रकट गरिरहेका हुन्छन् । हामी पनि ती घमण्डी मानिसहरु जस्ता नहोऔं जसले तिनीहरुमा पाप छ भनेर स्वीकार गर्दैनन् ।

**SO -** भिडका मानिसहरुले तिनीहरु येशूका अनुयायीहरु जस्तै गरेर व्यवहार गरे । तिनीहरुले येशूको वरिपरीबाट उहाँको साथसाथै अगाडि बढे । त्यो भिडढ येशूको यत्ति नजिक थियो कि तिनीहरूको कारणले गर्दा जक्कैले येशूलाई हेर्नसम्म पनि सकेन । येशूले को सँग बसेर खानुहुन्छ भनेर तिनीहरुले गनगन गरेता पनि , तिनीहरुमध्ये कोहि एकजनाको घर नै येशूको निम्ति उचित छनोट हुनेथियो भनजस्तो सुझाव दिइरहेका थिए । वास्तवमा, उहाँ जुन घरमा जानको लागि छान्नुभयो त्यस कुरामा असहमती जनाएर तिनीहरुले येशूलाई पूर्ण रुपमा अनादर देखाइरहेका थिए ।

**SA -** येशूको अनुयायी हुँ भनेर दावी गर्ने सबैजनाले वास्तवमा उहाँलाई चिनेकै हुँदैनन् । आफैलाई धर्मि सम्झने केही मानिसहरुले वास्तवमा बाइबलमा येशूले गर्नुहुन्छ वा भन्नुहुन्छ भन्ने कुराको लागि कुनै आदर नै देखाउँदैनन् ।

**SO -** यो न्याय गर्ने भिडको आफ्नै विश्वास थियो,तर येशूको अनुहार हेरेर उहाँलाई कुनै पनि प्रश्न गर्ने आँट( साहस) कसैमा भए जस्तो लाग्दैनथ्यो । त्यो भिडका मानिसहरुमा येशूको शक्तिको बारेमा कुनै ज्ञान नै थिएन, उहाँले तिनीहरूको आलोचनालाई सुन्न सक्नुहुन्न भनेजस्तो गरेर तिनीहरु एक आपसमा कुरा गरिरहेका थिए ।

**SA -** आजका मानिसहरुमा पनि त्यही भिडमा भएका मानिसहरुको जस्तै व्यवहार छन् ,जसले तिनीहरुले एक-आपसमा कानेखुशी गरेको परमेश्वरले सुन्न सक्नुहुन्न र तिनीहरुले अन्धकारमा र गुप्त स्थानहरुमा गरेको काम उहाँले देख्न सक्नुहुन्न भन्ने बिचार गर्दछन् ।

**SO -** जक्कै नाउँको त्यो धनी मानिसले आफ्नो हृदय कस्तो छ भनी प्रस्तुत गरे जब उसले आफ्नो सम्पतिको आधा हिस्सा गरिबहरुलाई बाँडिदिने प्रण गरे ।

**SA -**येशूसँगको साँचो जम्काभेटले मानिसको सांसारिक मूल्य र मान्यतालाई नै परिवर्तन गरिदिनेछ ।

**SO -** जक्कैले घोषणा गर्‍यो कि यदि उसले कसैबाट केहि कुरा लिनको लागि झुठो बोलेको थियो भने त्यो व्यक्तिबाट जे जति लिएको थियो त्यसको चारगुणा उसलाई फिर्ता गरिदिनेछु । जक्कैले यदि व्यवस्थाले मलाई दोषि ठहराउँछ भने म त्यसले चार गुणा फिर्ता गरिदिनेछु भनेर भनेन । जक्कैले यो काम आफ्नै स्वतन्त्र ईच्छामा गर्ने प्रतिज्ञा गरे ।

कसैले सल्लाह दिन सक्छन् कि जक्कैले आफ्नो रुपैया पैसा पहिल्यै गरिबहरुलाई दिइसकेको थियो, तर भिडमा भएका मानिसहरुको बिचारले यो कुरा हामीलाई भिन्नै तरिकाले देखाउँदछ ।

यदि उसले आफ्नो सम्पतिको आधाहिस्सा गरिबहरुलाई बाँडिदिएको थियो भने, सम्भवत उसले त्यो काम गोप्य रुपमै गरिसकेको हुन्थ्यो । तर जतिजनाबाट पनि झूठो बोलेर ल्याएको थियो ती सबैलाई चारगुणा फिर्ता दिइसकेको भए यसबाट जक्कैलाई भिडमा भएका मानिसहरुको दृष्टिमा एउटा धर्मी व्यक्तिको वर्गमा राख्ने थिए ।

यस कथाबाट हामी के थाहा पाउँछौ भने,कथाको कुनै विन्दुमा जक्कैले आफूलाई एकजना पापीको रुपमा स्वीकार गरे र उसले सबैकुरा ठीक गर्न चाह्‍यो । त्यो दिन त्यस व्यक्तिको घरमा मुक्ति आएको छ भनी येशूले भन्नुभयो । जक्कैले आफनो ठूलो उदारता देखाएको कुरा हामी देख्दछौं ।

**SA -** जक्कै एकजना धनी मानिस र कर उठाउनेहरुमा प्रमुख व्यक्ति थियो,जसको लोभी मार्गहरुको परिवर्तन भयो । उ इमान्दार र उदार व्यक्ति बन्यो । कर उठाउनेहरुमा प्रमुख यो व्यक्तिले आफूले गरेको गल्तीलाई स्वीकार गर्दै आफूले जसबाट जति ठगी गरेर ल्याएको थियो,तिनीहरुलाई त्यसको चार गुणा फिर्ता गरिदिने प्रतिज्ञा गर्दै आफूलाई नम्र तुल्यायो । जब हामी येशूमा विश्वास गरेर आउँदछौं र आफना पापहरुलाई स्वीकार गर्दछौं,तब हामीले नम्रता देखाउनुपर्दछ र फर्केर गई विगतका दिनहरुमा गरेका गल्तीहरुलाई सच्याउने ईच्छा व्यक्त गर्नुपर्दछ ।

**SO -** शुरुमा , जक्कैले येशूबाट आत्मिक स्वीकार खरिद गर्ने कोशिश गरिरहेको हुनसक्छ भनेर हामीले सोच्न सक्थ्यौं । तर त्यो दिन जक्कै येशूमा विश्वास गरेर आयो भनी हामी जान्दछौ किनभने येशूले उसलाई भन्नुभयो ,“आज यस घरमा मुक्ति

आएको छ ।"यस कथामा जक्कै मात्र एउटा यस्तो व्यक्ति हो जसले आफैलाई एकजना पापीको रुपमा स्वीकार गरे र एकजना मात्र व्यक्ति जसले मुक्ति प्राप्त गरे ।

**SA -** मुक्ति ती व्यक्तिहरुकहाँ आउँछ जसले आफूलाई पापी हुँ भनेर पहिला स्वीकार गर्छन् ।

**SO -** कथामा, येशूले जक्कैलाई प्रत्यक्ष भन्नुभयो ,"आज यस घरमा मुक्ति आएको छ ।"येशूले निरन्तर रुपमा बोल्नुभयो र भन्नुभयो ," जक्कै पनि अब्राहामको सन्तान भएको छ ।"यसबाट हामी देख्दछौं कि जक्कैको छेउमा अरु व्यक्तिहरु पनि उपस्थित थिए । येशूले जे भन्नुभयो , यसबाट हामी देख्दछौ कि उहाँले जोसँग बोलिरहनु भएको थियो उसलाई उहाँले परिवर्तन गर्नुभयो र भिडमा भएका ती मानिसहरुबाट येशूले उसलाई जोगाउँदै हुनुहुन्थ्यो ।

**SA -** येशूले जक्कैसँग काम गरिरहनु भएको र जक्कै येशूको विश्वासमा फर्किरहेको हामीले देख्यौं । तर, यसको साथै, त्यो समयावधिभर, आलोचना गर्ने मानिसको भिडले यो सबै कुरा हेरिरहेको थियो । येशू अझै पनि त्यो स्वःधर्मी मानिसहरुको भिडलाई तिनीहरु आफै खाँचोमा छन् भनेर देखाउन र जक्कै पनि परमेश्वरको ध्यान आकर्षित गर्न योग्य थियो भनेर देख्न सकून भन्ने हेतुले तिनीहरुको दिमागलाई खोल्ने प्रयत्न गरिरहनु भएको थियो । आजपनि त्यस्ता स्वः धर्मी मानिसहरुको भिड छ जसले येशूलाई पछ्याएर आफ्नो जिवन परिवर्तन गर्ने मानिसहरुको आलोचना गर्छन ।

**SO -** येशूको आगमनको उद्देश्य "हराएकालाई खोज्न र बचाउन हो" भन्ने उहाँको भनाईले निश्चित रुपले जक्कैलाई आदार गरेको छ र भिडलाई आलोचना गर्ने एउटा संक्षिप्त भनाइ देखिन्छ ।

**SA -** यदि हामी परमेश्वरद्धारा प्रमाणित हुन चाहन्छौं भने हामीले आफूलाई हराएको र पापी हुँ भनी मानीलिनु आवश्यक छ र हामीलाई बचाउनको लागि परमेश्वरलाई अनुमति दिनुपर्दछ ।

**SO –** यो कथामा, यो कथामा, हामीले देख्छौं कि येशू, जो महत्वपूर्ण अगुवा हुनुहुन्थ्यो, प्रत्येक व्यक्तिले घृणा गर्ने एकजना व्यक्तिलाई व्यक्तिगत तरिकाले वास्ता गर्दैहुनुहुन्छ । येशूलाई त्यो व्यक्तिको नाम थाहा थियो । येशू ति सबै मानिसहरूको धारणाको बिरुद्धमा जानुभयो । गोप्य रुपमा ति मानिसहरूले के भने भन्नेकुरा येशूलाई थाहा थियो । जक्कैले त्यो दिन मुक्ति पाए भनेर भन्ने खुबी येशूमा थियो । ति कुराहरूको जुन संयोग हामीले यो कथामा देख्छौं त्यसले येशू परमेश्वर हुनुहुन्छ भनेर देखाउन सक्छ ।

**SA –** आजपनि हामीसंग येशू कसरी सम्बन्ध राख्न सक्नुहुन्छ भनेर जब हामी जान्न चाहन्छौं, सो भिडसंग र जक्कैसंग येशूले गर्नुभएको अन्तरकियालाई हामीले हेर्नसक्छौं ।

**SO –** कथाको शुरुमा, निश्चय पनि जक्कैले येशूलाई खोजिरहेको थियो । तब कथाको अर्को अंशमा येशूले जक्कैलाई खोजिरहनु भएको एउटा कथा बन्छ ।

**SA -** हामीले यो कथामा देख्छौं कि जक्कैले येशूलाई खोज्यो तर येशूले पनि जक्कैलाई खोज्नुभयो । जक्कै र येशू दुबै साँचो छन् । हामीले पनि येशूको खोजी गर्नैपर्छ । तर थाहापाउनुहोस् ,त्यहिसमयमा उहाँले हामीलाई खोज्नुभएको देख्नु आश्चर्यलाग्दो कुरा हो ।

## आत्मिक प्रयोगका प्रश्नहरुको निर्माण

अन्त्यमा, आत्मिक प्रयोगहरु तर्फ डोऱ्याउने प्रश्नहरुलाई  हेरौं । आत्मिक अवलोकनहरु र आत्मिक प्रयोगहरुलाई फेरि पनि सूचित गरिएको छ ताकि तपाईले पूर्ण कथाक्रमलाई देख्न सक्नुहुन्छ । ती आत्मिक प्रयोगका प्रश्नहरुलाई "SAQ"को संक्षिप्त रुप पछि तल लेखिएका छन् । नोट गर्नुहोस् , धेरै पटक तपाईले सिक्नु भएका अन्तिम दुईवटा प्रश्नहरूको सूचि हामी बनाउँदैनौं : ती प्रश्नहरू, "के तपाईलाई अथवा तपाईले चिन्नु भएको कसैलाई यस्तो कहिल्यै भएको छ ?" र "यो कथामा भएको कुन कुराले उस्तै परिस्थितिमा तपाईलाई मद्दत गर्नसक्छ ?" जबजब पनि कथावाचकलाई उचित महसुस हुन्छ, यी प्रश्नहरूलाई प्रयोग गर्न सक्छन् ।

**SO -** येशूमा चाख लिएका जस्तो देखिने मानिसहरुले जक्कैलाई येशूको नजिक हुनबाट रोके ।

**SA -** कहिलेकाही हामी येशूलाई पछ्याउने मानिसहरु हौं भनेर गर्नेहरु येशूको नजिक हुनमा यति धेरै केन्द्रित हुन्छौं(अथवा धार्मिक बन्दै) कि येशूलाई खोजिरहेका मानिसहरुलाई नचाहँदा नचाहदै अथवा लापरवाहीपूर्वक उहाँबाट टाढा राख्छौं ।

**SAQ -** के आज पनि आफूलाई धार्मिक भनी ठान्ने मानिसहरुको लागि परमेश्वरलाई साचो हृदयले खोज्ने मानिसहरुको बाटोमा तगारो बनेर उभिने काम गर्न सम्भव छ ?

- कस्तो तरिकाले त्यस्तो हुनसक्छ ?

**SO -** यो जक्कै भन्ने मानिस उचाईमा पुड्को थियो , तर दर्जामा ठूलो थियो । उ धनी तथा कर उठाउनेमा प्रमुख थियो , तर येशूलाई हेर्ने यति धेरै ईच्छा थियो कि सजिलो तरिकाले काम नगर्दा उसले आफ्नै तरिका समेत अपनाए ।

**SA -** जब हामीले येशूलाई खोज्ने ईच्छा गर्दछौं,हामीले हाम्रा घमण्डहरुलाई एकातिर पन्छाएर उहाँको खोजिगर्न र उहाँलाई पछ्याउन जे आवश्यक छ त्यही गर्नुपर्दछ ।

**SAQ -** जक्कैले झै, के मानिसहरुले पनि आफ्ना घमण्डहरुलाई एकातिर पन्छाएर येशूको नजिक आउने समय आज पनि हुनसक्छ ?

- त्यो समय कहिले हुन सक्ला ?
- कसैले त्यो समयको बारेमा बाँड्न सकछु जुन समयमा तपाई वा तपाईले चिनेको कोही व्यक्तिले यस कुराको अनुभव गरेको छ ?

**SO -** यस महत्वपूर्ण मानिस येशूलाई भेट्नको लागि कुदेर तल सडकमा गएको र उहाँलाई भेट्न नसक्दा रुखमाथि चढेको कुराले मानिसहरुको सामू हाँसोको पात्र बन्ला र बेइज्जत होला भन्ने कुराको डरले पनि जक्कैलाई रोक्न सकेन ।

**SA -** हामीले कहिले पनि घमण्ड अथवा हामीलाई मानिसहरुले के भन्लान् भन्ने डरले येशूलाई चिन्ने कुराबाट रोक्न दिनुहुदैन । हामीले गर्ने काम वा कुराहरुलाई अरुहरुले मूर्खता अथवा हाम्रो सामाजिक स्तरमा तल्लो दर्जाको रुपमा हेरेता पनि, हामीले यो काम जुनसुकै हालतमा गर्नै पर्दछ ।

**SAQ -** के आज पनि त्यस्ता समयहरु आउन सक्छन् जब येशूलाई खोजीरहनेहरुलाई अरु मानिसहरुले उपहास गर्दछन् ?

- हाँसोको पात्र बन्नुपर्दा कस्तो महसुस हुन्छ ?
- के तपाईलाई वा तपाईले चिनेको कुनै व्यक्तिलाई येशूलाई पछ्याएकोमा कसैले कहिल्यै गिल्ला गरेको छ ? अथवा तपाईले येशूको बारेमा अझै धेरै कुराहरु पत्तालगाउन आफैलाई दबाउने कुनै कुरा कहिल्यै गर्नुभएको छ ?
- यदि हामीले सक्छौ भने,अरुको उपहासलाई बेवास्ता गर्दा के हाम्रो निम्ति यो परिक्षाको कारण बन्न सक्छ ?
- जक्कैको यस कथामा भएको कुन उदाहरणले हामीलाई उचित निर्णय बनाउनमा सहायता गर्न सक्छ ?

**SO -** येशू यहाँको वरिपरी भएको मानिसहरुको भिडलाई चिर्दै भिडबाट निस्केर सडकको बीचमा हिडिरहनु भएको हामीले देख्यौं । सबै मानिसहरुले येशूलाई ठेलमठेला गरिरहेको भएता पनि,उहाँले तिनीहरुको भिडलाई चिरेर निस्कनु भयो र केबल एकजना व्यक्तिलाई ध्यान दिने कुरा छान्नु भयो, जो व्यक्ति उहाँको नजिक पनि थिएन र रुख माथि चढेको थियो ।

**SA -** त्यसदिन धेरै मानिसहरुले येशूको दयालाई देखे । तिनीहरुले येशूमा चाख लिएको जस्तो देखियो, तर येशूले तिनीहरुको बेवास्ता गर्नुभयो र एकजना व्यक्तिलाई मात्र उहाँले छान्नुभयो । संसारका धेरै मानिसहरुले परमेश्वरमा चाख लिएको जस्तो व्यवहार गर्दछन् तर तिनीहरु मध्ये धेरै जसोले वास्तविक रुपले चाख लिएका हुदैनन् । येशूले वास्तवमै उहाँमा चाखलिने एकजना मानिसलाई मात्रै छान्नुभयो परमेश्वरले हाम्रो हृदय जान्नुहुन्छ र हामीले उहाँलाई साँचो रुपमा खोनिरहेका छौं कि छैनौं भन्ने पनि उहाँ जान्नुहुन्छ ।

**SAQ -** तपाईको विचारमा संसारमा भएका मानिसहरुको कति प्रतिशत मानिसहरु केही धर्मका अंश हुन् होला ?

- तपाईले त्यस्ता धार्मिक मानिसहरुलाई कहिल्यै भेट्नु भएको छ जसले परमेश्वरलाई साँचो रुपमा पछ्याउँदैनन् ?
- हामीले कथामा देखेका मानिसहरुलाई बिचार गरेर त्यो कुरा मनमा राखी यो कुरा हेरौं । संसारमा धर्मी भनिने मानिसहरुको बारेमा बिचार गर्दा के तपाईलाई यस्तो लाग्छ कि कोहीले तिनीहरुका धर्मलाई मात्र पछ्याउँछन् र कोही साँचो रुपमा परमेश्वरलाई खोज्नेहरु हुन् ?
- यस कथामा साँचो रुपले परमेश्वरको खोजी गर्ने व्यक्तिहरुलाई पहिचान गराउने के कुरा भएको थियो ?
- आजको लागि, हाम्रो निम्ति यसको अर्थ के हुनसक्छ ?

**SO -** येशूले जक्कैलाई नामकाढेर बोलाउनुहुन्छ , जसले त्यो व्यक्ति प्रति येशूको व्यक्तिगत रुचीलाई देखाउँछ ।

**SA -** हामीले यहाँ येशूको वास्ता गर्ने स्वभावलाई देख्छौं, उहाँले हामी कहाँ छौं भन्ने कुरा जान्नुहुन्छ र हाम्रो नामद्धारा हामीलाई चिन्नुहुन्छ । येशूलाई खोज्नेहरुका निम्ति उहाँ कृपालु हुनुहुन्छ भनेर यदि हामीले जान्दछौं भने हाम्रो नामद्धारा उहाँले चिन्नुभएको हामी चाहन्छौं - उहाँद्धारा व्यक्तिगत रुपमा चिनिनु हाम्रो लागि सान्त्वना हो । जक्कैले येशूलाई हेर्न अति उत्सुक भईरहेको थियो, तर जब येशूले उसको नाम काढेर बोलाउनुभयो, जक्कैको लागि यो कत्तिको खुशीको ुरा भयो होला ।

**SAQ -** येशूले जक्कैसंग जुन तरिकाले बोल्नुभयो त्यसले तपाईको निम्ति आज पनि कुनै आशा ल्याउँछ ?

- के तपाईं वर्णन गर्न सक्नुहुन्छ किन ?
- कुनचाहिं सबैभन्दा उत्तम देखिन्छ : तपाईले परमेश्वर पाएको जो अवैयक्तिक हुनुहुन्छ कि परमेश्वरले तपाईलाई चिनेको ?
- तपाईलाई चिन्नुहुने परमेश्वरलाई पाउने बारेमा के कुरा असल लाग्छ र कुन कुरा खराव लाग्छ ?
- परमेश्वरले तपाईसंग कहिल्यै व्यक्तिगत रुपमा बोल्नुभएको छ ?

**SO -** येशूले जक्कैसंग आज म तिम्रै घरमा बस्नुपरेको छ भन्नुभयो जुन धेरै संस्कृतिहरुमा एक प्रकारको ढीठपना अथवा जवर्जस्ती हो । भविष्यको बारेमा थाहा पाउनु भएझैं गरेर येशूले कुन कुराले स्थान पाउनु पर्छ भन्ने कुरामा येशूको ज्ञान र विश्वासलाई देखाउनुभयो ।

**SA -** यो अचम्मलाग्दो र उत्साहजनक कुरा हो कि उहाँलाई खोज्नेहरुसंग येशू रहन चाहनुहुन्छ र यसलाई हुनदिनका लागि अधिनमा राख्नुभयो ।

**SAQ –** त्यस घरमा उहाँको आगमन अवश्य हुनेछ भनेर येशूलाई थाहा थियो भन्नेकुरा हामीले देख्यौं । उहाँको उद्देश्यमूलक निमन्त्रणा र परिस्थिति माथिको नियन्त्रण के आज पनि हाम्रो निम्ति अर्थपूर्ण हुनसक्छ ?

- कथामा येशूले जक्कैको घरमा आउनुपरेको छ भनेर भन्नुभयो, उहाँलाई खोजी गर्नेको साथमा रहने छनोट उहाँले बनाउनुभयो । आज हामीलाई त्यसले के बताउँछ ?

**SO -** जब कुनै व्यक्तिले माथितिर हेर्छ,विशेष गरेर एकजना अगुवा जसलाई मानिसहरुले पछ्याईरहेको छन्,सो अगुवाले के हेरिरहेको छ भनी हेर्नको लागि ति मानिसहरुले पनि आफनो नजर(आखाँ) माथितिर घुमाउँदछन् । यसको अर्थ,येशूले मात्र जक्कैलाई हेरिरहनु भएको थिएन,तर सबै मानिसहरुले हेरिरहेका थिए । सबैको नजरमा प्रकट भएकोमा उसले आफ्नो अनुहारमा कुनै डर अथवा व्याकुलता झल्किन दिएन । वास्तवमा उसले आनन्द व्यक्त गर्‍यो ।

**SA -** जब अविश्वासीहरु र येशूका अविश्वासयोग्य अनुयायीहरु हामीलाई हेर्छन् र हामीले येशूलाई जान्ने कोशिश गर्नु हाम्रो मूर्खता हो अथवा हाम्रो बुद्धिमानी होइन भनेर तिनीहरु सोच्छन् । हामी तिनीहरुबाट प्रभावित हुनुहुँदैन । जब येशूले हामीमा व्यक्तिगत चाख राख्नुहुन्छ भन्ने कुरा हामी थाहा पाउँछौ, हामीले आनन्दित भएर प्रतिक्रिया दिनुपर्दछ ।

**SAQ –** येशूलाई जान्न प्रयत्न गर्दा ती मानिसहरु तिनीहरुका परिवारका अरु सदस्यहरु वा समाजका मानिसहरुको समूह अथवा तिनीहरुको संस्कृति भन्दा भिन्दै हुने छनोट बनाउनुपर्छ भन्ने कुरा कहिल्यै हुन्छ ?

- तपाईंले त्यस्तो कुरा कहिल्यै देख्नुभएको छ ?
- जक्कैको व्यवहारमा र उसले छानेको छनौटको प्रतिफलमा तपाई के देख्नुहुन्छ जसले हामीलाई कोहि भन्दा भिन्दै वा हाम्रो लागि महत्वपूर्ण कुनै कुरा भन्दा भिन्दै हुनुपर्छ भन्ने कुरामा उत्साह दिनसक्छ ?
- येशूको बोलावटलाई खुशीसाथ प्रतिक्रिया दिनको लागि के हामीसँग विकल्प छ ?

**SO –** येशू जक्कैको घरमा किन जानैपर्छ भनेर उहाँले जक्कैलाई भन्नुभएन । चाखलाग्दो कुरा यो छ कि येशूको प्रस्तावलाई निश्चयपूर्वक प्रतिक्रिया दिनको लागि जक्कै हिचकिचाएन । उसले हतार-हतार गर्‍यो । वास्तवमा उसले आफ्नो विश्वास देखायो ।

**SA -** यदि कुनै पनि समयमा येशूले हामीलाई बोलाईरहनु भएको छ भनी हामीले थाहा पाउँछौं भने, हामीले प्रतिक्रिया दिइहाल्नु पर्दछ र उहाँको आज्ञा बमोजिमको प्रतिक्रिया दिनुपर्छ । छिटो आज्ञाकारिताले विश्वास देखाउँछ , ढिलो आज्ञाकारिता चाहिं अनाज्ञाकारिता जस्तै हुनसक्छ ।

**SAQ –** यो कथामा हामीले देख्यौं कि भिडको बारेमा तथा जक्कैको बारेमा व्यक्तिगत कुराहरू येशूले जान्नुहुन्छ , र तब वास्तवमै उहाँले एकजना व्यक्तिलाई नामद्वारा बोलाउनुभयो । आजपनि यदि येशूले मानिसहरुलाई बोलाउनुभयो भने, तिनीहरूले कसरि प्रतिकिया जनाउँछन् होला ?

- यदि कुनै समयमा येशूले हामीलाई बोलाईरहनु भएको छ भनी हामीले थाहा पाउछौं भने, यस कथाले हामीलाई कसरी सहायता गर्दछ ?
- हामीले देख्यौं कि जक्कैले छिटो र आनन्दित भएर प्रतिकिया जनायो । येशूलाई प्रतिकिया जनाउने तरिकामा हामीसँग कुन छनोटहरू हुन सक्छन् ? ढिलो आज्ञापालनलाई तपाई कसरी वर्गीकरण गर्नुहुन्छ ?

**SO -** “ येशू पापीको घरमा कसरी पाहुना लाग्न जानुभयो” भन्ने बारेमा तिनीहरु एक आपसमा गनगन गर्दै जक्कैको विरुद्धमा भिडले बोले । “संग...... जानुभयो” भन्ने कुराले येशू गईरहनु भएको थियो अथवा पहिल्यै गईसक्नु भएको थियो भन्ने कुरालाई देखाउँदछ ।

जक्कैको सामु येशूले भिडलाई जे भन्नुभयो त्यसबाट हामीले हामीले थाहापाउँछौं कि येशूले तिनीहरूको आलोचना थाहा पाउनुभयो । भिडको आलोचनादेखि येशूले आफूलाई जोगाउनु भएन बरु जक्कैको घरतर्फ लाग्नुभयो ।

**SA-**हामीले हाम्रो विश्वासको हिडाई राम्रै प्रकारले शुरु गर्न सक्छौं । तर समयको गतिमा अगाडि बढदै जाँदा यदि हाम्रो वरिपरी भएका मानिसहरुबाट,यहाँसम्म कि धार्मिक समूहबाट पनि हामीले आलोचना नै प्राप्त गर्छौं भने पनि हाम्रो दौड वा यात्रालाई निरन्तरता दिनुपर्दछ ।

**SAQ -** सो भिडले खुल्लमखुल्ला येशूको बारेमा कुरा काटिरहेको थियो र जक्कैको विरुद्धमा आलोचना गरिरहेको थियो । के आज, आफैलाई श्रेष्ठ महसुस गर्ने मानिसहरूद्वारा असल आत्मिक छनोट बनाउने मानिसहरू तल्लो दृष्टिले हेरिएका हुन्छन् ?

- त्यो कस्तो तरिकामा हुन्छ होला ?
- त्यो नामन्जूरीलाई कसरि प्रतिकिया जनाउने भन्ने बारेमा यो कथाबाट हामीले के कुरा बटुल्न सक्छौं ?

**SO -** “येशू पापीको घरमा पाहुना लाग्न जानुभएको छ” भनेर भिडले गरेको आलोचनाले हामीलाई देखाउँछ कि ति मानिसहरुले आफूहरू पापी होइनौं भन्ने सोचे ।

**SA -** घमण्डी मानिसहरुको आफ्नै बोलिबाट र कामबाट आफैलाई प्रकट गर्छन् । हामी ती घमण्डी मानिसहरु जस्ता नहोऔ,जसले आफूलाई पापी हुँ भनेर मानिलिदैनन् ।

**SAQ –** आज, जसै मानिसहरूले परमेश्वरलाई खोज्छन् , आफैलाई पूर्ण र पापरहित भएको जस्तो बिचार गर्ने धर्मी मानिसहरुले कहिल्यै सल्लाह दिने गर्छन् ?

- तपाईले स्व:धार्मिकताको वर्णन कसरी गर्नुहुन्छ ?
- के तपाई यो स्व:धार्मिकता परमेश्वरको साँचो अनुयायीमा हुने अथवा हुनुपर्ने केहीकुरा हो भन्ने सोच्नुहुन्छ ?

**SO -** भिड भएका मानिसहरुले तिनीहरु येशूका अनुयायीहरु हुन् भनेजस्तै गरेर व्यवहार गरे । तिनीहरु येशूको चारैतिरबाट सँगसँगै अगाडी बढे । त्यो भिड येशूको यति नजिक थियो कि तिनीहरूको कारणले गर्दा जक्कैले येशूलाई देख्नसम्म पनि सकेन । येशूले कोसंग बसेर भोजन गर्नुहुन्छ भनेर तिनीहरुले चासो देखाएता पनि, तिनीहरु मध्ये कोही एकजनाको घर नै उचित छनोट हुनेथियो भन्ने कुराको दिइरहेको जस्तै थियो । वास्तवमा, त्यस भिडमा भएका मानिसहरुले येशूले जुन घरमा जानको लागि छान्नुभयो त्यस कुरामा असहमती जनाउँदै उहाँलाई पूर्ण रुपले अनादर देखाए ।

**SA -** येशूको अनुयायीहरु हौं भनेर दावी गर्ने सबैजनाले वास्तवमै उहाँलाई चिनननन् । धर्मी जस्तो अभिनय गर्ने कोही मानिसहरुले वास्तवमा बाइबलमा येशूले जे गर्नुहुन्छ र भन्नुहुन्छ त्यसलाई आदर गर्दैनन् ।

**SAQ -** के तपाईलाई सम्झना छ, कसरी भिडमा भएका मानिसहरुले येशूलाई आदर गरे जस्तो व्यवहार गरेको, तर येशूले जसकहाँ जाने निर्णय गर्नुभयो त्यसको आलोचना गर्दै तिनीहरुको आफनो साँचो हृदय देखाएको हामीले देख्यौं ?

- के आज पनि मानिसहरुले आफू परमेश्वरलाई पछ्याउनेहरु मध्यका हौं जस्तै व्यवहार गर्छन्,तर वास्तवमा तिनीहरु परमेश्वरलाई आदर गर्नु भन्दा बढी आफनो आदर खोज्ने गर्दछन् ?
- त्यो कुरा कस्तो देखिन्छ होला ?

**SO -** यो न्याय गर्ने मानिसहरुको भिडको आफनै विश्वास थियो,तर येशूको अनुहारमा हेरेर उहाँलाई प्रश्न गर्ने तागत तिनीहरुमा भएको जस्तो देखिन्न । सो भिडको मानिसहरुलाई येशूको शक्तिको बारेमा केही थाहा थिएन, तिनीहरुको गनगनलाई उहाँले सुन्न सक्नुहुन्न भने जस्तै गरेर तिनीहरु कुरा गरिरहेका थिए ।

**SA -** आजका मानिसहरु पनि यो भिडमा भएका मानिसहरुका जस्तै व्यवहार गछन् जसले एक आपसमा अरुको बिरुद्ध जे बोले पनि उहाँले सुन्न सक्नुहुन्न वा अन्धकारमा अथवा लुकेर तिनीहरुले जे गरे तापनि उहाँले देख्न सक्नुहुन्न भनेर सोच्दछन् ।

**SAQ –** हामीले कथामा देख्यौं कि ती मानिसहरूले एक आपसमा के भनिरहेका छन् भन्नेकुरा येशूले जान्नुभयो ।

- आज, के मानिसहरुले आफूले गरिरहेको काम परमेश्वरलाई पनि थाहा हुँदैन भन्ने विचार गरेर गुप्तमा कुराकानी गर्ने वा अन्धकारमा कुनै कार्यहरु गर्ने गर्दछन् भन्ने तपाईले सोच्नुहुन्छ ?
- कुन प्रकारले मानिसहरूले त्यसो गर्न सक्छ ?
- हामीले गुप्तमा जे भन्छौं र गर्छौं त्यसलाई परमेश्वरले सबैकुरा देख्नुहुने कुराले प्रभावित पार्ने तथ्य कसरि हुनसक्छ ?

**SO -** जक्कै नाम गरेको यस धनी मानिसले आफनो सम्पतिको आधाहिस्सा गरिबहरुलाई दिने कुरा उल्लेख गरेर उसको हृदय कस्तो छ भनी प्रस्तुत गरे ।

**SA -** परमेश्वरसंगको साँचो भेटले व्यक्तिको संसारिक मूल्य र मान्यतालाई परिवर्तन गरिदिनेछ ।

**SAQ –** आज, परमेश्वरसंगको साँचो भेटले हाम्रो संसारिक मूल्य र मान्यतालाई कसरी असर पार्न सक्छ ?

- येशूसँगको साँचो भेटले हामीलाई कसरि असर पार्नसक्छ भन्ने बारेमा केही उदाहरणहरु के के हुनसक्छन् ?

**SO -** जक्कै घोषणा गर्छ कि यदि उसले कसैबाट झूठो बोलेर कुनै कुरा ल्याएको छ भने त्यस व्यक्तिलाई उसले जे ल्याएको थियो त्यसको चारगुणा फिर्ता गरिदिनेछु । जक्कैले यदि व्यवस्थाले उसलाई दोषी ठहराएमा ठगेर ल्याएको रकमको चार गुणा फिर्ता गरिदिनेछु भनेर भनेन । जक्कैले यो काम आफ्नै स्वतन्त्र ईच्छामा गर्ने प्रतिज्ञा गरे ।

कसैकसैले यस्तो सल्लाह दिन सक्छन् कि जक्कैले आफ्नो रुपैया पैसा पहिल्यै गरिबहरुलाई दिइरहेको थियो, तर भिडहरुको विचारले हामीलाई भिन्नै प्रकारको देखाउँछ । यदि उसले आफ्नो सम्पतिको आधा हिस्सा गरिबहरुलाई बाडिदिएको थियो भने, सम्भवतः उसले यो काम गोप्य रुपमा नै गरिरहेको हुनसक्थ्यो । तर जस-जसबाट उसले ठगेर ल्याएको थियो, तिनीहरुलाई त्यसको चारगुणा फिर्ता गरिदिने कामले ती भिडका मानिसहरुको नजर जक्कैलाई धर्मी मानिसको वर्गमा राख्ने थियो ।

हामीले यस कथाबाट के थाहा पाउँछौ भने,यस भागको कुनै बिन्दुमा जक्कैले आफ्नैलाई पापी हुँ भनेर स्वीकार गऱ्यो र सबैकुरा ठीक पार्न चाहयो । येशूले भन्नुभयो कि त्यो दिन मुक्ति आएको थियो । जक्कैले ठूलो उदारता देखाएको कुरा हामी यहाँ देख्दछौं ।

**SA -** जक्कै एउटा धनी मानिस तथा कर उठाउनेहरुमा प्रमुख थियो जसको लोभि तरिकाहरु परिवर्तन भयो । ऊ इमान्दार र उदार बन्यो । यो कर उठाउनेहरुमा प्रमुख व्यक्तिले आफूले अरु मानिसहरुबाट ठगेर ल्याएको कुरालाई स्वीकार गर्दै जस-जसबाट जे जति ठगेर ल्याएको थियो त्यसको चारगुणा तिनीहरुलाई फिर्ता गरिदिन्छु भनेर उसले आफैलाई नम्र तुल्यायो । जब हामी येशूमा विश्वास गरेर आउँछौं र आफ्ना पापहरु मानिलिन्छौं, हामीले नम्रता देखाउनु पर्दछ र फर्केर गई विगतमा हामीले गरेका गल्तीहरुलाई सुधार्ने ईच्छा गर्नुपर्दछ ।

**SAQ –** जक्कैको जीवन पूर्णरुपले परिवर्तन भयो जब ऊ येशूमा आयो । के तपाईले यस्ता मानिसहरु कहिल्यै देख्नु भएको छ जसको जीवन येशूमा विश्वास गरिसके पछि अचम्म तरिकाले परिवर्तन भएको छ ?

- यदि त्यसो हो भने,तिनीहरुले येशूमा विश्वास गरिसकेपछि तिनीहरुको व्यवहार कस्तो विशिष्ट तवरले परिवर्तन भयो ?
- मानिसहरूले जसको बिरुद्धमा गल्ती गरको छ  त्यसलाई सुधार गर्नका लागि ती मानिसहरुकहाँ फर्केर जाने बनाउन तिनीहरूभित्र कस्तो किसिमको भावना र व्यवहार हुनुपर्दछ ?
- तपाईले कहिल्यै त्यस्तो मानिसलाई देख्नुभएको छ जसले येशूको अनुयायी बनेर विगतमा गरेका पापहरुको लागि तिनीहरुकहा फर्केर भूल सुधार गरेको थियो ? त्यसपछि के भयो ?

**SO -** शुरुमा, जक्कैले येशूबाट आत्मिक स्विकारलाई खरिद गर्ने प्रयास गरिरहेको जस्तो विचार गर्न सकिन्थ्यो । तर हामीलाई थाहा छ,त्यस दिन जक्कै येशूमा विश्वास गरेर आयो,किनभने येशूले उसलाई भन्नुभयो,"आज यस घरमा मुक्ति आएको छ ।" यस कथामा जक्कै मात्र एउटा यस्तो व्यक्ति हो जसले आफनो पाप स्वीकार गऱ्यो र कथामा उ मात्रै यस्तो व्यक्ति हो जसले मुक्ति प्राप्त गऱ्यो ।

**SA -** ती व्यक्तिहरुको लागि मुक्ति आउँछ जसले सबैभन्दा पहिला आफुलाई पापि मानिलिन्छ ।**SAQ -** जक्कैले येशूसंग उहाँको कृपा खरिद गर्ने कोशिश गरिरहेको थियो कि थिएन भन्ने बारेमा हामीले कुराकानी गऱ्यो । के आज पनि येशूको कृपा खरिद गर्नको लागि अथवा परमेश्वरलाई प्रभावित पार्नको लागि मानिसहरुले असल कामहरु गर्ने प्रयास वा अरुहरुलाई रुपैयापैसा दिने कामहरु गर्छन् ।

- कुन तरिकाले तिनीहरुले यस्तो गर्न सक्छन् ?
- तपाईले यस प्रकार गर्ने विचार कहिल्यै गर्नुभएको छ अथवा तपाईले चिनेका मानिसहरु कसैले यस्तो गरेको छ ?
- हामीले देख्यौं कि कथामा जक्कै मात्र एउटा यस्तो व्यक्ति थियो जसले आफूलाई पापी भनेर स्वीकार गऱ्यो । र उसले अरु मानिसहरु तथा रुपैया पैसाको तर्फबाट आफ्नो हृदयको परिवर्तनद्धारा उसको हृदयको वास्तविक परिवर्तन देखायो । येशूले यो पनि प्रमाणित गर्नुभयो कि जक्कैको परिवर्तन वास्तविक रुपमै परमेश्वर तर्फको थियो ।
- के आज पनि मानिसहरुले तिनीहरु पापी हुन् भनेर मानिलिन संघर्ष गर्छन् ?
- यस कथाको आधारमा, मानिसहरुका लागि पापको स्वीकार कतिको महत्वपूर्ण छ भन्ने तपाई देख्नुहुन्छ ?

**SO -** यस कथामा, येशूले प्रत्यक्ष रुपमा जक्कैलाई भन्नुभयो," आज यस घरमा मुक्ति आएको छ ।" फेरि उहाँले निरन्तर रुपमा भन्नुभयो,"किनभने ऊ पनि अब्राहामको सन्तान भएको छ ।" यस भनाईबाट हामी देख्दछौं कि जक्कैको छेउमा अरु मानिसहरु पनि उपस्थित थिए । येशूले जे भन्नुभयो हामी यो पनि देख्छौ कि उहाँले जससंग बोलिरहनु भएको थियो उसलाई परिवर्तन गर्नुभयो र जक्कैको आलोचना गर्ने मानिसहरुबाट समेत उसलाई जोगाईरहनुभएको थियो ।

**SA -** हामीले यहाँ येशूले जक्कैसंग काम गरिरहनु भएको र उसलाई येशूमा फर्काउँदै गरेको देख्यौं । तर त्यस अवधिभर आलोचना गर्ने भिडले हेरिरहेको थियो । येशू अझै पनि ती स्वः धर्मी मानिसहरु आफै खाँचोमा छन् भन्ने देखाउन र तिनीहरुको मनले जक्कै नै परमेश्वरको ध्यानाकर्षण गर्न योग्यको छ भनेर देख्न सकुन् भन्ने कुरामा कोशिश गर्दै तिनीहरु तर्फ पुग्दै हुनुहुन्थ्यो । आज पनि येशूलाई पछ्याएर जसको जीवन परिवर्तन हुन्छन्, ती मानिसहरुको बिरुद्धमा आलोचना गर्ने स्वः धर्मी मानिसहरुको भिड पाइन्छ ।

**SAQ –** जक्कै येशूको विश्वासमा आए । जक्कैलाई कसैले पनि मन नपराए तापनि येशूले यो अप्रिय मानिसलाई सो स्वःधर्मीहरुको भिडबाट बचाउनु भयो । के आज पनि यस्तो हुन्छ कि मानिसहरुको जीवनशैली वा पेशाको कारण अरु मानिसहरुले तिनीहरुलाई कहिल्यै तल्लो स्तरको रुपमा हेर्दछन् ?

- कस्ता खालका मानिसहरुलाई अरु मानिसहरुले, विशेष गरेर स्वःधर्मी मानिसहरुले पापीको रुपमा हेर्छन् ?
- यस्तो प्रकारको कुरा भएको तपाईले कहिल्यै देख्नु भएको छ ?
- यदि तपाईले यस्तो देख्नुभएको भए, के स्वःधर्मी मानिसहरु पापीहरुले येशूलाई भेटुन् अनि उहाँसंग बोल्नको लागि आत्मिक सहायता खोजुन् भन्ने चाहना गर्छन् ?
- येशूले अझैपनि भिडलाई आत्मिक रुचि देखाउनुभयो । हाम्रो लागि यसको अर्थ के हुनसक्छ ?

**SO -** "येशू हराएकालाई खोज्न र बचाउन आउनुभएको हो" भन्ने येशूको भनाईले अवश्य पनि जक्कैलाई आदर दिएको छ र भिडलाई आलोचना गर्ने उहाँको संक्षिप्त भनाई जस्तो देखिन्छ ।

**SA -** यदि हामीले परमेश्वरबाट अनुमोदन चाहन्छौं भने,हामीले आफूलाई हराएको र पापी भनी मानिलिनुका साथै हामीलाई बचाउनका निम्ति परमेश्वरलाई अनुमति दिनु आवश्यक छ ।

**SAQ -** कथाको अन्तमा येशूले भन्नु भएको छोटो भनाईमा केहीकुरा छ जसले आज परमेश्वर हामीबाट के चाहनुहुन्छ भनेर हामीलाई देखाउन सक्छ ?

- संसारमा भएका मानिसहरु मध्ये कतिजना त्यो लक्षसम्म पुग्न सक्षम छन् ?
- हामी हराएका छौं र पापी छौ भनेर स्वीकार गर्ने काम गाह्रो छ कि सजिलो छ ?
- केही मानिसहरुले येशूको वचन सुन्छन् तर किन येशूमा विश्वास गरेर आउँदैनन् भन्ने देखाउने कुनैकुरा यस कथाबाट हामीले निकाल्यौं ?
- यस कथाले तपाईलाई के भन्छ ?

**SO –** यो कथामा, हामीले देख्छौं कि येशू, जो महत्वपूर्ण अगुवा हुनुहुन्थ्यो, प्रत्येक व्यक्तिले घृणा गर्ने एकजना व्यक्तिलाई व्यक्तिगत तरिकाले वास्ता गर्दैहुनुहुन्छ । येशूलाई त्यो व्यक्तिको नाम थाहा थियो । येशू ति सबै मानिसहरूको धारणाको बिरुद्धमा जानुभयो । गोप्य रुपमा ति मानिसहरूले के भने भन्नेकुरा येशूलाई थाहा थियो । जक्कैले त्यो दिन मुक्ति पाए भनेर भन्ने खुबी येशूमा थियो । ति कुराहरूको जुन संयोग हामीले यो कथामा देख्छौं त्यसले येशू परमेश्वर हुनुहुन्छ भनेर देखाउन सक्छ ।

**SA –** आजपनि हामीसंग येशू कसरी सम्बन्ध राख्न सक्नुहुन्छ भनेर जब हामी जान्न चाहन्छौं, सो भिडसंग र जक्कैसंग येशूले गर्नुभएको अन्तरक्रियालाई हामीले हेर्नसक्छौं ।

**SAQ –** आज, के तपाईको विचारमा त्यहाँ यस्ता मानिसहरू पनि छन् जसले तिनीहरूसँग येशूले कसरि सम्बन्ध राख्नुहुन्छ भन्ने थाहापाउन चाहना गर्छन् ?

- मनिसहरूले कस्ता प्रकारका कुराहरू थाहापाउन चाहन्छन् ?
- यो कथाको कुन कुराले तपाईका प्रश्नहरू अथवा अरुहरूको प्रश्नहरूको उत्तर दिनसक्छ ?

**SO –** कथाको शुरुमा, निश्चय पनि जक्कैले येशूलाई खोजिरहेको थियो । तब कथाको अर्को अंशमा येशूले जक्कैलाई खोजिरहनु भएको एउटा कथा बन्छ ।

**SA -** हामीले यो कथामा देख्छौं कि जक्कैले येशूलाई खोज्यो तर येशूले पनि जक्कैलाई खोज्नुभयो । जक्कै र येशू दुबै साँचो छन् । हामीले पनि येशूको खोजी गर्नैपर्छ । तर थाहापाउनुहोस् ,त्यहिसमयमा उहाँले हामीलाई खोज्नुभएको देख्नु आश्चर्यलाग्दो कुरा हो ।

**SAQ -** मानिसहरुले येशूलाई खोज्नु आवश्यक छ भन्ने कुरा के सत्य हो ?

- कथामा के तपाईले येशूले मानिसहरुलाई खोजिरहनु भएको बारेमा कुनैकुरा देख्नुहुन्छ ?
- के यो बाझिने खालको छ ? तपाईको विचारमा कुनचाहिं कुरा हो त ? येशूले मानिसहरुलाई खोज्नुहुन्छ कि मानिसहरुले येशूलाई खोज्दछन् ?
- के दुबै सत्य हो त ?
- आज यसको अर्थ हाम्रो लागि के हुनसक्छ ?

## परिशिष्ट ‘क’ अभ्यासकर्ताको शिक्षण पुनरावलोकन

कथा भन्ने व्यक्ति........................प्रशिक्षक..................................मिति...................................

सरल कथा अध्ययन प्रक्रियाहरुको विस्तृत विवरणहरु सरल कथाको दस्तावेजमा छन् । कथा भन्ने व्यक्तिहरुलाई स्मरण गराउनुहोस्, “तपाईलाई मैले पछि सिकाउनेछु । तपाईको कथाको-प्रस्तुतिलाई शुरु गर्नुभन्दा अघि,यो कुरा याद गर्नुहोस् । तपाईको कार्यशालाको मित्रहरु जतिसुकै साक्षर भएपनि त्यसमा केही छैन सुन्ने स्रोताहरु मैखिक संचार गर्नेहरु जस्तै हुन् भन्ने जस्तो गरेर तपाईले आफ्नो कथालाई प्रस्तुत गर्नुपर्दछ र तपाईले प्रस्तुत गर्ने कथाको विषयवस्तु मात्र तिनीहरु जान्दछन् भनी विचार गर्नुपर्दछ(अनि भर्खरैको तालिमको अवधिमा भनिएका अरु कथाहरुको विषयवस्तु मात्र जान्दछन् भन्ने ठान्नुपर्छ) ।

**यि कुराहरु तपाई(शिक्षा दिने शिक्षक) लाई स्मरण गराउनका लागि हुन् , जुन कुराहरु कथा भन्ने मानिसहरुले गर्नेछन् भनि तपाईले आशा गर्नुहुन्छ :-**

१. आवश्यक परेको खण्डमा मात्रै पहिलेको कथाको रुप छोटो गरेर बताउनेछन् ।

२. परिचयमा कुनै पनि थप बाईबलीय सूचना प्रयोग गर्ने छैनन् ।

३. छोडिएका वा थपिएका सुचनामा नभएर बाईबलको कथाको यथार्थतालाई व्यवस्थित गर्नेछन् ।

४. समान विवेचनाहरुबाट जानकारीलाई संयुक्त नबनाई बाईबलको एउटै कथामा रहनेछन् ।

५. जसै स्वयंसेवक तथा श्रोताहरू बोल्छन् र प्रश्नहरूको उत्तर दिन्छन् , तिनीहरूलाई विचारशील तथा उत्साहित प्रतिक्रियाहरु दिन्छन् ।

६. फुर्तिलो अगुवाई हुन्छ , तर यथार्थ हुन्छ । पुरै कथालाई समेट्छन् । सहभागि हुनका लागि बिभिन्न शैलिहरू अपनाउँछन् । श्रोताहरूलाई प्रोत्साहित गर्छन् ।

७. कथाको भागलाई पुनः बताउँछन् , र त्यसपछि बुद्धिमान सल्लाहकारको बिशेष प्रश्नहरूको साथमा कुराकानीलाई खुल्ला बनाउँछ ।

८. प्रतिकिया दिने व्यक्तिहरूको बिशेष प्रश्नहरूलाई जवाफ दिनेमा सहजपूर्ण लचकता देखाउँछ ।

९. “तपाईहरूमध्ये बाँकि केहीले यसको बारेमा के विचार गर्नुहुन्छ (हेनुहुन्छ वा भन्नुपर्ने छ) ?” भन्दै श्रोताहरू बीचमा छलफललाई निम्त्याउँछ ।

१०. मानिसहरूले पत्ता लगाएका अवलोकनहरूको “आत्मिक” भागलाई बताउँछन् । त्यसपछि मानिसहरूलाई प्रयोगहरू भेट्टाउन दिनको लागि चारवटा प्रश्नहरू (टाढाबाट नजिक) प्रयोग गर्छन् ।

११. प्रचार गर्ने छैनन् ।

१२. सरल मकथा अध्ययन विधि प्रस्तुतिका ५ ओटा छुट्टा छुट्टै अगंहरुलाई प्रस्तुत गर्दछन् ।

कथा वाचकले प्रस्तुत गरेको सरल कथा अध्ययन विधिको प्रत्येकम भागको मुनि जाँचेको निशान लगाउनुहोस् । कुनै कुरा छोडिएको भए अथवा स्पष्टसंग प्रस्तुत नगरिएको भए त्यसलाई नजाँच्नुहोस् ।

| श्रेणीहरू | मिति | कथाको शिर्षक | सन्दर्भ पद | कथा भन्नु | पुनःभन्नु | डोऱ्याउनु | अवलोकनहरु | प्रयोगहरु |
|---|---|---|---|---|---|---|---|---|
| पूर्ण भएको | | | | | | | | |
| पूर्ण रुपमा सिफारिशहरु | | | | | | | | |

## तिनीहरूका कथा वाचकहरूले गरेका सबैकुराहरू स्मरण गर्न प्रशिक्षकहरूलाई सहायता गर्ने प्रशिक्षण पुनरावलोकन फाराम

कथा वाचकलाई भन्नुहोस् । “तपाईले अलौकिक रुपमा राम्रो गर्ने केही कुराहरूका लागि मैले लिने केही टिप्पणीहरु मेरो सुझाव हुनसक्छ । कहिलेकाहीं धेरै अभ्यासको आवश्यकता पर्ने क्षेत्रहरूमा सुझावको बारेमा मैले टिप्पणी बनाउन पनि सक्छु । यो टिप्पणीले पछि के भन्ने भनेर सम्झन मलाई सहायता गर्छ ता कि कुनै हस्तक्षेपविना नै तपाईले एकैपटकमा सरल कथा अध्ययनको पूर्ण प्रस्तुति गर्न सक्नुहुन्छ । अवश्य पनि, यदि तपाईले सम्झना दिलाउने कुराको लागि भन्नुहुन्छ भने, अथवा हिंडेको बाटोमा फर्किन सहायताको आवश्यकता पर्छ भने, तपाईकमो निम्ति म यहाँ छु ।”

प्रशिक्षकलाई टिप्पणी : यदि ती खण्डहरु राम्रो हुदैं गएका छन् भने धेरै वर्गहरुको छेउमा केही नलेखिएको पनि हुनसक्छ ।

## कथा प्रस्तुतिको ३ पटकसम्म प्रशिक्षणको पुनरावलोकन

| | |
|---|---|
| शूरु गरेको समय | |
| प्रार्थना | |
| बाइबलको प्रयोग | |
| | कथा,टिप्पणीहरु |
| १.परिचय | |
| २.शुद्धता | |
| ३.सुन्ने चाख | |
| ४.कथामै रहेको | |
| ५.कथा महसुस गरेको | |
| ६.हाउ भाउ/क्रियाकलाप | |
| | |
| | स्वंयसेवक, टिप्पणीहरु |
| १. स्वंयसेवकको तयारी | |
| २. उत्साह दिएको | |
| | |
| | |
| | अगुवाई गरीएकोबाट, टिप्पणीहरु |
| १.अतिशघ्रि पुरा गरेको | |
| २.परिवर्तित शैलिहरु (३) | |

| | |
|---|---|
| ३.सहभागिता | |
| ४.शुद्धता | |
| ५.ठोकेर भन्ने प्रतिकियाहरू | |

## २ प्रकारका आत्मिक खजानाहरुको लागि प्रशिक्षणको पुनरावलोकन

| शुरु गरिएको समय | आत्मिक प्रयोगहरु, टिप्पणीहरु |
|---|---|
| १. यथार्थताको साथ विभाजित | |
| २. भाग ४ कथा पुनःभन्ने प्रत्येक प्रश्न | |
| ३. बुद्धिमान सल्लाह प्रश्नहरू प्रयोग गरिएका | |
| ४. स्मरणपत्रको रुपमा संकेतको प्रयोग | |
| ५. दोहोरो छलफल | |
| ६. सामुहिक अन्तरक्रिया | |
| ७. उद्धार आदानप्रदानहरु | |
| ८. कमजोर उत्तरहरु सम्हालेको | |
| ९. कथामा उत्तरहरु | |
| १०. मुख्य शब्दहरूको प्रयोग | |
| ११. राम्रोसंग सुनेको | |
| १२. कथा सिकाउन दिएको | |
| | आत्मिक प्रयोगहरु,टिप्पणीहरु |
| शूरु गरिएको समय | |
| १. आत्मिक अवलोकनहरू पुनः भन्ने | |
| २. ४ वटा टाढाबाट नजिक प्रश्नहरूको प्रयोग | |
| ३. ठोस प्रयोगहरु र कथा भित्र | |
| ४. दोहोरो छलफल | |
| ५. सामुहिक सहभागिताको प्रतिशत | |
| ६. उदार आदानप्रदानहरु | |
| ७. समर्थनहरु | |
| ८. मानिसहरूलाई पत्तालगाउन दिएको | |
| ९. छोडिएको प्रचार | |

## पूर्ण रुपले समुहलाई संचालन गर्नु

| | |
|---|---|
| १. समस्याको व्यवस्थापन | |
| २. कथा देखि बाहिरका प्रश्नहरु सम्हालेको | |
| ३. सामुहिक छलफलको विवरण | |
| ४. समयको व्यवस्थापन | |
| ५. संकेत दिएको | |

# परिशिष्ट ‘ग’: प्रयोगकर्ताको असर बारे प्रतिवेदन: भरपर्दो सल्लाह तथा अभिवृद्धि

म साक्षर होइन तर पनि ५ वर्ष देखि एकजना पास्टर तथा प्रचारकको रुपमा परमेश्वरको सेवा गरिरहेको छु। सन् १९९३ मा म प्रभुमा आएँ र कुनै बाइबल कलेजमा गएर बाइबलको ज्ञान प्राप्त गर्ने साथै प्रभुको सेवा गर्ने ईच्छा गरे। तर मलाई

बाइबलको तालिम दिनको लागि शैक्षणिक बाइबल कलेजहरुले स्वीकार गरेनन्,किनभने म साक्षर थिइन र पुल्पीतबाट दिने परमेश्वरको सन्देश पनि साक्षर शैलीमा हुने भएकोले ती सन्देशहरु बुझ्न असमर्थ थिएँ ।

मेरो परिवारका सदस्यहरु तथा साथिहरुलाई सुसमाचार प्रचार गर्नको लागि मैले संघर्ष गरिरहेको थिएँ । यो अवस्थामा हाम्रो परमेश्वरले हाम्रो जीवन र सेवाकाईका TGSP ल्याईदिनु भयो,त्यसको लागि परमेश्वरलाई म धन्यवाद दिदछु । सरल कथा अध्ययन विधि मार्फत मैले १५५ वटा कथाहरु सिकेको छु र अहिले मलाई यो बताउनमा खुशी लागेको छ कि साक्षर तथा निरक्षर दुबैलाई म सुसमाचार प्रचार गर्न सक्छु ।

वाई.बाबु-प्रचारक/पास्टर MMBC,कर्नाटका,भारत कुनै पनि संस्कृति,प्रायजसो कुनै पनि उमेरका,विश्वासी र अविश्वासी सक्रिय रुपले काममा लागेका,परमेश्वरको वचनमा पाइने गाडधनहरु खोज्दै र पत्ता लगाउँदै गरेकाबाट मानिसहरुको एउटा समुहको बारेमा कल्पना गर्नुहोस् । अब सरल कथा अध्ययन समुहमा सामान्य रुपले जे हुन्छ तपाईसंग त्यसको क्षणचित्र हुन्छ ।

मिशनको क्षेत्रमा,परिपक्क घरेलुबाइबल अध्ययनमा र हाम्रा बालबालिकाक तथा यूवा सेवाकाईहरुमा सरल कथा अध्ययनलाई हामलि लागू गरेका छौं सरल कथा अध्ययनले मेरो वचनको सेवाकाईहरुको धारणाहरुले प्रभाव पारेको छ ।

पास्टर क्रिश जोनसोन:कलवरी चर्च(चापेल),यू एस ए

सरल कथा अध्ययन हाम्रो समय र यूगमा महहान आज्ञाको पूर्तिको लागि पृथ्वी मरिका मण्डलीलाई परमेश्वरले दिनुभएको एउटा प्रविधि(कला) हो । यद्यपि हामी परमेश्वरको वचन खोल्ने एउटा तरिकामा मात्र स्थिर भएका छौं (व्याख्यात्मक प्रचार) धेरै शताब्दहिरुसम्म यसको केही सिमीतताहरु हामीले देखेका छौं ।

अहिले यो हस्तपुस्तिका मार्फत सरल कथा अध्ययनबाट सिकेपछि चेलाहरु निमार्णको लागि झन् असल अर्को तरिका पनि छ भनेर साहस पूर्वक भन्दछु । सरल कथा अध्ययनले मेरो संसारिक दृष्टिलाई परिवर्तन गरिदिएको छ र झन् महानतरिकाले पवित्रशास्त्र तर्फ मेरो आँखाहरु खेलिदिएको छ । यद्यपि मेरो देश दक्षिण सूडानमा सरल कथा अध्ययनको विशिष्टतालाई म देख्दछु जहाँ निरक्षर संख्या भेरै उच्च छ,म स्वयं जस्तो शिक्षित मानिसहरुको लागि पनि यसको प्रभाव देख्छु ।

म विश्वभरीका सबैलाई अगुवाहरुको लागि यो स्रोतलाई उच्च रुपमा सिफारीश गर्दछु । TGSPले यो तालिम टाढा-टाढा सम्म पुऱ्याउन र विस्तृत बनाउनका लागि यसले दोब्बर प्रयास गर्नेछ भनी म प्रार्थना गर्दछु । यो हस्तपुस्तिका तपाईको सबैभन्दा उत्तम उदगम बिन्दु हो जब तपाईले प्रमाणित शिक्षकहरुद्धारा दिइने तालिम अनुसरण गर्न खोजी गर्नुहुन्छ ।

### रेभ दानियल चागाई-एङ्गलिकन चर्च अफ सूडान

म एउटा शिक्षाविद् र मिशनहरु सम्बन्धि ईश्वरशास्त्री हुँ । मैले फुलर थिओलोजिकल सेमिनारीबाट विद्यावारिधि(PHD)गरेको छु र वर्षौंसम्म उच्च शिक्षित मानिसहरुका बिचमा काम गरेको छु । तर आधुनिक पश्चिमी शिक्षा प्रणालीले मलाई बाँया मस्तिष्क(विश्लेषणात्मक,विचारात्मक,व्याख्यान) शैलीका शिक्षण सीमित तुल्याउएको छ भन्ने बारेमा मलाई पूर्ण ज्ञान थियो । डोरोथिद्धारा स्थापित सरल कथा अध्ययनको गतिमयता भएर तथा उहाँले नेतृत्वगर्नुहुने बढ्दो आन्दोलनद्धारा म यस वास्तविकता प्रति पुन:जागृत भएँ कि परमगुरु येशूले अफ्नो समयका उच्च शिक्षित तोरह विद्धानहरुलाई समेत कथा प्रयोग गरेर सिकाउने गर्नुहुन्थ्यो । सरल कथा अध्ययनको माध्यमद्धारा कथा वाचनको पेशामा लाग्नाले मेरो सेवाकाईलाई यहुदि जाति तर्फ मोडेको छ ।

"मैले पुन:सिक्न र थकित मानसिक दबाबबाट माथि उठ्न पवित्रशास्त्रको वचनलाई जीवन्त बनाई प्रभावपूर्ण तरिकाले बाँड्नका लागि साच्चै नै समय तालिका मिलाउनु पऱ्यो । अत्याधुनिक पश्चिमी मुलुकहरुमा कथा वाचनको परम्परालाई पुन:प्रयोगमा ल्याउने काममा सरल कथा अध्ययनले सहयोग पुऱ्याउँदै आएको छ साथै यसले गैर पश्चिमी मुलुकहरुमा मौखिक शिकारुहरु माझ मण्डलीको बृद्धिमा पनि सहायता पुऱ्याईरहेको छ । प्रत्येक पेशागत शिक्षकले कथाको शक्ति र बाइबल कथा वाचक मार्फत आफ्नो बोलावट गहन अभिवृति भएको पाउनेछ । सो लक्ष्य प्राप्त गर्नका निम्ति सरल कथा अध्ययन एक सिधा मार्ग भएको कुरालाई म जोडदार सिफारिस गर्दछु ।"

[बिल विजोरकर,पि.एच.डि-प्रोफेसर अफ ज्यूडिओ-क्रिश्चियन स्टडिज् बिलियम केरी इन्टरनेशनल यूनिभर्सिटी,यू एस ए]

एकातिर बहुसंख्यक ईसाइ जगत विविध सामाजिक न्यायका अवसरहरु खोज्नतिर लागिरहेको छन् भने अर्कोतिर एउटा विश्व नै साँचो धार्मिकताका लागि भोका अनि प्यासा भएर पर्खिरहेका छन् । यो भोक र प्यास परमेश्वरको वचन-येशू खीष्टद्धारा मात्र शान्त पार्न सकिन्छ ।

सरल कथा अध्ययनको गहिरो रुपमा चेलापनसम्मको पहुँचले प्रतिभा सहित भएर येशूको आश्‍चर्यजनक कामहरु प्रकट गर्दछ ।

हामी सम्पूर्ण मार्गदर्शनको लागि हाम्रा नाती-नातिनीहरुलाई सरल कथा अध्ययन प्रयोग गर्दछौं । हाम्रो मण्डलीका सबै पास्तरहरुले सरल कथा अध्ययनको तालिम प्राप्त गरेका छन् र हाल उहाँहरुले यूवाहरुको सानो समूहलाई सिकाउनमा प्रयोग गर्दछन् । हाम्रो मिशनको पास्टर र कमिटिका व्यक्तिहरुले हाल दायित्व स्वीकार गरे र सरल कथा अध्ययनका कार्यक्रमहरु त्था अफ्रिकामा मौखिक बाइबल स्कुलहरुको विकाश तर्फ पुनःनिर्देशित गर्दै कोष स्थापना गरिरहेका छन् ।

अनुमानात्मक बाइबल अध्ययनका यि तरिकाहरु स्वीकार गर्ने यि अवसरहरु प्रसार तथा भेलापनलाई निरन्तर रुपमा बढाउन हो । हामीलाई हालसालै अमेरीकाको भित्री शहरमा बोलाईएका छौं जहाँ कल्याणकारी अवस्था र अरु मानव-केन्द्रित उत्कट ईच्छाहरु बचाइराख्ने झूठा मुक्तिदाता र प्रचारप्रसारहरुका कारण निरनशाले घेरिएको छ । आशा मात्रै साँचो प्रचार-प्रसार हो किनभने हामीले हाम्रो प्रभुको शिक्षा प्राप्तिको बुद्धिलाई प्रयोग गर्न सक्छौं । सरल कथा अध्ययनको साथमा हामीसँग अहिले एउटा प्याकेज छ जसलाई परमेश्वरले प्रायश्‍चितद्धारा पापबाट मुक्ति ल्याउन र टूटेको संस्कृतिलाई पुन : स्थापना गर्न प्रयोग गर्नुहुनेछ भन्ने कुरामा हामी विश्‍वास गर्दछौं ।

मार्क स्याण्डस्-प्रेसिडेन्ट चर्चबिल्डर फाउन्डेशन,ग्लोबल

# भरपर्दो सल्लाह तथा अभिवृद्धि

शुरुका यि तिनवटा गवाहीहरु TGSP व्यवस्थापक सम्बन्धित कर्मचारीद्धारा आन्तरिक रुपमा अनुभवी एवं भरपर्दो सल्लाहकार भनिएका मानिसहरुबाट आएका थिए । तिनीहरुले जसलाई सल्लाह दिए,ति मानिसहरुले अरुहरुलाई तालिम दिएका छन् जसले अरुहरुलाई तालिम दिएरहेका छन् । के यो परमेश्वरको ढाँचा(तरिका) होइन ?

ईम्बुमा एकजना विशप खडा भयो र मलाई यस्तो भन्यो,“यो मण्डली समस्यामा परेको छ किनभने हामीसंग चर्च फादरहरुको कमी छ जो बाइबलिय छन..........कृपया तपाईलाई जसले तालिम दिनुभयो तिनीहरुलाई भनिदिनुहोस् । बिशपहरुको लागि ब्रामुएललाई फादर नियुक्त गरिदिनु भएकोमा तपाईलाई भन्यवाद ।”

ब्रामुएल मुस्या-सि ई ओ स्ट्रेट पाथ रीसोर्सज,केन्या

सरल कथा अध्ययन विधिले आत्मिक अगुवाहरुलाई पहिला भन्दा धेरै प्रशिक्षण दिनको लागि हामीलाई मद्धत पुऱ्याएको छ । साथै आत्मिक अगुवाहरु उत्पादन गर्ने काममा,तिनीहरुलाई मण्डलीमा राख्ने र तिनीहरुलाई मिशनको क्षेत्रमा पठाउने काममा अधिवृद्धि तर्फ पनि स्थान लिईराखेको छ । परमेश्वरको वचन साक्षर र निरक्षर,युवा र वयस्क दुबैको लागि हो । यो हाम्रो त्रिएक परमेश्वर सँग संगति गर्नको लागि एउटा पूर्ण आत्मिक भोजन हो ।

डा.मार्क मुनियाप्पा-अल ईण्डियाकाउन्सील/टि जी एस पि-इण्डिया

तपमईहरु सबैलाई मेरमे कृतज्ञता व्यक्त गर्नको लागि म कुन शब्दहरु प्रयोग गरुँ ? परमेश्वर तथा सरल कथा अध्ययनको यो औजार प्रति म ज्यादै नै धन्यावादी(आभारी) छु । मेरो २० वर्षको सेवाकाई समयमा,

सरल कथा अध्ययनले निश्‍चय नै परमेश्वरको वचन भित्र झन् गहिरो र व्यापक रुपमा प्रवेश गर्नमा मलाई मद्धत पुऱ्याएको छ,तर पनि मेरो संस्थागत जीवनको लागि यसमा धेरै प्रयोगहरु छन् । कैले कुनै पनि निर्णय बनाउनु अघि छनोटहरु प्रति आशा गर्ने पाठ यसबाट सिकें र यसले हाम्रो कार्यको प्रभाव देख्नको लागि केरो दललाई दूरदर्शी पनि बनाएको छ ।

रमेश सापकोटा-सि ई ओ किङ्गडम इन्भेष्टमेन्ट नेपाल,अर्गनाईजेशन फाइटिङ्ग अगेस्ट हयूमन ट्राफिकिङ्ग

सर्वप्रथम सर्वशक्तिमान प्रभु येशू ख्रीष्टलाई सम्पूर्ण महिमा तथा प्रार्थजनाको सहयोगी एल्डर मेरो भ्राता रमेशलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

जब मैले उहाँलाई भेटें म ख्रीष्टमा नयाँ थिएँ र मेरो सेवाकाई भरखर बालक थियो । निरन्तर रुपमा मेरो पालन पोषण गर्नको लागि मलाई आत्मिक आमाको आवश्यकता थियो । रमेशले मलाई सरल कथा अध्ययनको तालिम दिनुभयो । यो शुरुआत थियो । त्यो समयमा हामीसँय ख्रीष्टमा भएका मानिसहरु थोरै मात्र थिए र एउटै मात्र संगति थियो जुन अत्यन्त कमजोर थियो । उहाँले मेरो मण्डलीमा साल कथा अध्ययनलाई निरन्तरता दिनुभयो । सरल कथा अध्ययनको तालिमद्धारा धेरै कम समयमा अहिले परमेश्वरले आठओटा मण्डलीहरुको स्थापना गर्नुभयो र यो वर्ष नयाँ दुईवटा मण्डलीहरुको स्थापना गर्ने हाम्रो योजना रहेको छ ।

मण्डलीको अभिवृद्धिको लागि मैले सरल कथा अध्ययन विधि प्रयोग गर्न थालें,यसैको कारणले गर्दा आश्चर्यपूर्ण रुपमा सरल कथा अध्ययनको तालिममा सहभागी हुनको लागि मैले मात्र निम्तो पाईन तर मेरो छोरीमण्डलीको अगुवाले पनि त्यो अवसर पाए । उसले मैले भन्दा पनि राम्रोसंग सरल कथा अध्ययन विधि प्रयोग गरिरहेको छ ।

भ्राता रमेश,तपाईलाई धन्यवाद,म एउटा पुतलीको शरीर जस्तो मात्रै थिएँ र मलाई एउटा पूर्ण पुतली बनाउनको लागि तपाईले तयारी गर्दै हुनुहुन्छ ।

परमेश्वरको नाउँको महिमा गर्न र मलाई अनी मेरो सेवाकाईलाई आशिषित बनाउन सरल कथा अध्ययनको लागि परिश्रम गरिरहने प्रभुका सेवकहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

पाःकृष्ण प्रसाद घिमिरे,ए सि स्टेन्ट जनरल सेक्रेटरी नेशनल चर्चज् फेलोशिप अफ नेपाल

# अध्याय ७ : सठीक प्रयोग - हात्ती पत्तालगाउने

जसै कथावाचकहरूले आफ्ना अनुसन्धानमूलक सीप बढाउँदै लान्छन्, उनीहरूले अध्ययन गर्दै गरेका पूर्व पाठ्यांशहरूमा छोडिपठाएका विवरणहरू अब देख्न थाल्छन् । चाहे त्यो एकदमै सानो किन नहोस्, प्रत्येक खोजले कति ठूलो रोमाञ्च लिएर आउँछ ! तथापि, जबजब ती सानातिना चाखलाग्दा भागहरू पत्ता लाग्छन्, कथावाचकहरू होसियार हुनुपर्दछ सम्पूर्ण भागलाई नजरअन्दाज नगरिऊन् भनेर । कथावाचकहरूले सधैं नै के कुरा ख्याल राख्नुपर्छ भने बाइबल एउटा इतिहासको पुस्तकमात्र नभएर त्योभन्दा बढी हो । उनीहरूले कथाका सानासाना भागहरूले ल्याउने आत्मिक सन्देश वा सन्देशहरू छुटाउनु हुँदैन ।

उदाहरणका लागि, मानिसहरूले दाउद र गोल्यतको कथा प्रायः भन्ने गर्छन् । उनीहरूले दाउदका बारेमा उनी एउटा सानो, कलिलो केटो जसमा गोठालोपनमा दक्ष भइकन पनि त्यो भन्दा बढ्ता दाउद बडो बहादुर र एउटा राक्षसको सामना गरी त्यसलाई पराजित गर्ने दृढ बिश्वास भएको कुरामा प्रवचन दिने गर्छन् । त्यसपश्चात एउटा प्रयोग तयार गरिन्छ ; “तपाईंहरू सबैजना पनि दाउदजस्तै हुनुपर्दछ र ठूला-ठूला अप्ठ्याराहरू परेको बेला बहादुर बन्नुपर्छ ।”

निश्चय पनि त्यो एउटा असल सन्देश हो । तर यो कथाबाट पाइने सबैकुरा यत्तिमात्रै हो त ?

यद्यपि कथाभित्र यी प्रवचन दिइएका सन्देश त छन्, तापनि योभन्दा ठूलो आत्मिक सन्देश भने नजरअन्दाज गरिएको छ । कथाअनुसार, दाउदलाई थाहा थियो उसको परमेश्वर त्यो दैत्यलाई र झुटा देवताहरूमा भरोसा राख्ने शत्रुसेनालाई पराजित गर्न सक्षम हुनुहुन्छ । त्यसको अलावा, इजरायली सेना र उनीहरूका राजा शाउल (जसले त्यस दैत्य र झुटा देवताहरूको पूजा गर्ने शत्रुसेनालाई पराजित गर्नका लागि परमेश्वरमा भर पर्नुपर्ने थियो), त्यो अवसरलाई अर्थात् परमेश्वरमा भरोसा गर्ने कुरोलाई लडाइँको मैदानमा गुमाइपठाए । झुटा देवताहरूलाई पूजा गर्ने राष्ट्र त्यतिबेलामात्र पराजित भयो जब एउटा साधारण देखिने व्यक्तिले विश्वासमा कदम चाल्यो ।

सबै कथामा जब तपाईंले थुप्रै साना-साना तर महत्वपूर्ण सत्यहरू पाउनुहुन्छ, निश्चय नै पूरै कथा राम्ररी सुन्नुहोस्, ताकि कथाभित्र भएका ती गहकिला आत्मिक सत्यताहरूलाई पकडमा ल्याउन सक्नुहोस् ।

जसै हामी कथाभित्र पाउन सकिने अरु थुप्रै आत्मिक खजानालाई खोज्न थाल्दछौं, यो 'हात्ती भेट्टाउने' सिद्धान्तले हामी हरेक कथावाचकलाई कथाको दुरुस्तता कायम गर्ने कुरा स्मरण दिलाउनमा मदत गर्दछ ।

**पहिलो, हात्ती हराएको घटना**

यसभन्दा अघि तपाईंले यस्तै-यस्तै खालको कहानी सुन्नुभएको होला । पाँचजना अन्धा मानिसहरू जसले हात्तीलाई पहिला कहिल्यै देखेका थिएनन् , एकदिन एउटा हात्ती भएको ठाउँमा लगिएछ र भनिएछ, "साथीहरू, तपाईंहरू अहिले एउटा हात्तीछेउ उभिरहनुभएको छ । ल, अब हात्तीको वर्णन गर्नुहोस् ।" लगत्तै, तीमध्ये चारजनाले हात्तीको जुनजुन भाग छाम्न पुगे, त्यसको वर्णन गर्न थालिहाले ।

एउटाले पुच्छर छोएछ र उसले यसो भन्दै हात्तीको वर्णन गर्न थाल्यो, "ए ! यो हात्ती त सानो रूखको हाँगाजस्तो पो रहेछ ।"

दोस्रो अन्धोले कान छुन पुगेछ, र उसले भन्यो, "होइन ! हात्ती त रूखमा भएको ठू........लो पातजस्तो पो छ त ।"

अर्कोले फेरि हात्तीको सूँढ छाम्न पुगेछ, र उसले भन्यो, "हन के भन्छौ तिमीहरू ? हात्ती त सर्पजस्तो पो छ त ।"

चौथो अन्धाले हात्तीको पेटलाई छामछुम गर्न पुगेछ । दुवै हातले पूरै पेट अँगाल्न खोज्दा सकेनछ, र भन्न थालेछ, "हात्ती त एउटा विशाल गोलो चट्टानजस्तो पो हुँदो रहेछ त । तर चट्टानजतिको कडा भने नहुँदो रहेछ, मैले थाहा पाएँ – अनि यो त चल्दो पनि रहेछ !"

पाँचौं अन्धा मानिसले ठट्यौली पारामा बोल्न लाग्यो, "आ..........., मलाई त हात्ती वर्णन गर्नका लागि यसलाई छुनु जरुरी छैन । मैले हात्तीको हुँकारपूर्ण आवाज धेरैपटक सुनेको छु । हात्तीचाहिँ एउटा ठूलो बाजाजस्तो छ भनेर सबैलाई थाहा भएकै कुरो हो ।"

प्रत्येक अन्धा मानिसले हात्तीको एक अङ्गलाई वर्णन गर्ने प्रयत्न गऱ्यो, तर पनि सकेन । ती पाँचजनामध्ये कसैले पनि एक अङ्गलाईसमेत बुझ्न नसक्दा उनीहरूले सम्पूर्ण हात्तीलाई नै गुमाइपठाए ।

जब कथाभित्र खजानालाई खोज्दछौं, प्रत्येक कथामा सम्पूर्णता छ भन्ने कुरो हामीले याद राख्नुपर्छ । यो सम्पूर्णतालाई नै हामी 'हात्ती' भन्ने गर्छौं । कुनै कथा लामो भएको खण्डमा प्रायःजसो यसका थुप्रै खण्डहरू हुने गर्छन्, बहुअङ्की नाटकमा जस्तो । ती लामा कथाहरूमा प्रत्येक अङ्क वा दृष्यमा सत्यतारूपी आफ्नै हात्ती समाहित भएको हुनसक्दछ ।

कहिलेकाहीँ जब हामी कुनै परिचित कथा पढ्दछौं, कथा केको बारेमा छ भन्ने विषयमा कथा पढ्नुअगावै हामीले पूर्वअनुमान लगाएका हौंला । यसले गर्दा हामी साँच्चै नै कथा सुन्ने काममा चुकिपठाउँछौं । याद गर्नुहोस् त त्यो अन्धो मानिसलाई, जसले हात्तीलाई छामछुम गर्ने कष्टसमेत गरेन, कारण ऊ हात्ती एउटा बाजाजस्तो भएको कुरामा एकदमै विश्वस्त थियो । हामी पनि यही प्रकारले विचार गर्दै बाइबलको खण्डका बारेमा हामीलाई पहिले नै सबै थाहा छ भन्ने सम्झेका हौंला । फलस्वरूप, हामी कथाको पूर्ण सत्यतालाई पूरै हराइपठाउँछौं ।

त्यसै गरी, ती अन्धा मानिसहरूले गरेजस्तै उही प्रकारको गलती हामीबाट पनि सजिलो गरी हुन सक्दछ । यस्तो गलती तब हुन्छ, जब हामी कथाको कुनै एकल भागहरूलाई समातेर बस्छौं र त्यहीँ रोकिन्छौं । सम्पूर्ण कथाको बारेमा विचार गर्न चुकेर र कथाका एक-एक भाग एकाअर्कासँग कसरी तालमेल राख्छन् भन्ने कुरा हेर्न बिर्सेर, हामी सम्पूर्ण हात्तीलाई नै गुमाइपठाउँछौं ।

हामी सम्पूर्ण कथालाई सटीक तरिकाले राम्ररी बुझ्नका लागि हामीले कथा होसियारीपूर्वक सुन्नु र प्रार्थना गर्नु जरुरी हुन आउँछ । तपाईंले खोजी निकालेका एकल सत्यताका पनि आफ्नै महत्व छन्, तापनि ती एकल सत्यताले पूर्ण हात्तीलाई राम्ररी वर्णन गर्न भने सक्दैन ।

## बाइबल कथामा हात्ती भेट्टाउने उदाहरण

पहिले, यो कथालाई पढ्नुहोस् (मर्कूस १ : ४० - ४५)। त्यसपछि यसमा हात्ती खोज्नतिर लाग्नुहोस् ।

अनि एउटा कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर विन्ती गऱ्यो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ ।" तब दयाले भरिएर उहाँले आफ्नो हात पसारेर त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ ।" त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो र त्यो निको भइहाल्यो ।

अनि उहाँले त्यसलाई कडा आज्ञा दिएर यसो भनी तुरुन्तै पठाउनुभयो, “हेर, तिमीले यो कसैलाई नभन्नू, तर गएर आफैलाई पूजाहारीकहाँ देखाऊ र मोशाको आज्ञाबमोजिम बलि चढाऊ । तिमी निको भएकोमा पूजाहारीहरूका लागि गवाहिको रुपमा या गर ।” तर त्यो मानिस निस्केर गयो अनि यस विषयमा खुल्लमखुल्ला प्रचार गर्न लाग्यो, र येशू फेरि सहरमा खुलस्त प्रवेश गर्न सक्नुभएन, तर उहाँ एकान्त ठाउँहरूमा जानुभयो र मानिसहरू चारैतिरबाट उहाँकहाँ आए ।

निश्चय नै यो कथामा धेरै अद्‌भुत तथा महत्वपूर्ण गाडधन पाइन्छन् । त के तपाईंले यसमा हात्ती देख्नुहुन्छ ? शिक्षकहरू धेरैजसो यो देख्नमा चुक्दछन् ।

उनीहरूले यी यस्ता कुराहरू देखिपठाउँछन् :

१. त्यो मानिसको विश्वास जसअनुसार येशूले उसलाई शुद्ध पार्न सक्नुभयो ।
२. त्यो मानिसलाई शुद्ध पार्ने येशूको इच्छा
३. येशूको चङ्गाइ गर्ने क्षमता
४. येशूको करुणा र स्नेह
५. येशूले एक कुष्ठरोगीलाई समेत छोएर आफ्नो प्रेम प्रदर्शन गर्नुभएको
६. येशूको एक अछुतप्रतिको मान्यता

तर त्यसपछि उनीहरूले यस प्रकारका केही अन्य अवलोकनहरू पनि थप गर्छन् :

७. येशूले त्यस मानिसलाई आफूले कसरी चङ्गाइ पायो भन्ने कुरा कसैलाई पनि नभन्नू, तर गएर आफैलाई पूजाहारीकहाँ देखाउनू भन्ने आदेश दिनुभयो । तर यो मानिस यति साह्रो उमङ्गले भरिएको थियो कि उसले यसलाई थामेर राख्नै सकेन, यसैले उसले आफ्नो चङ्गाइबारे प्रत्येक मानिसलाई बतायो र येशूले के गर्नुभयो भन्नेबारे गवाही दियो । यो खालको प्रयोग आनन्द तथा प्रशंसाबारे प्रवचन दिँदा गर्ने गरिन्छ ।

८. यद्यपि चङ्गाइ पाउने त्यो व्यक्तिले आफूसँग के भएको थियो भन्नेबारे कसैलाई नबताउनुपर्ने थियो, खुसीले गर्दा उसले आफूले चङ्गाइ पाएको गवाही नदिई रहनै सकेन । यो खालको प्रयोग गवाहीको महत्व दर्शाउन गर्ने गरिन्छ ।

९. त्यस मानिसले आफूले कसरी चङ्गाइ पायो भन्नेबारे हरेक मानिसलाई खुल्लमखुल्ला बताउँदै हिँड्न थालेको कारण येशू सहरदेखि बाहिर एकान्तमा जानु पर्‍यो, अनि “मानिसहरू चारैतिरबाट उहाँकहाँ आए” । त्यस मानिसले समाचार घोषणा गरेको फलस्वरूप पहिलेभन्दा धेरै नै मानिसहरू येशूकहाँ चङ्गाइ पाउनलाई आउन सके । यो प्रयोग कसरी परमेश्वरको सार्वभौमिक इच्छा त्यस मानिसलाई चङ्गाइ प्रदान गरेर पूरा गरियो भन्नेबारे गरिन्छ ।

अब हामी एक नजर कथामा लगाऔं र हेरौं कतिवटा अचम्मलाग्दा खजानाहरू मिलेर सम्पूर्णता बन्दो रहेछ ।

के सूचीकृत गरिएका ती नौवटा खजानाले कथाको सटीक वर्णन गर्दछ, अथवा कथाको कुनै गहन भागलाई नै चुकाइपठाउँदछ ? के आधा हात्तीमात्र पत्ता लाग्नु सम्भव हुन आउँछ ?

त्यस कुष्ठरोगीले पाएको चङ्गाइ तथा चङ्गाइ पाउनलाई उसको विश्वासजस्ता कथामा भएका धेरै खजानाबारे छलफल गर्नु आवश्यक हुन आउँदछ । तर, कथामा भएका कुरालाई हामी नजरअन्दाज गरिपठाउँछौं भने अथवा कथामा हुँदै नभएको कुरा सिकाउँछौं भने, हामीले कथाको आत्मिक सम्पूर्णतालाई गुमाइपठाउँछौं ।

जसै हामी यो कथा सुन्छौं, हाम्रो कानमा केही विशेष प्रमुख वाक्यांशहरू पर्दछन् र हामी त्यस दिन के भयो भन्नेबारे चर्चा गर्न लाग्छौं । हामी सबै येशूको बारेमा साहसपूर्ण गवाही दिने कुरा मनपराउँछौं, यसैले त्यस मानिसले गरेको क्रियाकलाप हामीलाई राम्रो लाग्छ । जेसुकै भए पनि – त्यस मानिसले थुप्रै मानिसहरूलाई धेरै ठाउँमा येशूले के गर्नुभएको थियो भन्नेबारे बतायो । त्यसरी नै, हामी पनि परमेश्वरको सार्वभौमिकताबारे बोल्ने अवसर पाउन मनपराउँछौं, र हामी यस कुरालाई महत्व दिन्छौं ।

तर बिस्तारै यो कथाको एउटा भागमा जाऔं र हेरौं हामीले के कुरा पत्ता लगाउन सक्छौं ।

येशूले त्यस निको भएको कुष्ठरोगीलाई के गर्नू र के नगर्नू भन्नुभयो ?

के ती दुईवटा निर्देशहरू भर्खरै चङ्गाइ पाएको मानिसका लागि सुझाइएका विकल्प थिए ?

अहँ, थिएनन् । वास्तवमा येशूले त्यस मानिसलाई आफूले भर्खर पाएको शुद्ध हुवाइको अवस्थाबारे कसैलाई केही नभन्नू भनी कडा आज्ञा दिनुभएको थियो । येशूको आज्ञाअनुसार ऊ पूजाहारीहरूकहाँ जानुपर्थ्यो र आफू शुद्ध भएको पूजाहारीसमक्ष साक्षी दिनलाई शुद्ध हुवाइको धार्मिक विधि पालना गरी बलि चढाउनुपर्थ्यो ।

यसर्थ, हामी निर्बाध आनन्द, गवाहीबाट हुने महिमा, अथवा परमेश्वरको सार्वभौमिकताबारे सिकाउनलाई जब हामी कुनै कथालाई प्रयोग गर्छौं, के हामी कथाले भनेका कुराहरू पालना गरिरहेका छौं ? वास्तवमा छैनौं ।

प्रभुले हामीलाई त्यस दिन के भयो भन्ने कुरा राम्ररी बुझ्न समग्र कथाभरि प्रशस्त जानकारीहरू दिनुभएको छ । तर, यदि हामी कथालाई राम्ररी सुन्नमा चुक्छौं, हामी हात्तीलाई गुमाउँछौं ।

कथा भन्नका लागि आफैलाई राम्ररी तयार गर्ने कथावाचकहरूले पहिले कथाको प्रसङ्गलाई हेर्छन् । वास्तवमा, यो कथाभन्दा ठीकअघि आउने वचनले येशूको इच्छाको बारेमा केही कुरा देखाउँदछ । येशूका चेलाहरूले उहाँलाई भनेका थिए कि सबै मानिसहरूले उहाँलाई नै खोजिरहेका छन् । अनि येशूले तिनीहरूलाई भन्नुभयो, “आओ, हामी नजिकका अरु सहरहरूमा जाऔं, र त्यहाँ पनि म प्रचार गर्न सकूं , किनकि यसैको निम्ति म आएको हुं ।”

पूजाहारीहरूको सम्बन्धमा येशूले त्यस कुष्ठरोगीले के गरेको चाहनुहुन्थ्यो ? ..... कथामा येशूले त्यस शुद्ध भएको कुष्ठरोगीलाई गएर आफैलाई पूजाहारीकहाँ देखाउनू र मोशाले दिएको आज्ञाअनुसार आफू शुद्ध भएकोमा पूजाहारीहरूका लागि गवाहीको रुपमा विधिअनुसार बलि चढाउनू भन्ने कडा आज्ञा दिनुभयो ।

यसर्थ सबभन्दा पहिले, हामी देख्छौं कसरी त्यस चङ्गाइ पाएको कुष्ठरोगठीले मोशाको व्यवस्थाप्रति आज्ञाकारी हुन येशूले दिनुभएको निर्देशलाई अवहेलना गर्‍यो, साथै हामी यो पनि देख्छौं त्यो कुष्ठरोगी व्यवस्थाको नियमानुसार अझ पनि कानुनी रूपमा शुद्ध भएको थिएन ।

साथै कुष्ठरोगीले आफू शुद्ध भएको प्रमाणस्वरूप आफैलाई पूजाहारीकहाँ देखाउनू भन्ने येशूको कडा निर्देशन त्यस कुष्ठरोगीबाट पालना भएन । कथाबाट, पूजाहारीहरूले त्यस चङ्गाइको बारेमा थाहा पाऊन्. र प्रमाणिक ठहर्‍याऊन् भन्ने येशूले चाहनुहुन्थ्यो भनी के हामी भन्न सक्छौं ? ..... परमेश्वरले हामीलाई कथामा बताउनुहुन्छ, चङ्गाइ पाएपछि त्यस एकजना मानिसको जिद्दीले गर्दा येशू त्यसपछि सहरमा खुल्लमखुल्ला हिँडडुल गर्न सक्नुभएन ।

यसर्थ त्यस शुद्ध भएको मानिसद्वारा कसलाई आदर जनाइयो ? येशूलाई ? पूजाहारीहरूलाई ? पुरानो करारमा विद्यमान परमेश्वरको व्यवस्थालाई ? ..... ठीक भन्नुभयो । उसले अरु कसैलाई होइन तर आफैलाई आदर जनायो ।

जसरी हामी चङ्गाइसम्बन्धी जानकारीलाई गम्भीरतापूर्वक लिन्छौं, त्यसरी नै त्यस शुद्ध भएको कुष्ठरोगीको अनाज्ञाकारितालाई पनि गम्भीरतापूर्वक लिनुपर्दछ । कथाको पछिल्लो भाग आनन्द तथा साक्षीको बारेमा नभएर आफ्नो स्व-इच्छाको बारेमा छ । यो कथा ती व्यक्तिहरूका बारेमा छ जसले परमेश्वरसँग जीवन परिवर्तन गर्ने वरदान माग्छन् र पाउँछन् पनि, तर त्यसपछि उहाँका आज्ञाहरू उल्लंघन गर्दै अनाज्ञाकारितामा जिउँछन् ।

कथालाई होसियारीपूर्वक पढेर ( र कथामा हाम्रा आफ्ना विचारहरू नथोपरेर ) यो पूर्ण सत्यता, अर्थात् हात्ती भेट्टाउन सकिन्छ । येशूले आश्चर्यजनक रूपमा तथा करुणाले भरिएर जुन एउटा अछुतलाई नयाँ जीवन प्रदान गर्नुभयो, त्यो चङ्गाइ पाएको मानिस, जो पछि गएर आफ्नै इच्छाको पछि लाग्यो र उसलाई चङ्गाइ दिने व्यक्तिको आज्ञा उल्लंघन गर्‍यो । यो त्यै हात्ती हो, जसलाई कथामा नजरअन्दाज गर्ने गरिन्छ ।

त्यो कुष्ठरोगी चङ्गाइदातामाभन्दा चङ्गाइमा बढी केन्द्रित भएको देखिन्छ । बाइबलभरि धेरै कथाहरूमा हामी मानिसहरूले उही गल्ती गरिरहेको देख्छौं । मानिसले ‘धार्मिक’ पाप गर्दछन् । परमेश्वरले उनीहरूलाई के गर्न भन्नुभएको थियो, त्यसको सुनाइ र कदर नै नगरी आफ्नै जोशमा, मानिसहरू परमेश्वरका लागि काम गर्न तम्सन्छन् । के यस्ता कुराको गवाही दिनु गलत कुरा हो ? होइन – वास्तवमा हामीलाई गवाही हुनको निम्ति भनिएको छ । त्यस विशेष समय र स्थानको निम्ति येशूको योजनामा गवाही दिनु के गलत थियो ? पक्कै !

चाहे त्यो धार्मिक प्रकारको कार्य नै किन नहोस्, आफूले ठीकै गरेजस्तो लाग्ने गरी कुनै कार्य गर्ने मानिसहरूलाई परमेश्वर कसरी हेर्नुहुन्छ भन्ने विशिष्ट उदाहरण हामी १ शमूएलको पुस्तकमा पाउँछौं । त्यहाँ हामी देख्छौं राजा साऊलले कुनै धार्मिक क्रियाकलाप गर्दै गरेको, तर उसको क्रियाकलापको समय र परिस्थितिलाई परमेश्वरको निर्देशनप्रति गुणात्मक अनाज्ञाकारिताहरू भित्र लपेटिएको छ । प्रभुले आफ्नो निर्देशनप्रतिको यस प्रकारको अवहेलनालाई एकदमै निकृष्ट दर्जाको पापसँग तुलना गर्नुभएको छ ।

"होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रूचाउनुहुन्न र ? आज्ञापालन बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेँडाको बोसोभन्दा असल हो । उहाँको आज्ञा उल्लंघन गर्नु तन्त्रमन्त्रको पापजस्तै हो, र हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो ............ " (१ शमूएल १५ : २२ - २३) ।

त्यस शुद्ध गरिएको कुष्ठरोगीको अनाज्ञाकारिताप्रति आँखा चिम्लँदै, अथवा अझ भनौं, यसलाई मनासिब ठहऱ्याउँदै, जब हामी यस कथाबारे छलफल अघि बढाउँछौं, यसले सम्भवतः मानवजातिको सबैभन्दा प्रचलित पापलाई अनुमति (लाइसेन्स) प्रदान गर्दछ । कहिलेकाहीँ यो पाप जटिल अर्थात् सजिलै देख्न नसकिने हुन्छ, किनभने हामीले "म परमेश्वरको बाटो रोज्नुको सट्टा आफ्नै बाटो रोज्छु" भनी कराएर भनेका हुँदैनौं । तर यदि हामी परमेश्वरले भन्नुभएका कुरालाई बेवास्ता गर्छौं र आफू खुसी गर्न रोज्छौं, यो पाप हो । आज्ञाकारिताको अभाव भन्नु नै अनाज्ञाकारिता हो ।

अनाज्ञाकारिताको कुकार्य र यसको परिणामलाई दर्शाउने कथाको यो दोस्रो भागलाई हामी नजरअन्दाज गर्न सक्दैनौं । यदि हामी त्यस शुद्ध गरिएको मानिसको अनाज्ञाकारितालाई कुनै पनि बहानामा क्षमा गर्छौं भने हामीले हाम्रै इच्छाले परमेश्वरको इच्छालाई कुल्चने निर्णय गर्नेजस्ता प्रचलित पाप गर्न प्रोत्साहित गरेका हुन्छौं । कति दुःखलाग्दो कुरो ! आजकाल विश्वासीहरूले नै यसो भनेका सुन्छौं, "ओहो, यस्तो स्थितिको बारेमा परमेश्वर आफ्नो वचनमा के भन्नुहुन्छ भनेर मलाई थाहा छ, तर यसलाई बेग्लै प्रकारले गर्नका निम्ति मसँग असल कारणहरू छन् ।" कति हाँसोलाग्दो कुरो ! मानिसहरूले आफ्ना क्रियाकलापहरूको वर्णन गर्दै यसो भनेको हामी विरलै सुन्छौं, "म परमेश्वरको आज्ञा उल्लंघन गर्न गइरहेको छु, कारण परमेश्वरभन्दा अझ राम्रो निर्णय म आफै गर्न सक्छु ।"

हामीले यो पाठ्यांशलाई यसकारण चुन्यौं किनकि धेरै शिक्षकहरू आज यसलाई राम्ररी सुन्न असफल हुँदछन् । हामी स्पष्ट पार्न चाहन्थ्यौं कति सजिलैसित हामी कथाको सम्पूर्णतालाई गुमाउन पुग्दछौं र यसो गर्नाले परमेश्वरको पूर्ण सन्देश सिकाउने काममा पनि चुक्दछौं ।

परमेश्वरको वचन सिकाउनु एउटा गम्भीर जिम्मेवारी हो, चाहे त्यो कथा नै किन नहोस् । परमेश्वर हामीलाई जे भन्नुहुन्छ ति सबै राम्ररी सुन्नको लागि यो हात्तीको दृष्टान्तले हामीलाई सम्झना दिलाउँछ । धेरै पटक बाइबलले भन्दछ, "जसको कान छ त्यसले सुनोस् ।"

सरल कथा अध्ययन विधिको धारणा सिकाउने क्रममा, हामीले सम्पूर्ण कथालाई एकदमै होसियारीपूर्वक सुन्नुपर्दछ र प्रार्थना गर्नुपर्दछ ताकि कथालाई बुझ्नसकौं र कथामा परमेश्वरले जे भन्दै हुनुहुन्छ, त्यसमा भरोसा गर्नसकौं । कथाको प्रत्येक खण्डले कसरी हामीलाई सम्पूर्ण कथा देखाउँदछ भन्ने कुरा हामी हेर्न चाहन्छौं ।

कुष्ठरोगीको कथामा, परमेश्वर हामीले अनाज्ञाकारिताको परिणाम के हुन्छ सो हेर्न लगाउनुहुन्छ । तरै पनि, अन्य धेरै बाइबल कथाहरूमा अनाज्ञाकारिताको परिणाम देखाइएको हुँदैन । ती कथाहरूबाट पनि हामी परमेश्वरको आज्ञापालन गर्ने ज्ञानबारे सिक्न सक्छौं किनकि हामी अनाज्ञाकारिताबाट उत्पन्न हुने परिणामबारे त्रसित हुनुभन्दा पनि हामी उहाँको अगुवाइमा भरोसा गर्छौं ।

मर्कूसको पुस्तकबाट यो कथा पूरा सिकाइसकेपछि मानिसहरू हामीलाई जीवनमात्र होइन, शुद्ध गराई तथा चङ्गाइको पूर्ण आनन्द दिनुहुने उद्धारकर्ताप्रतिको अनाज्ञाकारिताबाट आउने खिन्नता र परिणामबारे सिक्न सक्छन् । यदि हामीले कथामा दर्शाइएको अनाज्ञाकारितालाई उचित सिद्ध गर्छौं वा यसलाई छोडिपठाउँछौं भने हामी कथा सुनाउनमा असफल हुनुका साथै विश्वासीहरूलाई हाम्रो आफ्नो तर विश्वासद्वारा परमेश्वरको आज्ञा मान्न उत्साहित गर्ने काममा पनि असफल भएका हुन्छौं ।

# अध्याय ८ : निरक्षरहरू तथा मौखिक बाइबल स्कुलहरू

## साक्षरहरू तथा निरक्षरहरूका साथमा कार्यशालाहरू

कतिपय चोटि लेख्पढ् गर्न नसक्ने व्यक्तिहरू पनि सरल कथा अध्ययन विधि (एस. टी. एस.) कार्यत्रशालामा आउने गर्छन् । यसर्थ यस्ता लेख्पढ् गर्न नसक्ने सहभागीहरूले सिक्नुपर्ने कथाहरू उनीहरूका लागि पढिदिनुपर्ने हुन्छ, उनीहरूलाई कथा वाचन गरिदिनुपर्ने हुन्छ, अथवा कुनै श्रव्य माध्यमद्वारा सुनाइनुपर्ने हुन्छ ।

जब कार्यशालाहरूमा रेकर्ड गरिएका कथाहरूको आवश्यकता पर्न जान्छ, हामी 'परमेश्वरको कथा' तथा कार्यशाला उत्तीर्ण गरिसकेका सहभागीहरूको मातृभाषामा रेकर्ड गरिएका 'नयाँ करार बाइबल' (उपलब्ध हुन सकेमा) भएको मेगा भ्वाइस तथा अन्यद्वारा उत्पादित सौर्यशक्तिले चल्ने अडियो प्लेयर चलाउने गर्छौं । यसै गरी 'परमेश्वरको कथा' परियोजनाले पनि अडियो प्लेयरमा प्रयोग गर्नका लागि बाइबल कथाहरू रेकर्ड गर्ने र थप्ने काम निरन्तर गर्दै आएको छ ।

जुनबेला सम्भव हुन्छ, कार्यशालाको समाप्तिपछि, कार्यशालामा प्रतिनिधित्व जनाउने प्रत्येक गाउँका लागि एक-एकओटा प्लेयर दिने गरिन्छ । प्राप्तकर्ताकै जिम्मामा सो प्लेयर रहने भए तापनि उसले त्यो प्लेयर अरु सहभागीहरूसँग पनि बाँडेर चलाउने गर्दछ । सो प्लेयरमार्फत हरेक व्यक्तिले धेरै कथाहरू सिक्न सक्छन् ।

अधिकांश अवस्थामा सम्पूर्ण गाउँलेहरू नै रमाइलो मानी बाइबल कथाहरू सुन्ने गर्छन् । प्रायः जसो सहभागीहरूका लागि सो प्लेयर यति बहुमूल्य वस्तु हुन जाँदछ (अनपढहरूका लागि त हो पनि) कि उनीहरूले त्यो प्लेयर आफूसँग नराखी पास्टरलाई हस्तान्तरण गरिदिन्छन् । पास्टरज्यूहरूले तिनलाई आफ्नो सेवकाइमा चलाउने गर्दछन् । त्यस क्षेत्रमा भएका सबै अनपढ व्यक्तिहरू सबैका लागि सो प्लेयर बाइबल कथाहरू सिक्ने एक राम्रो माध्यम हुने गर्दछ । अतिरिक्त रुपमा, ती रेकर्ड गरिएका सामग्रीहरूले आवश्यक सन्दर्भ विन्दुका रूपमा कथाहरूलाई दुरुस्त राख्न सहयोग गर्दछन् ।

चाखलाग्दो कुरा के भने, यस हातेपुस्तिकामा समेटिएका सरल कथा अध्ययन विधि (एस.टी.एस.) तालिम नै संसारभर – लेख्पढ गर्न जान्ने र नजान्ने दुवैलाई - एउटै कार्यशालामा दिने गरिन्छ । धेरैजसो, कथा पढ्न सक्ने व्यक्तिहरूले भन्दा पढ्न नसक्ने व्यक्तिहरूले नै कथा सिक्ने तथा राम्ररी कथा भन्ने काममा बढी खूबी देखाउने गर्दछन् ।

अचम्मलाग्दो प्रकारले, कतिपय अनपढ सिकारुहरूले कथाभित्र भएका धेरै आत्मिक गाडधनहरू पत्ता लगाउने काममा चाखपूर्ण खूबी देखाउने गर्दछन् । यद्यपि, प्रत्येक सिकारु, चाहे लेखपढ गर्न सक्ने वा नसक्ने होस्, पहिले प्रश्नहरू निर्माण गर्ने काममा लागी पर्छन्, जसले अरुलाई छलफल प्रक्रियाद्वारा गाड्धन भएको ठाउँतिर डोऱ्याउँदछ । स्मरण रहोस्, प्रश्नहरू निर्माण गर्ने सीप लेख्पढ् गर्न सक्ने तथा नसक्ने दुवै थरीमा विद्यमान हुनसक्दछ र यो सीप सिकेर हासिल गर्न सकिन्छ ।

**एउटा अनपेक्षित प्रयोग :** द्वानिरो, युगान्डामा एउटा कार्यशालाको बेला, एकजना वृद्ध मानिसले एउटा कुरा सुनाए, जुन अफ्रिकी टी.जी.एस.पी. निर्देशकले मात्र होइन, मलाई लाग्छ, हामीले पनि कहिल्यै पनि बिसर्ने छैनौं । "गाउँ"लाई आफ्नो कार्यथलो बनाएका तिनै अफ्रिकी निर्देशकले मलाई यो कुरा सुनाएका हुन् ।

"यहाँका मानिसहरू गरिब छन्, र यस कार्यशालामा भाग लिने लगभग सबै विश्वासीहरू लेख्पढ् गर्न सक्दैनन् । यो ठाउँ एकदमै अविकसित छ ।"

मैले देखें, एकजना विशेष कथावाचक एउटा रूखमुनि खडा भए र पाँचजना मानिसको समूहलाई आफ्नो पहिलो सरल कथा अध्ययन विधि (एस.टी.एस.) को कथा सुनाउन थाले । ती मानिसहरूले त्यो कथा पहिले अध्ययन गरेका थिएनन् । उमेरको हिसाबले अन्दाजी ६५ वर्षका यी वृद्ध मानिसले दोस्रो राजाको पुस्तकबाट हराएको बन्चरोको कथा सुनाइरहेका थिए । कथा सुनाइसकेपछि तिनले मानिसहरूलाई कथाबारे छलफल गर्ने काममा डोऱ्याएको मैले हेरिरहें ।

"तब, जसै ती कथावाचक प्रयोगहरूद्वारा भएर अघि बढे, उसले सोधे, "एलिशाका चेला आफूले मागेर ल्याएको बन्चरोको टाउको गुमाउनुपर्दा कसरी चिन्तित र दुःखी भएको थियो भन्ने कुरा याद गर्नुहोस् ?" उसको समूहभित्रका मानिसहरूले जानिजानि टाउको हल्लाए । "र एलिशा तथा परमेश्वरले कसरी चासो देखाए साथै त्यस चेलालाई उसले हराएको बन्चरोको टाउको भेट्टाउन सहायता गरे भन्नेबारेमा हामीले चर्चा गऱ्यौं, होइन ?"

"'तिम्रो घरमा पनि कसैबाट मागेर ल्याएको केही थोक छ कि ?' मानिसहरूले एकाअर्काको मुखमा हेराहेर गरे र कुम हल्लाए ।"

"कथावाचक आफ्नो प्रश्नमा अडिरहे, 'के छ तिम्रो घरमा जुन तिम्रो होइन ?' आफ्ना घरमा थोरै मात्र थोक भएका ती गाउँलेहरूले फेरि पनि टाउको हल्लाउँदै कुरा बुझाए, 'हाम्रो घरमा त्यस्तो कुनै पनि थोक छैन जुन हाम्रो होइन ।'

"कथावाचक केही निराश भए, कारण जुन कुरा उनले थाहा पाएका थिए, अरुले सो देख्न सकिरहेका थिएनन् । उनले प्याच्च भनिहाले, 'तिमीहरूका श्रीमतीहरू नि, के ती तिमीहरूकै हुन् ?'"

"'हो, ती हाम्रै हुन्,' सबैले एक स्वरमा जवाफ दिए, 'हामीले हाम्रो श्रीमतीहरूलाई चारवटा खसी तिरेर पाएका हौं ।'

"'मलाई थाहा छ', कथावाचकले जवाफ दिए । 'तर ती खसीहरूलाई कसले जीवन दियो, र तिमीहरूलाई ती खसी पाल्ने योग्यता कसले दियो ? परमेश्वरले ! यसर्थ तिमीहरूका श्रीमतीहरू पनि तिमीहरूका नभएर परमेश्वरकै हुन् ।' मानिसहरू एकाअर्कातिर गम्भीर रूपले हेराहेर गर्दै कथावाचकसँग सहमत भए ।"

"'अँ, तिमीहरूले आफ्ना श्रीमतीहरूसँग कस्तो व्यवहार गर्दछौ – परमेश्वरबाट मागेर लिएको नभई आफ्नैजस्तो व्यवहार गर्छौ, होइन ? म मेरी श्रीमतीलाई कुट्छु-पिट्छु, लात हान्छु, मानौं उनी मेरो आफ्नै सम्पत्ति हुन् र उनीमाथि म जे मन लाग्यो त्यही गर्न सक्छु, होइन ? तर याद राखौं, उनी मेरी नभएर मागेर पा ल्याइएकी हुन् त ! उनी त परमेश्वरकी पो हुन् त, र त्यहीअनुसारको व्यवहार पो गरिनुपर्छ त ! साथै मेरा छोराछोरीहरूसँग पनि !'"

"यो सुनेर त्यो वृद्ध मानिस रून लाग्यो र लज्जित हुँदै परमेश्वरसमक्ष पश्चाताप गर्न लाग्यो । अनि अरु मानिसलाई पनि पवित्र आत्माले जसै त्यही सन्देश दिनुभयो, उनीहरू पनि सुँकसुँक रून लागे । आँखाबाट बलिन्द्र आँसुका धारा बग्न थाले । सबैको हृदयमा पश्चातापले ठाउँ लिइरहँदा एकछिनको लागि छलफल नै रोक्नुपर्‍यो ।"

यो कथा मसँग सम्बन्धित भएको देख्दा मेरो त दिमागै चक्करायो । *के कथामा साँच्चै यस्तो सन्देश छ ? कथामा मागेर ल्याइएको वस्तुको मूल्य भएको कुरा त मलाई थाहा छ, तर के यो साँच्चै व्यावहारिक छ त ? निश्चय नै त्यस बेलाका मानिसहरूका निम्ति यो व्यावहारिक थियो !* फेरि म सोच्न थालें, हे ईश्वर ! मेरा कर्मचारी (स्टाफ)हरूले कुनै गलती गर्दा मैले कस्तो नमिठो हप्काउने गर्छु, मानौं यिनीहरूलाई मैले किनेको हुँ, अथवा उनीहरूलाई मैले ईश्वरबाट कर्जास्वरुप लिएझैं गरी व्यवहार गर्ने गरेको छु ! मैले आफ्नो हृदयमा अपराधबोध गर्न थालें ।

के यस अनपढ वृद्ध मानिसले परमेश्वरको वचन बुझ्न र लागू गर्नका लागि तर्कसंगत तथा आगमनात्मक तर्क प्रयोग गरेका थिए ? के उनले अरु गाउँलेहरूलाई कथामा भएको महत्वपूर्ण सत्य पत्ता लगाउन मदत पुर्‍याउनका लागि प्रश्नहरू प्रयोग गरेका थिए ? के एकजना अर्कै संस्कृतिबाट आउने अनपढ व्यक्तिले परमेश्वरको वचन जानेका साक्षर सेवकाइ अगुवालाई आत्मिक व्यावहारिकताबारे सिकाउन सक्छ ? अवश्य, अवश्य अनि अवश्य !

## मौखिक बाइबल पाठशालाहरू (OBSs)

मौखिक बाइबल पाठशालाहरू (OBSs) को जन्म गहन बाइबल अध्ययनका कार्यशालाहरूमा देखाइएको चाखबाट हुन गएको हो । स्थानीय पास्टर तथा अगुवाजनहरूले समुदायमा कथा सिक्नका लागि अझ बढी अवसरको माग गरे जसले पाठशालाहरूको यो खाका तयारगर्न प्रेरित गर्‍यो ।

यस्ता मौखिक बाइबल पाठशाला (OBS) मा भर्ना हुन इच्छुक व्यक्तिले एउटा निवेदन बुझाउने गर्छन् , अथवा स्थानीय मण्डली झुण्डका पास्टरहरूले नै मानिसहरूलाई विद्यार्थीका रूपमा छनौट गर्ने गर्छन् । बाहृजना मानिसहरूको छनौट हुँदछ, जसमध्ये अधिकांश कार्यशालामा सहभागी भइसकेका व्यक्तिहरू हुन्छन् । त्यसपछि, यसरी छानिएका विद्यार्थीहरूले एकजना सरल कथा अध्ययन विधि (एस.टी.एस.)का प्रशिक्षकद्वारा थप एक हप्तासम्म विशेष तालिम प्राप्त गर्ने गर्दछन् । त्यस प्रशिक्षकले मौखिक बाइबल स्कुलमा सुपरिवेक्षकको भूमिका निर्वाह गर्दछन् ।

अधिकांश पाठशालाहरूमा एक वर्षे खाका तयार गरिन्छ । त्यस वर्षका पाठ्य-समयावधिभर विद्यार्थीहरू एक पटकमा दुई हप्ताका लागि भेट्ने गर्छन् र त्यसपछि फेरि दुई हप्ताका लागि घर जान्छन् । कतिजना भने दैनिक नै आउनेजाने गर्छन् । सुपरिवेक्षकले प्रत्येक दुई हप्तामा तीन दिनका लागि पाठशालामा भेट गर्न आउने कोशिश गर्छन् । विद्यार्थीहरूले आफ्नो खाना आफैं ल्याउने गर्छन्, त कतिपयले स्थानीय पसलहरूबाट किन्ने गर्दछन् । आवश्यक परेमा कतिपय विद्यार्थीहरूलाई स्थानीय पास्टर तथा विश्वासीहरूले आफ्ना घरमा बस्न दिन्छन् ।

विद्यार्थीहरूको पाठ्यक्रमभित्र सिकाइ तथा बाइबलभरिबाट २९६ वटा बाइबल कथाहरूबारे छलफल गर्न सरल कथा विधिको प्रयोग गर्छन् । पाठशालाको सत्रान्तसम्ममा, सबै कथा जानिनसकेका विद्यार्थीले सम्पूर्ण कथा जानिनसकेसम्म दीक्षान्तका लागि पर्खने गर्छन् । सरल कथा विधिका कार्यशालामा अगसवाइ गर्ने सीप हासिल तथा सुसमाचार धावा जस्ता कार्य, जसलाई उनीहरू "प्रयोगात्मक कक्षा" भन्ने गर्छन्, पनि तालिमका भागमा पर्ने गर्छन् ।

एकजना बिशपले एउटा अनुपम मौखिक बाइबल स्कुल सञ्चालनको व्यवस्था मिलाएछन् । फूलबारीमा काम गर्ने उनको चर्चका विश्वासीजनहरू दिनहुँ दिउँसोको खाना खाने समयमा भेट गर्नजाने निर्णय गरे । दिउँसोको खाना खाने समयका यि पाठशालाहरूको विस्तार। भयो । चारवटा छुट्टाछुट्टै फूलका क्षेत्रहरूमा मानिसहरूले आफ्ना ति समयहरूलाई प्रयोग गरेर हप्तामा पाँचवटासम्म कथाहरू सिक्ने र छलफल गर्न शुरुगरे । अरु कामदारहरूले यी कथाहरू सुन्ने इच्छा गरेका हुनाले उनीहरू पनि कथा सुन्न त्यहाँ सहभागि भए । पहिलो चार महिनाभित्र, यति धेरै मानिसहरू बचाइए कि उनीहरूका लागि १६ वटा नयाँ चर्चहरूको स्थापना भएको थियो । विश्वव्यापि रुपमा सरल कथा अध्ययन बिधिमा मानिसहरूलाई तालिम दिएर प्रतिबर्ष हजारौं चर्चहरूको शुरुआत भएको प्रमाण हामीसँग छ , जसले बाइबलका कथाहरू भनिरहेका छन् ।

कतिपय अन्य शहरहरूमा "व्यापारिक" मौखिक बाइबल स्कुलका विद्यार्थीहरू प्रत्येक दिन काम सकेपछि भेट गर्ने गर्छन् । यी दुवै प्रकारका स्कुलसँग २९६ वटा कथाका लक्ष्य हुने गर्छन् ।

भारतमा, बिश्वासीहरू तथा यसको शिक्षा पाउन कोशिश गर्नेहरू सो २९६ कथाहरू सिक्न 'घरेलु बाइबल पाठशालाहरू' मा भेला हुने गर्दछन् । तीन या चारवटा परिवारहरू मिलेर एउटा पाठशालाको निर्माण गर्दछन् । हप्ताको सरदर तीन पटकसम्म तिनीहरू एकआपसमा भेट्छन् । इजिप्ट र अन्य देशहरूमा, घरेलु चर्चहरूले तिनीहरूको बाइबल शिक्षणको रुपमा २९६ वटा कथाहरूको प्रयोग गर्छन् र त्यहाँका सदस्यहरूले ति कथाहरू सिक्छन् ।

फिलिपिन्समा एकजना नवपरिवर्तनकारी अगुवाले रेडियोमा एउटा साप्ताहिक कार्याक्रम चलाउने गर्दछन् । उनले स्टुडियोमा केही प्रत्यक्ष स्रोताहरूमाझ सरल कथा विधि शैलीमा बाइबल कथा भन्ने गर्छन् । मानिसहरूले उनको कथा सुनेर उनका प्रश्नको जवाफ वा प्रतिक्रिया पनि फोनबाट पठाउने गर्छन् । कतिपय सन्देश त आतङ्कवादीहरूले कब्जा गरेका क्षेत्रबाट पनि आउने गरेका छन् ।

उनले यि कार्यक्रमहरू संचालन गर्न शुरु गरिसकेपछि , उनले तब रेडियोमा नै एउटा कार्यशाला चलाउने निर्णय गरे । यस अगुवा कथावाचकले रेडियोबाट नै मौखिक बाइबल स्कुलका बारेमा चर्चा गर्न थालेपछि रेडियो कार्यशालाको सफलताको पुष्टि भयो । यसरी सञ्चालित रेडियो कार्यशालामा नियमित र निरन्तर भाग लिएका स्रोताहरूले फोनबाट सोध्न थाले, "यस्तो स्कुल हाम्रै द्वीपमा किन सञ्चालन नगर्ने र ?"

उनीहरूको यस अनुरोधका आधारमा एउटा घुम्ती मौखिक बाइबल स्कुल सुरू भयो । तीनवटा स्थलमा मानिसहरू ७, १३ र १७ जनाको समूह बनाई आ-आफ्ना क्षेत्रमै कथा सिक्न थाले । हप्ताको तीनपटक यस्ता स्कुलका विद्यार्थीहरूले सरल कथा विधि प्रशिक्षकलाई फोन गरी आफ्ना कथाहरू सुनाउने र कथाबाट पत्ता लागेका कुराहरूबारे छलफल गर्ने काम गर्दथे ।

यसरी विविध ढाँचामा स्थापना भएको दुईबर्ष भित्र सरल कथा विधिका मौखिक बाइबल स्कुलहरूको संख्या जम्मा नौवटा देशहरूमा एकबाट साठीवटासम्म पुग्न गयो । २९६ वटा कथाहरूको प्रयोग गरिरहेका घरेलु चर्चहरू तथा बाइबल पाठशालाहरूको संख्या हजारभन्दा माथि नै छन् ।

लगभग ४०% जति मौखिक बाइबल स्कुल (ओ.बी.एस.) विद्यार्थीहरूले बाइबल स्कुलबाट शिक्षार्जन गर्ने तथा डिप्लोमा हासिल गर्ने गर्दछन् । ती विद्यार्थीहरूमध्ये अधिकांशले त पहिले नै पास्टर अथवा प्रचारकका रूपमा सेवा गरिरहेका छन् ।

यस्ता मौखिक बाइबल स्कुलहरूबाट शिक्षार्जन पूरा गर्ने विद्यार्थीहरूको दर ९५% रहेको छ ।

## मौखिक बाइबल स्कुलको असर – स्तब्धता, विस्मय, त्यसपश्चात भय

यसो कल्पना गरिहेर्नोस् त, जब हाम्रा अफ्रिकी निर्देशकले फोन गरेर यो अति जरुरी प्रश्न गरे, तब सुन्ने मानिस कति स्तब्ध भए होलान्, "लेक भिक्टोरिया टापूमा कार्यशाला थाल्ने स्टाफले एउटा नयाँ समस्याको सामना गर्नुपर्‍यो । यस इलाकाका मानिसहरू बहुपत्नी प्रथा मान्ने खालका छन् । त्यति मात्र कहाँ हो र ! कार्यशालाका आयोजक तथा सहभागी हुने अधिकांश पास्टर तथा अगुवाहरू नै पनि बहुपत्नीवादी छन्, के गर्ने होला ? यस समस्यालाई सम्बोधन गर्न हामीले केही विशिष्ट कथाहरू पो छान्ने हो कि ?"

इसाइहरूलाई जसले सिकाइरहेका थिए तिनीहरू बहुविवाह गर्नेहरू थिए भन्ने सुनेर भएको आरम्भिक स्तब्धतादेखि बाहिर निस्केपछि, कस्ता कथाहरू प्रयोग गर्ने भन्नेबारे थाहा पाउन मैले प्रभुलाई सोधेँ । झट्टै उहाँले मलाई त्यो कुरा याद दिलाउनुभयो जुन कुरा हामी निरन्तर भन्ने गर्छौं, "तिमीले मानिसहरूले सिकून् भनी चाहेका कथाहरू सिकाउन विशिष्ट

कथाहरू छानेर निकाल्नु पर्दैन ।" तब हाम्रो निर्देशकलाई मैले भनें, "पवित्र आत्माले नै कथा सुन्ने प्रत्येक व्यक्तिलाई आफ्नो सन्देश दिन नियमित कार्यशालाका कथाहरू प्रयोग गर्नुहुन्छ ।"

"के तपाईंलाई पक्का छ यस्तै हुन्छ भनी ?" हाम्रा निर्देशकले सोधे, "यो ठाउँ कति दुर्गम छ भन्ने तपाईंलाई थाहा छ ?" मलाई प्रश्न गर्नुहुने प्रशिक्षकले रूखको हाँगामा पर्खिरहेका छन् । यो टापूको अन्त्यमा एउटामात्र यस्तो ठाउँ छ जहाँ उनीहरू सबैले फोन सुन्न सक्छन् र फोनमा कुराकानी गर्नलाई उनीहरू रूख चढ्नुपर्ने हुन्छ । केयो तिम्रो अन्तिम उत्तर हो ?"

मैले उनलाई आश्वस्त पारेँ कि प्रभुले चाहनुभएको उत्तर यही हुनुपर्छ भन्ने मलाई लागेको छ । बहुपत्नी प्रथा यी मानिसहरूको ईसाइ जीवनमा हुनुहुँदैन भन्ने कुरा हामीले प्रष्ट बुझेको भए तापनि म चाहन्थेँ प्रभु आफै आफ्नो समयमा यसबारेमा मानिसहरूसँग बोलून् । उुर्थ ती प्रशिक्षक रूखबाट ओर्ले र हामी सबै प्रार्थना गर्न लाग्यौं ।

कार्यशाला समाप्त भएपछि, झुण्डका सबै आफ्आफ्ना घर फर्के र यो प्रतिवेदन तयार गरी हामीलाई पठाए ।

"तालिमको तेस्रो दिनमा, एउटा कथा तयार गर्दैरहेका झुण्डका एकजनाले यसबारेमा कडा बहस थाले – (अन्दाज लगाउनुहोस् त, केको बारेमा होला) – हो, बहुपत्नी प्रथाको बारेमा । कस्तो अचम्म, कुनै पनि प्रशिक्षकले यो शीर्षकका बारेमा सोचेकै रहेनछन् । बहसमा कुनै निष्कर्ष नै निस्केन तर निश्चय नै पवित्र आत्माले उनीहरूको हृदयमा एउटा बिउ रोप्नुभयो ।"

"यी विश्वासीहरू तथा पास्टरहरूले हामीलाई घेरे र भने, 'कुनै ईसाइ शिक्षकले हाम्रो टापू भ्रमण गरेको यो पहिलो अवसर हो । तपाईंले हाम्रोलागि बाइबल लिएर आउनुभयो र यसलाई हामीले बुझ्ने प्रकारले प्रस्तुत गर्नुभयो ।' उनीहरूले आफ्नो टापूमा एउटा मौखिक बाइबल स्कुल खोल्नका निम्ति बिन्ती गरे जसमा हामीले सहमति जनायौं ।"

दुई हप्तापछि स्कुल सुरू भयो ।

स्कुल चलेको तीन महिनजति हुँदा, हामीले हाम्रो निर्देशकज्यूबाट एउटा आश्चर्यलाग्दो जानकारी प्राप्त गर्‍यौं । (त्यस बेलासम्ममा, बाह्रजना विद्यार्थीहरूले ६० वटा कथा सिकेर छलफल गर्न भ्याइसक्ने थिए) । हाम्रा निर्देशकले बताए, "हामीलाई थाहा छैन विद्यार्थीहरूलाई परिवर्तनका लागि तयार गर्न परमेश्वरले कुनकुन कथाहरू प्रयोग गर्नुभयो, तापनि यस क्षेत्रका पास्टरहरूले भने बहुपत्नी प्रथा गलत नै हो भन्नेबारे निष्कर्ष निकाले । उनीहरूले बहुपत्नी विवाह नगर्नेबारे करार नै बाँधे । यसै गरी, उनीहरू पवित्र वचनलाई सम्मान गर्न एकभन्दा बढी पत्नी हुने पास्टरहरूले यस्तो चलन बन्द गर्नैपर्छ भन्नेबारे पनि सहमत भए ।"

त्यस समयदेखि यता, ती असल विश्वासीहरू आफ्ना समर्पणमा अडिग रहिआएका छन् ।

उनीहरूको एक वर्षे शैक्षिक सत्र पूरा भएपछि, जब १२ जना विद्यार्थीहरू दीक्षित भए, उनीहरू अर्को मौखिक बाइबल स्कुल स्थापना गर्न गए ।

त्यसैगरी, त्यो मानिस, जसले प्रथम कार्यशालामा सिकाउनका लागि प्रशिक्षकहरूलाई सुरूमा बोलाएका थिए, उनले एउटा मौखिक बाइबल स्कुल दीक्षान्त समारोहमा यो चाखलाग्दो गवाही दिए :

> "मैले तीन वर्षदेखि अफ्रिकी सरल कथा विधि निर्देशकलाई प्रभावित गर्ने प्रयत्न गरेँ । हामीलाई एउटा अनाथालयका लागि पैसा चाहिएको थियो र उहाँको पश्चिमी मुलुकसँग सम्पर्क रहेको कारण उहाँले केही सहायता अवश्य गर्नुहोला भन्ने हामीलाई लागेको थियो ।
>
> खैर, गएको वर्ष हाम्रो भेट भयो, तर उहाँले हामीलाई पैसा दिनुभएन । बरु पैसा दिनुको साटो, उनको टोलीले मलाई र मेरा अन्य साथी विश्वासीहरूलाई लेक भिक्टोरिया द्वीपमा परमेश्वरको वचनबाट कसरी सिक्ने भन्नेबारे सिकायो ।
>
> अहिले मलाई यो भन्न पाउँदा खुसी लागेको छ कि गत हप्तासम्ममा सबै ७० अनाथहरूले सहायत प्राप्त गरिसकेका छन् । र अहिले हामीसँग हाम्रो रूपान्तरित समुदाय छ जसले हाम्रा आफ्नै अनाथहरूलाई सहयोग गर्दछ ।"

[ सम्पूर्ण समुदायमा आएको आमूल सुधारलाई हामीले छक्क परी हेर्‍यौं । जब मानिसहरूले परमेश्वरको वचनलाई आत्मसात गर्न थाले, उनीहरूमा पश्चाताप र समाजमा जरा गाडेको परम्परामा परिवर्तन देखिन थाल्यो । उनीहरूले असहायप्रति प्रेम देखाउन थाले, जुन प्रेम उनीहरूले आफ्नै धन-सम्पत्ति खर्च गरेर पनि प्रकट गरे । परमेश्वर तथा पिताको अगाडि शुद्ध र निर्दोष ठहराउनु भएको धर्मको बारेमा बाइबलले बताउँदछ । एउटा साँचो "वचनको पालक" कस्तो हुनुपर्छ भन्नेबारे याकूब १:२७ मा उल्लेख गरिएको पाइन्छ - "परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो, अनाथ र विधवाहरूलाई तिनीहरूको

सङ्कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु ।" यस पदले यस टापूका मानिसहरूमा आएको नैतिक बदलाव अनि अनाथहरूप्रति उनीहरूको कार्यलाई पूर्ण रूपमा बयान गर्दछ । ]

## ओ बि एस उत्तीर्ण विद्यार्थीहरू अगाडि बढ्छन्

कोषको रकमले भ्याएसम्म प्रत्येक ओ.बी.एस. उत्तीर्ण विद्यार्थीले एकएकवटा सोलार प्लेयर उपहारस्वरूप प्राप्त गर्दछ । दीक्षान्तपछि अधिकांश विद्यार्थीहरू पास्टर, शिक्षक र सुसमाचार प्रचारकका रूपमा आफ्नो सेवालाई निरन्तरता दिन्छन् । यसका साथै सेवकाइका गरिरहेकाहरू मध्ये, २५% जति विद्यार्थीहरूले नयाँ मौखिक बाइबल स्कुलहरू (ओ.बी.एस.) मा सुपरिवेक्षक ( Overseers) का रूपमा सेवा गर्न रोज्छन् र सरल कथा अध्ययन विधि प्रशिक्षक भई कार्य गर्दछन् । यी प्रशिक्षकहरू पारिश्रमिक नपाउने स्वयंसेवकहरू हुन्छन् । बोलाइएअनुसार र आवश्यकताअनुसार टी.जी.एस.पी. ले यस्ता प्रशिक्षक तथा सुपरिवेक्षकहरूका न्युनतम दरका यात्रा खर्च र खाना खर्च बेहोर्ने गर्दछ । कहिलेकाहीँ आवश्यक पर परेका प्रशिक्षकहरूले सानो 'सम्मान रकम' पनि प्राप्त गर्दछन् ।

## क्षेत्रीय सशक्तिकरण

एकजना राष्ट्रको निर्देशकले एकपटक आफ्नो राष्ट्रभरिका स्कुलहरूमा सेवा पुऱ्याउने निमन्त्रणा प्राप्त गरेछन् । पहिलेदेखि नै विद्यालय सेवकाइमा संलग्न रहेको तथा सरल कथा विधिको स्टाफ पनि भएको नाताले उनले कार्यशालाहरूमा सक्रिय रूपमा अगुवाइ गर्दै तथा मौखिक बाइबल स्कुलहरूमा सुपरिवेक्षण कार्य समेत गर्दै आइरहेका थिए । त्यस निमन्त्रणाले हामीलाई क्षेत्रीय सशक्तिकरण विकास गर्ने कार्यमा बल तथा उत्साह प्रदान गऱ्यो यसअन्तर्गत कोष, समय तथा कर्मचारीहरूलाई दक्षतापूर्वक र प्रभावकारी ढङ्गबाट परिचालन गर्ने योजना पर्दछ ।

प्रत्येक क्षेत्रका लागि अपनाइने यस रणनीतिअन्तर्गत सेवकाइ, कार्यशाला तथा मौखिक बाइबल स्कुललाई संयुक्तिकरण गर्नु पर्दछ । एउटा क्षेत्रभित्र सरदर २५ गाउँहरू पर्ने गर्दछन् । यो कार्य सम्पन्न गर्नका लागि एक क्षेत्रमा प्रशिक्षकहरू नौ महिनाको समयावधिभित्र तीन पटक फरक-फरक समयमा जाने गर्दछन् । ती तालिमका भ्रमणहरू पछि, एकजना प्रशिक्षकले त्यस क्षेत्रभित्रका  नवस्थापित मौखिक बाइबल स्कुल भ्रमणलाई निरन्तरता दिन्छन् । यसरी खोलिएको मौखिक बाइबल स्कुललाई उत्साह दिन तथा सुपरिवेक्षण गर्न हेतु आगामी ११ महिनासम्म ती प्रशिक्षकले मासिक रूपमा भ्रमण गर्ने गर्छन् ।

सशक्तिकरण कार्यक्रमअन्तर्गत 'परमेश्वरका कथा'को उपहार। प्रतिहरू, बाइबल सामग्री तथा तालिमसहितको सोलार प्लेयर तथा अन्य स्रोत सामग्रीहरू पर्दछन् । किनभने प्रत्येक चोटिको भ्रमणले बहुउद्देश्यीय सेवा पुऱ्याउने हुनाले प्रशिक्षकको यात्रा खर्च र खाना खर्च एकदमै कम पर्ने गर्दछ । भ्रमण कार्य पूरा भएपछि, स्थानीय अगुवाहरूलाई तालिम दिइनुका साथै सम्पूर्ण साधनहरूद्वारा सुसज्जित पार्ने काम हुँदछ – अर्थात् – सशक्त पार्ने काम हुँदछ, बाइबलको सही उपयोग गर्दै बुझ्ने र व्यावहारिक तरिकाले सेवकाइमा अगुवाइ गर्नका निम्ति । एउटा क्षेत्रमा २५०० जना मानिसहरू प्रभावित गराउने परियोजना बनायौं , तर २२ वटा क्षेत्रहरूमा शुरुको दुईबर्षमा दश पटकसम्म धेरैलाई चलाएकमो हामीले देख्यौं ।

# अध्याय १०:सरल कथा अध्ययन विधि (एस.टी.एस.) का कथावाचकहरूको वर्गीकरण

**अभ्यासकर्ता –** सबै कार्यशालाहरूका समयमा, सहभागीहरूले तालिम र व्यक्तिगत प्रशिक्षण पाउँछन् । हाम्रो जिम्मेवारी र आनन्द भनेको सरल कथा अध्ययन विधि कसरी सञ्चालन गर्ने भन्नेबारे जानकारी हस्तान्तरण गर्नु हो । प्रशिक्षार्थीहरूले तब एस.टी.एस. अवधारणालाई अभ्यासमा उतार्दै आफ्ना सीपहरूलाई तिखार्ने गर्नुपर्दछ ।

'अभ्यासकर्ता' त्यो व्यक्तिलाई भनिन्छ जसले एस.टी.एस. कार्यशालामा भाग लिएको छ । त्यो प्रस्फुटनबाट अधिकांश सहभागीहरू आफ्ना प्रभाव-क्षेत्रभित्र राम्ररी भिज्नका लागि एस.टी.एस. अवधारणालाई सदुपयोग गर्न सक्ने तथा बाइबल कथाहरूलाई प्रभावकारी ढङ्गबाट भन्ने र छलफल विधिद्वारा सत्य बाँड्न सक्ने हुन्छन् ।

हामी अभ्यासकर्ताहरूलाई बाहिर निस्केर बाइबल कथाहरू भन्न जोडदार रूपमा उत्साहित तथा अनुनय गर्दछौं । यतिमात्र होइन, हामी विविध प्रकारका सामग्रीहरू पनि उपलब्ध गराउँछौं, जुन सामग्रीहरू अभ्यासकर्ताले सरल कथा विधि हस्तान्तरण कार्य अभिवृद्धिका लागि प्रयोग गर्न सक्छन् ।

अभ्यासकर्ताहरू सक्रिय कथावाचक बन्ने तैयारी गर्दैगर्दा, उनीहरू एस.टी.एस. कार्यशालालाई नेतृत्व दिन सक्ने भने अझ भइसकेका हुँदैनन्, अर्थात्, एस.टी.एस.को मतहत रहेर अरुलाई औपचारिक रूपमा तालिम दिन सक्ने भइसकेका हुँदैनन् ।

तर कहिलेकाहीं सरल कथा अध्ययन विधि भरखरै मात्र सिकेका मानिसहरूले केवर कथामात्र भन्नुभन्दा अझ बढि गर्न चाहन्छन् । तिनीहरू सरल कथा अध्ययन विधि कसरि भनेर बाँडचुड गर्ने बारेमा उत्सुक हुन्छन् । तिनीहरूको उत्सुकता हेर्न मनपर्छ र अवश्य पनि अभिबृद्धि हेर्न मनलाग्छ । अनौपचारिक रुपमा, कथामा गाडधनलाई कसरि खोज्ने भनेर नयाँ अभ्यासकर्ताहरूले प्रभावकारी रुपमा अरुहरूलाई देखाउन सक्छ । त्यो नै सरल कथा अध्ययन विधिको पहिलो भन्ने मौका हो । जसै सरल कथा अध्ययन विधिका यि नयाँ मानिसहरूले तिनीहरूको अध्ययनको समयमा बुद्धिमान सल्लाहकारको केही प्रश्नहरू प्रयोग गर्न शुरु गछन् , तिनीहरूको व्यक्तिगत समर्पित समय बृद्धि हुनेछ ।

अभ्यासकर्ताहरूले कथालाई प्रदर्शन गर्न सक्छन् र सिकारुहरूलाई सरल कथा अध्ययन विधिको उद्देश्य सम्बन्धि प्रश्नहरू व्याख्या गर्न र सो उद्देश्य बाँड्न सक्छन् । जसै तिनीहरूले ती कथाहरूमा छलफल गर्छन्, समूहलाई निरीक्षण गर्दै बाइबलको खोज तथा अभ्यासकर्ता तालिमका सामग्रीहरूको सरल कथा अध्ययन विधिको प्रतिक्रिया प्रयोग गर्न समूहलाई बकोलाउन सक्छन् ।

कथालाई प्रदर्शन गर्दै धेरै नयाँ अभ्यासकर्ताहरूले सरल कथा अध्ययन विधिको मान्यतालाई सूचित गर्न सक्छन् । मानिसहरूलाई बाइबलिय कथामा गहन खोज गर्न र अन्तर्क्रिया गर्न लगाउनु वास्तवमा तिनीहरूलाई सरल कथा अध्ययन विधि सम्बकन्धि जानकारी दिन र उत्साह प्रकट गर्न सबैभन्दा प्रभावकारी तरिका हो । जबक दर्शनलाई परिकल्पना गरिन्छ , यी नयाँ कथावाचकहरूले हामीले प्रदान गर्नसक्ने केही प्रभावकारी जानकारीलाई सरल कथा अध्ययन विधिसंग संयुक्त रुपमा प्रयोगबारे तिनीहरूको अनुभवलाई बाँडचुँड पनि गर्नसक्छन् ।

हामी मानिसहरूलाई होसियार हुन भन्छौं । एस.टी.एस.लाई उचित प्रकारले अरुहरूलाई सिकाउनको निम्ति सिकाउने व्यक्तिसँग यी कुराहरू हुन जरुरी छन् :-

- उसले एस.टी.एस. प्रक्रियाको हरेक भागलाई राम्ररी बुझेको हुनुपर्दछ ।
- एस.टी.एस.को नमूना सही प्रकारले प्रदर्शन गर्न ऊ सक्षम हुनुपर्दछ ।
- एस.टी.एस.लाई परिभाषित गर्ने ती सबै कुराहरूको मण्डनकला (उद्देश्य र प्रयोग)बारे जानकारी उसलाई हुनुपर्दछ ।

केही अभ्यासकर्ताहरूले सायद आफूलाई पूर्ण तालिमप्राप्त व्यक्तिका रूपमा चिनाउनु र प्रशिक्षकका रूपमा प्रमाणित हुनुभन्दा पनि अघि बढ्न चाहलान्, कारण “उनीहरूले यसलाई सरल राख्न र आवश्यकता पर्ने व्यक्तिहरूका लागि यो नयाँ जानकारी छिटो उपलब्ध गराउन चाहन्छन् ।”

केही पटक, हामीले कतिपय उत्साही र असल उद्देश्य राख्ने अभ्यासकर्ताहरूले अवैधानिक एस.टी.एस. तालिमको आयोजना र सञ्चालन गर्ने गरेका पाएका छौं । तर, ती अभ्यासकर्ताहरू पूर्ण तवरले एस.टी.एस. प्रशिक्षकका रूपमा तालिम-प्राप्त भइनसकेको हुँदा उनीहरूले पूर्ण आकारको एस.टी.एस. तालिम प्रदान गर्न समर्थ भइसकेका थिएनन् । परिणामस्वरूप अभ्यासकमर्ताहरूद्वारा सिकाएकाहरू मध्ये थोरैलेमात्र एस. टी. एस. बुझे अथवा यसको मूल्य थोरैलाई मात्र बिश्वास दिलाउन सके । ती व्यक्तिहरू जतिजना कथाहरू छलफल गर्ने केही प्रभावकारी तथा पुनरुत्पादक नमूना सिक्ने अपेक्षासहित यो तालिममा आएका थिए, उनीहरूले यसबाट पूर्ण र सन्तोषप्रद अनुभवहरू बटुल्न सकेनन् ।

ती सहभागीहरू आधा तयारी भएको (अर्ध-प्रशिक्षित) अवस्थामा नै छाडिए । अझ खराब कुरो त के भने, उनीहरूले एस.टी.एस.का सम्पूर्ण अनुभवहरू बटुलिसकेका छन् भन्ने भ्रान्तिमा उनीहरू परे । कच्चा अवस्थामा नै भएको यस कमजोर अनावृत्तिको नतिजास्वरूप उनीहरूले एस.टी.एस.लाई पहिले नै चाहिसकेका र यसबाट उनीहरूलाई त्यति फाइदा पुग्न नगएको उनीहरूको सोच रहेको हुँदा पूर्ण आकारको वैधानिक एस.टी.एस. कार्यशालामा भाग लिन उनीहरू विरलैमात्र इच्छुक देखिन्छन् । अफसोसको कुरो, हामीले उनीहरूलाई एस.टी.एस.का पूर्ण आकारका सीपहरू सिकाउने अवसर कहिल्यै पनि पाउँदैनौं ।

**"सरल" वास्तवमा सरल छैन ।** एक नजरमा हेर्नुपर्दा, "सरल कथा अध्ययन विधि (एस.टी.एस., अर्थात् सिम्प्ली द स्टोरी)ले मानिसहरूलाई यो भान पार्न लगाउलान् कि एस.टी.एस. साँच्चै नै सरल छ, र यसअन्तर्गत कथा वाचन गर्ने कुरामात्र पर्न आउँछ । यदि हामीले कार्यशालामा यति नै मात्र गरेका हुँदा हौं भने हामीले एस.टी.एस.को प्रशिक्षण एकै दिनमा सजिलै पूरा गरी भ्याउने थियौं । तर वास्तवमा, यस एस.टी.एस.भित्र त्यतिमात्र नभएर शिक्षण र मिसन रणनीतिका बहुपक्षीय सैद्धान्तिक ढाँचाहरूको रूपान्तरण पनि पर्ने गर्दछ । त्यसैगरी, यसमा मानिसहरूले कसरी सिक्छन् र प्रभावकारी ढङ्गबाट कसरी बाइबलीय जानकारी अरु व्यक्तिहरूसमक्ष आदानप्रदान गर्ने भन्नेबारे दुवै व्यक्तिगत स्तरमा र सेवकाइको व्यवहारस्तरमा सैद्धान्तिक ढाँचाहरूको थप रूपान्तरण पनि पर्ने गर्दछ ।

कार्यशाला सञ्चालन गर्ने व्यक्तिहरूले अभ्यासकर्ताहरूमा यस प्रकारका उत्साह जगाउन सक्षम हुनका लागि प्रशस्त समय र मिहिनेत खर्चेका छन् भन्ने कुरालाई सोचेर, हामी ती अभ्यासकर्ताहरूलाई पनि त्यसरी नै समय र मिहिनेत लगाएर प्रभावकारी ढङ्गबाट मानिसहरूलाई सिकाउनका लागि भन्ने गर्छौं ।

अरु मानिसहरूलाई एस.टी.एस. प्रशिक्षण कसरी दिने भन्नेबारे उचित तालिम नपाई आउँदो पीढीका कथावाचकहरूले चाहिएजति तालिम नदिइकनै एस.टी.एस. प्रक्रियालाई टुङ्ग्याउने छन् । जब यस्ता व्यक्तिहरूले एस.टी.एस. कथाहरूलाई आफ्ना सेवकाइमा प्रयोग गर्न संघर्ष गर्छन्, उनीहरूले यो प्रभावकारी ढङ्गबाट गर्न नसकी खिन्न हुँदै बाध्यतावश कथावाचनले मात्र काम गर्दैन भन्ने गलत निर्णयमा पुग्नेछन् र अन्ततोगत्वा यो कामलाई पूरै छोडिदिन सक्नेछन् ।

प्रारम्भिक ३७ घण्टे तालिमले एस.टी.एस. प्रक्रियालाई कसरी गर्ने र प्रयोग गर्ने भनेर उपस्थित भएकाहरूलाई देखाउँछ । अरुलाई तालिम दिने र त्यो दक्षतालाई अभ्यास गर्न अवसरहरू पनि आर्जन गर्छन् । जेहोस् ,यो तालिमले एस.टी.एस. कार्यशालामा कसरी नेतृत्व गर्ने भन्नेबारे सिकाउने कुरा समावेश हुँदैन, न त निदानात्मक शिक्षण, न त एस.टी.एस. प्रक्रिया र विधिमा आइपर्ने धेरै आयामिक परिवर्तनका लागि उद्देश्य र पक्ष समर्थन पद्धति नै समावेश हुन्छ ।

के यसको अर्थ यो हुन आउँछ कि अभ्यासकर्ताहरूलाई चेलापन वृद्धि गर्ने र एस.टी.एस. सीप कसरी सिक्ने र प्रयोग गर्ने भन्ने विषयमा अरुलाई सहयोग गर्ने काममा संलग्न गराउन मिल्दैन ? पक्कै होइन । वास्तवमा भन्ने हो भने हामी यस प्रकारका चेलापन निर्माणमा एस.टी.एस.को प्रयोग गर्ने कामलाई अझ प्रोत्साहित गर्ने गर्छौं । (चेलापन अभिवृद्धिका बारेमा थप जानकारी लिनका लागि, यस हस्तपुस्तिकाको अध्याय ११ : प्रयोग गर्ने ठाउँहरू – एस.टी.एस. सिक्ने र फैलाउने तरिका ।)

यदि तपाईं आफ्नो समूह तालिम प्राप्त भएको देख्न चाहनुहुन्छ भने हामीलाई सम्पर्क गर्नुहोस् । तपाईंसँग सहकार्य गर्न पाउँदा हामी खुसी हुनेछौं । अनि, यदि तपाईंलाई इच्छा लाग्छ भने, तपाईंलाई पूर्ण प्रशिक्षकको स्थितिमा पुऱ्याउन योजना बनाउने कार्य गर्न पाउँदा हामीलाई खुसी लाग्ने थियो । हाम्रो विशेषता भनेको पक्क तवरले अगुवापन हस्तान्तरण गर्नु हो । मानिसहरू त्यति नै चाँडो प्रमाणित र योग्य प्रशिक्षक बन्न पुग्छन् जति चाँडो उनीहरूले :

- कार्यशालाको विषयवस्तुलाई बुझ्छन्,
- एस.टी.एस. कतावाचनमा प्रवीणता देखाउँछन्,
- एस.टी.एस. तालिमका प्रत्येक तत्वको कारण र उद्देश्यबारे थाहा पाउँछन्,
- निदानात्मक शिक्षणमा योग्यता देखाउँछन् र
- एस.टी.एस.का निर्देशनहरू प्रयोग गर्दै कार्यशालामा अगुवाइ गर्ने काममा अग्रज प्रशिक्षकहरूलाई आफ्नो योग्यता प्रदर्शन गर्दछन् ।

## प्रशिक्षकहरू : सहायक, अस्थायी, प्रमाणित र वरिष्ठ

प्रशिक्षक वर्गीकरणका यीमध्ये कुनै पनि वर्गमा योग्य ठहरिनका लागि सहकर्मी (स्टाफ)हरू विश्वासका आधारभूत तत्वहरूमा एकै मन र हृदयका भएको हामि चाहन्छौं । हामी भावी प्रशिक्षकहरूलाई निम्नलिखित टी.जी.एस.पी. – एस.टी.एस.का सैद्धान्तिक कथनहरूसँग सहमत हुन अनुरोध गर्दछौं ।

### सैद्धान्तिक कथन

हामी निर्मलिखित सत्यताहरूप्रति निष्ठावान् रहन्छौं :

- परमेश्वरद्वारा प्रेरित एकमात्र पुस्तक – सम्पूर्ण पुराना तथा नयाँ करारका परमेश्वरीय प्रेरणाहरूप्रति
- त्रिएकत्वको सिद्धान्तप्रति

- मानिसको पतन, परिणामस्वरूप उसको नैतिक भ्रष्टता र उसको स्थितिमा सुधारको खाँचोप्रति
- येशू ख्रीष्टको ईश्वरत्व र मनुष्यत्व, कन्याको गर्भबाट उहाँको जन्म, निष्पाप जीवन, मानिसको सट्टामा उहाँको प्रायश्चित मृत्यु, शारीरिक पुनरुत्थान, स्वर्गारोहण, भविष्यमा शरीरमा नै पृथ्वीमा उहाँको पुनरागमनप्रति
- विश्वासद्वारा मात्र र ख्रीष्टमा मात्र धार्मिकता प्राप्तिको सिद्धान्तप्रति
- धर्मी र अधर्मी दुवैको शरीरमा पुनरुत्थानप्रति
- बचाइएकाहरूका निम्ति अनन्त जीवन र हराएकाहरूका निम्ति अनन्त दण्डप्रति

**सहायक प्रशिक्षकहरू –** कार्यशालामा सहभागी भइसकेपछि, अधिकांश अभ्यासकर्ताहरू सहायक प्रशिक्षकका रूपमा एस.टी.एस. कार्यशालामा सानो समूहका 'झुण्ड' अगुवाका हैसियतले सहायता गर्नका लागि योग्य ठहरिन्छन् । तिनीहरूले सहायक प्रशिक्षकको रुपमा काम गर्छन् । (हामीले प्रत्येकम समूहलाई इजरायलको एउटा जातिको नामले बोलाउँछौं ।)

**अस्थायी प्रशिक्षकहरू –** कार्यशालामा कम्तिमा तीन दिनको सहायता प्रदान गरेपश्चात, अगाडि बढ्न इच्छुक सहायक प्रशिक्षकहरूले तैयारी र प्रस्तुतिका प्रक्रियाबारे प्रष्टसँग बुझाउन सक्नुपर्ने हुन्छ । उनीहरूले अरु मानिसहरूलाई पनि एस.टी.एस. सीप दयालु, बुद्धिमानी र नम्रतापूर्वक सिकाउन सक्ने योग्यता पनि प्रदर्शन गर्नुपर्ने हुन्छ । एकजना प्रमाणित प्रशिक्षकले उनीहरूको कार्य क्षमताको मूल्याङ्कन गरी योग्य ठहरिएकाहरूलाई अस्थायी प्रशिक्षकको रूपमा मान्यता दिन सक्नेछन् ।

**प्रमाणित प्रशिक्षकहरू –** एक वा त्योभन्दा बढी कार्यशालामा सहायता पुऱ्याइसकेपश्चात, अस्थायी प्रशिक्षकहरूले प्रमाणित प्रशिक्षक हुनका लागि आवेदन दिन सक्नेछन् । आवेदकहरूले वरिष्ठ प्रशिक्षकसमक्ष एस.टी.एस. कार्यशाला र एस.टी.एस. अवधारणाका सबै भागहरूमा आफ्ना विशिष्ट सीपस्तर प्रदर्शन गर्न सक्नुपर्ने हुन्छ ।

प्रमाणित प्रशिक्षकहरूले अरुलाई प्रमाणित प्रशिक्षक घोषणा गर्ने कामबाहेक अन्य सबै प्रकारका अगुवापनको भूमिकामा औपचारिक एस.टी.एस. कार्यशालाहरू सञ्चालन गर्न पाउनेछन् ।

**वरिष्ठ प्रशिक्षक –** वरिष्ठ प्रशिक्षकको स्थितिमा पुग्नका लागि, प्रमाणित प्रशिक्षकले पहिले वरिष्ठ प्रशिक्षकको रोहबरमा शिक्षण गरेर नयाँ कथावाचकहरूलाई सिकाउने, मूल्याङ्कन गर्ने र उनीहरूलाई प्रोत्साहित गर्ने काममा प्रवीणता हासिल गर्नुपर्दछ, साथै कार्यशालाहरू आयोजना र सञ्चालन गर्न सक्ने क्षमता पनि राख्नुपर्दछ ।

वरिष्ठ प्रशिक्षकहरू एस.टी.एस. कार्यशालाहरूमा अगुवाइ गर्ने मात्र होइन, तर उनीहरूमात्र यस्ता मानिसहरू हुन् जसले अस्थायी प्रशिक्षकलाई 'प्रमाणित प्रशिक्षक'का रूपमा मान्यता दिन र घोषणा गर्न सक्दछन् ।

वर्तमान समयमा अनेकौं देशहरूमा सञ्चालित एस.टी.एस. मौखिक बाइबल स्कुलका प्रशिक्षकहरू यस्तै प्रमाणित प्रशिक्षकहरूको समूहबाट उत्पादन भई आएका हुन् ।

# अध्याय ११ : प्रयोग गर्ने स्थान – सरल कथा अध्ययन विधि सिक्ने र फैलाउने तरिकाहरू

## सरल कथा अध्ययन विधि प्रयोग गर्ने स्थान

**आफ्नो सेवकाइभित्र सरल कथा अध्ययन विधि (एस.टी.एस.) लिएर जानुहोस् :** तपाइँ चाहे बालबालिकाहरूसँग काम गर्नुहोस् या किशोरकिशोरीहरूसँग, जवानहरूका बीचमा होस् या कुनै पनि उमेरका वयस्कहरूसँग, सरल कथा अध्ययन विधिको प्रयोग गर्नाले तपाईंको कार्य जीवन्त हुनेछन् र तपाईंले मानिसहरूलाई परमेश्वरको वचन अध्ययनमा संलग्न गर्न सक्नुहुनेछ ।

तपाईंले समेट्नुभएका अवलोकन र व्यवहारहरूको संख्यालाई व्यवस्थित गर्नुभएपछि तपाईंले सुनाउनुहुने कथा, यसको प्रस्तुतिकरणको समय, तपाईंलाई अनुकुल भएअनुसार जतिसुकै पटक पनि निर्धारण गर्न सक्नुहुनेछ । हामीले समावेश

गरेअनुसार सधैं नै स्वयंसेवकले कथा पुनः भन्न लगाउन तपाईलाई आवश्यक छैन । तपाईंसँग सीमित समयमात्र छ, भनौं तीस मिनटभन्दा पनि कम भने, तपाईंको प्रस्तुतिकरणमा स्वयंसेवकलाई कथा पुनः भन्नको लागि नबोलाइकन केही समय बचाउन सक्नुहुनेछ । त्यो कथा आफैं भन्नुहोस् र उनीहरूलाई नै त्यो कथा भन्न दिनुहोस् । यसमा पनि सरल कथा अध्ययन विधिको शैलीले अझै पनि काम गर्नेछ ।

**संवादात्मक सरल कथा अध्ययन विधि** : यदि कुनै सरल कथा विधिको कथा भन्नलाई दिइएको समय एकदमै छोटो छ भने तपाईंले केही निकै रचनात्मक क्रियाकलापहरू अपनाउन सक्नुहुन्छ । विभिन्न तालिमहरूमा, मानिसहरूले सरल कथा अध्ययन विधिका आधारभूत शिक्षालाई आत्मसात गरेपछि, हामी उनीहरूलाई सरल कथा अध्ययन विधिका अति नै व्यावहारिक प्रयोगहरूका बारेमा सिकाउने गर्छौं । यो कसरी गरिन्छ, संक्षेपमा हेरौं :

सात वा त्यो भन्दा कम पदको एउटा कथा एक मिनटको हाराहारीमा भनेर सिध्याउन सकिन्छ, र ५ देखि १० मिनटभित्र छनौट गरिएका केही अवलोकन र व्यवहारका क्रियाकलाप गर्न सकिन्छ । कथा भन्नुहोस्, अंश अंश गरेर फेरि भन्नुहोस् , प्रत्येक पटक थोरैमात्र अवलोकन प्रश्नहरू सोध्नुहोस् । त्यसपछि सो समूहले सो कथामा केही अवलोकनहरू पत्ता लगाइसकेपछि ,तिनीहरूले पत्ता लगाएका अवलोकनहरूको बारेमा प्रयोगका प्रश्नहरू सोध्नुहोस् ।

प्रत्येक पटक प्रश्न सोध्नुअघि, तपाईं त्यो कथा विस्तारपूर्वक फेरि दोहोऱ्याउनुहोस्, जुन कथाभित्र खजाना लुकेर रहेको छ र तपाईं त्यो खजाना मानिसहरूले पत्ता लगाऊन् भन्ने चाहनुहुन्छ । उदाहरणका लागि, यदि तपाईंले मर्कूस १:४०-४५ मा भएको कथा भन्दै हुनुहुन्छ भने तपाईंले भन्न सक्नुहुन्छ, “याद गरौं, जब त्यो कुष्ठरोगी घोप्टो परेर घुँडा टेकी विन्ती गर्दै भन्न लाग्यो, ‘यदि तपाईंले इच्छा गर्नुहुन्छ भने मलाई निको पार्न सक्नुहुनेछ’, येशू कसरी करुणाले भरिनुभयो ! साँचो यही हो । मानिसहरूले भर्खरै सुनेका कथाबारे सम्झना दिलाउन सहयोग पुग्ने गरी प्रशस्त जानकारीहरू भएका प्रश्न सोध्नुहोस्, ताकि उनीहरूले तपाईंले सोध्नुभएका प्रश्नको जवाफ राम्ररी दिन सकून् ।

**पास्टरहरू नयाँ विचारमा आउन थाल्छन् (परिवर्तन हुन थाल्छन्) :** परम्परागत र रूढीवादी सम्प्रदाय तथा झुण्डका पास्टरहरू पुल्पिटबाट सरल कथा अध्ययन विधि प्रयोग गर्न हिच्किच्याउँछन् । अधिकांश मण्डलीहरूमा प्रवचनका बेला मण्डलीलाई पास्टरबाट प्रश्नहरू सोध्ने प्रथा नै छैन । त्यसमाथि, कुनै-कुनै समाजमा त वचन पढ्नुको सट्टा कथा भन्न थाल्नु त निकै नै जोखिमपूर्ण काम मानिन्छ । सरल कथा अध्ययन विधिका कार्यशालाहरूमा सहभागी भई यसलाई मनपराउने विश्वभरका पास्टरहरूले यी समाधानहरू पत्ता लगाएका छन् :-

१. थुप्रै पास्टरहरूले अनौपचारिक युवा सभाहरूमा सरल कथा अध्ययन विधि (एस.टी.एस.) प्रयोग गरेका सम्बन्धमा हामीलाई बताएका छन् । यसतर्फ युवाहरूबाट अति नै सकारात्मक प्रतिक्रिया प्रांप्त भएको पनि उनीहरूले बताए । पछि, ती जवानहरूका अभिभावकहरू पनि आएर पास्टरहरूलाई भेटी यसो भन्न थाले, “हामीलाई पनि किन यसरी नै सिकाउनुहुन्न ?”

२. अरु पास्टरहरूले पुल्पिटबाट नै एस.टी.एस. शैलीलाई प्रयोग गर्ने गर्छन् । फरक यतिमात्र छ कि उनीहरूले पवित्रशास्त्रबाट कथा भन्नुको सट्टा पढ्ने गर्दछन् । उनीहरू रूढीवादी र औपचारिक प्रकारको वचन पढाइबाट जीवन्त र रोचक शैलीतर्फ प्रवेश गर्दछन् । तब उनीहरूले यसलाई ‘कथावाचन शैली’ भन्ने गर्दछन् । पछिबाट, पास्टरहरूले आत्मिकी अवलोकन र व्यवहारपरक प्रश्नहरू पनि सोध्ने गर्छन् ।

कसैले सुन्न सकिने गरी उत्तर दिनका लागि उत्साहित गर्छन् भने कसैले आलङ्कारिक प्रश्नहरू सोध्छन् । (हामीले अगाडि उल्लेख गरेजस्तो, तिनीहरूको जवाफ उच्चस्वरले दिइँदैन ।) हामीले त्यसमा जोरदिनु आवश्यक हुन्छ कि आलङ्कारिक प्रश्नपछि पास्टरले नबोल्ने समय त्यहाँ हुनुपर्दछ । मानिसहरूसंग प्रश्नहरू अघि सार्न र त्यसको प्रत्युत्तरको बारेमा बिचार गर्न योग्यको हुन समय हुनुपर्दछ । त्यो नित्तान्त आवश्यक हुन्छ । छोटो मौनता दिने बिशेष दक्षताले उन्नति गराउनमा समय लिन्छ । यो मौनता पछि, पास्टरले भेट्टाएका विचारहरूको बारेमा कुरा गर्छन् र त्यसपछि त्यहाँ के छ भनेर बताउँछ ।

कहिलेकाहीं पास्टरहरूले मानिसहरूसंग प्रश्न सोध्छन् र त्यसपछि प्रत्येकलाई तीन या चारजनाको सानो समूह बनाई बस्न र त्यो प्रश्नमा एकसाथ भएर छलफल गर्नको लागि भन्छन् । केही मिनेटपछि भेला भएकाहरूले शायद भेट्टाएका अथवा भेट्टाउन सक्ने विचारहरूलाइ पास्टरले उल्लेख गर्दछ ।

३. कसैकसैले एस.टी.एस.लाई “हामीदेखि टाढा रहेका ती लेख्पढ् गर्न नसक्ने मानिसहरूसम्म पुग्ने उपाय” का रूपमा पनि प्रदर्शित गर्ने गरेका छन् । यो मौखिक शैलि अनुभव गर्न सो जमातलाई खुल्ला छ, र यसो गर्ने क्रममा, तिनीहरूले व्यक्तिगत रुपमा यसलाई मनपराएको कुरा पत्तालगाउँछन् ।

४. कुनैकुनै पास्टरज्यूहरूले आफ्ना मण्डलीका बालसङ्गति अगुवाहरूलाई यस सरल कथा अध्ययन विधि बारे परिचित गराउने काम गर्दछन् भने कसैकसैले यसलाई हप्ताभरि चल्ने विभिन्न घरेलु सङ्गतिहरूमा पनि प्रयोग गर्ने गर्दछन् ।

५. कसैकसैले भने यसलाई नयाँ विश्वासीहरूलाई सिकाउनका लागि वैकल्पिक उपायका रूपमा पनि लिँदछन् । यसको लागि उपयोगी आधारभूत कथाहरूका समूहहरू यो सेवाकाईमा भेट्टाइएका हुन्छन् जसले पुस्तिकाको अभिबृद्धि गराउँछ ।

## प्रत्युत्तरबिनाको पूर्ण सरल कथा अध्ययन विधिको प्रत्यक्ष प्रसारण

१. सरल कथा अध्ययनका कथा वाचकहरूले १५,००० भन्दा बढि मानिसहरू भएको समूहलाई कथाहरू सुनाइसकेका छन् । मानिसहरूले तपाईंलाई प्रत्युत्तर दिन सम्भव हुँदैन । यसर्थ, कथावाचकले ती मानिसहरूलाई आफ्नो छेउको मानिसलाई कथा पुनः भन्नको लागि भन्दछ । सबै भागहरू (कथालाई पुनःवाचन गर्न लगाउने कार्यबाहेक) तपाईंले सिकाइरहनुभएका मानिसहरूबाट सुन्न सकिने कुनै पनि प्रत्युत्तरको अपेक्षा नगरी एकै व्यक्तिद्वारा सञ्चालन गर्न सकिन्छ । यसका लागि तपाईंले केही आलङ्कारिक प्रश्नहरू सोध्नुहोस् र मानिसहरूले आफ्ना उत्तरहरू सोच्नका लागि समय पाऊन् भन्ने कुरामा पनि निश्चित हुनुहोस् ।

२. एस.टी.एस. कथाहरू रेडियो अथवा टी.भी.मा प्रस्तुत गर्न सकिन्छ । यसमा पुनःवाचनको कार्यबाहेक प्रक्रियाका अन्य भागहरू बाँकि रहन्छन् । प्रत्येक प्रश्नको सोधाइपछि पाँच सेकेण्डसम्मको समयलाई कुनै निरर्थकको कुरा गर्ने वा विचारलाई अनुमति दिने र आमंत्रित गर्ने कुनै कार्यकलाप गरेर खाली ठाउँ भर्नु मुख्य कुरा हो ।

हामीले यो शब्दलाई 'निरर्थक' भन्छौं, कारण यदि तपाईंले अर्थपूर्ण शब्दहरू बोल्नुभयो भने मानिसहरू तपाईंका प्रश्नको उत्तर खोज्नपट्टि नलागी तपाईंलाई नै सुनिराख्छन् । उदाहरणका लागि, यी केही अर्थपूर्ण शब्दहरू हुन्, "त्यसो भए तपाईंको के विचार छ ?", "यसपछि के भयो होला, यसबारे तपाईं अनुमान लगाउन सक्नुहुन्छ", "तपाईं यसबारे के भन्नुहुन्थ्यो होला ?" अथवा "तपाईंको के जवाफ छ ?" आदि ।

निरर्थक कुरा भन्नाले मानिसहरूले बोल्ने ती शब्दहरू बुझ्नुपर्दछ जसका कुनै अर्थ हुँदैनन्, तर ती मौनताको खाली ठाउँ भर्नलाई आउने गर्दछन् । ती बेअर्थका शब्दहरूले मानिसहरूको ध्यान खिँचेर तपाईंका कुरामात्र सुनिराख्ने बनाउँदैनन्, तर ती शब्दहरूले खाली ठाउँमात्र भर्दछन्, जसमा कि रेडियोबाट त्यस्तो कुनै आवाज नसुनिएकोले उनीहरूको ध्यान विकेन्द्रित हुँदैन । यी केही शब्दहरू निरर्थक आवाजका उदाहरणहरू हुन सक्छन् – 'ह्म्म्म्म्?', 'आह्ह्?', 'उह्ह् ... उह्', 'अँ ...' आदि ।

एस.टी.एस.को वेबसाइटमा कथवाचन गराईका बिभिन्न शैलिहरूका नमूनाहरू पाउन सकिन्छ ।

३. यदि तपाईं एस.टी.एस. शैलीमा दक्ष हुनुहुन्छ र तपाईंसँग एउटा रेडियो स्टुडियोमा तीन वा चार व्यक्तिहरूलाई माइक्रोफोनसहित राख्नसकिने उपाय छ भने, तपाईंले एउटा आकर्षक रेडियो कार्यक्रम उत्पादन गर्न सक्नुहुन्छ । हामीले उल्लेख गरेका फिलिपिन्सका ती एस टी एस कथावाचकले यो ढाँचालाई प्रयोग गर्छ । उनको केही रेडियो, टीभीबाट साप्ताहिकरु प्रसारणहरू मध्ये प्रत्येकले ६५० भन्दा बढि लिखित सन्देशहरू तथा फोनकलहरू प्राप्त गर्दछन् । यो र अरु रेडियो ग्रन्थाकारहरूलाई बिभिन्न मुलुकहरूमा धेरै सफलतापूर्वक प्रयोग गरिसकेका छन् ।

## नाटकहरू रमाइलो र शक्तिशाली

नाटकहरू मञ्चन गर्न तथा हेर्न दुवै रमाइला हुन्छन्, र नाटकले कथालाई अझ वास्तविक बनाउँदछ । नाटकलाई पहिलो पटक कथावाचन गर्नका लागि वैहल्पिक उपायका रूपमा प्रयोग गर्नुहोस् ।

तपाईंका सहयोगीहरूलाई कथाभित्रका पात्रहरूको अंशलाई मौन रूपमा अभिनय गर्न लगाउनुहोस् । सहयोगीहरूले इच्छानुसार उपयुक्त ध्वनि संयोजन थप्न सक्छन्, तर जसै उनीहरूले कथालाई अभिनयमा उतारिरहेका हुन्छन्, शब्दहरू बोल्ने कामचाहिँ **सधैं** कथावाचकले नै गर्दछन् । स्रोताहरूले एउटै कथावाचकले पूरा कथा प्रस्तुत गरिरहेको सुन्छन्, जसले गर्दा उनीहरूले तपाईंलाई सो कथा पुनःवाचन गरेर सुनाउन सक्ने हुन्छन् । यसै गरी, एउटै व्यक्तिबाट पूरा कथा सुनेका स्रोताहरू घर फर्केर सोही कथा आफ्ना परिवारका जनहरूलाई साथै कथा नसुनेका अरु मानिसहरूलाई पनि पुनःवाचन गरी सुनाउन सक्ने हुन्छन् ।

हामी ती सहयोगीहरूलाई पात्रहरूले बोल्ने शब्दहरू आफैं उच्चारण गर्न प्रोत्साहन दिँदैनौं । विभिन्न सहयोगीहरूलाई यदि संवादका हरफहरू बोल्न दिइयो भने, यो कथा नरहेर नाटक बन्न जान्छ । हुनलाई कथालाई नाटकको माध्यमबाट प्रस्तुत गर्नु मनोरञ्जक नै हुन्छ, र दर्शकहरूलाई बढी जानकारी प्रदान गर्छ, तापनि यसो गर्दा कथालाई पुनःवाचन गर्न सकिने गुण भने हराएर जान्छ ।

सधैँ, धेरैजनाद्वारा संवाद बोलिनाले कथाको सटीक प्रस्तुति जटिल हुन जान्छ, कारण धेरै व्यक्तिहरूले आफूले बोल्नुपर्ने संवादको खण्ड याद गर्नुपर्ने र सोहीअनुसार ठीक प्रकारले बोल्न सिक्नुपर्ने हुन्छ । प्रस्तुतिकरणको बेला, यदि बोल्नुपर्ने संवाद बिर्सन पुगियो भने, एउटा गम्भीर प्रकृतिको बाइबल कथा पनि हाँसोलाग्दो कथा हुनजान्छ । यसर्थ होस पुऱ्याउनुहोस् कि कथाले दिन खोजेको गम्भीर सन्देश हाँसोलाग्दो (मूर्खतापूर्ण) नबनोस् ।

## परमेश्वरको कथा परियोजनाले सरल कथा अध्ययन विधि सिक्ने तथा फैलाउने उपाय प्रदान गर्दछ – साथै बहुल स्रोत-साधन पनि (धेरै भाषाहरूमा) ।

१. **एस.टी.एस. लघुपुस्तिका –** श्रव्य वा लिखित रूपमा पाइने यो एस.टी.एस. लघुपुस्तिकाले एस.टी.एस.का प्रक्रियाहरूबारे विस्तृत वर्णन गर्दछ ।

२. **एस.टी.एस. दर्शन प्रकाश –** जसै प्रशिक्षकहरू उपलब्ध हुन्छन् , हामी हाम्रा प्रस्तुतिहरू दिने गर्छौं, जो आधा घण्टादेखि लिएर दुई घण्टासम्मको लामो हुन सक्तछन् । हामी सरल कथा अध्ययन विधिलाई प्रदर्शन गर्दछौं, अवधारणालाई प्रष्ट्याउँदछौं र यसको असरबाट प्राप्त नतिजाहरू एकार्कामा बाँड्ने गर्दछौं । सरल कथा अध्ययनको एउटा कथाको अनुभव , थोरै प्राप्ति , केही प्रभावका प्रतिवेदनहरू साथै कार्यशालालाई मामनितो गर्ने अथवा हेरचाह गर्ने तिनीहरूकै लागि हो कि होइन भन्नेकुरा Q र A ले मानिसहरूलाई थाहा दिन्छ ।

३. **एस.टी.एस.का तीनदिने कार्यशाला –** यो खालको कार्यशालाले नमूना प्रदर्शन र एस.टी.एस.को व्याख्या तथा कार्यक्रममा उपस्थित सदस्यहरूद्वारा सक्रिया सहभागिता प्रस्तुत गर्ने गर्दछ । यो तीन दिनको तालिमबाट, सहभागीहरूले अभ्यासका लागि प्रशस्त सीपहरू हासिल गर्ने गर्दछन्, जसद्वारा उनीहरूले कथाको माध्यमबाट राम्रो सेवकाइ दिन सक्छन् ।

४. **एस.टी.एस. एक-विश्राम कार्यशाला –** हामी यी एकार्कालाई ढाक्ने दुई-खण्डित कार्यशाला प्रस्तुत गर्दछौं, यस हेतुले कि यसले सहभागीहरूलाई एउटा यस्तो मञ्च प्रदान गर्दछ, जसले समयावधिमा योग्यताप्राप्त एस.टी.एस. प्रशिक्षकहरू उत्पादन गर्दछ । यी प्रशिक्षकहरूले फेरि अरुलाई प्रशिक्षित गर्दछन् । यो खालको कार्यशाला सहभागीहरूका लागि त्यतिबेला उत्तम छनौट हुने गर्दछ, जब प्रशिक्षकहरूको टोली प्रशिक्षण दिनका लागि धेरै टाढोबाट आउनुपर्ने हुन्छ, अथवा सहभागीहरू टाढाटाढाका विभिन्न ठाउँबाट भेला हुने गर्दछन् ।

पहिलो १८ घण्टाको समयावधिभर, एउटा सानो समूहलाई सिकाइने गरिन्छ, जसमा प्रत्येक तीनजना प्रशिक्षार्थीहरूका लागि एक प्रशिक्षक हुने गर्दछ । १४ घण्टाको गहन शिक्षण र अभ्यासपछि यी नव-प्रशिक्षित अभ्यासकर्ताहरू सहायक प्रशिक्षकका भूमिकामा देखा पर्दछन् । यिनीहरूले थप १९ घण्टाको प्रशिक्षणका लागि आएका प्रशिक्षार्थीहरूको एउटा ठूलो समूहलाई प्रशिक्षण दिने काममा सघाउने गर्दछन् । यो 'अतिरिक्त' कार्यशाला प्रत्येक पाँचजना प्रशिक्षार्थीका लागि एक सहायक प्रशिक्षकको अनुपातमा सञ्चालन गर्ने गरिन्छ ।

३७-घण्टे यो तालिम पश्चात् (अक्सर ५ दिनसम्म गरिन्छ), अधिकांश सहायक प्रशिक्षकहरू अस्थायी प्रशिक्षकहरू बन्दछन् । अघि नै बर्णन गरेझैं, अरु थप अभ्यास तथा अगुवापनको अनुभवको साथमा, यि अस्थायी प्रशिक्षकहरू प्रमाणित प्रशिक्षकहरू बन्न सक्दछन् ।

५. **एस.टी.एस. मण्डली अभिवृद्धि कार्यशाला –** यो कार्यशाला शुक्रबार रातिदेखि लिएर शनिबार र आइतबारसम्म, अथवा शनिबार र आइतबारमात्र पनि चल्ने गर्दछ ।

प्रत्येक सप्ताहान्तमामा १४ घण्टाको दरले चल्ने लगातार चार हप्ताको कक्षाले औसत आकारका मण्डलीका सबै सदस्यहरू दक्ष एस.टी.एस. अभ्यासकर्ता बन्न सक्दछन् ।

पाँचदेखि सात हप्ताभित्रमा, एउटा ठूलो मण्डली (५०,००० जति सदस्य भएका) का प्रत्येक सदस्यलाई एवं रीतले प्रशिक्षित गर्न सकिन्छ । यसै गरी, मानिसहरूको एक महत्वपूर्ण भागलाई नै यस प्रकारको तालिमद्वारा एस.टी.एस. प्रशिक्षकका रूपमा प्रमाणित हुन सक्षम हुँदछन् । अचम्मलाग्दो कुरो के भने, यस प्रकारका मण्डली अभिवृद्धि कार्यशालाहरूमा सहभागी हुन आउने अधिकांश मानिसहरूले सम्पूर्ण मण्डलीलाई भ्याउने योग्यता हासिल गर्न जम्मा सप्ताहान्त तालिमका एकदुईवटा कक्षाहरू लिए पुग्दछ ।

६. **एस.टी.एस. घरेलु कार्यशाला –** एकजना प्रमाणित एस.टी.एस. प्रशिक्षकले घरमा सञ्चालन हुने यस कार्यशालामा तीनजना विश्वासीहरूलाई सहभागी हुन आमन्त्रण गर्दछन् । प्रशिक्षकले एक हप्तामा अढाइ घण्टाको कक्षाको

दरले छ हप्तासम्म सञ्चालन गरी कार्यशाला पूरा गर्दछन् । यस्तो कक्षा बेलुकी, अपरान्ह वा हप्ताको अन्त्यमा, जुनसुकै समयमा सञ्चालन गर्न सकिन्छ ।

यो खालको कार्यशाला विशेषतः ती सहभागीहरूका लागि हुन्, जो आफ्नो जागिर वा कामको कारण अथवा पारिवारिक जिम्मेवारीका कारण एक दिन वा सोभन्दा लामो चल्ने कार्यशालामा सहभागी हुन आउन सक्दैनन् । यतिमात्र नभएर, घरमा सञ्चालन हुने यस प्रकारका कार्यशालाहरूले विशेष गरी लज्जालु स्वभावका मानिसहरूका लागि आरामदायी र त्रासरहित सजिलो सिक्ने वातावरण प्रदान गर्दछ । आवश्यक पर्ने निर्देशहरू, सामग्रीहरू र तालिमको कार्यक्रम तालिका हामी जुटाइदिन्छौँ ।

छवटा कक्षाको समाप्तिमा यी एक प्रशिक्षकले उपयोगी एस.टी.एस. अभ्यासकर्ता हुनका लागि तीनजना मानिसलाई तालिम प्रदान गरिसकेका हुनेछन् । ती तीन नयाँ अभ्यासकर्ताहरूलाई फेरि दोस्रो छ-हप्ते घरेलु कार्यशालामा सहभागी हुनका लागि उत्साहित गरिन्छ । यीमध्ये प्रत्येकलाई फेरि तीनजना नयाँ मानिसहरूलाई आमन्त्रण गर्न प्रोत्साहित गरिन्छ ।

हामीले एक-विश्राम कार्यशालामा तथा मण्डली अभिवृद्धि कार्यशालाहरूमा गरेजस्तै, यीमध्ये प्रत्येक प्रशिक्षकले नयाँ तालिमप्राप्त अभ्यासकर्ताहरूलाई अगुवापनमा डोऱ्याउँदछन् । यसप्रकार उनीहरूले आफ्ना एस.टी.एस. सीपमा थप वृद्धि गर्नुका साथै सहायक प्रशिक्षकका रूपमा अनुभव समेत हासिल गर्दछन् ।

तालिमका सहभागीहरूले यसै गरी अरुहरूलाई तालिम दिँदै जान सक्छन्, अथवा घरेलु बाइबल अध्ययन वा सङ्गति झुण्डका रूपमा परमेश्वरको वचन अध्ययनका लागि साप्ताहिक रूपमा भेला हुने निर्णय गर्न सक्छन् ।

यदि यी बाह्रजनाले यसै रीतले तीन-तीनजना मानिसलाई कार्यशालाका लागि निम्त्याई तालिम दिँदै जाने प्रक्रियालाई निरन्तरता दिन चाहन्छन् भने, छ हप्ताको कक्षापछि यो झुण्ड बढेर ३६ जना (सुरूको मुख्य प्रशिक्षकबाहेक) को झुण्डमा परिणत भएको हुनेछ । यसरी भला हुन आउने मानिसहरूलाई विभिन्न घरहरूमा राखेर शिक्षा दिन सकिन्छ । थुप्रै यस्ता सक्रिय एस.टी.एस. तालिमहरू साना-साना झुण्ड बनाई प्रदान गर्नसकिने हुँदा चार-चारजनाका यस्ता झुण्डहरू विभिन्न कोठाहरूमा छरिन सक्छन् अथवा कहिलेकाहीँ घरबाहिर कुनै ठाउँमा पनि भेट्न सकिन्छ ।

नयाँ-नयाँ अभ्यासकर्ताहरूलाई तालिम दिलाउँदै सरल कथा अध्ययन विधिमा नयाँ तालिमप्राप्तहरूको संख्या वृद्धि हुँदै जाने क्रम निरन्तर चलिरहन सक्तछ । तिनीहरूले घरेलु झुण्डहरू सुरू गर्न सक्छन्, अथवा आफ्ना बाइबल कथावाचन/शिक्षण सीपको प्रयोग गरी सुसमाचार प्रचार गर्न सक्छन् । अथवा, उनीहरूले प्रभुको नजिक बढ्दै जानका लागि एस.टी.एस. शैलीको बाइबल अध्ययन कार्यक्रमलाई चलाउन सक्छन् । हामीलाई यी सबै निर्देशनहरू सुन्दर र अद्भुत छन् भन्ने लागेको छ ।

एस.टी.एस.को सीपले मानिसहरूलाई एकदमै प्रभावकारी ढङ्गबाट सिक्ने, व्यक्तिगत प्रयोगहरू बनाउने तथा पवित्रशास्त्रको वचन बाँड्ने कुरामा सुसज्जित पार्दछ । उनीहरूको जीवन, साथै ती व्यक्तिहरूको जीवन, जसलाई उनीहरूले कथा सुनाउँदछन् र सिकाउँदछन्, पनि परमेश्वरको महिमाको खातिर प्रभावित हुन पुग्दछन् ।

यदि तालिम प्राप्त गर्ने बहुसंख्यकले यसरी नै अरुलाई पनि तालिम दिँदै गएमा दुई वर्षभित्रै एकजना प्रमाणित प्रशिक्षकको नेतृत्वमा सञ्चालित त्यस प्रथम घरेलु कार्यशालाले ६,००० भन्दा बढी मानिसहरूलाई प्रभावित तुल्याउन सक्दछ । यो चेलापन र परामर्शको स्वाभाविक, व्यावहारिक नमुना हो । एस.टी.एस. अवधारणा परमेश्वरको वचन सुन्ने र यसको व्यक्तिगत प्रयोगमा केन्द्रित रहने हुँदा मानिसहरूमा यसको असर र वृद्धि किन यति धेरै छ भन्ने कुरा हामी देख्न सक्छौँ ।

**७. चेलापन-अभिवृद्धि –** मानिसहरू आफूले हासिल गरेका नयाँ सीपहरू एकएक व्यक्तिमा वा समूहमा नै प्रयोग गर्ने योग्यताले सुसज्जित भई एक कथा अभ्यासकर्ताका पमा तयार भई एस.टी.एस. कार्यशालाबाट निस्केर जाँदछन् । विभिन्न संचारका साधनहरू तथा पाठ्यक्रम, जस्तो कि अभिवृद्धि गराउने सेवाकाईले कथाद्वारा सेवकाइ सञ्चालन गर्ने क्रममा कसरी सीपहरू निर्माण गर्दै जाने भन्ने कुरा देखाउँदछन् । सबैभन्दा महत्वपूर्ण रूपमा, यो जानकारीले एस.टी.एस.का निर्देशनहरू कसरी पालना गर्ने भन्ने कुरा थोरै परिमाणमा तपाईंको सेवकाइको दौरानमा तपाईंले सिकाउने व्यक्तिहरूलाई कसरी हस्तान्तरित गर्दै लग्ने भन्नेबारे निर्देशन दिँदछ । (वेबसाइटमा पाइने “तालिम सूचना” र “स्रोत” जस्ता मुख्य लिङ्कद्वारा त्यहाँ उपलब्ध विभिन्न छनौटमा पुग्न सकिन्छ ।)

**८. विवरण-पुस्तिका :** विवरण, गवाही तथा एस.टी.एस. तथा परमेश्वरको कथा बाँड्ने तरिकासहित त्रिपक्षीय विशेषता / विशिष्टीकृत शीर्षक र एस.टी.एस.को सदुपयोग गर्न सकिने ठाउँका बारेमा जानकारी दिने अरु विवरण-पुस्तिका(ब्रोश्योर)का बारेमा पनि सोध्नुहोस् ।

**९. अभ्यासकर्ता श्रव्य तालिम –** गहन एस.टी.एस. बाइबल कथा तैयारीको अनुभव जुन सामूहिक छलफलका लागि तर्जुमा गरिएको हो । समूहहरूले छलफल तथा खोजमा २ देखि ६ घण्टा बिताउँदछन् । यो एम.पी.३, सी.डी. वा सोलार प्लेयरमा र बहुभाषामा उपलब्ध छ

**१०. बाइबलको अन्तर्क्रियात्मक आविष्कार –** (आइ डि बि) आलङ्कारिक तथा सामूहिक प्रश्नावलीसहितका बाइबल कथाहरू । यसलाई विद्यालयहरूमा, कक्षाहरूमा र घरेलु समूहहरूमा प्रयोग गर्न सकिन्छ । विश्वासीहरू र खोजकर्ताहरू अभिरूचिका साथ यसमा सहभागी हुने गर्छन् । खोजको लागि मानिसहरूले सरदर समय ६० देखि ९० मिनेटसम्मको डी.भी.डी. र अडियो प्रयोग गर्छन् ।

**११. इन्टरनेट श्रोतहरू –** सिम्प्ली द स्टोरी डट ओआरजी (Simply The Story.org) वेबसाइटमा सरल कथा अध्ययन विधि (एस.टी.एस.)को बारेमा लिखित, श्रव्य तथा दृश्य रूपमा जानकारीमूलक ऐश्वर्य उपलब्ध छ । यसभित्र तपाईंले एस.टी.एस., यसको सुरूवात्, बारम्बार सोधिने प्रश्नहरू, मण्डनविद्या, डाउनलोड गर्न सकिने साधन-स्रोतहरू, विश्वव्यापी प्रयोगका बारेमा गवाहीहरू, आगामी तालिमहरू आदिका बारेमा विस्तृत वर्णन हेर्न सक्नुहुन्छ । मौखिक बाइबल स्कुल, नमूना कथाहरू र अरु सामग्री । *“के र किन ?”* नामक ३ मिनेटको भिडियो मण्डलीमा प्रयोग गर्नुहोस्, जसबाट छोटो अवधिको मिसन ट्रिपका लागि एस.टी.एस. तालिमबारे दर्शन बाँड्न सकिन्छ । एस.टी.एस्. वेबसाइटमा स्रोत र सामग्रीहरू नियमीत रूपमा थप्ने काम हुँदछ ।

**१२. प्रत्यक्ष अभ्यास तथा सल्लाह प्रदान –** स्काइपमा कथा-अभ्यासका प्रत्यक्ष प्रसारित सत्रहरूमा सहभागी हुनेबारे विचार गर्नुहोस्, साथै एस.टी.एस.का विस्तारित कक्षाहरूमार्फत सल्लाह (परामर्श) प्रदानमा पनि ।

**१३. श्रव्य हाते पुस्तिका (अडियो ह्याण्डबुक) –** एस.टी.एस.को रेकर्ड गरिएको सी.डी. उपलब्ध छ । एस.टी.एस.का बारेमा डी.भी.डी. पनि खोजी गर्नुहोस् ।

**१४. ट्विटर – http://www.twitter.com/simply the story** मा गई एस.टी.एस. लाई पछ्याउनुहोस् ।

**१५. सञ्चालन –** यदि तपाईं एसट कार्यशाला कसरी सञ्चालन गर्न सकिन्छ भन्नेबारे थाहा पाउन चाहनुहुन्छ भने यस ह्याण्डबुकको अन्त्यमा सूचीकृत गरिएका तपाईंलाई सबैभन्दा नजिकको, पायक पर्ने ग्रामीण निर्देशकसँग सम्पर्क राख्नुहोस् । एस.टी.एस. वेबसाइटमा जानुहोस् र निर्देशन सहयोग प्राप्त गर्नको निम्ति **'hosting'** खोजी गर्नुहोस् ।